

अंक : ८

सम्पादक: नारायणप्रसाद बाँसकोटा

# प्र ग ति

द्वैमासिक साहित्य संकलन

सम्पादक—

नारायण बाँसकोटा

बर्ष २, अङ्क २ ] [पूर्णाङ्क ८

## उपक्रमणिका

△ कविताः—

–केही कविताहरू : सिद्धिचरण १

–तीन कविता : केदारमान व्यथित ४

–मानव पन्छी : ऋषभदेव शास्त्री ९

–कोपिलाको उत्सुकता : माधवप्रसाद देवकोटा १०

–निःशेष : ओकिउयामा ग्वाइन १३

△ कथाः—

–देवता : कृष्णवम मल्ल १६

–रमा : भवानी भिक्षु २३

–संयोग : विजय मल्ल २८

–आमा : कृष्णचन्द्रसिंह ५४

△ निबन्धः—

–नेपाल निर्माताहरू : बाबुराम आचार्य ६४

–संस्कृत साहित्यको केही चर्चा : मुरलीधर भट्टराई ७२

–कुकुर : गोपीमाधव देवकोटा ८६

–संस्कृत साहित्य र कवि : राजेश्वर देवकोटा ९०

△ आलोचनाः—

–साहित्यमा प्रगतिशीलता : विश्वेश्वरप्रसाद कोइराला ९९

–यदुनाथ पोखरेल र उनका कविता : बालचन्द्र शर्मा १०५

△ आत्म चरित्रः—

–मेरो जीवन-कथा : विश्वेश्वरप्रसाद कोइराला १२१

△ भेटः-

–आलोचक हृदयचन्द्रसिंह : शंकर लामिछाने १३३

△ अनूदित साहित्यः—

–राजर्षिको सौगात : ओ० हेनरी १४२

–भविष्यत साहित्य : पल वेलरी १५५

△ एकाङ्कीः—

सत्यमेव जयते : खेताला १६२

△ सम्पादकीयः—

–नया साहित्यको आवश्यकता १९८

# प्रगति

द्वैमासिक साहित्य संकलन

सम्पादक—

नारायण बाँसकोटा

बर्ष २, अङ्क २ ] [पूर्णाङ्क ८

सिद्धिचरण

## —केही कविताहरू

### बरु बिलाई जान्छु साथी ····· !

बरु बिलाइ जान्छु साथी, पाउ हाल्दिन अब नसम्झी !

विकृत विश्व नयाँ बनाउन
आज घायलदील मानव
छर्कदै विद्रोहको स्वर
झार्न खोज्दछ विगतको भ्रम ।
आजतक जे भो जगत्‌मा
भूल भो इतिहास भन्छ,
भूल त्यो नै दोहऱ्याउन
हृदय यो इन्कार गर्छ ।
त्यै हिजोको मार्ग पक्री
बग्न दिन्न म शब्द निर्झर
संकुचित घेरा नलाघी
चलनदिन्न म कदम पलभर ।

[२]

बरु बिलाइजान्छु साथी, पाउ हाल्दिन अब नसम्झी !

हिड्नलाई, बोल्नलाई
मार्ग युगको यो खुला छ
चेतनालाई उघार्ने
सत्यको सुन्दर कला छ
आज पनि बोकी विवशता
बस्नु के अब दिन्छ शोभा ?
त्यै पुरानो जीर्ण कंथा
बोकि हिड्नु लाज, हैनः ?
त्यै पुरानो लोकमाथी
हिंड्नु के अपमान हैन ?
विषमताको वार हाली
वर्ग, जातहरू बनाई
शान्तिको ढोका थुनेर
शान्ति डाक्नु ढोंग हैन ?

# -विजया-

लगाएकी माला रगत चुहिने माथ नरको
भवानी हे चण्डी ! अति असजिलो जीवन भयो ।
कडा कालो चिन्ता दिन दिन बढ्यो काल पिउँदै
हुने हो के कुन्नी गति जगतको जान्दिन कठै !

मुमा काटी मेरो शिर पनि कि माला बिच उन,
कि ता देऊ मेरो सब बलहरू माग्छु कुजन,
म के बाचूँ निर्धो भइ रगतको सिन्धु नतरी
म छोरो हुँ हेरुँ विनति छ मुमाको मुख पनि ।

नकाट्दा लोहाको खुकुरि पनि ता जान्छ खिइँदै
भने यो मासुको पुतलि कसरी अड्दछ सधैं;
म मारूँ, काटूँ यी कुमनुज कि आफैं प मरिदिऊँ
म तिम्रो छोरो हूँ परपर भई के बसिरहूँ !

तिमी धुम्छयौ बल्दो दनदन चिता बीच बहुधा
झिकी जिब्रा चाट्छयौ चटचट सधैं मस्ति बढिया
मसानी, कल्याणी, जगत जननी मात विजया
जुझारी पला के ऋतुपति कहीं आउँछ यहाँ ?

मुमा पाऊँ माफी जति खराबी हुन गयो
नजान्दामा आमा, फगत पशुपंछी वध भयो,
नझारी सेखी तीं अधमहरूको ज्यूनु कसरी
लुछी, काटी, मारी सब क्षय गरूँ हुन्छ जसरी ।

छ थाली यो छाती, रगतजल, उत्साह-सुमन,
जवानी हो बत्ती अनि असल नैवेद्य कुजन,
चलाई ढ्वाङ ढ्वाङ् ती असल बढिया बन्दूकहरू
म तिम्रो पूजामा अब अगिसरें है, खुशि रहू ।

१९९७ साल विजयादशमी

केदारमान 'व्यथित'

# तीन कविता

## --सूर्य--

डुब्दै ताराका चारा
आलोक चरी आइरही छ !
खोला-पारी बासिरहेका
कुखुराको शब्द सुनेर
तिमिर बढार्ने उषा प्राचीमा
आइरहेकी देखेर
डुब्दै ताराका चारा
आलोक-चरी आइरही छ !

मिर्मिर् जागरण-पखेटा
सीमाहीन आकाश उडाई
प्रणवलाई कुकामारी
वागमतीमा खेल्न लगाई
डुब्दै ताराका चारा
आलोक-चरी आइरही छ !

नीरव वातावरण अरुणको
क्रमशः गुल्जार गराई
रचनाले गाइरहेको
कलरवको संसार बसाई
डुब्दै ताराका चारा
आलोक-चरी आइरही छ !

[५]

देवालयमा घण्ट बजेको
रन्काहटमा बिम्झेर
प्राण–आरती जगमग बाली
प्रातः–प्रार्थना गाएर
ठूल्दै ताराका चारा
आलोक-चरी आइरही छ !

जाँ' छ उज्यालो हुन्छ उहीं नै
मंगल साकार भनेर
तम-संकुल जीवन- पथमा
ज्योतिर्मय वरदान बनेर
ठूल्दै ताराका चारा
आलोक-चरी आइरही छ !

मानो सूर्य-कमल झैं काविको
मानसमा भाव फुलेर
स्वागत गर्नासाथ पवनमा
सौरभको छन्द उनेर
ठूल्दै ताराका चारा
आलोक-चरी आइरही छ !

# —पँधेरो—

गुलाबझैं सुन्दर मुखबाट
हिसीका सुगन्ध बगेका
रक्सीको फींजसमान
झुम्म नयन लड्डिरहेका
ग्राम-वधूका भीड पँधेरोमा
कति मनमोहक हेर !

आदरपूर्वक पाले पालो
आफूभन्दा जेठीलाई
ढोगिरहेका युवती देख्दा
अपझैट मनमा लाग्छ मलाई
चारैतिर फन्का बाँधी
नाचिरहेझैं भमरा आई !

खचमचिएका रौं लक्ष्य गरी
हाँसी केही भन्नासाथ
झन उल्टो 'उसकै देखाई
टिका 'पुछिएको सुन्दर माथ
सखी समस्त हँसाई कति
तिनी प्रसन्न भएकी हेर !

चौटीले ऊ केश नुहाई
झार्नासाथ पछिल्तिर
वातावरण पँधेरोको
चकोरझैं नाच्छ अगिल्तिर
औंसीको अर्ध निशामा
जून उदाएझैं ठानी !

[७]

युवतीका हाथ चढेका
          करुवा सोल्लास बढेर
कुत्कुती लगाइरहेको
          कत्ति खप्न नसकेर
                    मुलुलु-मुलुलु लडिबुडि खेल्दै
                         हाँसिरहेछ पँधेरो हेर !

नलुकोस कहिल्यै यसको
          रस-प्लावित ' उल्लास-उमंग
सुन्न सँधै पाओस् यसले
          मधुमिश्रित प्रणय-प्रसंग
                    लहराओस् मधुर छन्दमा
                    यसरी नै भाव तरंग !

## —मिलन पश्चात—

पाहाडीखोलाझैं चञ्चल,
पृथिवी जस्ती मायालु,
पाकेको बालीझैं राम्री
भिरालु खरझैं लजालु,
यौटी युवती डोको बोकी
उकालोमा उक्लिरहीछ!

तन्नेरी साँढेकाझैं
राम्रा आँखाले हेरेर,
मानो सर्प बगेझैं झुक्के
गोरेटोबाट झरेर
हेर्छ युवक युवतीलाई
फूलको थुँगा झैं हाँसेर!

बाटोमा दुइटैका आँखा
अपझ्रट चार हुनासाथ,
अल्मलिए झैं, शरमाए झैं
निहुरिन्छन् भुइँमा माथ
अनि क्षणभर पछि ती छुट्टिन्छन्
दोबाटोका बाटोझैं!

सम्मुखको खोल्सोमाथिबाट
झर्ना चुपचाप झरेर,
भन्छ युवकसँग, सरितालाई
सरस अंगालो मारेर,
मरुभूमि डुलुला तिम्रो
मधुर मिलनको गीत छरेर!

तर, छातीको बारीमा
बारम्बार पिरती जोतेर,
प्रणयका बाली अँगाल्न भनी
आँखाका कुलो लगाएर,
फेरिरहेछ युबक लामो सास
हलोको डोब गनेर !

## मानव पन्छी

—ऋषभ देव शर्मा

स्वप्ना झैं विपना दुनियाँमा
विरह–मिलनको गान सुनें
अविरल क्षणिक क्षणिक जीवनमा
निश्चित यो सिद्धान्त चुनें
तातो आँसु मीठो हाँसो
फल हो जीवन तरुवरको
मानव पंछी पालै पालो
गर्दछ यो उपभोग बडो

माधवप्रसाद देवकोटा

# कोपिलाको उत्सुकता

सब अङ्ग भुमा ! फुकीवरी
भरिई यौवन कान्ति माधुरी ।
मकरन्द, पराग पूर्ण भै
कुन बेला खिलुँला कमी नभै ?

रङ आकृतिको बनावट
सब पत्तीहरूको सजावट ।
कहिले कमनीय भैकन
गरुँला मुग्ध समस्तको मन ?

छबिली पुतलीहरू उडी
मकहाँ आइ सुरूपमा बुडी ।
कहिले रहलान् दिलै भरी
शुचि-सौन्दर्य-उपासना गरी ?

कहिले म पत्यार पारुँला
हृदय स्वच्छ निजी गरी खुला ?
जसले कि ममा कुनै जन
नपरोस् अम्ब ! सतर्क वर्तन ॥

कहिले जननी ! ममा सदा
अविनाशी सहज-प्रसन्नता ।

रहला र मनुष्य लोभिनन्
लिनसक्नेहरूले शिको लिनन् ?

कमनीय प्रसन्न रूपले
रसिलो भाव तथा सुवासले ।
कहिले म टहल्न आउने–
हरूको चित्त हुँला नचाउने ?

कहिले म भनेर आउने
मधुमन्दा अति दूर धाउने
भमराहरूलाई म पारूँला
मधुले तृप्त र नाम थामुला ?

कहिले म 'परार्थ जीवनी
'कति आहा यसको सफा !' भनी
भमराहरूले गला खुला
गरिएको स्तुति सुन्न पाउँला ?

मधु–मारुत भेटनको सुर
गरि ली चन्दन–रेणु पाहुर
भिडिदा अनि गर्न गौरव
फर फर् फर्र म नाचुला कव ?

म पराग फुको उडाउँदै
अलिका झुण्डहरू ||रझाउँदै
उनको मुखबाट गाउँदै
कहिले त्यो गरूँला नि फागुनै ?

टिपिई कति दाजु साथमा
उनिई प्रेममयैकसूत्रमा।
कहिले शुभ कण्ठमा झुली
गरुँला आदर मान्यको खुली ?

अझ झन् टिपिएर यत्नले
ललनाका सुकुमार हातले
सुर-मन्दिरमा म जाउँला
प्रभुका माथमहाँ शुहाउँला ?

जननीसँगको बिछोड ता
सहुँला कार्य-महत्त्व संझँदा
जब अन्ततकै रिझाउन
चलुँला ता जनता जनार्दन ॥

निज चारु चरित्र शीलले
गरिदो शुद्ध परोपकारले
कहिले छरुँला सबैतिर
यसको सौरभ सत्य सुन्दर ?

जबसम्म म हुन्न लायक
जन-सेवाबिच 'त्यो दशातक
म गनिन्न नि फूलमा पनि !
अनि धिक्कार्छु नगण्य जीवनी ॥

सब दाजुहरू फुलीसके
जुनिको सार्थकता लिइसके
कतिसम्म म कोपिलै रहूँ ?
अब आमा ! ढकमक्क भै फुलूँ !

ओकिउयामा ग्वाइन

# निःशेष

विश्व-जीवन-बेली
सारा दिन, नभोमार्गभरि
खेल्यो असार खेला
दिगन्तको शय्यामाथि
आँख्यो बिसाउन बसि ढलिक
क्लान्त भइ सारा
म पनि त्यहि बेला
श्रुतप्राय धरणीको यो जीवन-गृहमा
दक्षिण वातायनमाथि
अडेस लाएर बसि
आलस्य सारा देहमाथि ढलि
गर्दै थिएँ चेष्टा,
मेरो सम्मुखको यो विश्व-कवितामा
सक्यो पनि
दुइ-चार पद जोडी दिनलागि।
अन्त भइगयो
जीवनको शुरुको त्यो
उपक्रमणिका
बाँकि खालि पडिरह्यो
जीवन-रत्न-
-सागरबाट
चुनेर-चुनेर टिप्न
एउटा-दुइटा कनिका।
अनि त्यो रत्न-कनिका
क्षुद्र जीवनको यो
महामणिका

जोडिदिन्थें बसी
एउटा-एउटा गरी
मेरो महा-
स्वर्गमा
गाइकन यो सूर
-विश्वको यो अशेष कविता।
आज यो शुरुमा
जीवनको कति पाउना
पाए पनि भएन
-सूर भरिलो, सुन्दर प्रान;
जहाँबाट पाएँ म
उहाँलागि थिएन
मेरोबाट एक कौडी दान;
थिए पनि
-दान मेरो रह्यो अजान।
दोष भइगयो
मेरो सब
जीवन-कामना
भर्खर शुरुमै
भइगयो
सब खतमा।
आज सन्ध्या-बेला
मेरो यो शेष-दीप-शिला
असह्य ज्वलनमा
काम्न लाग्यो किन,
किन भयो तेल-हीना
त्यो सरिता।
अधुरा भयो

विश्व-गीति
मेरो
कविता इति
छिन्न तार
भएछ यो
जीवन-वीना;
अरे म रित्तो
मेरो अचल चित्त
कल्पनाभित्र
भएछ व्यय
यो चित्त
पुरानो भयो
जत्ति थियो मेरो प्रान परिपूर्ण
-भएछ जीर्ण आज भएछ क्षय
आज फेरि एक बार
जोडी जीवनको यो पारावार
मृदु वायु बहने
बितेको वसन्तमा
जो फूल फुल्यो
जो फूल सुक्यो
बोटबाट झरि
रुक्ष माटोउपरि
उसकै वासना म;
मेरो अतीत वितिगयो
वर्त्तमान रह्यो मुमूर्षु
अन्ध भविष्य
अजात अरे
भइ उद्देश्य रित्तो
मात्र मेरो आशा-पक्षी उडिनेछ।

कथा:—

# देवता

*कृष्णबम मल्ल*

कालीपार कल्लेरी पाहाडको आश्रममा २००७ सालमा भएको यो सत्य घटना हो। देशभर हलचल थियो—एकतन्त्रात्मक शासनको अत्याचार, यसको उन्मुलनका निमित्त जनताको प्रयत्न। तर आश्रममा भने दश वर्षदेखि उही कृष्णको मूर्तिको पूजा र बूढा बाबा र युवति मन्दाकिनीको भजन गान। हिजोसम्म पनि यहाँ त्यही थियो।

तर आज मध्यरातमा आश्रमको ढोका घचघचाएको आवाजको भानले मन्दाकिनीको निद्रा टुट्यो। बाहिर सिमसिम पानी परिरहेकोले चारैतर्फको वन मधुरो गुंजनमा थियो। मन्दाकिनीले एकाग्रचित्त गरेर ढोकातिर कान लगाइन्।

आवाज आयो—"भित्र को छ ?"

उनको मनमा भय उत्पन्न भयो। त्यो रातमा त्यसरी आउने को थियो ? उनका बाबा त्यस समयमा आश्रममा थिएनन्। उनी एक्लै थिइन्।

ढोका खोल्नु होस्—"आश्रय दिनुहोस्।"-आगन्तुकले भन्यो।

संकोच लिएर मन्दाकिनीले भनिन्—"तपाई को हो ? आश्रम ता आश्रयकै निम्ति हो तर आज बाबा पनि हुनुहुन्न।"

"तब फिकी नगर्नुहोस्। म फर्कन्छु।"

"पर्खनु होस् म बत्ती ता बाल्छु।" मन्दाकिनीले भनिन्।

तब पूजाकोठामा गएर उनले दियो सल्काइन् र त्यही उज्यालोमा टल्केको कृष्णको मूर्तिलाई हात जोडेर शीर निहुराइन्। अनि बाहिरी कोठाको खोपामा दियो राखी आगन्तुकका निमित्त उनले ढोका उघारिन्।

भित्र पसेर आगन्तुकले भन्यो– "यो मध्यरातमा तपाईंलाई कष्ट दिएँ, क्षमा गर्नु होला।"

मन्दाकिनीले ढोका बन्द गरी भनिन्– "लज्जित नगर्नु होस्।"

आगन्तुक करीब तीसको युवक थियो। उसको कपडा भिजेको थियो। मन्दाकिनीले बाबाको कोठाभित्र पसेर अँध्यारैमा हातले छामी एक धोती र खास्टो ल्याएर उसको हातमा दिएर भनिन्– "तपाईंको लुगा चीसा छन्, फेर्नु होस्। म केही खाने कुरा छ कि हेर्दछु।"

अनि आगन्तुकले बोल्ने समय नपाउँदै भण्डारमा पुगेर उनले घिउमा भिजाएको बत्ती बालिन्। अरू खाने कुरा त्यहाँ केही थिएन सिवाय चिउरा, चिनी, र कागतीको अचार। त्यही खानेकुरा लिएर फर्कँदा आगन्तुक कपडा फेरी गुन्द्रीमा बसेको थियो। उसले चिउराको गाँस मुखमा हालेर चपाउँदै भन्यो– "आज पन्ध्रकोश जमीन हिड्नु परेको थियो; केही खाने समय पनि पाएको थिइन। तपाईंको अतिथि-सत्कारले अब जीवन संचार भयो।"

"पन्ध्रकोश?"– आश्चर्य मानेर मन्दाकिनीले सोधिन्।

"हो। के गरूँ सिपाही जो पछि छन्।"

"सिपाही?"– आत्तिएर मन्दाकिनीले सोधिन्।

"नडराउनु होस्, म चोर होइन।"

"सिपाही किन पछि लागेको?"

"के तपाईंलाई थाहा छैन राणाको एकतन्त्रात्मक शासनको उन्मु-लनको निमित्त राज परिवार र प्रजा प्रयत्नशील छन्?"

"राणाको शासन?"

"श्री ५ महाराजाधिराज एकतन्त्री शासकहरूको अत्याचार हेर्न नसकी दिल्लीमा, र दुनियाँ उहाँकासाथमा छन्। म पनि......"

"तपाईं ता यहीं हुनुहुन्छ।"

"हो, म छु ता यहीं तर........."

"तर तपाईं सत्याग्रही हुनुहुन्छ?"

"सत्याग्रही, सत्याग्रही हुन सकेको भए म भाग्ने थिइन । सत्याग्रही ता आफ्नो शीर काटेर दिन सक्दछ । हो, जरूर म अन्यायको उन्मुलन चाहन्छु र अहिंसावादी आन्दोलन चलाउन खोज्दछु। तर एकतन्त्री शासन हिंसात्मक र अहिंसात्मक कार्यमा केही फरक देख्दैन। त्यसैले प्राण बचाउनसके काम पछि होला भनी म भागिरहेको छु।"

मन्दाकिनीको मनमा भय भयो; किनकि सत्याग्रहीलाई आश्रय दिने आश्रम पनि ता एकतन्त्री सरकारको दण्डको भागी हुन सक्दथ्यो । तर त्यो भय आगन्तुकको अगाडि प्रस्तुत गर्ने उनको इच्छा भएन । उ सुन्दर थियो– उसको चेहरा आकर्षक ! उसले उनको हृदयमा पनि किन हो, आश्रय पाइसकेको थियो।"

आगन्तुकले पेटभरी खायो- पानी पियो र हात पनि धोयो। अनि उसले भन्यो– "अब तपाइँ सुत्नु होस्, म पनि केही आराम गरी उज्यालो हुने ,बित्तिकै बाटो तताउँद छु।"

"के तपाइँ बिहानै जानु हुन्छ ?"– मन्दाकिनीले सोधिन्।

"हो, नगएता आश्रममाथि पनि ता आपद् आउने छ।"

"आश्रमको पर्वाह नगर्नु होस् । बरू तपाइँ केही दिन यहीं रहनु भए कति जाति हुने थियो !" तपाइँको नाम ?"

"म जयदेव हुं।"

"तपाइको घर ?"

"कान्तिपुर ज्ञानेश्वर।"

"तपाइँ तब हर्षदेवका पुत्र हुनु हुन्छ। "– प्रशन्नतापूर्वक अचम्मकासाथ उनले भनिन्।

"कसरी जान्नु भयो ?" – आश्चर्यमानी जयदेवले सोधे।

"म आफ्नो देवतालाई नजानु ?"

"तपाई ख्यालठट्टा गर्नुहुन्छ !"

देवतासँग ? त्यो कसरी हुन सक्दछ ! देवता, आराम गर्नुहोस ; थाक्नु भएको छ।"

"सन्देहमा राखी तपाईं मलाई आराम गर भन्नुहुन्छ।"

मन्दाकिनीले हर्षका आँसु गहभरी काढी भनिन्- "देवता नडराउनु होस्, म कुनै दुष्ट स्त्री होइन। तपाईंलाई ताहचलमा बस्ने कुनै दुर्गादत्तको स्मरण अवश्य होला। म उनकी दुखिया पुत्री मन्दाकिनी हुँ। तपाईंको र मेरो पिताजीहरूका बीचमा हामी दुबैको विवाह तय भएको थियो। तर तपाईंले विवाह गर्न मान्नु भएन। मैले भने आफ्नो हृदय तपाईंकै चरणमा समर्पण गरिसकेको थिएँ। त्यही दिनदेखि यही आश्रममा आएर बाबाको साथमा म रहन्छु र तपाईंको नाममा आत्मसमर्पण गरी कृष्णको पूजा र भजन गर्दछु। आज शायद दशवर्ष पूर्ण भयो र हृदयदेवको आगमन।"

अनि उनले झुकेर आँखाभरी आँसु र हृदयमा भक्ति लिएर जयदेवको पाउ छुने कोशिश गरिन्। तर जयदेवले भने - "तपाईं कस्तो मूर्खतापूर्ण काम गर्न खोज्नु हुन्छ। आश्रममा हुनुहुन्छ। अनि एक मान्छेलाई विना पाणीग्रहण पति मान्नु हुन्छ। तपाईंका निमित्त यस्तो काम शोभा दिंदैन।"

"पति होइन, मेरो देवता!" विह्वल भएर उनले भनिन्।

"पागल नबन्नु होस!"

"पागल? मेरो पागल? दश वर्षको तपस्यापछि आज प्रथमवार अन्धकार रातमा मन्दाकिनीको आँगनमा देवता आउन् -अनि उ पागल नबनोस्!"

"देवी तपाईं मोहमा हुनुहुन्छ।"

"मोह होइन, म ता मेरो देवताको पूजा चाहन्छु।"

"एक क्षुद्र मनुष्यको र आफैं जस्तो अर्को व्यक्तिको? आफूलाई किन तपाईं आफैं तुच्छ बताउनु हुन्छ।"

"हो, म तुच्छ छु। अवला हुँ। तर मेरो हृदयमा प्रेम छ। आफ्ना हृदयदेवको छत्रछायामा सवला हुने चाहना छ। नाथ, चरण स्पर्श गर्न दिनुहोस।"

जयदेवले तब आफ्नो आशनबाट उठी भने –" तपाईं अब मलाई यहाँ रहन नदिने हुनु भयो -म जान्छु ।"

मन्दाकिनीले हातजोडी भनिन् – " देवता ! भूल क्षमा गर्नुहोस्। म चूप रहन्छु । तपाईं आराम गर्नुहोस्। म गएँ ।"

अनि उनी आफ्नो कोठातिर लागिन् । जयदेव पनि धेरै थाकेकाले चाँडैनै निदाए।

मन्दाकिनीलाई बाँकी रात नसुति काट्नु पर्‍यो। उनी सपना र विपनाको बीचमा थिइन्। उनका अंगअंग बहुत प्रशन्न थिए र हृदय विह्वल। उनको देवता आज उनकै आश्रममा भएको मधुमय स्मृति उनको हृदयमा थियो। आफ्नो शरीरलाई घोटी-घोटी चन्दन बनाई जीवन-देवतामा लिप्त गराउने उनको चाहना थियो। उनको मन आफ्नो देवताको मनसँग गंगामा जमुना जस्तै विलीन हुन खोज्दथ्यो। उनका देवता भने दसवर्ष पहिले जसरी , हात बाँधेर बसेका थिए आज आश्रममा आफ्नो अगाडि पनि ठीक उस्तै गरी बसेका। के यति लामो उनको उपासना व्यर्थ भयो ? के देवता मन्दीरमा उपासकको अवहेलना गर्न मात्र पदार्पण गरेका हुन् ?

उज्यालो हुँदा जयदेवका आँखा जब खुले उनले आफ्नो अगाडि फूल राखेर निहुरेकी मन्दाकिनीलाई देखे।

"देवी ! फेरि उही पागलपन।"

उनी केही बोलिनन् । गद्‍भरी आँसु गरी मुस्कुराइन् ।

"सुन्नु हुन्छ? मैले आफ्नो प्राण देश-सेवाको निमित्त अर्पण गरेको छु।"

"नाथ ! के मेरो तपस्या असफल हुन्छ ?"- हात जोडेर मन्दाकिनीले भनिन्।

"देवी ! तपाईंको तपस्या थिएन कामना मात्र थियो। गीता पनि भन्दछ-सकाम तपस्या होइन स्वार्थ हो। निष्काम कर्ममा सत्य र आनन्द छ। तपाईं आश्रममा हुनुहुन्छ; के देशका भोका र पीडित नरनारीको

आहपूर्ण रुवाई तपाइंको कानका पर्दा चिरिएर हृदयभित्र पुग्दैन ? के यी शीत प्रधान देशमा पनि जाँगभरी कपडा नपाउने र चुहुने छाप्रामा बस्ने भाइबन्धुको ख्याल तपाइंलाई हुँदैन ? समय अब छैन देवी ! मलाई जान दिनु होस।"

"देवता ! साँच्चिनै जानु हुन्छ ? के यो आश्रममा केही दिन रहन सक्नु हुन्न ?"

"देवी ! म चाँडै नै कान्तिपुर पुग्न चाहन्छु। सिपाही पछि छन्; अब यहाँ बसे आश्रमलाई समेत बाधा छ।"

"देशको जे गति आश्रमको पनि त्यही गति होला देव ! म कसरी आफ्ना देवतालाई छोड्न सक्दछु।"

"देवी ! विलम्ब नगर्नु होस्। मलाई कपडा बदल्नु छ। मलाई जसरी आश्रय दिनु भएथ्यो उसैगरी विदा पनि दिनु होस्।"

"तब मलाई पनि साथमा लानु होस् देव !"

"हाम्रो सत्याग्रहमा आउनु होस्। देशको मुक्ति र प्रजाको भलाईका निमित्त तपाइंलाई सदा स्वागत छ।"

"देव ! तब म पनि अहिले साथ लागुँ ?"

"कसरी तपाइंलाई लिएर हिड्न सक्दछु। सिपाही पछि लागेका छन्। अहिले यहीं चारैतर्फ जो भोका छन् उनको सेवा गर्नु होस।"

"नाथ ! मेरो हृदयको पुकार र यी आँखाका आँसूले रोक्न सकेन, तपाईं जानू होस।" मन्दाकिनीले रूँदै भनिन्।

अनि उनी पूजाकोठामा गइन् र जयदेव पनि लुगा फेरि ढोका-बाहिर गएर मन्दाकिनीको आगमन कुरे।

मन्दाकिनीले केही बेरपछि आएर भनिन् –"देवता ! के मेरो एउटा सानो भेट स्वीकार हुनेछ ?"

जयदेवले भने – "अवश्य, तर सानो हुनु पर्दछ किनकि मलाई चाँडो हिड्नु छ।"

तब मन्दाकिनीले खोकिलाबाट एउटा सानो कृष्णको मूर्ति झिकी

उनको हातमा दिंदै भनिन – " यसले सदा तपाइंको रक्षा गर्नेछ।"

जयदेवले मूर्ति बगलीमा राखी मन्दाकिनीलाई नमस्कार गरेर प्रस्थान गरे। उनी गए; अगाडि बढे, अनि आँखाले नदेखिने भए। तपनि आँखाबाट आँसु बहाउँदै मन्दाकिनी जहाँको तहीं खडा थिइन्। कति बेरसम्म उनी त्यस हालतमा थिइन् - उनलाई केही थाहा भएन। उ कुन नीचेला झस्किन् अनि संज्ञना आयो। उनले आफ्नो अगाडिको जमीनको धूलो उठाएर आफ्नो शीरमा लगाइन।

त्यो दिनभरी मन्दाकिनी सत्य र स्वप्नको बीचमा थिइन्। नुहाउन, पूजा, भजन र खानाको पनि उनलाई ख्याल भएन।

साँझमा बाबा फर्के अनि बाबालाई देख्नासाथ कुदेर अँगालो हाली मन्दाकिनी रोइन।

" बाबा ! देवता आएका थिए, – बसेनन, – गए ..."

" को ? हर्षदेवका छोरा ! " बाबाले उनको टाउको सुमसुम्याउँदै सोधे।

" हो ! आफ्नो देवता। "

तब बाबाले भने– "उनलाई ता आज सिपाहीले पक्री लगेको मैले देखें।"

यो सुनेर मन्दाकिनी जोशमा आइन् र उनले दृढ भएर – " अब हाम्रो आश्रम आश्रम मात्र होइन सत्याग्रह शिवीर पनि बन्ने छ। "

बाबाले मुख उज्यालो बनाएर मन्दाकिनीको टाउको आफ्नो छातीमा राखेर सुमसुम्याउन लागे।

...]ऽ❀ऽ[..

*भवानी भिक्षु,*

# रमा

कुनै नराम्रो काम भएको थिएन। 'मस्तिष्क–विज्ञान' र 'शरीर–विज्ञान' ले त भन्दछ, बिलकूल स्वभाविक !' अगाडिको कुरा म जान्दिन।

'रमा', सम्मानित बाबुकी, सम्पन्न र मर्यादाशील कूलपरिवारकी छोरी। पढेकी, लेखेकी गृहकार्यमा कुशल, निपूण। उमेर बीस साल। बिहा भएको थिएन।

एउटा आदर्श थियो– "बिहा गर्नु वन्धन हो, आफ्नो जीवन, यौवन, सौन्दर्य, सुखको दुरुपयोग।"

अनि–पढेर, लेखेर, आमाबाबुलाई रिझाएर उसले माथिको सिद्धान्त बनाउने बल प्राप्त गरेकी थिइ। आफ्नो विचारमा अलि अलि दम्भ पनि संचित गरिराखेकी थिइ। गर्व थियो– "म जान्ने हुँ, म पवित्र हुँ, म आदर्शशील हुँ।"

उसकी आमा चाहन्थिन्– छोरीको चाँडै बिहा भइदेओस्, गृहस्थ बनोस्। उमेर धेरै भइसक्यो, छोरी यत्तिको पढ्ने, लेख्ने। पोष्टअफिसको थरिथरिका टिकट बटुल्ने। दृश्यहरूको र मनुष्यहरूको फोटो समेत बटुल्ने; फेरि कता कता पठाउने, र कुन्नि कता–कताबाट त्यस्तै आउने। सबैभन्दा ठूलो कुरा के त, कहाँ–कहाँका देशविदेशका लोग्ने मान्छेहरूसित टिकटसिकट लिएर चिनाजानी पनि राख्ने !

उनी डराइ पनि राखेकी थिइन्– पढेकी, लेखेकी एक मात्र छोरीलाई अलि केही दवाउन होच्याउन खोजें भने "बिहे गर्दिन" भनिदिइ भने......! वा यस्तै अरू पनि केही भनि दिइ भने......!" सात पुस्ता नर्कमा जाने, नाक काटिने, सबैले हाँस्ने......! होइन वा ! अब त काम

चलाउनै पऱ्यो । चारैतिर सँभालेर खालि कुनै तबरले बिहा मात्र गरिदिन पाए......।

अनि एउटा लामो सास फेरेर भन्थिन्– हे पशुपतिनाथ !

बाबुबाहिको अनौठो ढंग र संस्कार। आफ्नो हिसाबले शिक्षित मनुष्य। तीसवर्ष अघिको ग्रजुएट । किन्तु आजकालका सबै थोकलाई नमान्ने । केवल "पूजापाठ, धर्म, आचार र परिवारको मर्यादा ! इमान्दारी र नियमित जीवन !" यति मात्रै बिलकुल ठिक, बाँकी सबै बेठिक।

छोरीको हकमा– शिक्षा तो अलि अलि खुकुलो गरिराख्ने, नियमको हिसाबले धेरै बढ्न नदिने। मर्यादापूर्वक आधुनिक रह्यो भने झन बेस, उत्तम; नभए यस्तो आधुनिकता चाहिन्न। टिकट र फोटो बटुल्ने, साट्ने; यो त शिक्षा हो । छापामा टिकट बटुल्ने श्रेणीमा नाउ निस्क्यो; शिक्षा हो। प्रसन्न हुने कुरा हो। चिनाजानी भएर के हुन्छ ? खास गरेर त्यति टाढा टाढा; नभए शायद अलि केही.........!

आदर्श बाबु चाहन्थे– कुनै तबरले छोरीको बिहा हुनुपर्ने हो। उमेर धेरै चढिसक्यो । तर बिहा त कुनै शिक्षित र सम्पन्न परिवारमा गर्नपाए मात्र बेस । कोशिश यहि हुनुपर्छ । पढेलेखेकी छोरी ! ठाउँमा पारिदिए नाउँ पनि हुने, यश पनि मिल्ने।

उनी छोरीलाई माया गर्थे। अलि अलि खुकुलो पनि पारिराखेका थिए; आधुनिकताको मजा लिराखेका थिए । किन्तु बन्धन त राम्ररी लगातिएको थियो । कुनै यस्तो औसर पर्न आउँछ, उस बखत स्वाट्ट डोरी तान्यो कि कस्सिन नै जाने।

सधैं सुत्न जाने बेलामा सोच्दथे– कुनै लायक ठाउँ पाइदिए त... छोरीलाई अब त दिनै पर्ने हो।

रमा........उपन्यास, कथा पढेर प्रेमको महत्व बुझ्ने घमण्ड प्राप्त गरेकी थिई। त्यही अन्तः प्रवाहमा प्रेमको परीक्षा लिने कुनै अज्ञात चेतना उसको मस्तिष्कमा घुमिरहेको थियो।

उसको बाबुको घरकाज गर्ने एउटा मूल कारिन्दा थियो। एक दिन उसले आफ्नो छोरोलाई ल्यायो । कलकत्ताबाट आइ. ए. पास गरेर छुट्टीमा आएको । मालिकको दर्शन त गराउनै पऱ्यो ।

मालिक, मालिकनी सबैले कुरा सोधे। शुभ कामना, सहानुभूति प्रकट गरे। मैयाँसाहेबले पनि सोधिन् ··· पढाइ-लेखाइको कुरा कलकत्ताको रमाइलो, सिनामाहरूको आलोचना, नया नया रेकर्डसको संगीत, उत्तमता इत्यादि ।

विस्तार विस्तारै फोटोग्राफी र टिकट संकलनको आधुनिक फेशनले भरिएको आफ्नो रुचि प्रदर्शन पनि भयो। युवक कहिले काँहि आफै दर्शन गर्न आउने र कहिले काँही मैयाँसाहेबले कुनै पढ्ने लेख्ने विषयमा आफै डाक्ने अथवा पुर्जी लेखीपठाएर सोध्ने ।

प्रेमको सोख थियो, प्रेमको उमेर, प्रेमको आकांक्षा। गर्न थाले दुवै परस्परमा प्रेम । पत्रहरू दर्शन भेटहरूमा अब एउटा कुनै अर्कै चेतना बग्न लाग्यो ।

अनि ··· ··· दुवै एउटा रमाइलो जूनको तल वासन्ति वायुको स्पर्शमा तर्ता सासभित्र दुवैले परस्पर समर्पणको अनेकौं प्रतिज्ञा गरे; अनेकौं आश्वाशन, अनेकौं पवित्र सहानुभूति। दुवैले आफूभित्र आफूलाई आदर्श प्रेमी निर्धारित गरे।

बाबुले अनासक्त भावमा एक दिन एकातिर आफैं त्यसै भने-- त्यत्तिको टिकट, फोटोग्राफी, किताव, उपन्यास लिएर कहासम्म नाउँ चलाउन खोजेको, दुनियाको कुन हिसावकिताव चलाउन लागेको रहिछ कुन्नि ! रङ्गन ढङ्गको कुरा !

डोरी तानेर मनमनै भन्यो -- कुनै तवरले ठाउँमा विहा गरिदिन पाए यही आधुनिकताले नै त कति इज्जत हुने थियो !

आमाले संकित हुँदै, कम्पित हुँदै, पशुपतिनाथलाई सम्झदै सम्झाउन बुझाउन लागिन् -- मैयाँ ! दुनियाँको चालचलन अनौठे

छ, कसैमाथि छिटो हाल्न बेरलाउँदैन, घेरै किसिमको कुरा, चाला गरेर के फायदा ? घरमा बस्नु, खानु, कुरा गर्नु; हामी स्वास्नी मान्छेहरूलाई त यति भए त पुग्यो !

कुरा कुरमा बुझाइदिइन् -- अब उप्रान्त किताब - सिताबको लिनुदिनु नगर्नु, कसैसित घेरै चिनाजानी बढाउन पर्दैन, त्यो हाम्रो को हो र ? आफन्त पनि होइन, नातादार पनि होइन। भो; अब, टिकटहरू बटुलेर हामीलाई नाउ कमाउनु पर्दैन !

मनमनै भनिन्--पशुपतिनाथ ! बिहा भइदेओस् प्रभु ! एउटा गलग्रह छुट्ने थियो।

रमाले पनि स्वीकृति दिइन्- "हुन्छ, हजुर्को सुख, सन्तोष, आज्ञा जुन होला, हामीले त्यही त गर्नु पर्दछ ! त्यसै गरौंला। अजसम्म हजूरकै काखमा हुर्कि-बढेकी हूँ, अब पनि त्यसमा कुनै बाधा पर्ने छैन।"

एक पलट उसको अन्तरमा उम्ल्यो- "विचरा"। एकपलट सँझना भयो "अनेकौं हृदय-व्यथा, समर्पण पोखेका पत्रहरू, प्रतिज्ञा, हृदयको अतीत।" तर......?- "उँ ! केही पनि छैन।" आमाबाबुको भक्त ! कुरा नमानेर उहाँलाई दुःखदिन जान्दिन। मेरो मुक्तजीवन, मेरो पवित्र जीवन !"

कुरागरी आमाको भक्ति, बाबुको मर्यादामा ओतप्रोत भई युवकलाई लेखिदिइन्- "हाम्रो परिवारको मर्यादा विरुद्ध छ, आमाबाबुको आज्ञा छैन, अब उप्रान्त केही सम्बन्ध राखेर के लाभ ?"

मनमा फेरि एक पटक चियायो- "विचरा......।" भों ! मलाई अरू काम छैन र ? बेला छ, सितार छ, हार्बिन छ; अनेकौ सोख मोजमज्जा !

दुइ दिनपछि सहन नसकेर फेरि एउटा पत्र विचरा युवकले लेख्यो। दर्दले भरिएको कस्तो पीडापूर्ण थियो त्यों पत्र !

उत्तरमा रमाले लेखी- "अब फेरि यस्तो त के, केही पनि लेख्नु पर्दैन; मेरो आमा मेरो बुबा......।" यस्ता अरू कुन्नि के के !

नारीको राक्षसले हाँस्यो- मूर्ख, पत्र लेख्छ! म पनि मूर्ख हूँ; यत्तिको वहन दिने काम थिएन।

सामुन्ने पउटा सानो, जातको कुकुर थियो। उसलाई उठाएर छातीमा च्यापी प्यारो गरेर म्वायीं खाइ- "मेरो लुसी मेरो लुसी।"

मूर्ख, कुत्ता ! त्यस युवकले फेरि केही लेख्न सकेन। अनि सबै थोक एकदम बन्द।

साधारण जीवनको विचरा युवकले बुझ्नै सकेन- प्रेमको यो कुन चाला हो, यो कुन श्रेणीको प्रेम हो, यो कुन रीति-थितिको प्रेम हो ?

उसले यस कुराको थाहै पाउन सकेन कि- राम्रा राम्रा लुगा लाउनु, मीठा मीठा मिष्टान्न खानु, राम्रा राम्रा फेसन बनाउनु, नयाँ नयाँ खेल खेल्नु झैं कहिले काँही कतै नया नया प्रेम पनि गरेर मान्छे आफ्नो आनन्दको वृद्धि गर्दा रहेछन्।

मूर्ख अभागी युवक, आफ्नो सर्वस्व दिसकेर पछिबाट आजन्म यही सोचि राख्यो- "प्रेम लिएर मान्छे व्यवसाय कसरी गर्न सक्दछ ? प्रणको खरिद बिक्री, नाफा-घाटा, हिसाबकिताब र हृदयमा बेपारबन्द कसरी साध्य भए छ ?"

विजय मल्ल,

# संयोग

भुवनलाल, कलेजबाट सधैंझैं घर फर्केर आइरहेको छ। उसको घर आइपुग्ने मोडमा, एउटा घर पर्दछ, जसका झ्यालहरूमा रातो रंग पोतिएको छ र सामुन्ने एउटा बरण्डा जस्तो निस्केको छ। उ त्याहाँनिर आइपुग्नुभन्दा केही परदेखि, निरन्तर जस्तो, त्यस घरको झ्यालमा आँखा गाडेर आइरहेको थियो; त्यस घरको तीन तल्ले पुच्छारको झ्यालमा एउटी युवती बस्ने गर्दथी जसलाई आज वर्षौं दिनदेखि उसले त्यहीं देख्तै आइरहेको थियो। उनी टाढाबाट देख्ता राम्री थिइन्। सेतो सुलुस परेको लाम्चो अनुहार, हृष्ट पुष्ट, गंभीर, हिस्सी परेकी, झ्यालको बसाइमा चित्ताकर्षक। तर आज भने, उसले उनलाई त्याँहा, सदाको झ्यालमा, देखेन। घरको मुन्तिर आइ नपुग्दै सधैं झैं उसको शिर निहुर्‍यो। उसले, कहिल्यै पनि लज्जाले या भयले निर्भिक भएर माथि हेर्ने या त्यस युवतीसंग नजीकबाट आँखा जुधाउने साहस गरेको थिएन। न त त्यस युवतीको विषयमा, अरूबेला कसैसंग चर्चा गरेको नै थियो– फगत टाढाबाट उनलाई हेरेर आउने बानी त उसको एक तरहले स्वाभाविक वृति जस्तो भैसकेको थियो र कहिलेकाँही, उसलाई आफ्नो यस किसिमको अनावश्यक क्रियाकलाप र आचरण प्रति हाँसो र क्षोभ पैदा हुन्थ्यो। तर फेरि कहिल्यै यसलाई नियन्त्रण गर्ने उसले चेष्टा पनि गरेको थिएन। यस्तै क्रमले वर्षौं बितेको थियो।

तर आज मुन्टो निहुराएर नै, त्यस घरलाई तरेर उ दुइतीन कदम अगाडि बढ्दा, अकस्मात् त्यस घरबाट निस्केको एउटा अधबैंशे व्यक्तिले सहसा उसलाई आएर भन्यो– 'भुवन काजी, यता हेर्नोस् त।' यो त्यही व्यक्ति थियो, जसलाई उसले त्यस घरका विभिन्न झ्यालहरूमा र बरन्दामा देख्ने गरेको थियो र जसको सम्बन्धमा उसले यस्तो अटकल

गरिराखेको थियो कि त्यस युवतीको पिता यही व्यक्ति हो ।

उसले केही संकोच पूर्वक 'ज्यु' भनेर, त्यस व्यक्तितिर फर्क्यो । तर त्यो अधवैंशे व्यक्ति, उसलाई खालि 'माथि आउनोस्' भनेर सरासर त्यही घरभित्र पस्यो । उसले यस अप्रत्याशित आमन्त्रणको केही अभिप्राय बुझ्न सकेन, केहीबेर असमञ्जसमा पर्दै, संकोचपूर्वक हडबडाएर उसकै पछि लाग्यो ।

उसलाई त्यही तीन तल्ले कोठामा लगियो, जहाँ पूछारको झ्यालमा त्यस युवती बस्ने गर्दथी, अनायास नै उसको आँखा त्यस झ्यालमा पर्‍यो र एक किसिमको अनौठो तृप्ति उसले पायो । तर त्यो झ्याल, जति उसले आफ्नो कल्पनामा अनौठो जस्तो मानेको थियो, त्यति विभिन्न थिएन, साधारण झ्याल नै थियो, जो सामान्यतया हरेक घरका झ्यालहरू हुन्छन् ।

त्यो अधवैंशे व्यक्ति भित्ताको आडमा अडेसिएर थुचुच्च बस्यो र दुबै हातले निधार समाउन थाल्यो । भुवनलाल पनि उसको नजीकै, झ्यालको संगैको चकटीको छेउमा गएर बस्यो । तर त्यस व्यक्तिले मौन रहेर केही कुरा पनि उठाएन । भुवनलाई यो अचम्भ लागिरहेको थियो कि उसलाई याहाँ किन बोलाइएको होला । उसको आँखा बराबर ढोका बाहिर घुमिरहेको थियो, त्यस युवतीको झझल्को पाउने एक अजीबको चाहना उसको मनमा उम्लिरहेको थियो र उसको शरीरमा उष्णता आइरहेको थियो ।

तर त्यसै कोठाबाट पस्न हुने, पर्दावाल ढोकाबाट, पर्दालाई चिरेर, एउटी अधवैंशे आइमाई त्याँहा पसी, जसको रूप र शरीरको ढाँचा, प्रौढता र परिपक्कतामा बाहेक त्यही युवतीसंग अत्यन्त सादृश्य राख्त थियो, भुवनलालले एकै निमेषमा अटकल गरिहाल्यो कि यिनी त्यस युवतीकी आमा हुन् । तर उनले त्याँहा आएर उभिएर नै आफ्नो पोइसंग कठोरतापूर्वक सोधी–याँहा नै हुनुहुन्छ भुवनलाल काजी ।

त्यस अधवैंशे व्यक्तिले टाउकै न उठाइकन, खालि टाउको हल्लाएर

मात्र सूचित गर्न्यौं कि हो ।' अनि त्यस प्रौढ नारी, अनुहारलाई केही बिगारेर त्यहीं ढसमस्स बसी । भुवनलाल अहिले आश्चर्य मात्र हैन कि यस प्रौढ नारीको अजीवको भाव भंगिमा र आचरणले र कोठाको अनौठो वातावरणले सशंकित पनि भयो । रहस्य जान्ने उत्सुकताले गर्दा उसको मनको भखर उठेको रोमाञ्चपूर्ण भावना बेपत्ता भएर बिलायो ।

त्यस अधवैंशे व्यक्तिले त्यही आसनबाट बिस्तारै भन्यो– 'के हामीहरूको इज्जत छैन ? के हामीलाई आफन्तका अगाडि मुख देखाउनु छैन ? हामी कहाँका रहन्छौं अब ?'

प्रौढ नारीले बीचैमा उसको कुराकाटेर रुन्छेर कराइ– के यसै कराएर मात्र इज्जत जोगिन्छ त अब ? केरकेर पनि गर्ने कि, टाउको समाएर खालि आफैं मात्र फतफताइ रहने । म त तपाइँ देखेर छक्क पर्दछु ।'

यी दुवै जनाका कुराहरूको केही अभिप्राय बुझ्न नसकेर भुवन एक छिनसम्म अलमलिरह्यो । उसलाई यो अचम्भ लागिरहेको थियो कि उसंग यिनीहरूका कुराको के सम्बन्ध हुन सक्दछ ? यी अपरिचित व्यक्तिहरू उसबाट, उसलाई समेत मुछेर या केलफेल समेत गरी के पाउने आशा गरिरहेका छन ?

त्यस प्रौढ व्यक्तिले पनि अलि रिसाएर नै उत्तर दियो- मलाई यो के सुनाउँछेस् त । तेरै छोरीलाई गएर सुनाए पनि त हुन्छ नी । मेरो नाक काटेर त्यसको नाक रहने रहेछ भने, भैहाल्यो । बेइज्जतिको पनि हद हुन्छ !' एक छिन चुप लागेर भुवनतिर हेरेर उसले फेरि भन्यो-- भुवन काजी, मैले तपाइसंग, आजै मात्र बोलेको हुँ । मैं हाल्यो, तपाइँले हाम्रो इज्जतको ख्याल नगरेपनि, आफ्नो घरको इज्जतको त ख्याल गर्नु पर्थ्यो । तपाइँहरूको यो के चाला हो, कुन्नि ।'

प्रौढ नारीले बीचैमा भनी– के चाला अब, त्यो पनि उहाँसंग सोधिरहनु पर्छ र ! यदि त्यस्तो विचार हुँदो हो त, लुकी चोरी कोही

पनि केही गर्दैनथे । अब भण्डाफोड् हुन आएर पो, नत्र हामीलाई पनि कहाँ थाहा हुन्थ्यो र । ओहो ! कुरा कहाँसम्म पुगिसकेको रहेछ, हामीलाई इन्तुचिन्तु छैन । आजकालका, करता नवस्चरा ए बाबै ।'

अब भने भुवनलाललाई छलँग थहा भयो कि यी कुराका के अभिप्राय हुन ? के अर्थ हुन ? आफूलाई यसरी याँहा बोलाउनुको के तातपर्य हो ? त्यस युवतीलाई के सम्म भइसकेको रहेछ, उसलाई सहजै अनुमान भै हाल्यो र यसको सबै दोष उसकै थाप्लोमा बज्रन आँटेको छ भन्ने कुरा उसले अनुभव गरिहाल्यो। यसैले उ किञ्चित सतर्क भयो र गंभीरतापूर्वक उत्तर दियो कि उसलाई वास्तवमा यस विषयमा केही थहा छैन । न त उसको परिचय उनीहरूकी छोरीसंग छ, न त नामसम्म नै थहा छ । उहाँहरूलाई कसैले गलत कुरा सुनाइदिए होलान । वास्तवमा यो सबै झूठ हो । यदि केही भएको रहेछ भने पनि, कुनै आर्कै पुरुष होला ।

तर प्रौढ नारी 'भुवनको उत्तर सुन्ने बित्तिकै रन्थनिएर कड्कन थाली– 'टोलमा हल्ला मच्चिएको के सबै झुठा हो त ? झ्यालमा ताकेर हिड्ने घन्टौं भर, दश बाह्रचोटि, यही सडकमा ओहर दोहर गरी इशारा गर्ने, के त्यों पनि झूठा हो त ? टोलका सबैले, ललिता तपाइसंग पोइल जान आँटेको छ भनेर हल्ला गर्नु त्यों पनि असत्य हो त ।' यही छोँडिमा कति पल्ट तपाइहरूले लुकी लुकी भेट्नु भयो ? देउता थान जाने बहाना गरी, कति पल्ट संग संगै हिड्नु भयो । झूठा बोल्नु हुँदैन पो, पाप लाग्छ । सबैको इज्जत हुन्छ, सबैको धर्म हुन्छ ।'

भुवन, यी सबै कुरा सुनेर एकदम आश्चर्य चकित भयो । टोलमा यस्तोसम्म झूठा हल्ला मच्चिसकेको रहेछ, उसलाई केही थहा थिएन । यदि वास्तवमा नै यस्तो हल्ला मच्चिएको होरहेछ भने यो जस्तो झूठ अरु के हुन सक्छ ? उसले त खालि झ्यालैसम्म त्यो पनि टाढाबाट, ताकेर आउने गर्थ्यो; कहिल्यै पनि उसले नजीक हुने चेष्टासम्म गरेको थिएन । याँहासम्मन् कि त्यस युवतीको नाम पनि उसले पहिलो पटक

यहीं सुनिरहेको छ । यदि वास्तवमा नै त्यस युवती, ललिताले पेट बोकेको होरहेछ भने, उसको कुनै आफ्नै प्रेमी होला । त्यसलाई कसरी कसैले चिह्न सकेनन ? ललितासंग सोधेक त्यो थहा हुन सकोइन र । उसलाई यो रहष्यले अत्यन्त आकर्षित गऱ्यो । तर उसले उनीहरूलाई जवाफ दिंदा यो पनि स्वीकार गरेन कि ललितालाई झ्यालमा देख्ने गर्दथ्यो । उसले भन्यो - हेर्नोस्, जति हल्ला मच्चिएको सुन्नुभो त्यसमा रत्तिभर पनि सत्यता छैन । मलाई त यो सुनेर आश्चर्य लागिरहेछ । ती सबै झुठ हुन । म जतिको आफ्नो इज्जत गर्दछु, त्यतिकै अर्काको पनि गर्दछु । यदि मैले कयै गरेको भए, लुकी चोरी गर्दिनथे; कसैको इज्जतमा डाँका मार्दिनथें । म पतित, नीच हैन । साँच्चिनै तपाइहरूलाई यसमा पत्यार छैन, भने बोलाउनोस न तपाईंकी छोरीलाई, साम्नुन्ने नै सोध्नोस्- सत्य असत्य छुट्टि हाल्छ नी ।'

ललिता, त्यहीं भित्र कोठामा थिइन, डाकेपछि सुन्दो निहुरएर बाहिर कोठामा निस्किन् । आमा चाहिनेले साह्रोसंग हपकाएर सोधी कि उसको पोइको हो ? बाबु चाहिनेले रिसले कुर्लेर सोध्यो कि वास्तवमा उसले लिएको पोइ कुन हो । के भुवन काजी हैन ? तर ललिताले 'हो, हैन' पटक्क जवाफ दिइन ।

ललिताको अनुहार देखेर भुवन यस बखत अलिकति पनि प्रभावित भएन । आफ्नो नैतिकताको घमण्ड र तावमा उ आइसकेको थियो र आफूलाई महान सत्यवादी साबित गर्ने अहम्मन्यतामा उत्तेजित भएर उसले ललितासंग सोध्यो- भन्नोस्, तपाईंले मलाई चिन्नु भया' छ ? कहिल्यै कहीं भेट्नु भया' छ ? अरू कुरा त परै रहोस्, कहिल्यै राम्ररी देख्नु भया' छ ? यस झ्यालबाट बाहेक ।'

तर ललिताले निहुर्ये कि निहुर्ये एक शब्द पनि बोलिनन । उसको बाबुआमाले फकाएर उसलाई सत्य कुरा बोल्न उत्साहित गर्दै भने कि उनले धक मान्नु पर्ने कुरा नै छैन, सोझै सत्य कुरा भनि दिए हुन्छ, यो भुवनकाजी न भए अरू को त ?' तैपनि ललिताले जवाफ

दिइनन् । अनि रिसले धम्काउँदै आमाबाबु दुवैले भनिदिए कि जबसम्म मेरो यो पोइ भनेर उसले भन्न छैन,त्यस बखतसम्म उनीहरूले उसको हातले छोएको पानीसम्म पिउने छैनन् । जे भए पनि धर्म बिगार्न सकिन्न ।

यस कोठामा भएको यो होहो हल्ला माटनमा डेरा लिएर बसेका केही सिपाही तथा पुलिसहरूले पनि सुने, यसैले तिनीहरू दौडंदै माथि उक्लेर आए। केही बेर यसैमा गन्थन भैरहेपछि, अकस्मात एउटा पुड्को पुलिसले भुवनलाई यसरी झम्ट्यो कि उ एक छिनसम्मन अवाक भएर जिल्लिरह्यो । पछि उसलाई 'थाना लैजान्छु' भनेर तँछाड मँछाड गरेर घिसार्न आटेपछि होश भयो कि काण्ड कहाँसम्म पुग्न आँटेकोरहेछ। उसलाई झनक्क रिस पनि उठ्यो कि यो कुन न्याय हो । तर उसले बोल्न त परै जावस् पुलिस र सिपाहीहरू उन्मत्त भैसकेका थिए, र यसरी फलाकिरहेका थिए कि जसको सिंग न पुच्छर केही पनि थिएन। खालि मुठ्ठी प्रहार गर्न मात्र बाँकी थियो । एउटा पुलिस कडकँदै थियो- 'यसको फैसला थानामा हुन्छ । यस्ता लुच्चा फटाहाहरूलाई सोझो मुखले कहाँ हुन्छ र । थानामा जानु पर्छ, सातपुस्ताले नखाएको गोता खाउनु पर्छ, अनिपछि चेतछन् ।

साँच्चि नभन्दै, पुलिस तथा सिपाहीहरूले उसलाई समाएर, घिसार्न आँटेपछि, भुवनको एक छिनसम्म त होश हवास नै गुम भयो । के हुन लागिरहेछ, उसले अनुमानै गर्न सकेन । तल सडकमा घिसार्दै झारेपछि, र मानिसहरूको हूल जम्मा भएपछि, उसको शरमले शिर नै उठेन । लाजले उ भुतुक्क भयो । तर यसरी सिपाही तथा पुलिसले अँठ्याएर समाइराखेका थिए कि उसले उम्केर भाग्ने चेष्टा नै गर्न सकेन। सडकमा हिंडिरहने मानिसहरू उसलाई हेरेर हाँस्तै यस्ता मन्तव्यहरू प्रकट गर्दै गइरहेका थिए कि मानो उनै दोषी हो । 'आजकालका पट्ठाहरूको चालामाला यस्तै छ !!' सडकका भुराहरू, रमाइलो मान्दै 'हाहा' गर्दै पछि लागिरहेका थिए, पेटी पेटीमा उभिएर मानिसहरू

रमिता हेरिरहेका थिए। उ पुलिस तथा सिपाहीहरूले घेरिएर हिँडिरहेको छ। उसलाई मनमनै यस्तो रिस उठिरहेको थियो कि पाए सबैलाई मारेर उ भाग्ने छ र लाजले उसको सम्पूर्ण अंग प्रत्यंग जलिरहेको थियो। उसलाई होसै भएन कि उ थानाको नजीकै आइपुगिसकेको छ र थानाभित्र हुल्न उसलाई पुलिसहरू घचेड्दैछन। यो होश पाउने वित्तिकै भुवनलाई सहिसक्नु भएन, उसको मन एकैचोटि विद्रोह गरेर उठ्यो र मनपरी बक्न थाल्यो र पुलिसलाई नराम्री आरोप लगाउन थाल्यो। 'यो कुन न्याय हो कि विनाअपराध एउटा निर्दोष व्यक्तिलाई यस्तो नर्कभित्र हुल्ने चेष्टा हुन लागेको छ?' उसले ठूलो स्वरले चिच्यायो, तर उसको केही लागेन उसलाई थानाभित्र हुलिहाले। ढोकाको 'डण्डीदार' खापा बन्द भइहाल्यो। त्यहाँभित्रको ठाउँ देख्ने-बित्तिकै उसको मनले थाम्न सकेन एक किसिमको अज्ञात भयले उसको मुटु पनि काँप्यो। अनि रिसले उन्मत्त भएर कराउँदै पुलिसको ज्यादती-लाई हमला गर्‍यो, उठ्नलागेको अड्डाका एक दुई कर्मचारीलाई सबै कुरा सुनाएर आफूलाई निर्दोष सावित गर्न खोज्यो र उनीहरूसंग हडबडाएर सल्लाह पनि माग्न थाल्यो कि उ यहाँबाट कसरी निर्दोष सावित भएर फुत्कन सक्छ र यसको नतिजाहरू अरू के के हुनसक्छन्। तर उसको कुरा सुनेर कोही कोही यसरी फिस्स हाँसेर निस्के कि यो देखेर उसलाई आफूप्रति अत्यन्त शरम र घृणा, दुबै एकैचोटि लाग्यो र उनीहरूसंग रिस पनि उठ्यो कि उसको अवस्थालाई यिनीहरू कसरी नगन्य सम्झन कोशीश गर्छन्। र तिनीहरूमध्ये एकजना उसलाई यस्तो उपेक्षापूर्ण दृष्टिले हेरेर तिरष्कार गर्दै हिंड्यो कि मानो उसले सबै झुठ बोलिरहेछ, र उनीहरूलाई छकमा दिन कोशीश गरिरहेछ, दोष सबै उसैको हो। अहिले उसलाई अनुभव भयो कि उ कस्तो खाल्टोमा जाकिँदै गइरहेछ, त्यो पनि यति चाँडै, अकस्मात भयो कि कुनै उपाय, कुनै विचारसम्मन् गर्ने मौकै पाएन, नत्र लाख युक्ति थिएन र, नत्र लाख उपाय थिएन र?

अनि केही नलागेर ढोकासँगैको पेटीमा थुच्च बस्दै उसले त्यहाँ युवती ललिताको सुन्दर रूप र बेइमानीलाई मनमनै धिक्कार्न थाल्यो । उसले, आफ्नो जुन लोग्ने मानिस हो, त्यसको नाम मात्र बताइदिएकी भए, उसमाथि यो आपत्ति के बज्रन आउँथ्यो ? बदमाशनी, बिग्रेकी रहिछ– यसैले न त्यो मानिसको नाम खोल्न नसकेर चूप लागेर बसी ? अहिले उसलाई, उसको रूप र सौन्दर्य, भोला भालापन र सौम्यता र आफू पहिले आकर्षित भएको देखेर आफैलाई आश्चर्य लाग्यो र एक किसिमले आफ्नो मूर्खताप्रति घृणा पनि पैदा भयो । बाह्य आवरण मात्र देखेर चिन्नु त्यो पनि कुनै बुद्धिमानी थियो र? आइमाई कहाँसम्म दुश्चरित्रा र पतित हुन सक्दा रहेछन् ! रण्डी, वेश्ये !

तर त्यसै बीचमा, ढोका बाहिर होहो हल्ला र गोलमाल मच्चियो । ढोकामा खापा झनझनाएर खुल्यो । पुलिसको कर्कश स्वर सुनियो अनि त्यही युवती, ललितालाई थानाभित्र हुलियो । उसको बाबु आमा, थानाको ढोकाको डंडालीबाट कराइरहेका थिए– धन्धा नमाने, सुर्ता नलिए, हामी भोलि सबेरै आउँछौं । र आमा चाहिने रोइरहेकी थिइन् । ललितालाई इचाट्ट देख्नेबित्तिकै, तिरष्कारपूर्ण दृष्टिले हेरेर भुवन मुख बिगार्दै एकातिर फर्क्यो । कस्तो नकच्चरी, सौन्दर्यभित्र पनि कस्तो डस्ने विषालु सर्प ।

ललितालाई लोग्ने मानिस थुन्ने थानाको चौकको दाहिने पट्टि ढोकातिर लगे । त्यस ढोकाको डंडालीबाट भित्र थुनिएका बगाल आइमाइहरू हेर्न आइपुगे । ढोकाको ताल्चा र सिक्रीलाई खोल्दै, एउटा रातो फेटादार पुलिसले तिनीहरूसंग जिस्कोंदै ढोका उघार्‍यो र ललितालाई त्यहाँ भित्र हुल्यो । त्यसपछि फेरि ढोका बन्द गरेर फर्कंदै हांस्न भन्न थाल्यो – करणी मुद्दाकी, नयाँ चरी । ठिटी त निक्कै राम्री रहीछ, जवानीले कगा मात्तिएकी । ' त्यसले यसरी ओंठ चटकायो र यसरी भाउ लाएर भुवनतिर दृष्टिपात गर्‍यो कि त्यहाँ जम्मा भएका सबै थुनुवा तथा पुलिसहरू सबै एकैचोटि खिलखिलाएर हाँस्न थाले । भुवन, पहिले त शरमाएर एकै डल्लो भएर खुम्चियो तर एकै छिनपछि

उसको मनमा त्यहाँ जम्मा भएका सबैप्रति उग्र घृणा पैदा भयो, रिस उठ्यो, र झगडा गर्न मनलाग्यो। कस्तो नर्कमा उ आएर जाकिएको छ, उफ! असभ्य, गंवार, चोरहरूको बीचमा। अशिष्ट पुलिस तथा कर्मचारीहरूको बीचमा। कस्तो मैलो, ! फोहर! कस्तो दुर्गन्ध!। कसैको अनुहारमा भद्रता, शिष्टता भनेको रत्तिभर छैन, हेर्दै घिनलाग्दा जानवर जस्ता! घोर नरक!

थानाको पाटी जस्तो पेटीमा उ बसिरहेको छ। सामुन्ने चोकको किनारको जटारको रूखको चौतारामा भांग्रा बेरेको एउटा दुब्लो बूढो, जुम्रा हेर्न लागेको छ। रूखको टुप्पामा तीन चार ओटा कागहरू का का गर्दै कराएर भुरभुराइ रहेका छन। चोकको बीचको खम्बामा तीनचार जना ज्यानमुद्दाका थुनुवाहरू सिक्रीले बाँधिएका, भुँमा त्यसै पल्टिरहेका छन्। अगाडिको एकतले दलान जस्तो घरमा, कोही खाटमा पल्टिरहेका छन, कोही बसिरहेका छन, कोही थुप्रिएर एक कुनामा तास खेलिरहेका छन्। पुलिसहरू, हत्कडी लगाएका केही बन्दीहरूलाई सिक्रीले डोन्याएर भित्र पस्छन, थानाभित्र कोलाहल मच्चिन्छ, अनि कराउँछन्, हत्कडी सिक्री खोलेर पुलिसहरू कैदी-हरूलाई धपाउँछन्। अड्डा उठ्ने बखतमा, फेरि एकचोटि ढोकामा हूल हुन्छ। अड्डा लगेका थुनुवाहरू भित्र पस्छन्। पुलिसहरूको कर्कश स्वर सुनिन्छ; चार पाँच जना थुनुवाहरू कलमल गरेर भित्र पस्छन् र त्यस मध्ये एक जना, अड्डाको हाकिमको नाम लिएर कराइ-रहेको छ – 'घुस्याहा मोरो; त्यसै मलाई बिगारिदियो, तीन वर्ष, देखाए जायेगा।' त्यस पछि तीन चारजना तेह्र चौध वर्षे ठिटाहरूलाई थाना भित्र छुलेर धपाउँदै एउटा पुलिस कराउँदै छ– फेला परिस् कि फेरि, तँ मोरा बगलीमाराहरू। यसपालि कति बल्झाइस, ए!' बगली-माराहरू, हाँस्तै, पुलिससंग झिस्किँदै, अगाडिको दलानभित्र पस्छन्, र तासको मण्डलीमा झुम्मिन पुग्छन। त्यसको एकै छिनपछि, गाइहरू थाना भित्र छुल्दै एउटा पुलिस कराइरहेको छ, ज्यापूको बाली

खाएर, हेर ढाडिएका यी गाईहरू, यसलाई त पाए, म आफै लैजान्थ।' गाईहरू चोकमा दौड्न थाल्छन,– चोकको खम्बामा बाँधिएका ती तीन चारजना ज्यान मुद्दाका थुनुवाहरू यसरी तर्सेर झुरझुराउँदै उठ्छन कि सबै जना झन् पछारिन्छन। यो देखेर त्यहाँ भएका सबै मानिसहरू मरी मरी हाँस्न थाल्दछन। र त्यसै बीचमा एउटा हवल्दार बुत्रु गाईं छाँटेर चिच्याउन थाल्दछ– गाई आएको देखिनौ मोराहरू, तेरो घर हो कि, बडो आनन्दसित लेटेर पल्टँदो रहेछ।'

भुवनलाल यो सबै हेरिरहेको थियो। यो खलबलले उसको मनोभावनालाई एकातिर हुर्याइदिएको थियो। उसलाई, थानाको वातावरण पुलिसको व्यवहार र थुनुवाहरूको आचरण देखेर अनौठो लागिरहेको थियो। केही अंशमा यहाँको विभिन्नता र अनौठोपनले उसको मन पनि बहलिएको थियो ! उसले आफूलाई बिर्सिरहेको थियो। तर अकस्मात् थाना पछाडिको, शहरीयाहरूको घर देख्ने बित्तिकै उ झल्यास्स भयो र आफ्नी आमालाई संझन पुग्यो। शरम र भयले उसको सर्वांग शरीर सिरिंग भएर काँप्यो र बसेको ठाउँबाट तत्क्षणै उठेर एकातिर भागेर उसलाई लुक्न मन लाग्यो। उसको आमाले यो सब कुरा थाहा पाउनु भयो भने, उहाँलाई कस्तो चोट लाग्ला, कस्तो लज्जा होला ? एकलो छोरोले यस्तो घृणास्पद बेवकूफी गरिरहेको छ। उ निर्दोषै भए पनि, अब पत्याउँछ कसले ? उसलाई आफू घिसारिएको, पुलिसले धोक्याएको, गलहत्याएको, चुटेको, बेदैं ल्याएको याद भयो। सडकमा सबैले गिज्याएर हेरेको, केटाकेटीले हाहा गर्दै पछ्याएको यी सबै कुराले उसलाई डस्न थाल्यो। उसको योभन्दा ठूलो बेइज्जती, बदनामी, अब संसारमा अरू के हुन सक्छ ? अनि संझेर, उसले आफ्नो कोटमा र लुगामा लागेको धूलो टकटकाउन थाल्यो। त्यसपछि उसको मनमा एककिसिमको गहीरो व्यथा उत्पन्न भयो, आँखा रसाएर आयो। उसकी एकली आमाले यो सबै कसरी सहन सक्नु होला।

साँच्चि नभन्दै, उसको घरमा सधैं आइरहने विष्णुचरण थानाको ढोकामा आएर पुलिससंग सोधिरहेको छ। पुलिस उसको नाम लिएर ठूलो स्वरले चिच्याउँछ- 'ए, करणी मुद्दाको भुवनलाल' लाजले उ मुतुक हुन्छ- 'उ करणी मुद्दाको!' अनि बिस्तारै उठ्तछ, ढोकानेर जान्छ, उसको अनुहार लाजले रातो भएको छ, मन उदास छ। तर खरदार साहब उसलाई ढाढस दिदैं, खापाको डंडालीबाट भनिरहेछ- आफ्नो नबिराएको भए केही छैन। छोरालाई नै यस्तो आपद्-बिपद् आइपर्दछ। तर आमा भने अति दुखि हुनुहुन्छ। तैपनि मैले संझाएर आएको छु। केही छैन, केही फिक्री छैन। आमा यहाँ आउन चाहनु हुन्थ्यो, यस्तो ठाउँमा। मैले रोकेर आएको छु। अँ, सबै सामान आइ-पुग्छ। केही सुर्ता लिनु पर्दैन। क्यै फिक्री लिनु पर्दैन। अड्डामा सबै मैं मिलाइहाल्छु।' जान लाग्दा उसले भन्दै गयो- 'कस्ती वेश्ये जस्ती आइमाइ रहिछ।'

एक छिनपछि, फेरि उसको नाम बोलाइयो उस्तै ढंगले। उ उठेर ढोकामा गयो। उसकी आमा खास्टोले गुटमुटिएर, अगाडि खडा छ। देख्नेबित्तिकै लाजले झस्केर उसको टाउकै उठ्न सकेन। उसको आमाले बहुतै गंभीर भएर भन्दै गइन्-' यो, के भएको हो? चाहे जे-सुकै हवस्, तँलाई यस्तो ठाउँमा छाडेर म एक्लै घरमा बस्न सक्तिन। त्यस आइमाइलाई राखेकै होस् भने पनि, मलाई केही फिक्री छैन। जसरी भए पनि यस्तो ठाउँबाट चाडैं निस्कनुपर्छ।'

भुवनलाललाई त्यसै झोंक चलिहाल्यो। उसको आमाले पनि उसलाई पत्याएको छैन। मानो उसले त्यस आइमाइलाई राखेकै हो, मानो यस्तो बिघ्न उसको नैतिकपतन भइसकेको छ। उसले डंडालीलाई समाएर कठोर स्वरमा भन्यो-आमा, बरू मलाई यहाँ कुहिएर मर्न परोस्, आफूले नगरेको अपराधलाई म किमार्थ 'हो' भनेर स्वीकार गर्न सक्तिन। मैले त्यस्तो केही गरेको छैन। तपाइँलाई अफशोश मान्नु-पर्ने कुरा केही छैन।'

अनि उसकी आमा सुकसुकाउँदै रुँदै फर्किन् । ढोकामा पालो दिइरहेको पुलिसले उसलाई हाँसेर भन्यो–अघि 'भरखर की आइमाइ हैन, निकै राम्री छ नि काजी । टोकूँ टोकूँ जस्ती, लोभ लाग्दी ।

त्यस पुलिसको अनुहारमा उत्रेको भावलाई तिरष्कारपूर्ण दृष्टिले हेरेर हिँड्दै भुवनले विचार गर्‍यो–'असभ्यहरू, जसलाई कुरा गर्ने क्यै सौर छैन । ' अनि उसको मनमा सबैप्रति घृणा पैदा भयो । मानिसहरूको कुन रूपमा नैतिकपतन हुन सक्दछ । उसले आफ्नो ठाउँमा बस्दै फेरि सोच्यो-चोर, डाँका, ज्यानमारा, बगलिमारा, पुलिस सबैको भ्रष्ट चरित्र । हुँ, उसलाई पनि यिनीहरू यही दृष्टिले हेर्दछन्, र त्यही रूपले उसंग जिस्किएर व्यवहार गर्ने साहस गर्छन् । त्यस पुलिस, के त्यसको क्यै नैतिकता छ ? ललिताको हृष्टपुष्ट शरीर र सुन्दरता देखेर बस् यिनीहरू खिचिएका छन्, टोक्न मनलाग्छ, लोभलाग्दी ! गंवारहरू, यिनीहरू, के कसैको इज्जत पनि गर्न जान्दछन् ? अनि उसले इवाट्ट संझ्यो उसकी आमाले पनि उसलाई पत्याएकी छैन, स्वास्नी राखेको नै ' हो ' भनेर शंका गरिरहेकी छन् । अनि उसलाई मनमनै हाँसो उठ्यो ।

अनि त्यसै बखतमा ढोकामा पहरा दिने पुलिसले नाम बोलायो– 'ललिता ! ' भुवनको आँखा अनायासनै आइमाइ थुन्ने ढोकामा पुग्यो । एउटा पुलिसले त्यता लम्केर ढोका खोल्न थालिरहेछ. खिकी झन् झनाएर खुल्दछ र त्यो पुलिस, लेघ्रो तानेर कराउँछ–' ललिता ' र जानीजानीकन हाँस्तै फेरि थपछ– ' करणी मुद्दाकी' । अरू दुई तीन जना पुलिसहरू त्यस ढोकासंगैको पेटीमा थुचुक्क बस्न पुग्दछन् र दुई तीनजना थुनवा युवकहरू पनि त्यहीं जुरतछन्, ठट्टा पर्न थाल्दछन् । ललिताको सम्बन्धमा अश्लिल कुरा बकन शुरू गर्छन् । यो देख्ने वित्तिकै भुवनको छातीमा घृणा उम्लन्छ, रिस उठछ । उसले सहनै सक्तैन । हुने भए त्यहीं गएर यिनीहरू सबैको घांटी निमोठिदिन्थ्यो, भुत्ल्याइ-

दिन्थ्यो । कस्ता असभ्य गवारहरू । यिनीहरूलाई अरूहरूको इज्जतसंग ठट्टा छ, यस्तो मुद्दा पर्दैमा के सबै पतित नै हुन्छन् ? यिनीहरूलाई अरूहरूको मान मर्यादाको के ख्याल पनि छ ? उ उद्वेगमा आफ्नो स्थानमा केही चलमलायो र रिसले मुर्मुरिएर, त्यही ढोकामा आँखा गाडेर ताकिरहन थाल्यो ।

ललिता निहुरिएर नै बाहिर निस्की । पुलिस तथा थुनुवाहरूले उनलाई जिस्काउन थाले । एकले आँखा नचाउँदै सोध्यो– 'नानीको घर कहाँ ?' अर्कोले थप्यो– 'तंलाई के भनेर बताउँछिन्, तँ को होस् र ? तंले लैजाने हो र ? उहाँको त अर्कै मन परेको छ । हैन त नानी? फेरि अर्कोले अत्यन्त माया लाग्दो किसिमले चोसो पसार्दै भन्यो- 'कस्तो फुटेको आँखा होला, यहाँ जस्तीलाई यसरी दुःख दिनु कठैबरी ।' यो सुनेर भुवनलाई सहिसक्नु भएन । ललिता अनुहार रातो पारेर, निहुरिएरै ढोकातिर बढिरहेकी छ । यिनीहरू पनि जिस्काउँदै उनलाई पछ्याउँदै छन् । अब भने भुवन उत्तेजित भएर आफ्नो स्थानबाट जुरुक्क उठ्यो । एकदम बढ्यो, किञ्चित् सह्यालियो, तर तत्क्षणै झन् उद्वेगमा लम्क्यो र ढोकानिरै .पुगेर स्वरलाई सह्याल्दै उसले भन्यो– 'यो कुन् भालामीपना हो । एउटी विचरी आइमाईलाई पाएर यसरी मनपरी जिस्काउँछौ । पुलिस के यस्तै !' उ अलिकति रोकियो र फेरि चड्केर भन्यो– 'के यस्तै मनपरी गर्नलाई राखिएको हो ?'

थुनुवाहरू छिन्नभिन्न हुन्छन् । ढोकामा बस्ने पुलिस त्यसै बीचमा कराउँछ– 'के खानलाई सबै यहाँ ढोकामा हूल गर्न आएका ?'

अर्को पुलिस भुवनलाई संकेत गरेर भनिरहेछ– 'त्यस्तो विघ्नमाया मार्न नसकेको भए, यहाँहरूले, यहाँसम्म किन पाउकष्ट गर्नु भएको होला ? यो ससुराली त हैन, कसो ?, सबै जना खित्का छाडेर हाँस्न थाल्दछन् ।

बाहिरबाट गुण्टा, खानदान दिएर ललिताको बाबु कराइरहेको छ– चाहिएको भनी पठाउनू, भोलि शनिश्चरबार भयो, नत्र द्दा

भोलि नै टुंगिने थियो। धन्दा नमाने– खानेकुरा सबै खान्दानमा छ। लुगाफाटा सबै गुन्टामा छ। धन्धा नमाने।'

ललिताको बाबुको त्यो स्वर सुन्ने बितिकै, भुवन फरक्क फर्क्यो। उसलाई केही घण्टा अगाडि मात्र घटेको घटनाको संझना भयो र उसले आफ्नो मनको उद्विग्नतालाई रोक्न सकेन। त्यस बूढाले उसलाई बोलाएर माथि नलगेको भए यो घटना घट्ने नै थिएन, फेरि ललिताले 'हो भनेर स्वीकार नगरेपछि यतिका उपद्रव मच्चाउनु पर्ने के कारण थियो ?– ललिताको विषादयुक्त अनुहार देखेर भर्खर मात्र जुन समवेदना उसको मनमा उत्पन्न भएको थियो, त्यो बिस्तार बेपत्ता भएर गयो। पुलिसहरूको सामुन्ने आफूले भर्खर देखाएको व्यग्रता र उत्तेजना उसलाई अत्यन्त मूर्खतापूर्ण लाग्यो र क्षोभ पनि पैदा भयो। यस ललितासंग उसको के सम्बन्ध छ र व्यर्थमा उसको पक्ष लिएर उ कराउन अगाडि बढ्यो। भोला भाला, सुन्दर चेहरा ! जसमा लाख अनैतिकता, बेइमानी र धोका छिपिएका छन्। कोरा भावुकता बाहेक उसको त्यो के हो र ?

उ आफ्नो ठाउँमा आएर बस्यो। ललिता भित्र पसिसकेर ढोका ढ्याम्म थुनिएको आवाज आएपछि उसले आँखा उठाएर त्यतातिर हेर्‍यो, खापाको डंडालीबाट ललिता हिँडिरहेको पछिल्तिरबाट देखिनै रहेको थियो। भुवनलाई एकदम आश्चर्य लाग्यो कि उसलाई त यस नर्कमा जाके, फेरि ललितालाई पनि यहाँ थुन्न ल्याउनुको के अर्थ हो ? यसमा कुन कानूनी संगति छ ? त्यसै बखत ढोकाबाट पुलिसले उसको नाम बोलायो; उ उठेर त्यहाँ पुग्न नपाउँदै, उसको घरमा नोकरहरूले सामानहरू त्यहाँ भित्र हुलेर थुपारिरहेका थिए। पुलिस तथा अन्य थुनुवाहरू अवाक भएर हेरिरहेका थिए– छालाको खोलदार गुन्टा, छालाको ठूलो बाकस, थर्मस, सानो छालाको बाकस, ठूलो खानदान, चुरोटको एक टीन, चट्टी जुत्ता, अनिपछि एक सय नोट।' भुवनले नोकरलाई सोध्यो– सलाई ल्याएको छस् ?' अनि सलाई लिएर,

उसले चुरोट सल्कायो ।

नोकरहरू गएपछि, पुलिसहरूले हस्यांग-फस्यांग गर्दै, विनम्रतापूर्वक सामानहरू बोकेर माथि पाटीमा राखिदिए । अनि त्यसमध्ये एकजनाले अत्यन्त नम्रतापूर्वक सल्लाह दिए झैं गरी भन्यो– 'हेर्नोस हजुर, बाहिर केही माल पनि झिकेर राख्नु होला । यहाँ त मिलिक्कमा चोरी दिन्छन् । अनि चुरोटको गोल्टेनलाई हातले सुमसुमाउँदै फेरि थप्यो– 'चुरोट त असलै जस्तो छ ।' भुवनले गोल्टेन खोलेर सबैलाई चुरोट बाँड्दै अघिको घटना सम्झ्यो र भन्यो– 'म अघि रिसाएको हैन, बुझ्नुभो पुलिस दाइ ? तर आइमाइलाई त्यसरी जिस्काउन अलि मनासिब पर्दैन क्या । हुनलाई त मसंग उसको केही सम्बन्ध छैन ।'

'हो हजुर' भन्दै पुलिसहरू विनम्रभावले झुकेर चुरोट तान्दै आफ्ना ठाउँ ठाउँमा गए ।

अनि भुवनलालले आफ्नो गुण्टामा गएर बस्तै संझ्यो– भोलि शनिश्चरबार, अड्डा बस्तैन । उसको मन एकदम भारी भएर आयो । उसले भोलि छुट्टिको दिन कसरी काट्ने हो, एकदम संझन सकेन । तर व्याकुल हुँदा हुँदै उसले संझ्यो, अड्डा बसेपछि उसलाई बयान दिनु छ । तर बयान दिंदा खेरि,– उसले दृढतापूर्वक आफैलाई संझायो कि यो अपराधलाई उ किमार्थ स्वीकार गर्न सक्तैन । तर उसलाई यो अचम्भ लागिरहेको थियो कि ललिता त्यो लोग्नेमानिसको नाम किन लिन्न जसले 'उसलाई पेट बोकाइदिएको छ ? यो कस्तो रहस्य हो ? यदि उसको वास्तवमा त्यो प्रेमीका रहेछ भने, र उसले (भुवनले) बयान दिंदा खेरी गडबडाइदिएर आफ्नो हो भनेर स्वीकार गरिदियो भने ललिताको के अवस्था हुन्छ ? हैन त्यो कुनै यस्तो व्यक्ति होला, जसको नाम लिन उ सक्तिन ।' या नाम लिंदा झन् अत्यन्त ठूलो अपराध हुन जान्छ । मत्र नाम किन लिन्न ?

रातको १० बजे तिर जब सुनसान भयो, उ त्यही पेटीमा बिछयौना

.पल्टाएर सुतिरहेको थियो, बगलैबाट बिगुल बजेको आवाज सुनियो । अनि रातको बाह्र बजेतिर उसले आफूलाई कसैले स्पर्श गरेर गनिरहेको सुन्यो- बयालीस, तिरतालीस । अनि रातको दुई बजेतिर त्यस्तै गरी कसैले गन्दै आफूलाई हल्लाइरहेको उसले चाल पायो- बत्तीस, तैंतीस । अनि उसको निन्द्रा भंग भयो, उ जुरुक्क उठेर बस्यो । हातमा लालटेन लिएको एउटा पुलिस उसको सामुन्ने उभिएर हाँस्तै भनिरहेको थियो- 'भर्खर पालो बदलिएको, थुनुवाहरू गन्दै बुझिरहेको, हजुर । अनि बिहान सबेरै, उ सुतेको पाटीसंगैको धाराबाट पानी बगिरहेको र कल्यांगमल्यांग आवाज आइरहेको हुनाले उसको निन्द्रा फेरि टुट्यो । अगाडि दुई तीनौटी आइमाईहरू लुगा धोइरहेका छन् र एकातिर ललिता उभिरहेकी छ । उ अनायास नै जुरुक्क उठेर बस्यो, तर सचेत हुनेबित्तिकै चुरोट सल्काउन थाल्यो । आइमाईहरू गइसकेपछि उसले सोंच्यो कि ललितासंग उसले एकान्तमा एक्लै कुरा गर्न पाएको भए, शायद रहस्यहरू सबै खुल्थे कि? उसले राम्ररी विश्वास दिलाएर सहायता गर्ने वचन दिएको भए, उसले सबै कुराहरू बताउँथी कि ? तर यो स्वर्गीय मौका चुकाएकोमा उसलाई अत्यन्त थकथकी लाग्यो ।- साँच्चि, त्यहाँ भित्र धारा रहेनछ क्यार, नत्र उनीहरू यस धारामा पानी लिन किन आउँथे, यही सोचेर, उ फेरि पल्टियो ।

उ उठदा घाम लागिरहेको थियो । उसलाई यो आश्चर्य लागिरहेको थियो कि यस्तो खुला, घीन लाग्दो ठाउँमा पनि उ कसरी निंदाउन सकेछ । दिनभरी उसलाई घरबाट, नाता कुटुम्बकहाँबाट नातादारहरू भेटन आइरहेका थिए । सबैलाई उ एकै किसिमको कुराहरू सुनाएर पठाइदिन्थ्यो ? उसको फजूलमा बदनामी भइरहेछ । त्यो आइमाईसंग उसको कुनै सम्बन्ध नै छैन, एकै टोलमा भएको हुनाले खालि देखा-देखीसम्म मात्र थियो । कुनै प्रमाणै छैन कसरी उसलाई यो दोष लाग्न सक्छ ? अनि कालेजका सहपाठीहरू भेटन आउँदा उनीहरूलाई यो खोजी गर्न उसले अह्राएर पठायो कि त्यो आइमाईको वास्तविक

दुई तीन चोटि ललिता पनि बाबु आमालाई भेट्न, खानेकुरा लिन ढोकामा आएकी थिई, भुवनले उसलाई देखेको थियो। उसमा केही फरक थिएन, बरू अलिकति उदास र चिन्ताकुल देखिन्थी, र केही दुब्लाएकी जस्ती पनि थिई। ऊ उसलाई बहुतै नियालेर हेर्थ्यो र उसलाई बराबर यो आश्चर्य लाग्दथ्यो कि यो त्यही युवती हो जसलाई ऊ बराबर झ्यालमा देख्ने आशा लिएर सडकमा हिंड्थ्यो। एक किसिमको रोमाञ्च अनुभव गर्थ्यो। र यस्तो किसिमको घटना आफैमाथि घट्ला भन्ने उसले कहिल्यै पनि सपनामा देखेको थिएन। तर घटिरहेछ। र कहिलेकाँही उसको निठुरेको आँखामा महाउदासीनता र व्यथा छचल्किएको देखेर, उसको मन पनि द्रविभूत हुन्थ्यो र अनायास नै उसको मनमा उठ्थ्यो कि विचरी, चाहे जतिसुकै गिरेकी किन नहोस्, यसलाई कष्टबाट जोगाइदिनु कसैको पनि धर्म हो। मानिसको भूल हुन्छ, भूल नै त्यसको समाप्ति त हैन। उसको आफ्नो त्यो पोइ, जसले उसको यो गत बनाइदिएको छ, सुटुक्क उसलाई नाम मात्र बताइदिया भए, लाखौं कोशीश गरेर उसलाई जोगाउन सक्नेछ। त्यस्तो निर्दयता उसमा छैन।

शनिश्चरवार भएको हुनाले, अरू थुनुवाहरूलाई पनि भेट्न आउने मानिसहरूका तांति लागेको थियो। थुनुवाहरू पनि खाने कुरा, लुगा फाटा लिएर आवतजावत गरिरहेका थिए। कोही मुद्दाको विषयमा घरका मानिसहरूलाई संझाई पठाइरहेका थिए। कोही कराइरहेका थिए कि उसको मुद्दा बिग्रने छाँटछ। कोही पान-सुपारी खुवाउन पैसा माँगिरहेका थिए। पुलिसहरू नयाँ चोरहरूलाई सिक्रीले डोऱ्याएर खोरभित्र आउँथे, कसैलाई तुरुङ्ग घरभित्र लगेर तुरुङ्गमा बाँधी फर्कंथे। दिनभरी ती दुई गाडहरू कराइरहेका थिए, चोकमा यताउति घुमिरहेका थिए, उफ्रिरहेका थिए।

तर भुवनको मस्तिष्कमा भने कैयन् परस्पर विरोधी विचारहरू खेलिरहेको थियो। उसलाइ, यो बराबर लागिरहेको थियो कि उसले

आफूलाई निर्दोष त सावित गर्नै पर्छ, तर यसको साथै ललितालाई अरू केही नभए पनि आपत्तिबाट जोगाइदिनु पनि यसको निति उ यस्तो पापको बोझ र बदनामी उठाउन त सक्तैन । त्यसो भए तापनि कसैलाई बर्वाद् गरेर आफ्नो स्वार्थ सिद्ध मात्र गर्ने उसको ध्येय पनि छैन ।

आज पुलिसहरू पनि उसकहाँ केही बहाना गरेर नम्रतापूर्वक नजीक बस्न आउँथे र चुरोट लिएर सम्मान दर्शाउँदै जान्थे। अरु थुनुवाहरु पनि विशेष सम्मानपूर्वक उसलाई हेर्थे। उसले आज धेर चोटि लक्ष्य पनि गरेको थियो कि उनीहरु, ललितालाई गिज्याउन साहस गरिरहेका छैनन्। बरु बहुतै सतर्कतापूर्वक उसको आँखा जोगाइ जोगाइकन हेर्ने मात्र गर्दथे। यसले उसलाई अनौठो तृप्ति मिल्दथ्यो। भला सम्मान त गर्न सिकिरहेछन्।

राती सुत्ने वेलामा उसले निर्णय गरेर पल्ट्यो कि भोलि विहान सवेरै ललिता धारामा पानी लिन आउँदा खेरि, उ भेटेर सबै रहस्यहरु जान्ने कोशीश गर्नेछ।

उ सबेरै उठ्ता उज्यालो नै भएको थिएन, । अनि फेरि निदाएर झटपट उठ्दा पनि उज्यालो भएको थिएन । अनि बसेर उसले चुरोट सल्कायो। टाढाबाट कुकुरा बासेको सुनियो। रूखमा कागहरु चलमलाएकोले पातहरू हल्लेको आवाज पनि आयो। त्यसै वखत एउटा पुलिसले आइमाइ थुन्ने खोरको ढोका उघारिरहेको थियो। ललिता एक्लै मात्र बाहिर निस्किन, साथमा अर्की आइमाइ पनि थिई । भुवन जुरमुराएर उठ्तै धारामा हात पखाल्ने बहानाले गयो । अर्की आइमाइ लोटामा पानी थाप्तै कराइ रहेकी थिई - हाम्रो बिग्रेको धारा कहिले बनाइदिने पुलिस दाइ, सँधै हामीलाई मात्र दुःख दिइरहने । अनि त्यो कराउँदै, फतफताउँदै आफ्नो ढोकाभित्र पसी ।

अब ललिता एकलै भई । भुवनले यताउति हेरेर बिस्तारै भन्यो- तपाईंसंग म केही कुरा गर्न चाहन्थें, शायद तपाईंलाई आपत्ति होवोइन। हामीहरू यहाँ विनसित्तिमा गोता खाइरहेछौं। म यसको दोष तपाईंलाई

दिन्न। तर चाहे जेसुकै होस्, यस्तो ठाउँमा बसिरहनु पनि मनासिब छैन।' अनि उ केही रोकियो र ललिताको अनुहारलाई एकचोटि सरसरी हेरेर फेरि भन्यो- 'हेर्नोस्,- मलाई थाहा छ, तपाईलाई सत्य कुरा बोल्न ज्यादै अपठ्यारो परेको छ। तर साँचो कुरा नभनिकन यहाँबाट बच्ने उपाय पनि केही देखिन्न। साँच्चि भन्नोस त जोसँग तपाईँको त्यस्तो गहिरो सम्बन्ध छ, त्यो व्यक्तिको नाम लिएर तपाईँलाई के बेफाइदा छ? मलाई त लाग्छ, हामीले प्रेमको मर्यादा राख्नुपर्छ। नत्र तपाईँ दुवैलाई नोक्सान हुनसक्छ। तपाईँ आफैलाई नाम लिन केही अपठ्यारो छ भने मलाई भन्नोस, म सहजै तपाईँलाई केही नोक्सान नहुने गरी बचाउन प्रयत्न गर्ने छु। मलाई विश्वास गर्नोस्।'

तर ललिताले जवाफसम्म दिइन। भुँमा नै ताकिरहन थाली।

भुवनले उसको सुन्दर अनुहारलाई एक छिनसम्म ताकेर संझाउँदै फेरि त्यही कुरालाई दोहरायो। तैपनि उसले केही जवाफ दिइन। अनि उसले केही उत्तेजित भएर धरिकदिए झैं गरी भन्यो- मलाई त सत्य कुरा नबोली सुख छैन। बयान दिंदा खेरि मैले सफा इन्कार गर्नुपर्छ। यसको लागि तपाईँ मलाई दोष दिन पाउनु हुन्न।'

ललिता बोल्दै नबोलिकन, चलमलाउँदै धारातिर बढेकी देख्ता भुवनको क्षोभ र उद्वेग एकदम प्रचण्ड भयो। उसलाई सहिसक्नु भएन, मानो यी सबै कुरा उसले आफ्नै स्वार्थको खातिर भनिरहेछ। उसले उपेक्षाभावले एकदम कठोरतापूर्वक भन्यो- कसैलाई जेसुकै हवस्, मलाई सत्य कुरा बोल्नै पर्छ। म बोल्छु पनि। आफूले नगरेको अपराधलाई म स्वीकार गर्न सक्तिन। तपाईलाई त्यो लाग्ने मानिसको नाम लिन अपठ्यारो लाग्छ भने, मलाई आफूले नगरेको दोषलाई, तपाईलाई आफ्नो भन्न अपठ्यारो लाग्ला? म आफूलाई चरित्रहीन साबित गर्न सक्तिन। म बेइमानी गर्न सक्तिन। मलाई त लाग्छ बेइमानी, धोका, चरित्रहीनता बाहेक यसमा केही छैन। तपाईँ चाहे जेसुकै गर्नोस्, मबाट

यो भन्दा बढ्ता केही आशा नगर्नु होला। म आफ्नो बेइज्जतीलाई यो भन्दा बढता सहन गर्न सक्तिन। धोका दिनु महापाप हो, यो संझिराख्नोस।' त्यसपछि भुवन उद्विग्न भएर, सरासर आफ्नो बिछ्यौनामा आएर बस्यो, चुरोट सल्कायो। ललिता फर्केर गइसकेपछि, उसले अत्यन्त घृणाले मुख बिगार्दै मनमनै भन्यो, रूप र सौन्दर्यले पराजित गर्न खोजिरहिछ, मानो म उसको अगाडि तर्सन्छु, डराउँछु। हेरि-हालौंला अब. झन उसकै फाइदाको खातिर सबै बकें. उ त तर्सेको संझदी रहिछ। पतित, दुश्चरित्रा। त्यस्तासँग मोहित हुन्छु ? हुँ।

बिहानभर उ बिछ्यौनाबाट उठ्तै उठेन, खालि चुरोट मात्र खाइ-रहेको थियो। घरबाट थर्मसमा दूध ल्याएपछि, उ मुख धुन उठ्यो। दूध पिएर बिछ्यौनामा नै बसिरह्यो। सधैं जस्तो खोरभित्र खलबल मच्चि-रहेको थियो। थुनुवाहरू कोही भात पकाउन बसिरहेका थिए, कोही पाठपूजा गर्न, कोही नुहाउन। जतातते मुद्दाको कुरा, कैदको कुरा, अन्यायको कुरा, चलिरहेको थियो। बीच बीचमा पुलिसको रूखो स्वर, थुनुवाको नाम लिएर चिच्याएर बोलाएको आवाज, चिच्याहट, कराहट शुरू भइरहेको थियो। अनि त्यहीं थुनुवा बूढा रूखको चौतारामा भांग्रा ओढेर, सामुन्ने टवाल्ल हेरिरहेको थियो। बगलिमारा ठिटाहरू जिस्किएर, उफ्रँदै यताउति दौडिरहेका थिए। त्यहीं दुइटी गाई पनि चोकभरी चक्कराइरहेका थिए।

ललिता पहिलो पटक ढोकामा आउँदा भुवनले चाल पाएर पनि यस्तो आँखा उठाएरसम्म हेरेन। उसलाई लागिरहेको थियो कि उसलाई रूपले खान खोजिरहिछ। हेरि हालौंला।

अनि दोस्रो पटक उ ढोकामा आउँदा, उ पुलिसलाई चुरोट किन्न पठाउन त्यहीं गइरहेको थियो। अकस्मात् त्यहीं भेट भइ हाल्यो। उपेक्षा-पूर्ण भावले हेरेर, उसले त्यहाँबाट तुरुन्तै हट्न चाह्यो। तर ललिताको अनुहार हिजो अस्तिको जस्तो थिएन। एकदम उदास, फुंग उडेको रोएर भखर उठेको जस्तो चिन्ताग्रस्त, टिठलाग्दो। उसको मन एक्कासी व्याकुल भयो। यस्ती दीनहीन आइमाईलाई पनि उसले बिहान कसरी दुर्वचन

बोल्न सकेको होला । विचरी !

त्यसपछि विष्णुचरण खरदारसंग आफ्नो मुद्दा विषयमा कुरा गर्दा भुवनको चित्त स्थिर थिएन । लम्बे चौडे गन्थन जस्तो उसलाई लागिरहेको थियो ।

दश बजेदेखि अड्डा बस्यो । थाना अड्डाभित्रको कोलाहल बिस्तारै बढ्दै गयो । मानिसहरूको आवत जावत, पुलिसहरूको चिच्याइ; चोरहरूको केरमेर, पिटाइ, कुटाइ, प्रारम्भ भयो । अनि थुनुवाहरूको नाम लिंदै मुद्दा बोलाउँदै, खोरबाट अड्डाभित्र लैजाने काम शुरू भयो । केही बेरपछि 'भुवन र ललिता' को साथसाथै नाम बोलाइए । उनीहरू दुवै संगसंगै अड्डाभित्र लगिए ।

अड्डाको वातावरण भिन्नै थियो । एकै पंक्तिका प्रत्येक टेबिल पिच्छे एउटा विचारी कागजपत्रको मुठ्ठा अगाडि राखेर बसिरहेको थियो र उनीहरूलाई एक एक थुप्रा मानिसहरूले घेरिरहेका थिए । खरदार, अनि हाकिम अलि उँचो ड्यासमा, टेबिलमा कुहिना जल्याएर बसिरहेको थियो ।

एक कुनामा ललिताका आमाबाबु कुर्चिएर बसिरहेका थिए । ललिता उनीहरूलाई देख्ने बित्तिकै निहुरेर त्यतैतिर गई ।

भुवन एउटा खम्बामा अडेसिएर इजलासको विचित्र वातावरणलाई हेरिरहन थाल्यो । पुलिस बाहिर ढोकामा, लठ्ठीले बाटो छेकेर पहरा दिंदै कराइरहेको छ– 'यहाँ हैन साहेब, उता बस्नोस ।' विचारीहरू–वादी प्रतिवादीहरूसंग बयान लिंदै बीचबीचमा जोडले चिच्याएको सुनिन्छ, करापर हप्काएको, हकारेको आवाज आउँछ । झगडियाहरू परस्पर 'तँ तँ म म गरी बाझ्न थाल्छन; कोही हात जोडेर दयाको याचना गर्दै रुन थाल्छन । हाकिमसाहेब कसैसंग कुरा गरेर हाँसिरहेछ । अनि भुवन अनुभव गर्दछ कि– हाकिम उसैलाई औंल्याएर हाँसिरहेछ ।

एकछिनपछि एउटा विचारीको सामुन्ने भुवन आफूलाई खडा

पाउँछ । बिचारी सोधिरहेको छ, कागजमा लेख्दै नाम, थर, वतन, बाबुको नाम, बाजेको नाम । भुवन एक एकको जवाफ दिंदैजान्छ । अव प्रश्न उठ्छ मुद्दाको सम्बन्धमा । उसको ललितासंग के सम्बन्ध छ ? उ सफा इन्कार गर्दै जान्छ । यो साबित गर्न खोज्दछ कि उसको नैतिकतामा यो कलंक लाउने षडयन्त्र मात्र हो, यो इवी हो, इख हो । तर यस पछि, त्यही बिचारी यस्तो प्रश्न गर्दछ जो सुनेर उ निरुत्तर रहन्छ, चारैतिर हेर्दछ । सबै जम्मा भएका मानिसहरू उसैलाई घुरेर हेरिरहेछन्, हाँसिरहेछन्, कोही कोही दंग भएर उसलाई गिज्याइरहेछन्, आनन्द लुटिरहेछन् । इवी, केको इवी ? के सबुत छ उसंग ? उसको मस्तिष्कको पर्दामा यो कुरा ठक्कर खाइरहेछ । उसलाई भखर आफूले दिएको बयानप्रति नफरत हुंदै आउंछ, झन्झट जस्तो लाग्छ, रिस उठ्छ । यो पनि कुनै प्रश्न हो ? यस्मा पनि कुनै सिलसिला छ । के कागजी कानूनले सत्यलाई असत्य बनाउन सक्छ ? ।

बिचारीको घिनलाग्दो कुरुप अनुहार, कोप्चो रूवसेको गहिरो आँखा गोलाएर गिज्याएर, आफ्नो प्रश्नको जटिलताबाट आफै मस्त भएर अभिमानले घुरिरहेछ, घुरिरहेछ । भुवन आवेशमा आएर कराउँछ कि यो पनि कुनै प्रश्न हो । उसलाई के थाह कि उसंग कसैको के इवी छ ? तर यो सरासर षडयन्त्र हो, नत्र कसैको पाप उमाथि लाद्न किन कोशिश हुँदैछ । किन ? केही कारण होओइन होला ? । यो कुरा त उसैसंग सोध्नु पर्दछ जसले पाप गरेको छ । बेइमानी गरेको छ, चरित्र भ्रष्ट गरेको छ । सौन्दर्य बेचेको छ । सौन्दर्यको व्यापारभन्दा यो के हो ?

बिचारी हाँसेर टाउको हल्लाएर भनिरहेछ– अहँ, यो जवाफ भएन काजी । केको इवी ? कुनै कारण त होला ।

अनि सुनिन्छ – हाकिम साहेव उंचो ड्यासबाट' हात पल्टाउँदै कराइरहेछ । आवाज कोलाहलमा सुनिंदैन । पुलिसहरू सबैलाई चूप

हुन कराउँछन्, चिच्याउँछन् । कोलाहल एक छिनपछि बिस्तारै शान्त हुन्छ। सबै जनाको दृष्टि हाकिममा गएर थुप्रिन पुग्छ। हाकिम साहेब भुवनलाई बयान लिइरहने बिचारीतिर हेरेर भनिरहेछ- सोध बिचारी आइमाईलाई राखेको कति भयो भनेर, कुन ठाउँमा, कहिले राखेको भनेर याने वारदात, पेट बोकाउने वारदात कहिल्यै भएको भनेर। हाकिम आफै मुसुक्क हाँस्तछ। सबैजना हास्न थाल्दछन् । वारदात, यो पनि वारदात? पेट बोकाउने पनि वारदात । हाँसोको लहर धीमा हुँदै जान्छ।

भुवन पहिले त लाजले भुतुक्क हुन्छ। अनि उत्तेजित भएर आवेगमा कराउँदै- मैले यस्को जवाफ अघिनै दिइसकेको छु । दोहऱ्याइरहनु-पर्ने कारण क्यै छैन । यो सुनेर सबै जना झन् खित्का छोडेर हास्न थाल्छन्। भुवनको आत्माभिमानमा यसले नराम्ररी आहत पुऱ्याउँछ, उसको मन बिद्रोह गरेर उठ्छ। उसलाई त्याँहा जम्मा भएका सबै मानिस नृशंस पशुझैं लाग्छ असभ्य गंवार झैं भान हुन्छ र सबै प्रति उग्र घृणा पैदा हुन्छ। त्यो हाकिम जसको केही सोर छैन, यो बिचारी जसमा बुद्धिको लेस मात्रै छैन ; यी मानिसहरू, जसमा भद्रता र शिष्टताको ख्याल छैन, मनोरञ्जन गर्न आइरहेछन्। यही हो अड्डा ! उसलाई त्याहाबाट एकदम भाग्न मन लाग्छ।

त्यसै बखत हाकिम भनिरहेछ- खै आइमाइलाई यता अगाडि ल्याऊ,

एक कुनामा डल्लो भएर खुम्चिरहेकी ललितालाई अगाडि धकेल्दै उसकी आमाबाबु पनि सामुन्ने आउँछन्। त्याँहा जुटेका सबै मानिस त्यतातिर हेरेर भुन्भुनाउन थाल्दछन, हास्न थाल्दछन, इशारा गरेर देखाउन थाल्दछन, कोट्याउन थाल्दछन् । हाकिम साहेब गंभीर मुद्रालाएर ललितालाई तीक्ष्ण दृष्टिले हेरी उसकी आमालाई सोध्न थाल्दछ- तिम्रै छोरी हो। ए, छोरीले त्यस्तो सुटुक्क साटुक्क गरेपछि चाल पाउनु पर्दैन? आमाबाबु पनि लाटा नै रहेछन् । त्यत्रो बडोमा

सरुनी छोरी भएपछि चेलैमा बिहे गरिदिनु पर्दैन। कसको भूल, 'खबरदार तिर हेरेर' आमाबाबुकै। पोइ चाहिएपछि, उमेर कुतकुताएपछि, आफैंले पोइ रोजेर गई। के भोत! ज्वाइँ खोजिरहने आमा बाबुलाई कहाँ भएन। अब चाहेँ नाति खेलाउन्, बुझ्यौ। हैन पेटको बच्चा कति महिनाको भएछ? पेट त उसिको ठूलो देखिदैंन नी। खै अगाडि राखेर देखाउ त।'

हाकिम साहेबको कुरा सुनेर जम्मा भएका सबैजना मरीमरी हाँसिरहेका हुन्छन्, झन् ललितालाई अगाडि उभ्याएर पेटको सम्म जाँच हुनलागे पछि, मानिसहरूको कौतुहलको सिमा रहंदैन। सबैजना हूल गरेर, घाँटि लम्ब्याउंदै त्यतातिर ताक्न थाल्दछन्।

ललिता निहुरीएर ठिंग उभिरहेकी छ। भुवन यो सबै हेरिरहेछ। आंखा चिम्लेर पनि यो देखिरहेछ। मानिसहरूको चहलपहल, हाहाहूहू, अट्टहास उसको कान भित्र शूलझैं बिझ्दै गइरहेछ। शरम र क्रोधले उसको सर्वांग शरीर जलिरहेछ। यी सारा पशु झैं मानिसहरूका बीचमा एउटी अबला नारी शरम र पीडाले नुहेर उभिरहेकी छ, सबैजना उनलाई नंग्याएर मनोरञ्जन लिन लागिरहेका छन्। सबैजना उनलाई च्यातेर, लुछेर, आफ्नो धीत मेट्न लागिरहेका छन्। असभ्य, अशिष्ट न्यायकर्ता हाकिम साहेब सबैभन्दा टुप्पामा बसेर यस खेलबाट आनन्द लुटिरहेको छ। अर्काको इज्जतसंग खेल छ! अर्काको आत्मसम्मानसंग रमिता छ। अर्काको दुःख र कष्टसंग विनोद छ। के यी नै न्याय गर्दछन्? के यीनै महापुरुष हुन्, जसमा, दया माया पटक्क छैन?। के यी नै सम्मानीय पुरुष हुन्, जसमा भद्रता, शिष्टताको लेस छैन? भुवनलाई सहिसक्नु भएन, उसको उद्वेग उत्तरोत्तर बढ्दै गयो, हाकिमको अनुहार मात्रले उसको सर्वांग शरिर पोल्न थाल्यो। उसले जम्मा भएका मानिसलाई पन्छाएर सामुन्ने बढ्दै, आफ्नो उत्तेजनालाई केही रोक्न कोशिश गरेर कठोरतापूर्वक भन्यो–तपाईंहरूमा के भद्रता पनि छैन, शिष्टता पनि

छैन ? । एउटी पीडित आइमाइको इज्जत र सम्मानलाई ख्याल गरेर बोल्नु त पर्थ्यो । के अड्डाको यही काइदा हो ? म तपाईं हाकिम साहेब संग सोधिरहेछु । मुद्दा हेर्नोस्, तर वेइज्जति नगर्नोस्, ।'

वातावरणमा एकदम सन्नाटा छायो । विचारी, पुलिसहरू हाकिम साहेबको मुख ताक्न थाले । जम्मा भएका हूल अलि परपर पन्छिए । हाकिम साहेबले आफूलाई सम्हाल्दै, हाँसे झैं गरी भन थाल्यो-सोध सोध विचारी यीनलाई ! यस्तो विश्व सभ्यताको ख्याल भएकोले, यो कुन सभ्यता देखाएको भनेर । सोधन यिनलाई, कसको सामुन्ने इज-लासमा बोलिरहेको छौ भनेर । यो इजलास हो संझाइ देऊ । पख, सोध यिनलाई, आफूले गरेको इन्कारीलाई यस कुराले के सावित गर्छ भनेर ।

भुवनको उत्तेजना शान्त भएको थिएन । हाकिमको अनुहारको भाव भंगिमा र सारा मानिसहरूको आतंकित अनुहारले उसको मानसिक विद्रोहलाई झन उत्तेजित गरिदियो । असभ्य हाकिम, ठूलो डाँकोले उसलाई तर्साउन चाहँदो रहेछ, हेप्न चाहँदो रहेछ । उसले आफ्नो आँखाको सामुन्ने केही पनि देखेन । उत्तेजित भएर आवेशमा भन्यो-मलाई थाहा छ, म कहाँ बोलिरहेछु भन्ने कुरा । तर सत्य बोल्न म पछाडि हट्दिन । कसैको वेइज्जति गर्नु कुनै भद्रता होइन । एउटी मेरी झगडिया नै किन नहोस् आइमाइलाई लिएर त्यसरी मनपरी भन्नु, के कुनै हाकिमलाई सुहाउँछ ?' र त्यसपछि उसको आँखा आँसु झारिरहेकी दयनीय ललिताको अनुहारमा पर्‍यो । ललिता रोइरहेकी छ, यसको विपरित यी सबै मानिसहरू उसको आन्तरिक पीडासँग ठट्टा गरिरहेका छन् । उसको, यिनीहरूको आँखामा क्यै मूल्य छैन । एउटी अपराधिनी, ठट्टाको साधन ! उसको आत्मा छैन, मन छैन, अस्तित्व छैन । र हाकिम साहेब रवाफ छाडेर भन्दछ- उ न्याय गर्न बसेको छ । अनि उसले फेरि भन्यो- तपाईंको सामुन्ने अरू क्यै नभए

पनि एउटी नारी खडा छ- तपाईंहरू उसलाई लिएर सहानुभूतिको सट्टा, ठट्टा गर्नु हुन्छ। यही हो मानवता! यही हो सभ्यता!

हाकिमसाहेबले हाँस्तै खिल्लि उडाउँदै उसलाई भन्यो- अरूलाई त खूब भन्दा रहेछौ, तिम्रो सभ्यता खोइनी? एउटी जावो आइ-माइलाई दया माया नगरेर अड्डासम्म घिसारेर ल्याउँदा तिम्रो मानवता कहाँ गयो? फुल्लो धाँक देखाएर हामीलाई उल्लु बनाउन खाइन्छौ?

भुवनको रीसको सिमा रहेन। यी घृणित मानिसहरू उसलाई नगण्य संझेर हियाउन, खिजाउन लागिरहेछन्। उसको आत्म स-म्मानमा समेत चोट पुर्याएर उसको खिल्ली उडाइरहेछन्। उसले आफूलाई समेत बिर्सेर चिच्याउँदै भन्यो- के तपाईंहरूले तपाईंहरू जस्तो मलाई मानवताहीन पशु संझनु भयाछ त?

हाकिमले मेचबाट जुरुक्क उठ्तै टेबिलमा मुट्ठीले ठोक्तै भन्यो- 'तिमी पशु हौ।'

जम्मा भएका सबैजना खित्का छाडेर हाँस्न थाले। भुवनको क्रोधको सीमा रहेन, आँखाले उसले केयै देखेन। उसले उत्तेजित भएर चिच्याएर भन्यो- यो आइमाइलाई मैले नै राख्या हुँ, लौ तपाईंहरू मलाई के गर्न सक्नु हुन्छ?

हाकिमले हात फालेर मेचमा अडेसिंदै भन्यो-यति अघि नै भनेको भए त सिद्धि नै हाल्या थियो नि। अब आफ्नो जहानलाई लिएर गै हाल्नोस् - यहाँ बस्ने केयै काम छैन।'

अड्डा भित्र केही बेरसम्म हाँसोको प्रवाह छुटिरह्यो।

भुवन बाहिर सडकमा हिंडिरहेछ। उसको अगाडि ललिता र उनकी आमा गइरहेका छन्। उसँग ललिताको बाबु आइरहेको छ। उसको मस्तिष्क एकदम शून्य छ रित्तो छ, एक तमाशाको छ। ललिताको बाबु उसँग के भनिरहेछ, के भन्दै आइरहेछ उसको कानमा एक शब्द पनि पसेको छैन। उ हिंडिरहेछ।

---

कृष्णचन्द्र सिंह

# आमा

घोप्टिएको प्रत्येक जुँगाले मुख छोप्न पुग्दापुग्दै पनि झपारेको आफ्ना बाबुको शब्दहरू गौतमले बिर्सन सकेन- "तँलाई पढाएको त बिगार्नु जस्तो भो। मरेपछि स्वर्ग पुऱ्याउनुको सट्टा जिउँदै आगो हाल्न थालिस्। कुनै पनि पार्टीतिर नलाग् भनेको त किन टेर्थ्यो- बाहिर त कम्युनिष्ट पो भन्छन् यसलाई!" इत्यादि।

गौतमलाई आफ्ना बाबुको गाली सुन्ने अभ्यास बसिसकेकोले दिनो पाठ गरिने बाबुको 'दुर्गाकवच' झैं गाली पनि त्यसै पाठको आखिरी अध्याय वा श्लोक जस्तो भइसकेको थियो। त्यसैले होम गर्नेको ऋचा-पाठले सुन्नेको कान पवित्र भए जस्तै गाली पनि गायत्री मंत्र संझी गौतम आफ्नो कान पवित्र पार्दथ्यो।

दुइ महिना काठमाण्डौं बसेर गौतमको बाबु बम्बई हिंडे। एरोड्ममा बाबुलाई बिदाइ दिन पुगेको गौतमले त्यहाँ पनि बाबुको आशिष पायो। गौतमको आमालाई जिम्मेदारीको भारी सुम्पे जस्तो गरी अथवा अनुपस्थितिमा कजाइ राख्ने चेतावनी दिई गौतमलाई भने- "नचाहिने काममा नलागेस्, खुरू खुरू कलेज जानु र सट्ट घर आउनु। ईश्वरले एक माना खान दिएकै छ। के को टंटा!"

यो गौतमको बाबुको अन्तिम वाक्य थियो; त्यसैले यसलाई आशिर्वादको रूपमा मौनपूर्वक धारण गऱ्यो।

गौतमको स्मृतिमा बाबुको घोप्टो जुँगाको फोटो सधैं खिचिइरहन्थ्यो- डरले होइन, अनौठो कटले। पराले छाना तलतिर झुकेर घोप्टिए झैं जस्तै जुँगाका रौंहरू पनि तल्लो ओठमाथि खप्टिएका थिए। आमा त्यहीं बराबर एकातिर हपार्दै अर्कोतिर बढी माया, प्रेम गर्दथी।

फकाउने फुरुल्याउने गर्दथी। तर गौतम ती सबलाई कि त हाँसेरै उडाइदिन्थ्यो, या त नून–चूक थपेर अझ बढता तिख्खर पारिदिन्थ्यो। गौतम गधापच्चीसे उमेरको थियो– लाम्खुट्टे, सिट्टी, एकनासको ताड वृक्ष जस्तो। चन्चले स्वभाव, चुल्बुले बोली, उछौलो मिजास– आमाचाहींलाई त त्यसै उडाइदिन्थ्यो, त्यसै-त्यसै जिल्ल्याई दिन्थ्यो।

गौतम सोच्दथ्यो– मेरो पालामा त ईश्वर थला परिसक्यो, नातीको पालामा पुगुन्जेल मरिसक्दछ। के ईश्वरले ख्वाउन आउला। हो ख्वाउँछ पनि, जसले विश्वास गर्दछ। जसलाई खानै पुग्दछ; अझ भनूँ, जसले रात-दिन घूस खान पाउँदछ, अथवा ब्लैक मार्केट जसको खूब चल्दछ। ईश्वर उनीहरूकै साथ हुन्छ, उनीहरू नै ईश्वरको नजीक हुन्छन्। सोच्दा-सोच्दै गौतमलाई जोश चढ्यो– छोराले गरेको जुनसुकै काममा पनि के बाबुहरू दखल दिन सक्दछन्? कहाँ हुन सक्छ र यो! रीस बढ्यो। यस विषयमा म स्वतन्त्र छु, जे सुकै पनि गर्न सक्दछु। तपाईं-हरूको हस्तक्षेप गर्ने हक छैन- आदि लेखेर एक दिन, बाबुलाई चिट्ठी पठाउन तैयार भएछ। तर के मनमा आएछ च्यातचुत पारी मिल्काइ दियो।

अर्को दिन गौतम उठ्नै पाएको थिएन- तलबाट कसैले बोलाएछ। बोलाएको के हुन्थ्यो- आठ बजेको मिटिङ्गलाई सूचित गरेको रहेछ। गौतमकी आमाले पनि सुनी।

त्यो मानिस गइसकेको थियो।

"को बाबु? उठ्नै पाएको छैन, एकाबिहानै ढोका घच्घच्याउन पुगिसक्यो। चिया ल्याएको छैन?" कोठाभित्र प्रवेश गर्दै गौतमकी आमा फतफताई।

"क्यै होइन" आँखा मिच्दै सीरकले आँग ढाकेर गौतमले मामुली-पन जनायो र लम्पसार पर्‍यो।

"हो, आठ बजेसम्म पनि ननिस्के त हो।"

"आज दिनभरी नै ननिस्कि भन्नुहोस् न ।" गौतम भित्ताति्र कोल्टे फर्क्यो ।

"कहिले मात्रै तँ दिनभरी घर बसेको छस् र-" गौतमलाई ट्वाल ट्वालित हेरेर आमाले भनी- "बेफुर्सदी हेर्दाखेरि त रुपियाँको खोलो बग्नु पर्ने ।"

"कुनै दिन यस्तो पनि आउला ।"

"भो, नाप्यो ।" हात पनि प्याट्ट पल्टाईदिई । नोकरले चिया ल्यायो र टेबिलमा राखेर गयो ।

"मुख धोइसकिस् ? चिया चीसो भो ।" जवाफको प्रतीक्षा नगरी-कनै आमाले भनी- "तिमीहरूलाई के छ र ! मुख धुनु पर्ने पनि होइन, पाठपूजा पनि गर्नु पर्दैन । ल्यायो, भकुर्‍यो ।"

"बाबा, नकराउनस्, म एउटा छोरो नभएर तपाईंहरूलाई के लछाछै, के दुङ्ग्याउँछ र ।" चियाको चस्का लिंदै गौतमले निशाना जमायो ।

"होइन गौतम ! तँ मेरो छोरा, मेरो त ज्यान ! कस्तो मूर्ख कुरा गरेको ? आमा बाबुले पनि कहिल्यै यस्तो चाहलान् ? एका बिहानै देखि कस्तो अपसगुनी कुरा गर्छस् श्यामु !" नजिकिंदै गौतमकी आमाले भनी । तिनको स्वरमा वात्सल्य स्नेह उम्लेको थियो, प्यार थियो ।

गौतमको घरेलु नाम हो श्यामु ! श्यामवर्णको भएकैले उसको नाम पनि श्याम रहेको हुनु पर्दछ ।

चियाको गीलाँस भुइँमा राखेर गौतमले भन्यो- "छोराले पनि कतै आमाबाबुको कुभलो चिताउला ? कुभलो हुने काम गर्ला त ?"

"कहिले गर्छस् श्यामु ! तँ मेरो......!" मातृ-प्यारले आमाको हृदय भरियो ।

बेलुका पाँच बजेदेखि लेख्न बसेको, एघार बजिसक्यो, अझै सकिसकेको थिएन । तीन चारजना अरू साथीहरू पनि थिए । गौतमको

कोठाभरी कागज फैलिएको थियो। कुनै ठूलठूलो अक्षर लेखिएको सिंगै ताउ, कनै फिस्टे अक्षरें टुक्रा, कुनै छापिएकै सानसाना कागजहरू चारैतिर छरिएका थिए। तर जम्मै जसो रंग रातो थियो। सुस्तरी कुरा गरेको पनि सुनिन्थ्यो। कहिले आँधि चकमच्च छाएको हुन्थ्यो। तोप चलिसके तापनि कोही नगएको देखेर गौतमकी आमालाई डर लाग्यो, पीर पऱ्यो, आश्चर्य भयो। अरू साथीहरू गइसकेपछि बुझ्ने इच्छाको कुतकुती र तिव्र उत्सुकता खेलिरहेकोले गौतमकी आमालाई निद्रा लागेन। उनीहरू जाऊन् र म गएर सोधुँला- यही भावना लिई आमा प्रतिक्षा गरिरहेकी थिई। भित्र पसेर हेरिरहन पनि आमालाई अप्ठ्यारो लाग्यो। जाऊ भन्न त झनै अशिष्टता भयो। कसरी भन्नु- छोरा रिसाइहाल्छ। एघारबजेको तोपले पनि उनीहरूलाई उठाएन। आमालाई विश्वास भयो- रातभरी यिनीहरू लेखिरहने भो। तिनी बिस्तारै गौतमको कोठाभित्र प्रवेश गरी। सबै घोप्टिएर लेखिरहेका थिए। आमाको प्रवेशले उनीहरू झसंगिए। तिनको आँखा कोठाको चारैतिर- माथितल, फैलिएका कागज, लेखिरहेका साथीहरूमाथि सरर्र दौडेर गौतममाथि अड्यो। गौतमकी आमाको ध्यान र आँखाको निशाना सही बन्यो।

"कति मेहनत गरिरहेको श्यामु! शरिर बिग्रन्छ। छाती पनि दुख्दैन? भ्यागुतोले जमिन लिई बसेको जस्तो हेरन, कस्तो घोप्टो परिरहेको। भोलि लेखे पनि त भैहाल्दछ।" मामाले सहानुभूतिको स्वरमा भूमिका बाँधी।

"यति नै हो आमा, सकियो।" बराबर आइरहने चाहिं साथीले देब्रे हातका औंलाहरूले तल झरेका कपाल माथि फर्काउँदै भन्यो।

"तपाईंहरू साफ मेहनती हुनुहुन्छ।"

"तैपनि यति समय महंगो छ कि रातलाई पनि दिन बनाउन परिरहेछ"। अर्कोले हाँस्दै बख्खु भन्यो।

" होइन आमा ! तपाईं किन बिउझिराख्नु भएको ?–आमाहरूको काम त सुत्नुपो हो " गौतमले हाँसो थप्यो ।

" उस, हामी जस्तै बिउँझन सिक ।" लेखिएको सिंगो कागजको ताउमा आँखा गाडेर आमाले भनी–" तोप चलिसक्यो बाटामा पक्रिएला । यहीं सुत्नुहोला ।"

" यही विचार गर्दैछौं ।" फेरि सबैजना लेख्न थाले । गौतमकी आमा चारतिर आँखा घुमाएर माथि उक्ली ।

बिहान सबेर कुन बेला उठेर हिडेछन् गौतमकी आमाले चाल पाइन् । ६ बजे उठेर हेर्दा थाह पाई–कोठामा कोही पनि छैनन्–न साथीहरू छन्, न गौतम नै छ । भात खाने बेलामा टुप्लुक्क आइपुग्यो । नौ बजिसकेको थियो । गौतम भात खाँदै थियो । गौतमकी आमाले कुरा छेडी " कुनबेला उठेर गयौनि तिमीहरू ? रातभरि घुंडा धस्यौ, घोप्टियौ, लेखिरह्यौ, एक बिहानै फेरि सुइँकयौं यसरी शरीरको के दशा होला लौ–लौ ।"

" होइन आमा । छानामा घाम लागिसक्दा निस्केको हामी त्यसै ।"

" उ " बीचैमा कुरा काटेर आमाले भनी–" मलाई नै उल्लू बनाउन पुग्यो । देख्नेको भन्दा सुन्नेको सही । "

गौतम चूप लाग्यो । तरकारी थप्दै आमाले भनी–" हिजो रातभरि के लेखिरहेको नि ? "

" के ··· ए··· ? "

" रातो अक्षरले क्या ? " आखिभौं उठाएर आमाले भनी ।

" ठूलठूलो कागजमा ? "

आमाले मुन्टो हल्लाइ दिई ।

" त्यो त क्ये होइन···खालि पर्चा । "

" खालि पर्चा " गौतमको कुरा दोहराउँदै मुख बङ्ग्याएर आमाले भनी " बुबाले के भन्नु भएको थियो ? "

"तपाईंले न भन्नु हुने कुरा।" अनि आमाको मुख टवाल्ल हेरिरह्यो

"अब मैले पनि भन्नु पऱ्यो त ?"

"तपाईले भन्नै हुन्न" अलमलिएर त्यसले भन्यो- "तपाईले यस्तो भन्नु हुन्न। भनाइको मतलब तपाईं बा होइन।"

कुरा गर्नुमा तँलाई कसले भेट्टाउने हो, किन कम्ती हुन्थिस् ?" एक छिन अडेर भनी-"जति भने पनि हुँदैन। घरमा कोही छैन। बाबु छन् बंबई। घर कसले हेर्ला ? बिहान पनि दौडेकै छ, दिउँसो पनि दौडेकै छ। घाम छैन, रात छैन, खानु-पिउनु-सुत्नु छैन। खूब गरिस भन्दो होला-नाथे। पढनसम्म पनि पढेको होइन। कमसे कम पढाइ त सक्नुपर्छ। यस्तो पनि अटेरी हुनु ? अझ उल्टा बा होइन रे-बाबुलाई छोरो न चाहिने र आमालाई छोरो जस्तोसुकै भए पनि हुने होला, होइन ?"

"तपाईंहरूले भने जस्तो छोरो नै त हुँनि" खान रोकेर गौतमले भन्यो-"बालाई बा भनेकैछु, आमालाई आमा भनी मानेकै छु। अब रह्यो घरहेर्नु, घर हेरिरहेछु, समाज हेरेरै देश हेरिरहेछु। तर कसको घर राम्रो छ ? कसले खान पाएका छन् ? कसलाई मात्र पुगेको छ र ? अनि घर हेर्नुको माने समाज नहेर्नु, देश नहेर्नु पनि त होइन। त्यसकारण म दुवै हेर्दछु, दुवै बनाउने कोशिशमा छंदैछु। फेरि पनि तपाईंहरूलाई केको डर ? मलाई केही हुन्छ भनेर अथवा त्यसबाट तपाईंहरूलाई कुनै दुःख पर्ला भनेर हो कि ?- त्यस्तै हो भने जहिले पनि जेसुकै गरे-न गरे पनि' भइहाल्दछ।"

"हुन्छ, खूब !" आंचल संह्यालेर आमाले भनी--"जे हुन्छ बिराउनेलाई निबराउने, न गर्ने, न चल्नेलाई के हुन्छ ? के पर्छ ? कसले-के गर्न सक्छ ?"

"त्यसो होइन आमा !" संझाउदै गौतमले भन्यो-- "सबैले खानुपर्छ, त्यसैले सबैले खान पाउनपर्छ। यो चिताउनु पनि पाप हो ? यो चिताउनु पाप हो भने शायद पर्चा लेख्नु पनि पाप होला, पढ्नु

पाप जिन्दावाद् कराउन त झन पाप !" आमाको अनुहार हेरिरह्यो ।

गौतमले भात खान सिध्याइसकेको थियो । जुठेर हात पुछ्दै तल ओर्लन लागेको थियो आमाले च्याट्ट भनी--" होइन श्यामु ! पाप र धर्म मैले कहाँ भने ? अरू गर्नेहरू छँदैछन् नि । काम गरेपछि जरूर के कसो भैहाल्छ । तैंले नै गर्नु भन्ने के छ ? "

" सबैले गर्नु पर्छ आमा ! " यति भनेर गौतम तल ओर्ल्यो ।

बाहिर निस्कनु अघिनै गौतमले भनिसकेको थियो आज सुत्न आउँदिन । साँच्चै गौतम राती आएन । गौतमकी आमालाई आश्चर्य लागिरहेको थियो--यिनीहरू कहाँ जाँदा रहेछन्, के गर्दा रहेछन् । कति के मात्रै काम होला । अर्को मनले सोच्दथिई--गरोस्, के हुने हो र । त्यसमा छेकबार हाल्नु ठीक छैन । कति यस्ता छोराका आमाहरू छन्, जो आमा नै भएर बसिरहेका छन् । छोराहरू कराइरहन्छन्, डुलिरहन्छन्, मन परेको काममा लागिरहन्छन् उनीहरूको यो लतलाई कुनचाहिं आमाले बङ्ग्याउन सकिन् ? र त न आमालाई केही भएको छ, न छोराहरूलाई । छोराछोरीहरू केही गर्नालाईनै जन्मन्छन् । केही गर्न्यो, नाम चल्दछ भने, आमा--बाबुकै नाक ठाडिन्छ । बदमासी गरेको होइन, बदनामी काममा लागेको छैन । अर्थोक जे गरेपनि के भयो ?--गरोस् । बरू म पनि त्यसलाई"'। लेख्ने गर्ला,म त्यो पर्चा लेख्ने कागज एकनासको पारीदिउँला । लेखिसके पट्याइदिउँला । यतिले पनि मेरो श्यामुलाई कति होलो होला । त्यो कति खुशिहोला-'सबैले गर्नुपर्छ' । हो, मैले पनि गर्नुपर्छ । तर तुरुन्तै तिनी भयभित भई, काम्न थाली । श्यामुलाई श्यामुको बाले हप्कारेको, गाली गरेको कुरा सम्झी । छोरालाई हप्कार्नेले स्वास्नीलाई बाकी राख्लान् ?-कहिले । श्यामुले गरेको काम साँच्चै खराब होकि ? होइन, सरासर झूठ । खराबै हो भने खालि गाली खाएर चूप लाग्थे ?-- भकुर्थे, लछार्थे, निकालिदिन्थे । बरू उनलाई मन नपरेको हुन सक्छ । मन न पर्ने काम गर्ने स्वानी त झनै मन पराउँदैन । त्यो छोरो लक्का, फुक्का, हट्टाकट्टा ज्वान । म त आमा

अझ पहिले स्वामी ! छोरोमाथिको रिस खप्टिनु पनि बेर लाग्दैन । अहिले ···

यत्तिकैमा तल ढोका घच्घच्याएको आवाज आयो । झटपट उठेर हेर्न गईं– गौतम रहेछ ।

" यस्तरी अबेर–सबेर हिंडदा तिमीहरूलाई डर लाग्दैन ? " ढोका खोलेर आमाले भनी ।

" डर लाग्नेलाई लाग्छ, नलाग्नेलाई के को डर आमा ! " माथि उक्लँदै गौतमले भन्यो ।

" कान पनि खुल्लै छ, गलबन्दी भए पनि बाँन्नु पर्छ नि । " स्यू स्यू गर्दै कक्रिरहेको अनुहार हेरेर आमाले भनी ।

"मलाई बीस रुपिया चाहिएको छ आमा !" दोस्रो भन्याङमा उक्लँदै भन्यो ।

"बीस रुपिया ?" गौतमको शब्द दोहऱ्याएर आमाले आश्चर्य प्रकट गरी– "अहिले नै ? "

"तुरन्तै।" गौतमले जोर दियो ।

" केही खाएर जाऊ त; चिया बनाइ दिउँ ? "

"एकै छिन पछि आउँछु– सातबजेतिर आमा !" च्याट्ट आमाको हात समात्यो र तुरन्तै छोडेर बतासको एक झोंका झैं बाहिरियो ।

आमा हेरिनैरहीं, गौतम देख्दादेख्दै बादलभित्र सूर्य बिलाए झैं कुइरो भित्र अदृश्य भयो । परतिर केवल हुस्सु देखिन्थ्यो– बग्दै गएको जस्तो, फैलिदै उडे जस्तो, बन्दै र मेटिंदै फिजिए जस्तो । राम्ररी उज्यालो भैसकेको थिएन । चराहरू बिहान भएको खबर सुनाइरहे जस्तो लाग्थ्यो । शीत झ्यालबाट भित्र प्रवेश गर्दै गंगाजलले सिंचन गरिरहेको थियो । धारामा एक–दुइ गर्दै पदेर्नीहरूले सभाको रूप लिइरहेथ्यो । आमाको मुख विद्युत् झैं एकचोटि चम्क्यो, तुरन्तै अँधेरियो । बाहिर जति उज्यालो भए पनि भित्र अँध्यारै थियो । गौतमकी आमा फेरि सुतिन् ।

सात बज्यो। गौतम आएन। आठ-दश-बाह्र, एक-दुई,–बेलुकाको ६ पनि बज्यो। गौतम आएन, आएन।

गिरफ्तारीको आठ दिन पछि।

गौतम जेल चलान भैसकेपछि आमाले पहिलो भेंट पाईं। त्यही पोशाक, त्यही अनुहार, त्यही भाव थियो।

आमालाई देख्नासाथ अलि परबाट गौतम खुशीले छचल्किंदै आयो। 'आमा' भन्दै दुवै हातले ढोकाको फलामे दण्डी समाएर मुक्तकण्ठले हाँस्न थाल्यो। त्यसको हाँसोमा अनौठो आनन्द थियो, उज्वल भाव, शुद्ध स्नेह।

"श्यामु!"

गौतम ढोकाको प्वालबाट आफ्नो मुन्टो थुत्त बाहिर निकालेर हाँसिरह्यो। गौतमको फुक्का हाँसोले आमाको मातृ-हृदय प्रफुल्लित भयो। पुत्र-प्यार आमाको हृदयमा नअटाएर आँखाबाट आँसु बनेर प्रकट भयो। तुरुन्तै तिनको आँखामा भित्रको दृश्य छायो। गौतमको पछिल्तिर उभिरहेका गन्हाउँदा, छुत्रे, डरलाग्दा, भुसतिघ्रे चोरहरू।

गौतमले हाँस्दै आफ्नो निश्चिन्तता जनाएर भन्यो–"आमा! मैले हेर्दा यो जेलको दण्डी भित्र तपाईं यो हुनु हुन्छ जस्तो लाग्छ। हेर्नुस न, बाहिरबाट हेर्दा म बन्दी जस्तो छु, भित्रबाट हेर्दा बाहिर उभिरहेका मानिसहरू कैदी जस्ता देखिन्छन्।" फेरि डिच्च हाँस्यो।

आमाले मनैमन संझन थाली– कस्तो केटाकेटी। तर किन हो, आमाको मुख तुरुन्तै अँध्यारियो।

"कुलमा नभएको काम गरिस् श्यामु!" तिनको स्वर फाटिएको थियो।

"होइन आमा! नयाँ–नयाँ काम गर्नु पर्छ।" गौतमले धैर्यतापूर्वक च्वाट्ट भन्यो।

"ग...रि...स्...या...का...म...।" आमाको आँखामा आँसु खेलिन थाले।

आमाको शब्द गौतमको हृदयसम्म पुग्यो। जिन्दगीमा वास्तविकताको एउटा विचित्र भाव महसूस भो।

"यस्तै त हो जिन्दगी आमा! हवाईजहाज हाम्रो कुलमा कहिल्यै पहिले चढेका थिएनन्। ज्यू ज्यूबाजे, अझ बाजेहरू कसैले बम्बई जानु भएको हवोईन होला आमा!"

"हो, तर के गर्छस् श्यामु!" संकोचमिश्रित स्वरमा आमाले भनी–"तेरो बाले लेख्नु भएको छ– अब तेरो निम्ति आमाबाबु छैन, घर छैन, बारी छैन; जग्गा जमीन क्यै–क्यै पनि छैन, भनिदे रे।" तिनको स्वर रूं धियो। अगाडि भन्दै गई–"तेरो साँचै, तेरो लागि अब कोही, क्यै छैन? म आमा हुँ। श्यामु! तेरो आमा जरूर छ।" आमाको स्वर कठोर हुँदै गयो। मुखाकृतिमा प्रतिक्रिया जस्तो रंग छायो र चिटचिटी पसिना अंकुरिन थाल्यो।

गौतमको डिग्री चढ्यो– "संपत्तिले छोराछोरी जन्माएको होइन, छोराछोरीले संपत्ति बनाएको हो आमा! मेरो लागि क्यै पनि छैन, ढोका बन्दछ–यो म मान्दछु। तर यो कसरी बिर्सनु भएछ– मसंग इलम छ, बुद्धि- बल छ, शिक्षा छ, यत्रो संसार छ। हजारौं घर, खुला मैदान, हात फैलाई उत्तानो परिरहेको जमीन अनि करोडौं करोडौं हात- गोडा छन्, जसको कहिल्यै नहारिने जिन्दगीको गीतलाई म कथा हालि रहेछु। अझ सबैभन्दा खुशीको कुरा हो मेरो साथ मेरी आमा हुनु हुन्छ।" दुबै कुम हल्लाएर गौतम हास्न थाल्यो।

आमाले आफैले पकाएको एउटा पर्चा झिकेर गौतमलाई दिईं। गौतम जेल भित्र थियो, आमा बाहिर।

वास्तवमा जेल भित्र र जेल बाहिर– दुबैको बीचमा केवल एक फलामे ढोका छ, सिपाही छन, एक बन्दूक छ जसले जेल भित्र र जेल बाहिरको सीमानालाई छुट्याईराखेको थियो। यो भन्दा बढता बीचमा कुनै सीमाना छैन, कुनै रेखा छैन, कुनै अन्तर छैन,– कुन जेल हो, कुन घर हो।

निबन्धः—

# नेपाल-निर्माताहरू

बाबुराम आचार्य

अचेलका पृथ्वीका मानचित्रमा हिमालयका दक्षिण काखमा रहेको सिंगलीला पहाड र महाकाली नदीका बीचको पहाडी भूभाग नेपाल कहिएको छ. जसमा दक्षिण पट्टिको भाँबर र तराईको ज्यादा भाग सम्मिलित भएर रहेका छन्। जनताका संरक्षणमा रहेको भूभाग देश कहिन्छ। हाम्रो नेपाल पनि प्राचीनकालदेखि देश बनेर आएको छ। ज्यादागरी देशवाची भएर नै नेपाल शब्दको प्रयोग हुन्छ। यस देशमा जो जनता रहेको छ त्यो शरीरका बनावटका हिसाबले आग्नेयदेशी वा किरात र आर्य नस्लमा छुटिएको देखिन्छ। एकै ठाउँमा बसेर एउटै खेतको अनाज खाएर एउटै धाराको पानी पिउने गर्दा आर्यहरूले कस्तै परहेज गरे पनि दुइ नस्लमा रक्त मिश्रण हुन अनिवार्य छ। यस कारणले जनताका ज्यादा भागको नस्ल मिसिएको हुनाले छुट्टिन पनि कठिन भएको छ। किरातहरू ऐतिहासिक कालभन्दा पहिले नै आएर आबाद भएका र आर्यहरू पछि आएका देखिन्छन्। अब दुबै थरिको यो नेपाल जन्म-भूमि मात्र होइन, दुबै थरिको कर्म भूमि नै बनेको छ। दुबै थरिले यहाँको अन्न-पानीबाट जीवन वृत्ति चलाउनु परेको छ। यस तरहसँग जीवन-यात्रा चलाउनलाई दुई नस्ल मिलेका जनताको एक वंश बनेर आएको छ, जसका वर्तमान सन्तान हामी छौं।

हाम्रा पुरखाले पहाड र जंगल फोरी यस भूमिलाई देश बनाउनमा जो परिश्रम गरेका थिए त्यसलाई भुल्न हामी कदापि सक्दैनौ। तिनले जंगल फाँडेर बस्ती बसाउने जो सिलसिला चलाएका थिए त्यो आजसम्म जारी नै छ। सयकडौं वर्षको परिश्रमले यस देशका सहर

र गाउँहरू बसाएका थिए । खोरिया फाँडेर खेतबारी र बगैंचा गुल्जार गरेका थिए। दुर्गम पहाड र हिंसक जनावरले भरिएका घना जंगल काटेर बाटा-घाटा बनाई आवत-जावत, बंद-ब्यापार खुलाएका थिए । खेती बढाउनलाई पत्थरका भीर काटेर कुलो बनाएका थिए । बडा-बडा पत्थरका चट्टान फोरेर धातुका खानी खोलेका थिए । देशदेशावरबाट अनाज, फलफूल र कपासका बीउ ल्याई देशलाई अन्न-धनले परिपूर्ण गराइरहेका थिए । एक एक पाइला जमीनका निमित्त आफ्नो रगत बगाएका थिए। यस्ता मूर्तवस्तुका मात्र के कुरा हामीले मानसिक विचार पनि पुरखाका बपौतीबाट पाएका छौं। भाषा र साहित्य, कला, कौशल, रहन-सहन, चाल-चलन आदि सर्व संस्कृतिका अंगहरू पुरखाबाटै लिएका छौं । समय-समयमा पुरखाहरूले भूल गरी देशलाई उजाड पनि गराएका थिए । यस कुराको दृष्टान्त खोज्न टाढा जानु पर्दैन । आजका डेढसय वर्ष पहिले हाम्रा पुरखाहरूले पहाडको बाटो गरी काँगडासम्म धावा गरेका थिए। आफ्नै देशका खानीबाट निस्केका फलामका हतियारले कम्पनी बाहादुरसँग लडेका थिए । आज त्यो पहाडी बाटो बिग्रेर महाकालीसम्म आवत जावत गर्न कठिन भइरहेको छ । परचक्रीलाई अनाज र घिउ दिई फाली, कोदालो, खुर्पा र बंचरो साटेर गृहस्थी चलाउन परेको छ। यही हाल मानसिक विचार र चालचलनको छ। यस तरहसंग देशलाई बनाउने र बिगार्ने काम पुरखाहरूले गरेको हामी इतिहासका पातामा देख्न सक्छौं । हामीहरूले देशलाई बनाइराखेका छौं कि बिगार्ने थालेका छौं, यस कुराको विचार हाम्रा सन्तानले गर्नेछन् । देशको यस तरहको घटनाचक्र समष्टिरूपले चलेको हुनाले यस देशका निर्माताहरू यिनै हुन् भन्ने निरूपण गर्न सजिलो छैन ।

राजनैतिक चेतना नआई जनताले 'देश'को रूप लिन सक्तैन । यस कारण राजनैतिक चेतनाबाट पैदा भएको शासन-संस्था नै देशको नियामक-शक्ति हुन्छ । शासन-संस्थाले नियमपूर्वक हाँकेको देश राज्य कहलाउँछ । यसै कारणले नेपाल भनेर उस राज्यलाई पनि लिइन्छ;

जसको शासन नेपाल देशभर चलेको छ। राज्यका जनतामा परस्परको सहयोग भएमा राज्यले राष्ट्रको रूप धारण गर्दछ। राष्ट्र पनि देशकै रूपान्तर हुनाले देशका नामबाट राष्ट्रको नाम बन्ने नियम चलेको छ। हाम्रो राष्ट्र नेपाली कहिन्छ, जसका मूलमा 'नेपाल' शब्द रहेको छ। हामी नेपाली तब कहिन सक्छौं, जब राज्यभरका निवासीसंग सहयोगको भावना राख्दछौं। यस तरहसंग राज्य वा राष्ट्र चलाउने जो शासन-संस्था हुन्छ, त्यसैले देशको निर्माण र बिगार गर्न सक्छ। प्रत्येक मनुष्य राष्ट्र वा राज्यको सदस्य भएर समष्टिरूपले मिलेर काम गर्नसक्छ। तर शासन-संस्थाका नियमलाई नाघ्न सक्तैन। यस कारण हाम्रा पुरखाले गरेका कामको जुन चर्चा माथि गरियो ती कामहरू वास्तवमा पुरखाका समयका शासन संस्थाहरूले गरेका हुन्। अब हेरौं हाम्रा देशमा सबभन्दा पहिले कुन शासन-संस्थाको जन्म भयो, जसलाई पहिला नेपाल निर्मातामा गन्न सकौं।

नेपालका राजधानीमा चौधौं शताब्दीमा संकलन गरिएका अनुश्रुतिमा किरातहरूको नाम आएको छ। उस समयमा शासन संस्थाका मुख्य नेता राजा कहिन्थे। यो कुरा सबैमा विदित छ। तर समयको क्रम मिलाएर हेर्दा पहिला किरात राजा भगवान् गौतम बुद्धका निर्वाण पछि लगत्तै खडा भएका देखिन्छन्। तर बुद्धका अन्तिम समयमा पनि यहाँ शासन संस्था खडा भई नियमित रूपले उत्तर प्रदेश र बिहारसंग व्यापार चलेको उल्लेख बौद्ध अनुश्रुतिमा पाइन्छ। बुद्धका समयसम्म उत्तर बिहारमा वृजि र मल्लका गणतन्त्र शासन खडा थिए। यतैबाट आर्यसभ्यताको उज्यालो आएर यहाँ किरातको शासन-संस्था खडा भएको हुनाले यो पनि गणतन्त्र हुनु स्वाभाविक छ। बुद्धको निर्वाण हुने बित्तिकै वृजि र मल्लका गणराज्यहरू मगधका राजतन्त्रमा मिलाइएका हुनाले नेपालको गणतन्त्र पनि राजतन्त्रमा परिणत हुनु स्वाभाविकै थियो। गणतन्त्रका रूपमा खडा भएका शासन-संस्थाका संस्थापक किरात जातिका 'नेपार' वर्गका हुनाले यिनैका नामबाट नेपाल भन्ने नामकरण भएको देखिन्छ। यिनले जुन थलामा राज-

ानी बनाएका थिए; उसै थलामा पछिका निर्माताहरूले पनि राज-धानी कायम गरेका हुनाले प्राचीन नेपालका पहिला निर्माता यिनै किरात देखिन आएका छन्। तर गणतन्त्रमा व्यक्तिको महत्त्व नरहने हुनाले पहिला निर्माताको नाम समष्टिरूपले नै लिन परेको हो। यो नेपाल राज्य बहुतै सानो भएर नेपालका वर्तमान राजधानी रहेका उपत्यकाका आसपाससम्म मात्र सीमित थियो।

उत्तर भारतका शरणार्थिहरूलाई नेपालका किरातहरूले शरण दिएका थिए। कोशलका एक राजाले कपिलवस्तुका जनताको संहार गर्दा आएका शरणार्थीहरू उहाँ शान्ति स्थापना भएपछि फर्केका थिए। इसाका पहिला शताब्दीमा कौषाण वंशका प्रतापी राजा विम र कनिष्कले उत्तर भारतका मैदानमा विजयपताका फहराउँदै विहारसम्म आइपुग्दा यी विदेशीहरूको कठोर शासन खप्न नसकी विहारका केही लिच्छवीहरू भागेर नेपालमा आए। यस समयमा किरातहरूले शान्तिमय बौद्ध-धर्मलाई सामरिक शक्ति गुमाएका थिए। यस कारण लिच्छवीहरूले सजिलैसँग किरातराजाहरूलाई हटाएर आफ्ना जमातको शासन-संस्था खडागरी यिनका नेता भूमिवर्माले नयाँ राज्यको जग बसाए। लिच्छवीहरू आर्य हुनाले यहीं नै नेपालको पहिला आर्य राज्य बन्यो। किरातहरूले बौद्धधर्म लिइसकेका थिए। लिच्छवीहरूले वैदिक धर्मको रूपान्तर पौराणिक धर्म पनि ल्याएर यस राज्लाई आर्यावर्तको एक अंग बनाए। यिनीहरूले राज्य फैलाउन नसकी किरातहरूका घर-खेतमा विस्तार विस्तार अधिकार जमाएर उनको भाषा र रीति-रिवाज, चाल चलन आदि लिनामा मात्र तीन शताब्दी गुजारे। तैपनि आर्य सभ्यतालाई यस नेपालका केन्द्रस्थलमा ल्याएर देशलाई सभ्य बनाउनमा विशेष भाग लिएका हुनाले यिनका पहिलाने नेता राजा भूमिवर्मालाई प्राचीन नेपालका दोस्रा निर्मातामा गन्न सकिन्छ।

चौथा शताब्दीका मध्यका प्रयागमा रहेका समुद्रगुप्तका शिलाले-खमा आसाम र कुमाउँका बीचमा केवल नेपाल राज्य रहेको उल्लेख पाइनाले यो राज्य यसस समयमा टिस्तादेखि सखीकालेकसम्म विस्तृत भइसकेको देखिन्छ। यो राज्य विस्तार गर्ने राजाको नाम स्पष्ट-

रूपले कुनै शिलालेख वा अनुश्रुतिमा लेखिएको छैन। तैपनि यहाँ पाइएसम्मका पुराना शिलालेखमा वृषदेव नामक राजाको नाम आएको छ। यीपछिका आजसम्मका नेपाली राजाहरूका नाममा 'देव' जोडिएको हुन्छ। यहाँ पाइएका अनुश्रुतिमा वृषदेव भन्दा पहिलेका राजा वसन्तदेव (पहिला) का नामकासाथ 'देव' शब्द पहिले जोडिएको छ। यस कारणले यिनैले लिच्छवी राज्यलाई पूर्व र पश्चिमका किरातहरूका आवादीमा फैलाएर महत्वको सूचक 'देव' पदवी जोडेको देखिन्छ। समुद्रगुप्तका समकालीन यी वसन्तदेव थिए। समुद्रगुप्तले आर्यावर्तमा राज्य बिस्तार गर्ने लागेको देखेर नेपालका लिच्छवीहरूमा पनि राज्य बिस्तार गर्ने उमंग पैदा भई वसन्तदेवका नेतृत्वमा राज्य बिस्तार हुनलागेको देखिएको छ। यीभन्दा सवासय वर्ष पछाडिका प्रतापी राजा मानदेवले यस राज्यलाई बलियो र उन्नत गराए तापनि राज्य बिस्तार गर्ने मुख्य काम वसन्तदेवका नेतृत्वमा भएको देखिनाले प्राचीन नेपालका नेता निर्माता यिनै वसन्तदेव देखिन आएका छन्।

मध्ययुगको आरम्भ भएपछि छैटा शताब्दीका अन्त्यमा लिच्छवी राज्य निर्बल भएर अधिनायकहरूका शासनमा आइरहेको थियो। यसै समयमा भोटमा एक बलवान राज्य खडाभई हिमालयका घाँटी खोलेर नेपाललाई थर्काउन लागेको थियो। नेपालमा नाम मात्रका लिच्छवी राजा शिवदेव गद्दीमा थिए। यिनैका बन्धु अंशुवर्माका हातमा शासनको बागडोर रहेको थियो। यस अवस्थामा यिनले भोटसँग मित्रता गरी चीनसम्म आवत-जावत गर्ने बाटो खुलाएर चीन र भारतका संस्कृतिको संगमस्थल नेपाललाई बनाए। यिनैका समयमा उत्तर भारतमा हर्षवर्धनको बलियो साम्राज्य खडा हुँदा उससँग पनि मुकाबिला गर्नु परेको थियो। यस अवस्थामा अंशुवर्माले स्वयं राजमुकुट पहिरी नेपाललाई दुइ शक्तिशाली राज्यका बीचको 'ढालराज्य' बनाएर मजबूत गराई राखे। यिनले ज्ञान-विज्ञान र कला-कौशलको प्रचार पनि बढाएका थिए। यिनैका कार्यका आधारमा कैयौं शताब्दीसम्म नेपाल राज्य अडियो। यस कारणले मध्यकालीन नेपालका निर्माता

यिनै अंशुवर्मा हुन आउकाछन्।

आठौं शताब्दीका उत्तरार्द्ध लागेपछि नेपालका लिच्छवी राज्यको पतन आरम्भ भयो। यस पतनकालमा काश्मिरका राजा जयापीडले नेपालमा अक्रमण गरी बडो मँहगोसँग क्षणिक विजय पाए। यी काश्मिरीहरू नेपालमा टिक्न नसकेर आफ्ना देशमा गएता पनि यस चोटपछि लिच्छवी राज्य सभाँलिन सकेन। लिच्छवीपछि वैसहरूले र वैसपछि पहिला मल्लहरूले नेपालको शासन चलाए। वैसहरूका निर्वल शासनका समयमा सिंगलीलादेखि पूर्वपट्टिको भूभाग नेपालबाट छुट्टियो। सिमरावनगढमा कर्णाट राज्य खडा भई नेपालको तराई त्यसमा मिल्यो। सखीका लेकदेखि पश्चिमपट्टिका खशका आबादिमा प्राचीन युगमा खडाभएको मल्लराज्य धेरै कालसम्म लिच्छवीहरूका अधिनमा थियो। वैसहरूका समयमा यो राज्य उन्नत भई स्वयं उन्नतिका मार्गमा लाग्यो। नेपालका पहिला मल्लहरू झन निर्वल थिए। यिनका शासनकालमा राजधानीका बौद्धहरूले कला–कौशलको उन्नति गराएका थिए तापनि जनतामा राजनैतिक चेतना हराइसकेको थियो। यस अवस्थामा कोही निर्माता पैदा हुन नसक्दा परचक्रीका आक्रमणले र राजवंशका आन्तरिक कलहले चौधौं शताब्दीका अन्त्यमा यस मल्ल वंशको शासन टुटेर नेपाल राज्यकै समाप्ती भयो। यसै समयमा सखीको लेकदेखि पश्चिम पट्टिको मल्ल राज्य पनि टुक्र्यो। नेपालका राजाहरूले पश्चिमपट्टिको खशहरूलाई सखीको लेक नाघेर आउनलाई रोकेका थिए। मध्ययुगका अन्त्यमा नेपाल राज्य टुटेपछि यो बाँध टुक्र्यो र वर्तमान युगको आरम्भ भयो।

पहिला मल्ल राज्य टुटेपछि पछिल्ला मल्ल वंशका मूल पुरुष स्थिति–मल्लले यस राज्यको फेरि संगठन प्रयत्न गरे। तर राजधानीका आसपासका प्रदेशमा मात्र यो नयाँ राज्य स्थापित हुन सक्यो। यो पनि यिनका पनातिका समयमा काठमाडौं, ललितपुर र भक्तपुर नामक तीन रियासतमा बाँडियो। पूर्व पश्चिमका किरात, गुरुंग र

मगर सामन्तहरूमा स्वतन्त्र रियासत खडा गर्ने शक्ति नहुँदा पश्चिम पहाडतिरबाट र भारततिरबाट आएका राजपूतहरूका अधिनमा भए। यस तरहले पुराना नेपाल राज्यका ठाउँमा तीस-बत्तीस रियासत खडा भए। यिनमा सोह्रौं शताब्दीका मध्यमा खडा भएको गोरखा रिसायत काठमाडौं र ललितपुरका पश्चिम सीमानामा रह्यो। यी रजपुत राजाहरूका छत्रछायामा सखीको लेक नाघेर आएका खसहरू पूर्वपट्टि सिंगलीलासम्म आवाद भएर आफ्नो खशकुरा वा पर्वतिया बोली सर्वत्र फैलाए। यी खशहरू काश्मिरतिरबाट आएका इडावृति आर्य थिए। आर्यावर्ती आर्य जस्ता सभ्य नभए पनि युद्ध कुशल थिए। यिनका बस्तीमा ब्राह्मण र क्षत्रियहरू आएर आफ्नो सभ्यता र भाषा फैलाए। यो सम्मिलित आर्य समुदायले किरातवर्गका जनतासंग सहयोग गरेर जो राष्ट्रिय एकता पैदा गरेका थिए, त्यसबाट नेपालमा खडा भएका रियासतहरू हुन्। सखीका लेखदेखि पश्चिमपट्टिको मल्ल राज्य फुटेर बनेका बाइसी रियासतका जनतामा र यिनदेखि पश्चिमपट्टिका डोटी, कुमाउँ आदिका जनतामा पनि राजनैतिक चेतना हराएको थियो। यस अवस्थामा यी साना साना रिसायत मासेर बलियो राज्य संगठन गर्ने विचार गोरखा रियासतका जनतामा पैदा हुनु एक अपूर्व घटना थियो। केवल साठी हजार जनसंख्या भएका गोरखाका राजा श्री ५ पृथ्वीनारायण शाहले पच्चीस वर्षको परिश्रम लगाएर काठमाडौं, ललितपुर, भक्तपुर र मकवानपुरका राजाहरूको राजमुकुट खोसेर काठमाडौंलाई राजधानी गराएर वर्तमान नेपालको जग बसाले। आफ्ना जीवनकालमा नै पूर्वपट्टिका दुइ रियासतलाई मासेर सिंगलीलासम्म नयाँ राज्यको सीमाना तुल्याए। भारतमा राज्य स्थापना गर्न लागेका अंग्रेजहरूले बाधा दिए तापनि बल र बुद्धिको यथायोग्य प्रयोग गरी त्यस बाधालाई हटाएका थिए।

यिनका उत्तराधिकारी राजा प्रतापसिंह कमजोर थिए तापनि अर्का छोरा बहादुर शाह बडा लायक थिए। प्रतापसिंह परलोक भए

पछि बालक भतिजा श्री ५ रणबहादुर शाहको प्रतिनिधि भएर छः - सात वर्ष शासन गर्ने मौका पाउँदा यिनले पूर्वपट्टि टिस्टा नदीसम्म र पश्चिमपट्टि जमुना नदीसम्म नेपालको सीमाना पुऱ्याए । पृथ्वीनारायण शाहले उठान गरेको कामलाई नै यिनले अगाडि बढाएका थिए । पछि अयोग्य व्यक्तिका हातमा शासनको बागडोर जाँदा यो सीमाना खुम्चिएर अहिलेको सीमाना कायम भएको छ । यस कारणले वर्तमान नेपालका निर्माता पृथ्वीनारायण शाह हुनामा संदेह छैन ।

यहाँ मुख्य मुख्य राजनैतिक निर्माताहरूको उल्लेख गरियो; साधारण निर्माताहरूको चर्चा गरिएन; धर्म र साहित्यले पनि नेपालका निर्माणमा प्रशस्त भाग लिएका छन् जसको विस्तृत चर्चा पछि गरिने छ ।

# संस्कृत साहित्यको केही चर्चा

मुरलीधर भट्टराई

संस्कृत वाङ्मयका दुई भेद छन् — साहित्य र दर्शन । साधारण मानिसहरूको भनाइ अनुसार दर्शनशास्त्र मस्तिष्कको व्यायाम र साहित्य मनको आमोद प्रमोद हो । यो कथन संस्कृत साहित्य अथवा वाङ्मयको क्षेत्रमा नितान्त भिन्न छ । संस्कृत वाङ्मय त्यो साहित्य होस् अथवा दर्शन मस्तिष्क र हृदयलाई चराका दुई पखेटाझैं साथ लिएर उड्दछ । मस्तिष्क र मनले संस्कृत साहित्यमा आएर हृदयलाई साथ दिएका छन । साहित्य आलंकारिक भाषामा ऐहिक उपमा उत्प्रेक्षा द्वारा समाजमा रहेको व्यावहारिक वस्तुतत्त्वलाई र प्रकृतिको दुरबोध चित्रलाई सजीव सुन्दर र स्पष्ट गराएर व्यवहारिक क्षेत्रमा सत्यं शिवं सुन्दरं—लाई व्यक्त गर्न चाहन्छ । दर्शन प्रकृतिको बीजको विवेचना गरेर हृदयमा रहेको सरसताको स्रोत द्रष्टामा नै अनुभूत गराउन आलङ्कारिक भाषाको अपेक्षा तर्कप्रधान भाषाको प्रयोग गर्दछ । दर्शनशास्त्र अपरोक्षलाई लक्ष्य गरेर परोक्षबाट सद्वस्तु ज्ञान गराउन चाहन्छ । यो सबै अवान्तर भेद भए तापनि साध्यमा साहित्य र दर्शनले सामन्जस्य देखाउन चुकेका छैनन् ।

कला—साहित्यलाई कला हो भन्ने प्रथा चलेको धेरै भएको छैन । भारतीय दृष्टिकोणबाट हेर्दा काव्य कला होइन, किन्तु कलाको प्रेरक स्रोत मात्र हो । अमरसिंहले पनि कलाशिल्पे सङ्गति भेदे च भनेर कलालाई शिल्प र संगीतमा गणना गरेका छन् । साहित्य सङ्गीत कला विहिन साक्षात् पशु पुच्छ विषाणहीन यस पद्यमा भर्तृहरिले पनि साहित्यलाई कलाबाट फरक देखाएका छन् । वस्तु, वास्तु, मूर्ति, चित्र केवल कला मानिएका छन् र संगीत अभिनय, काव्यलाई कला-द्वारा व्यञ्जित स्वतन्त्र साहित्यको अङ्ग मान्नु युक्तिसंगत लाग्दछ ।

मानव हृदयको उत्कंठालाई प्रत्यक्ष गर्ने प्रत्येक भाव व्यञ्जनालाई बरु हामी साहित्यको क्षेत्रमा अन्तरभूत गर्न सक्दछौं । आजकल वस्तु निर्माण कलालाई उपयोगी कला र वास्तुदेखि लिएर काव्यकलासम्म-लाई ललितकला भन्ने गरेका छन् । साहित्यलाई समष्टि र कलालाई व्यष्टि मान्नमा यी दुवैको सामञ्जस्यको घेर सम्भवतः आउन सक्दछ । यसै दृष्टिकोणले भागवतटीकाकारले भागवतको दशमस्कन्धको अध्याय पैंतालीसमा चौसट्ठी कलाको गणना गर्दा साहित्य र काव्यको भिन्नता देखाएका छन् । सारांश यो हो कि साहित्यभित्र कला र काव्य दुवै आउँछ; कलामा काव्य त आउँछ तर साहित्य आउँदैन । सर्वप्रथम वस्तु कला र अन्तिम कला काव्य हो । कलाको परिक्षण यिनको अधिक सूक्ष्मतर भावमा आश्रित मानिएको छ । वस्तुकलामा अथवा उपयोगी कलामाभन्दा वास्तुकलामा कलाकारको भावव्यञ्जना विशेष सूक्ष्म देखिन्छ । मूर्तिकलामा योभन्दा पनि सूक्ष्म र चित्रकलामा केवल ह्रस्वदीर्घ मात्र रहेर ऊच–नीच नहुने भएकोले चित्रकला मूर्ति कलाभन्दा अधिक सूक्ष्म छ । अनि आउँछ संगीतकला । यसमा काव्य मिश्रीत छ । काव्यहीन संगीत वर्णरहित ध्वनि मात्र भएर खालि नाना नाना, सारे, दारे सिबाय केही नहुने हुनाले विभिन्न भावका विभिन्न श्रोताहरूलाई, तत् तत भाव जागृत गराउन असमर्थ हुन्छ । यसपछि अभिनयकला आउँछ । यसमा काव्य र संगीत दुवैको सम्मिस्रण रहन्छ । वास्तु, मूर्ति, चित्र–सम्मका कला अन्धाहरूको निम्ति प्रयोजनरहित हुन्छन् । संगीत र काव्यकलाको आस्वादनको निम्ति वाह्य चर्मचक्षुको अपेक्षा नभएकोले यही कला सर्वोत्तम मानिन सक्दछ । यी जम्मैलाई हामी साहित्य भन्दछौं । साहित्यको उद्देश्य हो रसानुभूतिको साथै सौदर्यानुभूति गराउनु । पाश्चात्य कलामा सौन्दर्यानुभूति भएर पनि रसानुभूतिको अभाव छ । पाश्चात्य र पौरस्त्य साहित्यको मौलिक भेद पनि यसैमा छ । संस्कृत साहित्यमा भारतीय

आदर्श र अनुभूतिको उत्कृष्ट उदाहरण पाइन्छ। यसको अनुशीलनबाट हामी हाम्रो भविष्यको निर्माणकालागि प्राचीन सभ्यता र संस्कृतिको सामान पाउँदछौं प्रस्तुत लेखबाट संस्कृत वाङ्मयको परिचय प्राप्त गर्न सकिन्छ।

आलोचना--सुनको दाग छुट्याउन कसी लाउने जस्तै साहित्यको स्तर पत्ता लगाउन आलोचना अथवा समीक्षा हुनु पर्दछ। तर कुनै वस्तुको कोटि निश्चय गर्न त्यसको मध्य विन्दु अथवा आदर्श अपेक्षित छ। कविको एउटा नमुना हेरेर त्यसभन्दा उत्तम र हीन कुन हो भन्ने पत्ता लगाइन्छ। यो टोपी कति रातो छ भनेर कसैले सोध्यो भने कुनभन्दा भनेर प्रतिप्रश्न गर्नु बुद्धिमानको स्वभाव हो। यस कारण साहित्यको स्थिर तर नित्य विकसित प्रवाहलाई निर्धारण गर्नु साहित्य-शास्त्रको लक्ष्य हो। जुन जाति अथवा समाजको जीवन स्थिर भइसकेको छ साहित्य पनि त्यसैको समान रूपमा स्थिर र विकसित हुन्छ। स्थिर र विकसितको तात्पर्य के हो भने गंगा यमुनाको झैं मार्ग निर्धारित हुन्छ, तर त्यसमा प्रतिक्षण प्रवाहित हुने जलको नित्य नूतन उद्गम, र परिवर्तन भइरहन्छ। हिन्दूजातिको सामाजिक जीवन स्थिर भएको हुनाले यस जातिको साहित्यमा पनि यो स्थिरता, गम्भीरता र नित्य नूतनता पाइन्छ। पाश्चात्य देशको सामाजिक जीवनले अहिले पनि स्थिर मार्ग लिन नसकेको हुनाले साहित्यले पनि परम उद्देश्य निर्धारित गर्न सकेको छैन। यस कारण उनीहरूको कुनै पनि अनुभूति-लाई झट्टै चरम लक्ष्य हो भनेर भन्नु हाम्रो लागि साहित्यिक अपराध हो।

हाम्रो आलोचनाको कसी हो शाश्वत रसानुभूति। कुन काव्य कतिसम्म सनातन अपरिवर्तनीय रसलाई अनित्य, असुख, अशाश्वत, नित्य परिवर्तनशील जगतको भित्र उतारेर चखाउन सक्दछ त्यो त्यस्तै अनुपातमा उत्तम अथवा अधम मानिन्छ। आजकल आलोचना पाँच किसिमबाट गरिन्छ। [१]परिचयनात्मक [२]तुलनात्मक [३] मण्डनात्मक

[४] खण्डनात्मक र [५] विश्लेषणात्मक। परिचयात्मकमा काव्य र काव्यनिर्माताको सामान्य परिचय हुन्छ। तुलनात्मकमा कुनै कविको भाव, शैली, रस, शब्द बिन्यास इत्यादिका साथमा अन्य कविका तत् तत् बिषयसित तुलना गरिइन्छ। मण्डनात्मकमा केवल गुण मात्र र खण्डनात्मकमा केवल दोष मात्र देखाइन्छ। विश्लेषणात्मकमा काव्यका रीति, नीति, लक्षण, भाव, रस, गुण, दोष इत्यादिको एक एक बिचार गरिएको हुन्छ। आलोचनाको उद्देश्य साहित्यको समुत्थान हुनुपर्दछ। इर्ष्याबश कसैलाई गिराउन गरिएको बर्णनलाई आलोचना नभनेर गालीगलोच भन्नु नै सुहाउँदो शब्द हो। यस कारण गालीलाई आलोचना भन्नु ग्वाङ्ग्रेलाई सोझो मानिस भन्नु जस्तो हो। सदालोचनाको उपयोगिता नबुझेर गालीलाई आलोचना भन्ने समाजमा साहित्यको जन्म भइसकेको हुँदैन भन्ने विद्वानहरूको कथन छ।

साहित्यलाई छाडेर कुनै पनि राष्ट्र अथवा जातिको बास्तबिक इतिहास अर्को पाइँदैन। संस्कृत साहित्य नै हाम्रोहरूको बास्तविक इतिहास हो। साहित्यमा जातिगत कल्पनाबीज पाइन्छ र त्यस जातिको मूलस्रोतको पत्तो लाग्दछ। आर्य ऋषिहरूले पाश्चात्यहरूले झैं नै बाह्य प्रकृतिको भौतिक वर्णन मात्र नगरेर अन्त प्रकृतिको आध्यात्मिक बर्णन पनि गरेका छन्। मानव-सौन्दर्यको निवासलाई चिनेर त्यसैलाई बाहिर ल्याउने प्रयत्न आर्यहरूले गरेर पूर्ण सफल पनि भए। इत्यादि थरिका अनेक बिशेषता संस्कृत साहित्यमा पाइन्छन्।

वेद--वेद् आर्यहरूको मुख्य ग्रन्थ हो। यसैबाट आर्यहरूको साहित्य, धर्म, इतिहास र सामाजिक परम्पराको आधार चल्दै आएको छ। वेदका दुई भाग छन्। संहित र ब्राह्मण। संहितामा मन्त्रको समूह छ। ब्राम्हण भाग संहिता भागको व्याख्यान हो। ब्राम्हण भागको पनि तीन भेद छन्। [१] स्वयंब्राम्हण आरण्यक र उपनिषद्। यी क्रमशः गृहस्थ बानप्रस्थ र संन्यासीका लागि मुख्य भनेर मानिएका छन्।

वेदको काल-निर्णय बडाबडा विद्वानहरूले गरेका छन्। भूगर्भविद् डा० अविनाशचन्द्रले भौगोलिक आधारमा वेदको निर्माणकाल एक लाख वर्षभन्दा पनि बढता मानेका छन्। पाश्चात्य विद्वान म्याक्समूलर पनि इसाभन्दा कम-से-कम बाह्रसय वर्ष पहिले वेदको अस्तित्व मान्दछन्। वेदमा सभा, सभापति, गणराज्य, गणराज्यका राष्ट्रपति आदिको वर्णन छ। गाई, गोरु, घोडा, हात्ती, आदि वस्तुहरूको र यिनलाई राख्ने ठाउँको विषद वर्णन छ। ऋग्वेदमा वर्तमान कार शब्दकै अर्थमा कार आएको छ। चिकित्सा-शास्त्रको चरम उन्नति देखाएको छ। उपनिषद् कालमा हिमालयदेखि समुद्र पर्यन्त कुनै गाउमा पनि चोर, व्यभिचारी जुवारी थिएनन् भन्ने कुराहरूको वर्णनको साथ अति उच्च ज्ञानको वर्णन छ। वेदमा अवैज्ञानिक एक कुरा पनि छैन भनेर एक जना पश्चिमका ठूला विद्वानले भनेका छन्। उनी भन्दछन् :-- The modern science is the repetition of the science mentioned in the vedas. अर्थात् वर्तमान विज्ञान वेदमा भनिएको विज्ञानको पुनरावृत्ति मात्रै हो।

वेदाङ्ग- वेदाङ्ग अर्थात् वेदका अंग छः ओटा छन्- शिक्षा, कल्प, व्याकरण, निरुक्त र ज्योतिष। शिक्षाद्वारा वेदको सुन्दर उच्चारण हुन्छ। प्रत्येक वेदका भिन्न भिन्न शिक्षा छन्। वेदाङ्गको स्वतन्त्र ग्रन्थ छ 'पिंगल'। यसैबाट छन्द-शास्त्रको आविर्भाव भएको हो। निरुक्तमा शब्दको व्युत्पत्ति देखाएको छ। यसकारणले वेदको र वेदाङ्गको अर्थ बुझाउने काम गर्दछ। कालको उचित ज्ञान नभइकन यज्ञ हुन नसक्ने हुनाले काल विधायक शास्त्र ज्योतिषको उत्पत्ति भएको हो। आर्च र याजुष दुइ प्रकारका ज्योतिष छन्। कल्पसूत्रमा यज्ञ यागादिको यथोचित ज्ञान गराउने रचनाहरू छन्। यी ग्रन्थहरूको अध्ययनले प्राचीन भारतीय समाजको रीति-नीति, आचार विचारको ज्ञान गराउँछ।

रामायण- वैदिक कालदेखि नै संस्कृत भाषामा कविताको उन्नति भएको देखिन्छ। वेदमा ज्ञानविज्ञानको वर्णन कवितामा गरिएको छ

तापनि कविप्रतिभाको पनि अति उच्च आदर्श पाइन्छ। वैदिक साहित्यमा विश्वनिर्मातालाई कवि र विश्वलाई काव्य भनेको छ। योभन्दा काव्य र कविताको उन्नत बीज के भन्न सकिन्छ र! यो विश्वलाई कहिल्यै पुरानो नहुने कविता हो, कहिल्यै न थोत्रिने काव्य हो भनेको छ– कवे ते काव्यं न ममार न जीर्यति।

वस्तुतः संस्कृत भाषामा आदि कवि वाल्मीकि नै हुन। कालिदास, अश्वघोष, भारवि, माघ, आदिहरूले यही रामायणबाट प्रेरणा पाएर कविता काननमा प्रवेश गरेका हुन। आर्य संस्कृतिको बीज नै करुणा दया र प्रेम हो। शान्त सरस प्रकृतिको काखमा विशुद्ध दाम्पत्य प्रेमको रसास्वादन गरिरहेका पतिपत्नीबाट एउटालाई क्रूर व्याधा आएर तीखो विषाक्त सरले प्रहार गरेर वियोग गराइदिन्छ। सबै प्राणीमा आत्माको अस्तित्व अनुभव गर्ने मुनि वाल्मीकिको अन्तःकरणमा चसक्क घोच्न थाल्दछ। महर्षिको शुद्धान्तःकरणबाट स्वतः कविताको रूपमा दयाको प्रवाह बग्दछ– मा निषाद प्रतिष्ठांत्वमगमः शाश्वतीसमाः अर्थात् हे निर्दयी! तेरो धेरै कालसम्म भलो नहोस्। यस करुणरसको आधारमा सारा अरू रसको प्रादुर्भाव भयो। यसै बीजको अनुसार भारतीय आत्मा अनादिकालदेखि स्वभावैले करुणायुक्त र नैष्ठुर्यको बिरोधी हुँदै आएको छ। आर्यहरूमा रामायणले संस्कृतिको र महाभारतले सभ्यताको सृजना गऱ्यो। रामायणले आदर्श माता, आदर्श पिता, आदर्श पति, आदर्श पत्नी बन्न सिकायो। यसको अतिरिक्त आदर्श भाइ र आदर्श राजाको दर्शन हामी यहीं पाउँदछौं।

दशरथ जातक नामको बौद्ध ग्रन्थ विक्रम पूर्व तेस्रो सतकमा रचित मानिएको छ। त्यसमा रामायणको कथा भएको हुनाले र अरू वर्णन शैलीका प्रमाण आदिले गर्दा विक्रमको तीनसए वर्ष पूर्वभन्दा धेरै पहिले रामायण रचिएको हो भनेको छ। बीस हजार ग्रन्थको यो रामायण गायत्रीका चौबीस अक्षरको अनुसार बनेको छ। बौद्ध, जैन आदि सबैमा राम मर्यादापुरुष मानिन्छन्।

महाभारत– महाभारत पनि ऐतिहासिक काव्य हो। व्यासले यस ग्रन्थमा मुख्य शान्तरसको वर्णन गरेका छन्। पहिले यसलाई जय भन्दथे, पछि भारत र आजकल महाभारत भनिन्छ। बीजरूपले भए पनि महाभारतमा नभएको कुरा अन्यत्र पाइन्न। यसै कारण कवि व्यास आफै भन्दछन्– यद इहास्ति तदन्यत्र, यन्नेहास्ति न तत्क्वचित अर्थात् यसमा जे छ त्यो अन्यत्र पाइन सकिन्छ, यसमा जे छैन त्यो कहीं पनि पाइन्न। यही महाभारतको शान्तिपर्वमा गीता जस्तो अमूल्य रत्न छ। महाभारतको समयमा भौतिक दृष्टिबाट पनि भारतीय सभ्यता अत्यन्त माथि पुगेको देखिन्छ। महाभारतका नायक पाण्डव, द्रौपदी र रामायणका नायक नायिका राम सीताको आचरणबाट र रामायणको युद्ध र महाभारतको युद्धबाट हामी सभ्यता र आचारमा धेरै फरक आएको देख्न सक्दछौं। महाभारतका नायक युधिष्ठिर आदि पनि ऋषिहरूबाट रामायण सुनेर आदर्शको ज्ञान र कर्तव्यको प्रेरणा प्राप्त गर्दछन्। यस कारण पनि राम र रामायण हाम्रो चिरंतन आदर्श मानिएका छन्। रामायणको वर्णन शैली अधिक काव्यमय छ र पाठकको हृदयमा छाप लाउँदै अगाडि बढ्दछ। महाभारतको वर्णन शैली अरूभन्दा उत्तम भएर पनि रामायणको बराबर हुन सकेको छैन। रामायण काव्य प्रधान इतिहास हो र महाभारत इतिहास प्रधान काव्य हो। यिनै दुइ महान् काव्यका आधारमा पछिका कविहरूले अनेक काव्य-कलापका रचना गरे।

पुराण—पुराण शब्द र इतिहास शब्द उपनिषद्हरूमा समेत पाइन्छन्। वेदकै अगंभूत आख्यायिकालाई पहिले पुराण भन्दथे। छान्दोग्य उपनिषद्मा–इतिहासं पुराणं वेदानां वेदं भनेर लेखिएको छ। कठिन सत्यलाई सरल सुबोध काव्यमयी भाषामा जनतालाई बोध गराउनु पुराणको उद्देश्य हो

महाकाव्य—दृश्य र श्रव्य भेद्ले दुइ महाकाव्य भनिन्छन्। महाकाव्य मुख्य गरेर गुणले मानिन्छ आकारले होइन। महाकाव्यको उद्देश्य धर्मको बिजय र अधर्मको नाश देखाउनु हो। महाकाव्यको लक्षण जान्नु पनि

समीक्षकहरूको निम्ति पउटा प्रमुख ज्ञान हो । महाकाव्यको नायक धीर र उदात्त हुनु पर्दछ । नगर, पर्वत, समुद्र, ऋतु, सूर्योदय, सूर्यास्त, चन्द्रोदय र अस्त, जलक्रीड, विवाह, युद्ध, यात्रा, विजय, वाटिकावन-विहार आदिको वर्णन महाकाव्यमा हुनु पर्दछ । हरेक सर्गमा आदिदेखि अन्तसम्म एकै छन्द हुनुपर्दछ, केवल सर्ग समाप्तिमा छन्द बदल्नु पर्दछ । दण्डीले मंगलाचरण आशिर्वादात्मक, नमस्कारात्मक र वस्तु-निर्देशात्मक हुनु पर्दछ भनेको छन् ।

भारतले इसाको पूर्व द्वितीय शताब्दीदेखि नै काव्य साहित्यको क्षेत्रमा ठूलो उन्नति गरिसकेको थियो । संस्कृतका कविहरूले विशाल, विस्तीर्ण, नीरस र जटिल वस्तुलाई संक्षेपमा सरस, सरल, पारेर पाठकहरूको समक्ष प्रस्तुत गर्ने विशेषता देखाएका छन् ।

कालिदास—महाकाव्यहरूमा रघुवंश सरस र सरल भएर उदात्त भावव्यञ्जनामा अद्वितीय छ । कालिदासको प्रतिभा सर्वतोमुखी मानिएको छ । प्रसाद गुण तथा परिस्कृत शैलीले गर्दा कालिदास ज्यादै लोकप्रिय भएका छन् । कालिदासको स्थितिकाल द्वितीय गुप्त सम्राट ( ई० ३७५ )-को समय निश्चय भएको छ । जन्मस्थानको विषयमा अनेक मतमतान्तर छन् तापनि स्वयं कवि कालिदासले के भनेका छन् भनी विचार गर्दा उहाँको जन्मभूमि नेपाल हो भन्ने मलाई निश्चय लागेको छ । कारण उनकी पत्नीले परदेशबाट विद्वान भएर फर्केका कविलाई अस्ति कश्चिद् वाग्विशेषः ? भनेर प्रश्न गरेकी थिइन् । प्रत्येक पदबाट एक एक काव्य निर्माण गरेर कविले आफ्नी प्रेयसीलाई दिएका थिए भन्ने लोक विख्यात कुरा छ । अस्ति पदबाट आरम्भ गरिनै कुमारसम्भव काव्यमा हिमालयको अति सुन्दर वर्णन गरेर आग्रहपूर्वक हिमालयको दोषपरिहार गर्नुबाट र रघुवंशको चतुर्थ सर्गमा दिग्विजयी महाराज रघुलाई सबै देश जिताएर नेपालको समीप हिमगिरिको कखमा विश्राम गराएर सोझै पूर्वतिर पुऱ्याएर किरातहरूसित मात्र युद्ध

गराउनुबाट पनि कालिदासको घर नेपालकै कुनै प्रदेशमाथियो भन्ने कुरालाई पुष्टि दिन्छ । मेघदूतमा वक्रःपन्था यदपि भवतः अर्थात् बाटो बाङ्गो परे पनि उज्जयिनीका चपला अवलाहरुको अपाङ्ग विक्षणको आनन्दबाट वञ्चित नभए हुँ भनेकोबाट कविको शसुराली उज्जयिनी र घर नेपाल हो भन्ने प्रतीत हुन्छ कारण रामगिरिबाट उज्जयिनी बाङ्गो परे पनि नेपाल बाङ्गो पर्दैन थ्यो । नेपालको पश्चिम प्रान्तमा अलका आधुनिक अर्घा नामक ग्राम विद्यमान छ । आफ्नो प्रेयसीको सान्निध्य छुटेका यक्षको मुखले अवश्य नै कविजी आफ्नो दुःखको काहानी भन्दै छन् । अर्को कुरा यो छ कि माटामा सिन्को लुकाएर आँखा छोपी खेल्ने चलन समस्त भारतवर्षमा अन्यत्र पाइन्न । यो खेल नेपालको पनि अर्घा गाउँतिर अर्थात् पश्चिमी नेपालमा मात्रै प्रचलित छ । यस खेललाई कालिदासले बडो मनोहर ढंगले वर्णन गरेबाट पनि उनी नेपालकै भूषण हुन् भन्ने थाहा हुन्छ । हुन त कवि क्रान्तदर्शी हुन्छन् तथापि मातृभूमिको स्नेहले आकृष्ट भएर आफ्नो जन्मभूमिको विशेष वर्णन गर्न चुक्दैनन् । कालिदास पनि हिमालयका प्रदेशहरूको वर्णन गर्न थालेपछि अरू कुरा प्रायः बिर्सन्छन् । शकुन्तलामा अपूर्ण शकुन्तलाको चित्रको पूर्णताको वर्णन गर्दै दुष्यन्त मालिनी नदीको कस्तो सुन्दर चित्रण गर्दछन् । यो मालिनी नदी नेपालको माली नदी हो । ऋषि कण्वको आश्रम पनि पश्चिम तीन नम्बरमा पर्दछ । कविले अफ्नै जन्म प्रान्तको आश्रमको शकुन्तलाको वर्णनमा स्वर्गीय आनन्द लुट्नु भएको हो भन्ने मेरो अनुमान छ ।

कालिदासका महाकाव्य कुमारसंभव र रघुवंश हुन् । खण्डकाव्यमा मेघदूत, ऋतुसंहार आदि र नाटकमा शकुन्तला, मालविकाग्निमित्र र विक्रमोर्वशी हुन् । कुमारसंभवको सत्रौं सर्गमा शिव पार्वतीको विवाह भएर उनबाट जन्मेको कार्तिकेय सेनानी द्वारा तारकासुरको वधको कथा छ । कुमारसंभवमा कालिदासको सुन्दर कला कौशल देखिन्छ । कालिदाशका प्रायः सबै कविताहरू शृङ्गार रस प्रधान छन् । आकर्षक चरित्र

चित्रण र स्वाभाविक सुन्दर शैलीको उज्ज्वल निदर्शन कालिदासमा पाइन्छ। वैदर्भी रीतिको प्रदर्शनमा, कालिदासको विशेषता सबैले मानेका छन्। शब्दलाघव, नित्य नूतन भाव-व्यञ्जना र उपमाको अलौकिकताले गर्दा कालिदासलाई कनिष्ठिकामा गिन्ती गरेका छन्। कविता कामिनीलाई सुन्दर आकर्षकसूक्ष्म अलंकारद्वारा अलंकृत गराउने कलामा कालिदास अद्वितीय कलाकार मानिएका छन्। नाटकमा त कालिदासको परिपूर्णता सबैले मानेका छन्। उनको अनौठो कल्पना शक्तिले प्रकृतिलाई र गर्म-घमा ल्याएर नचाइदिन्छ। मालविका र अग्निमित्रको प्रणयकथा भएको मालविकाग्निमित्र नामको नाटक कालिदासको प्रथम कृति हो, यसमा पाँच अंक मात्र छन्। विक्रमोर्वशीयमा महाराज पुरुवा र देवगायिका उर्वशीको प्रणयकथा वर्णित छ। कलाको दृष्टिले यसको एउटा दृश्य विश्व-साहित्यको वेजोड नमूना मानिएको छ। वियुक्त प्रेयसीसँगको सहसा मिलन र पुनर्वियोगको विह्वलता देखाएर कविले गजब गरिदिएका छन्।

अभिज्ञान शाकुन्तल कविको सर्वश्रेष्ठ कृति हो। यसमा राजा दुष्यन्तको र ऋषि आश्रम निवासिनी शकुन्तलाको प्रणय-कथा वर्णित छ। शकुन्तलाको मूलकथा महाभारत, भागवत र पद्मपुराणमा छ। तर यी पौराणिक शकुन्तलालाई कविले आफ्नो अमृत शलाका लेखनीले छोइदिएर अमृतवल्ली कल्पलताको कोमल कुसुम तुल्याइ दिएको छ। कालिदासका दुष्यन्त र पुराणका दुष्यन्तको चरित्रमा धूपी र श्रीखण्ड-को अन्तर देखिन्छ। शकुन्तला कालिदासको नाट्यकला कुशलताको चूडान्त निदर्शन मानिएको छ। काव्येषु नाटक रम्यं तत्र रम्या शकुन्तला अर्थात् काव्यमा रमाणीय नाटक हो र नाटकहरूमा मनोहर शकुन्तला हो। कालिदासको सर्वस्व नै अभिज्ञान शाकुन्तल हो। शकुन्तलामा आएर कालिदासको शैलीको अत्यन्त विकास भएको छ। शकुन्तलामा कालिदासले समस्त जड जगत्‌लाई चेतनशील बनाएर धुरु धुरु रुवाई दिएका छन्। सूक्ष्म र मार्मिक व्यञ्जनाद्वारा रस संचार गराउनु कालि-

दासको विशेषता हो । शकुन्तलामा अन्तःप्रकृति र बाह्यप्रकृतिको सजीव ऐक्य छ । आदर्शयुक्त भइकन सजीव र स्वाभाविक हुनु कालिदासको चरित्रचित्रणमा अलौकिकता उत्रनु हो । शान्तिको काखमा चपला चलेको हेर्नु छ भने शकुन्तलालाई हेरे हुन्छ । जर्मन कवि गेटेले शकुन्तलाको प्रशंसा गर्दै भनेका छन्– यदि वसन्त ऋतुको सुगन्धी कुसुम र ग्रीष्म ऋतुको परिपक्क फल एकै ठाउँमा हेर्ने हो भने, अथवा अन्तःकरणलाई संतृप्त र विमुग्ध गराउने वस्तु विशेषलाई एकै चोटी दर्शन गर्ने भए, अथवा स्वर्गीय सौन्दर्यको साथमा पार्थिव ऐश्वर्य पनि साथसाथै भएको अभूतपूर्वा सम्मिलनको अपूर्व दृश्यको दर्शन गर्ने हो भने शकुन्तला पढ ।

कालिदासपछि कालक्रममा र शैलीमा पनि अश्वघोषको गणना गरिन्छ । संस्कृतका बौद्धकविहरूमा अश्वघोषको स्थान अति उच्च छ । अश्वघोषको स्थितिकाल कनिष्कको समयमा मानिएको छ । बौद्ध धर्मका गहन सिद्धान्तलाई अति रोचक र सरल शैलीमा वर्णन गरेका छन् । कालिदासको यिनमा प्रशस्त प्रभाव परेको देखिन्छ । बुद्ध चरित र सौन्दरानन्द उनका दुई कृति छन् ।

भारवि–कालिदास र अश्वघोष पछि भारविको स्थान आउँछ । किरातार्जुनीय नामक उनको महाकाव्य मुख्य रचना हो । यसको कथावस्तु महाभारत वनपर्वबाट लिइएको छ । यो वीररस प्रधान काव्य हो । भारविको कवितामा केही पुनरुक्ति पाइन्छ तापनि काव्यमा एक विचित्र चमत्कार अवश्य छ र उनी अलंकृत काव्य शैलीका प्रवर्तक मानिन्छन् । किरातार्जुनीयमा सुन्दर राजनीतिको वर्णन छ।

माघ–कविवर माघको महाकाव्य शिशुपालबधलाई पनि माघकाव्य भन्ने प्रथा चलेको छ । यिनमा भारविको प्रभाव परेको देखिन्छ । माघको वर्णन पनि सजीव र सालंकार छ । प्रकृति वर्णन माघमा अत्यन्त मनोहर देखिन्छ। अनुप्रास उपमा र उत्प्रेक्षाद्वारा पाठकलाई माघ मन्त्र मुग्ध पारिदिन्छन् । कालिदासको उपमा, भारविको अर्थगौरव र दण्डीको

पद्लालिय एकै ठाउँमा हेर्ने हो भने माघको काव्यलाई पढ्नु पर्दछ। यो एउटा कुरा निश्चय हो कि माघको भाषा क्लिष्ट छ।

श्रीहर्ष-कनौजका राजा जयचन्द्र राठौरका दरबारी कवि भनेर श्रीहर्षलाई भन्दछन्। श्रीहर्षलाई अद्भुत पण्डित पनि भन्दछन्। खण्डन खण्डखाद्य जस्तो कठोर कर्कश तर्कशास्त्र लेख्ने तार्किक नैषध काव्य जस्तो सुन्दर काव्यमा उत्तिकै निपुणता देखाउँछन्। यस काव्यमा राजा नल र दमयन्तीको प्रेममिलापको सरस वर्णन छ। श्रीहर्षले यो कथा वनपर्वबाट लिएका हुन् तापनि आफ्नो प्रखर प्रतिभाले यसलाई अनुपम वस्तु बनाइदिएका छन्। कवि, आफ्नो हाव, भाव कटाक्ष देखाउन आफ्नो प्रकृतिसितपूरा विलासी बनेर कहिले हँसाइदिन्छन्, कहिले कुत्कुत्याएर रुनु न हाँस्नु पारेर छाडिदिन्छन्। अलंकार र कल्पनामा श्रीहर्षलाई भेटाउन अरू कविलाई साह्रै गारो परेको छ। नैषधको अगाडि कहाँ माघ कहाँ भारवि भन्ने लोकोक्ति नै चलेको छ। उदिते नैषधे काव्ये क्व माघ क्व भारवि।

संस्कृत नाटकको विकाश र उत्पत्तिः--नाट्य शास्त्रको उत्पत्तिको विषय लिएर भरतमुनिले भनेका छन्--मैले नाटकको संवाद जति ऋग्वेदबाट, गीति सामवेदबाट, यजुबाट अभिनय र अथर्वबाट नृत्य लिएको छु। वेदमा यी सबै कुराको अस्तित्व पनि पाइन्छ। भरतमुनिले परम्परागत नाट्य शास्त्रको आचार्य ब्रम्हाजी नै हुन् भनेर मानेकाछन्।

रामायण र महाभारत कालमा नाट्य-शास्त्रको अधिक विकास भएको थियो। हरिवंश र रामायण आदिमा पनि नाटकको अनेक वर्णन पाइन्छ। महाभारतमा अर्जुन बृहन्नला भएर बिराटको दरबारमा नाटक सिकाउन बसेको प्रख्यात छ। पाणिनीको समयमा अनेक प्रेक्षाग्रह-नाचघर बनेका थिए। ईसाभन्दा सातसय वर्ष पहिले नै भारतमा नाट्य-शास्त्रको पूर्ण बिकास भएको थियो भन्ने पाणिनी सूत्र ४।३।११०- बाट ज्ञात हुन्छ। नाटकको उत्पत्तिको विषयमा अनेकले अनेक कल्पना गरेका छन् तर भारतीय दृष्टिकोण यो छ कि जीव

स्वभावैले अमरत्व खोज्दछ र मरेर गएपछि यस शरीरले नभए पनि कीर्ति शरीरले चिरंजीवी हुन खोज्दछ । यसै भावनाले नाटकको उत्पत्ति गराएको हो । संस्कृत नाटकको विशेषता यो छ कि संस्कृत रस प्रधान हुन्छ । यथार्थता र आदर्शको समुचित समन्वय नाटकमा हुन्छ । संस्कृत नाटककारहरू आत्मालाई अजर अमर भन्ने संस्कृतिका भएकाले यी प्रायः दुःखान्त नाटक लेख्दैनन् । संस्कृतका नाटककारहरू प्रकृतिसित ज्यादै घनिष्ट सम्बन्ध राख्दछन् । चित्चित्को एकिकरण गर्नु र अन्तप्रकृतिलाई बाह्यप्रकृतिसँग जोडिदिनु संस्कृतका नाटककार-हरूको विशेषता हो । बध, युद्ध, बिबाह, भोजन, यात्रा, मरण, आदि र लज्जाजनक अभिनय संस्कृत नाटकमा निषिद्ध मानिएको छ । समाजको शुभकामना गर्दै आरम्भमा मंगलाचरण र अन्तमा भरत-वाक्य अवश्य रहन्छ ।

कालिदासभन्दा पहिले भासले नेड नाटक लेखेका थिए । शुद्रक कविको मृच्छकटिक भासकै चारुदत्त नामक नाटकको अनुकरण हो भन्ने विद्वानहरूको भनाई छ । चाणक्यले आफ्नो अर्थ-शास्त्रको समेत श्लोक उद्धृत गरेका छन् । भासका सबै नाटक मंचको लागि उपयुक्त मानिएका छन् । भासलाई पारखीहरूले नाट्यकलाका सफल आचार्य मानेका छन् । अलंकारको चुनावमा भास सिद्धहस्त कवि मानिन्छन् । सामाजिक संस्कृत नाटकहरूमा शुद्रकको मृच्छकटिक मुख्य छ । शुद्रकले आफ्नै रचनामा आफ्नै मरणको पनि उल्लेख गरेका छन् । कालिदासको नाटकमा पनि मृच्छकटिकको छाप छ । सम्राट हर्षवर्धनका पनि अनेक नाटक छन् । प्रियदर्शिका रत्नावली, नागानन्द हुन् र यिनमा नागानन्द बडो हृदयग्राही छ । हुनलाई त जीमूतबाहनको आत्मत्यागले भावनाको दृष्टिबाट नागानन्द नाटक उत्तम गराएको छ तर नाटकीय दृष्टिबाट यसलाई असफल रचना मानेका नै छन् । यहाँ पछि संख्यामा तल भए पनि रचनामा कालिदासका झण्डै बराबर भएका भवभूतिको गणना आउँछ । भवभूति कन्नौजका राजा यशोवर्माका आश्रित कवि थिए, राजतरंगिणीमा यस कुराको चर्चा छ । महावीर चरित मालती-

माधव र उत्तर राम चरित्र भवभूतिको प्रमुख रचना हुन्। यिनमा उत्तर राम चरित नाटकीय दृष्टिले सर्वोत्कृष्ट मानिएको छ। अवर्णणीय विरह- रसको आस्वादन गराउन र प्रेमको मार्मिक तत्व बनाउन भवभूति सर्वश्रेष्ठ मानिन्छन् यसमा करुण रसको प्रवाह छ। नाटकीय गुणको चूडान्त निदर्शन पनि यसैमा पाइन्छ। भवभूतिले बाणिलाई नटी बनाएर नचाइ दिएका छन्। भवभूतिले विप्रलम्भ श्रृंगारको वर्णन नगरेर शुद्ध करुण रसको वर्णन गरेका छन्। भवभूति भन्नछन्-- एकोरस करुण एव अर्थात करुण नै एकमात्र रस हो। भवभूतिको शिखरीर्णाको प्रशंसा क्षेमेन्द्रले पनि गरेका छन्। भवभूतिले कालिदासबाट प्रेरणा अवश्यनै पाएका थिए तापनि उनी केही कुरामा कालिदास भन्दा पनि माथि उठेका देखिन्छन्। भवभूतिको एउटा के विशेषता देखिन्छ भने उनले आफ्ना पात्र सुहाउँदो भाषाको प्रयोग गरेका छन्। करुण,रसका प्रवाहमा हास्यरसलाई ,समेत बहाउन सक्ने कलाकार भवभूति मात्र देखिएका छन्। भवभूतिमा मौलिक उपमा पनि स्वतः प्रस्फुटित हुन्छन्। भवभूतिले कतै कतै व्यङ्गको पनि मर्मस्पर्शी प्रयोग गरेका छन् र प्रकृतिको कर्कशा स्वभावलाई निकै खिल्ली उडाएका छन्।

संस्कृत साहित्यमा विशाखदत्त आदि अरु अनेक नाट्यकारहरू र दण्डी आदि अनेक गद्य- लेखकहरू पनि छन्। एक कविहरूको एक एक विषयलाई लिएर बेग्ला बेग्लै ग्रन्थ लेख्न सकिन्छ। यहाँ उपस्थित लेख संस्कृत साहित्यको साधारण परिचय मात्र हो र पाठकहरूको संस्कृत साहित्यको प्रति अनुराग बढ्दै गएमा पछि पछि अरु रचना पनि उपस्थित गर्नें छु।

# कुकुर

गोपीमाधव देवकोटा

कुकुर स्वभावैले मात्रै हो । यसको भावैरन बाह्य वस्तुस्थितिमा होइन-आन्तरिक शक्ति र साहसको प्रचूरतामा पाइन्छ । मैले खरायो-देखि लिएर सानो बाघ जत्रो कुकुर देखेको छु तापनि मलाई थोरको मात्र बिभिन्न नाम आउँछ। मैले आफ्नो मानसीक परिभाषामा श्वानीय सद्गुण सांसारिक अस्तित्वमा एक अचम्मको चिज हो भन्ने ठानेको छु ।

कुकुरलाई हामी बरेया पोसिएको दास मान्छौं । म पनि यो कुरा त्यत्तिकै सत्य मान्दछु जत्तिको सबै सत्य-मित्रहरू हाम्रा दास हुन् । प्रेम, आज्ञाकारिता र सद्भावको त्यस्तै बिभिन्न परिभाषा हुन्छ जस्तो मानव स्वभाव छ । कुनै गुणको एकाकितामा स्वभाविक परिचालन मुताबिकै मात्रात्मक बिभिन्नता हुन सक्छ ।

म भन्न सक्तछु सृष्टिको असली उद्देश्य कुकुरको आफ्नो धनी प्रतिको व्यवहारमा प्रष्ट छ । पारस्परिक बोध र अटल स्थिरताको कारणलाई नै हामी दासता र कायरपना सम्झन्छौं । आफ्नो मालिकको शत्रुसंग कुकुर त्यत्तिकै भयङ्करतासँग लड्छ जत्तिको यसले आफ्नो प्रेमको गहिराईमा भएको उथल पुथल प्रकाश गर्न सक्छ। यो खुसी हुनमाभन्दा खुसी पार्नमा आनन्द लिन्छ- जुन गुण थोरै मनुष्य मात्रमा हुन सक्ला ।

कुकुर आफ्नो शत्रुबाटभन्दा आफ्नो मालिकबाट बढता पिटाईको आशा गर्छ । यसको सहनशीलताको परिमाणनै यसको मालिक प्रतिको अटलता र भक्तिको नाप हो । गरीबी र गलत धारणाले कुकुर मित्रलाई फाड्न शक्तैन। मित्रको शत्रु हुनु पवित्रताको खुन

गर्नु हो तर शत्रुको मित्र हुनु जस्तो मानव संसारले अनादि काल-देखि श्वान-संसारमाथि गरेको अत्याचार र असहयोगको ख्याल नगर्नु छ, देवत्वको पराकाष्ठा हो । महासागरहरू गहीरा हुन्छन्, जहाँ सबभन्दा गहीरो हुन्छ त्यही सबभन्दा बढी निशब्दता हुन्छ र कुकुर पनि मानव-भाषादेखि बञ्चित छ । अन्वेषणको तीव्रतानै पारस्परिक बोधको फैलावट हो ।

म त कुकुर मन पराउन्न तर कुकुरसँग मेरो प्रेम अवश्य छ । एकातिर मेरो गरीबी छ र यसलाई घृणा गर्छु भने, अर्कोतिर म यसको अनुपस्थितिको प्रशंसा पनि गर्दछु । सफैसँग भनुँ भने कुकुर प्रतिको मेरो मनोमालिन्यता नै यस प्रतिको उच्च आदर र सत्कार हो । आफ्नो समान अर्को नभए तापनि कुकुर जातिले मानव जाति-लाई सबभन्दा उन्नत प्राणि सम्झनु हाम्रो ठूलो गौरव हो । यसको प्रमाणिक स्वयंसिद्धता यो छ कि कुकुरहरू मानिससँग दोस्ति गर्छन् अथवा हामीसँग रहन- सहन गर्न चाहन्छन् ।

आधुनिक संसार संतोष र संचयलाई नपुंसक युगको प्राचीन-कालीन दर्शन ठान्दछ । अनन्त तृष्णाले आफ्नो असंतोषको भोकमा हाइड्रोजन बम निकाली सकेको छ । यो महा भयङ्कर शस्त्रले उत्पत्ति गर्ने खरानीको रास अवश्यम्भावी भ्रातृत्व र पारस्परिक सहिष्णुताको यथार्थताको जरामा पौष्टीको काम गर्ने छ । कुकुर पनि त्यसैबेला पेलेकोभन्दा बढता साथिमा गनिनेछ ।

मानिस भन्दछन् कि कुकुर, अरूको ता के कुरा, आफ्नै जाति मध्येकाको पनि कमजोरीको फाइदा उठाउँछ । यो कुरा बिलकुल असत्य हुनमा सत्य छ । स्वार्थको परित्यागले जातिहरू माथि अविवे-किता सिकाउँदैन। जातीय भेदभाव स्वार्थको पाण्डित्य मात्र हो । श्वानीय विचार-केन्द्रमा मोक्षको गर्भाधान विश्व-बन्धुत्वको अनुमानमा रहेको हुन्छ । यसै कारण कुकुर परार्थीपनमै विशेष भालेपन देखाउँछ।

यदि यो आफ्नो शत्रुसँग डराएर भाग्छ भने, यो यसको दोष होइन, केवल यसको चिरकालसम्म मानिसको कमजोर अङ्गसँगको सहवास हो। भयङ्कर वीरता पनि आरामी र आलस्यमय माधुर्यको भावनामा सडेको पाइन्छ।

हाम्रो मित्र कुकुरमाथि गरिएको अर्को दोषारोपण पनि छ र यो हो निष्ठुरता। कुनै निष्ठुरता निष्ठुरता हुँदैन जब ठूलो निष्ठुरता नाश गर्ने सानो निष्ठुरता काममा लिइन्छ। यसको विरुद्धमा निर्दोषी हरिण लखेट्ने र कलीलो सुकसुके खरायोलाई घेर्ने उपमा दिइन्छ। मित्र मनुष्यको निवेदननै यी सब कुराको उत्तर भएपनि, पराधारताको भय देखि मुक्त रहेको आफ्नो अस्तित्वको सचेतना प्रकृतिको समर्थन हो। फेरी आक्रमन्दा निर्धको रक्षा गन खोजे पनि कुकुरले घेर जस्तो आफ्नो भौतिक शक्तिका जेठासँग लड्नु पर्छ र ती निर्धा तिनीहरूको अगाडि आत्मरक्षाको निमित्त अरू ज्यादै निर्बलिया छन्।

दराजको मगमगाकार अथवा मासाको तातोपन कुकुरको निमित्त आकर्षण होइनन्। यो किलै किला भएको साङ्ग्रो काठको बाकसमा टाउको झुन्ड्याएर पनि त्यत्तिकै आरामसँग सुत्न सक्छ जत्तिको मखमली भुवादार फराकिलो गद्दामा सुत्न सकिन्छ र त्यसिकै टुटो र सडियल खाएर रहन सकछ जत्तिको मजेदार मासु र मिठाईमा रहिन्छ। परिवर्तनशीलतासँगको यसको संयोजननै यसको त्यस व्यक्ति प्रतिको प्रेमको प्रगूढता हो जुसलाई यो प्रेम गर्दछ। यसलाई साथि प्यारो छ न कि साथिको साथको धन। बिरालो, खरायो या मुसाको बिपरित यसको नैतिकता परिस्थितिको धक्का र उचनीचको आरोहण र अवरोहणदेखि अजेय छ। मित्रताको निर्धारण हामी त्यसैबेला गर्न सक्छौं जब हामी कुकुर पाल्छौं वा कुकुरसँग सहबास गर्न थाल्दछौं।

यदि हामी राम्ररी ख्वाई प्याई राखेको नोकरले हाम्रो खाना चोर्दैन

भन्ने भर मात्र सक्छौं भने, हामी भोको कुकुरको चोरीदेखि रक्षा गर्ने भर मात्र सक्छौं। सत्‌-प्रीति विनाको साथि शत्रुनै हो र कुकुरको सद्‌भक्ति अतुलनात्मकनै छ। कुकुरको कुनै किसिमको दूराचार मानिसद्वारा बलात्कार लादिएको स्वभावको परिणाम हो। श्वान संसार माथि चलिरहेको मनुष्यको निष्ठुरता र भिषणताको इतिहास अझ अन्त्यदेखि निकै पर देखिन्छ। कुकुरले आफ्नो दोस्त मालिकलाई विश्वासपूर्ण र चम्कीला भावले हेर्दछ। कुकुर माथि लगाइएको दासत्वको दोष आमालाई बालकको नोकर भनुभन्दा केही कम छैन।

अन्त्यमा कुकुरका धनीहरूलाई म केही सल्लाह दिन चाहन्छु। तपाईहरू कैले पनि आफ्ना अवाक दोस्तहरूलाई मालिक र श्रेष्ठताको दृष्टिले नजाँच्नुहोला। कुकुरहरूलाई तिनीहरूको रङ्ग र भेष, शरीर र सुन्दरताले जाच्नुभन्दा वफादारी र इमान्दारीले जाच्नु होला। दिनको केही मिनेट तपाईहरू आफ्नो पालनु दोस्तको अध्ययनमा लगाउनु होला। तब तिनीहरूको भाव तपाईको मानसिक आँखाको अगाडि छर्लङ्ग हुनेछन्। कुकुरले दिएको धन्यवाद उसको दायाँ र बाँया हल्लिएको पुच्छरले बताउँछ। तर यदि तपाईको कुकुर आफ्नो पुच्छर बारम्बार तलमाथि गरिरहन्छ भने तपाईं अवश्य खराब व्यवहारको दोषी हुनु हुन्छ। तपाईको कुकुरको चकचकेपन तपाईको ज्ञान र मैत्रीको विजय हो। यदि ईश्वरले मानिसलाई आफ्नै स्वरुप मुताबिक सृष्टि गरेका हुन् भने, ईश्वर कुकुरदेखि पनि बाहेक छैनन्। बरु तपाईं भैरहेकोभन्दा बढता असल हुन कुकुरबाट सिक्नु होस। फेरी एक पटक भन्छु, तपाईं आफ्नो मालिकको नक्कल गरेर कुकुरलाई दास नसम्झनु होस्। सम्झनु हुन्छ भने लोकमा तपाईलाई सबैले विराले भन्ने छन्।

# संस्कृत साहित्य र कवि

राजेश्वर देवकोटा

साहित्यको सृष्टि हुनलाई शान्त वातावरण, आर्थिक समृद्धि र सामाजिक शान्तिको साथै कसैको प्रेरणा अपेक्षित छ। यस प्रकारको वातावरण युग सम्बत चलाउने विक्रमादित्य र चन्द्रगुप्त विक्रमादित्य (द्वितीय)-को शासन कालमा पनि प्रशस्त थियो। विद्वानहरूले यसै कारण कालिदासको समयको बारे एउटाले अर्को माथि सन्देह प्रकट गरेकाछन् तापनि चन्द्रगुप्तको शासन कालमा उनी भएको धेरैले स्वीकार गरेकाछन्। अस्तु। यो अनुसन्धानकर्ताहरूको निम्ति छोडिदिउँ।

कालिदास- कालिदासको कवितामा हृदय पक्ष प्रमुख छ। कविलाई संसारको गहिरो ज्ञान थियो र मानव समाजको परिवर्तनशील वृत्ति- हरूको मार्मिक विवेचन कविले गरेकाछन्। उनको भनिने विषय र भनाइको सरस संयोजनले पुराना शब्द र पुराना भावलाई उनले छुने बित्तिकै मकरन्द चुहिन्छ। कालिदासको प्रिय रस श्रृंगार भए पनि प्रत्येक रसले आफ्नो क्षेत्र अनुसार फुल्ने मोका पाएको छ। अलंकारमा कालिदासको विशिष्ट स्थान छ- त्यसमा पनि उपमा। उपमा दिनु त मामुली कुरा हो तर कालिदासका उपमा लौकिक व्यवहारमा प्रतिदिन घट्ने घटनाहरूसित सम्बन्धित छन्। त्यो उपमा पाठकको अगाडि आउँदा मूर्ति लिएर आउँछ। उनका कृतिमा रघुवंश, शाकुन्तल र मेघदूतले विश्व-मानव हृदयमा घर बनाएका छन्; कुमारसंभवका प्राथमिक सर्गहरू र अरू कृतिहरूले स्थान राम्रो पाएको छ।

व्यासकी शकुन्तला आकर्षण हीन र दुष्यन्त क्रूर छन्, परन्तु कालिदासकी शकुन्तला शीलवती, नायक उदात्त र धीर छन्। यी दुवैको सौजन्य बचाइराख्नलाई उत्कृष्ट श्रृंगारका निमित्त रूखा दुर्वासा

र शकुन्तलाका सखीहरूले पात्रको स्थान पाएका छन् ।

कालिदास कथा विषयलाईभन्दा चरित्रचित्रणलाई मन पराउँदछन्। शकुन्तलाको पहिलो पत्रमै राजाको रथलाई देखेर मृगले हेरेको र दौडेको वर्णन गरेपछि हृदयमा एउटा तस्वीर बन्दछ । शुरूदेखि अन्त्यसम्म रोचकता र उत्सुकताले भरिएको छ। गार्हस्थ्य र आश्रम जीवनको सामंजस्यमा शाकुन्तलको शृंगार र करुण रस एक साथ परिपक्व भएका छन् । यसैमा नै कालिदासलाई ठूलो श्रेय प्राप्त भएको छ। कोमल प्रकृतिका कवि भएकाले कालिदास जति नारी पात्रको चरित्र चित्रणमा सफल भए तथा मानव जीवन रसिलो पार्न नारीको अधिक महत्व सम्झे उति पुरुष पात्रको चित्रणमा उनी डुबेनन् । सम्भवतः कोमल वस्तु कोमललाई नै चाहन्छ र कोमललाई निर्मल बनाउँदछ। कमल पानीमै फुल्न सक्दछ र पानीलाई अझ स्वच्छ बनाउँछ ।

स्वभावतः नारीको हृदय जति कमजोर र कोमल हुन्छ मुख उतिनै शक्तिशाली हुन्छ। पुरुषको हृदयले स्त्रीको हृदय ठग्दछ त स्त्रीको कांतिले पुरुषको शक्तिलाई दास बनाउँदछ। शक्ति र कोमलताको आडमा चरित्रमय नारीको आदर्श देखाउनु कविको उद्देश्य हो ।

भारतीय समाज नै दर्शनको आधारमा झुकेको छ। जति झुकै गार्हस्थ्य जीवनले घेरिएको भए पनि प्रत्येक भारतीयको हृदयको एउटा कुनामा अध्यात्म भाव लुकी रहेको छ। कालिदासका पात्र पनि जति झुकै व्यवहार लिप्त भए पनि अन्त्यमा निर्लिप्त देखिन्छन् । चरित्र चित्रणमा स्वभावोक्ति र भनाइमा अलंकार मिलेर कालिदासको कविता-बाट रसधार बहन्छ।

भारवि-विद्वानहरूले भारविलाई ई. स. ६३४ निकटपूर्वका बताएका छन्। भारविको अर्थगरिमामा विशेषता छ । उनी थोरै शब्दमा धेरै भाव भन्नमा प्रशस्य छन्। भारवि राजनैतिक पण्डित भएको कुरा पनि उनको कविताबाट निस्कन्छ । उनको प्रशिद्ध काव्य किरातार्जुनीय हो ।

जुन कविहरूको जीवन-वृत्त पाइन्नन् उनीहरूको व्यक्तिगत व्यवहार

अध्ययन गर्ने बाटो उनीहरूले बोलाएका पात्र हुन् । किरातार्जुनीयको आदिमा भीमसेन र द्रौपदीको सम्मान-प्रेम र बीचमा किरातको विनय संभाषणले कवि विनय र सम्मान-प्रिय देखिन्छन् ।

कालिदासको कविता कोमल फूलभित्रको पराग र मकरन्द हो तर भारविको कविता कठोर खानिभित्रको सुन हो। यस प्रकार भारविको कविता कठोर र उपयोगितावादी भएर पनि कर्कश छैन । सम्भवतः अत्यधिक कोमलताको आडमा वीररसको परिपाक हुन सक्दैन होला ।

सप्तम शताब्दीको प्रारम्भमा भट्टि कवि [यद्यपि यिनको समय पनि विवादास्पदै छ ] कथामय महाकाव्य गुणयुक्त रचनामा संस्कृत व्याकरण सागर समेत एकै साथ लेख्ने जादुगरीमा पूर्ण सफल भए । दुइटा नाउमा खुट्टा हाल्नु प्रकृतिको विरुद्ध भएकोले यिनले त्यति प्रशिद्धि पाउन सकेनन् । यदि भट्टिसित मात्रै पक्षपात नगर्ने हो भने उनले बोलाएका पात्र विभिषण र शुर्पणखा यिनलाई चतुर वक्ता र राजनीतिज्ञ साबित गर्दछन् ।

सातौं शताब्दीको पुछारतिर महादानी गुजराती कवि माघले शिशुपाल वध महाकाव्यको रचना गरे। केही उटपटांग कल्पना गर्ने-हरूले भारवि [ सूर्यको तेज ]-लाई पृथ्वीमा प्रभाव पार्न नदिन उनले आफ्नो नाम माघ राखे भन्छन्, परन्तु भारवि शैव र उनी वैष्णव भएकाले उनीभन्दा आफू ठूलो हुने प्रयत्न उनले गरेकाछन्। तर मनो-रंजनको कुरा हो कि भारविको प्रभाव माघमा स्पष्ट परेको छ । भारवि शैलीको प्रतिच्छाया माघ भनेमा अत्युक्ति हुँदैन। तर यसको अर्थ यो होइन कि माघमा मौलिकता छैन। शैली र वर्णन क्रमको अनुकरणले मौलिकतामा बाधा पर्दैन । रस-भाव नै कविताको आत्मा हो भने माघमा भारविको केही प्रभाब परेको छैन। परन्तु केही काव्य-शास्त्रीहरूले त भारबिको उदय माघ नआउन्जेल हुन्छ, भनेर अतिशयोक्ति पनि गरेकाछन्।

उपमा-वैशिष्ठ्य प्राप्त गर्ने कालिदास, पदलालित्यमा यश कमाउने दण्डी, अर्थ गौरबमा समाज आर्जन गर्ने भारवि यी तीनैजनाको गुण

माघमा पाइन्छ। ज्ञानका विभिन्न शाखाका पण्डित भारविः श्रीहर्ष, र भट्टिहरू थिए तर रचनाको अनुसार माघको ज्ञानको प्रत्येक शाखामा दखल भएको देखिन्छ। जब कवितामा हृदयपक्षभन्दा बुद्धिपक्ष बलियो हुन्छ, तब स्वभावतः कवितभित्र रस भएर पनि बाहिर खस्रो देखिन्छ। यही गुण माघका कविताको छ।

श्रीहर्ष विक्रमको बाह्रौं शताब्दीको पछिल्तिर कन्नौजका दरबारी कवि थिए। यिनले नलदमयन्तीको प्रेम र करुणा मिश्रित कथाको अस्थिपिञ्जरलाई "आत्मा" र 'रूप' दिएर आफ्नो प्रसिद्ध महाकाव्य नैषध चरितको निर्माण गरे। अरू पनि यिनका अनगिन्ती कृतिहरू छन्।

भारतीय सभ्यताको विकास जुन जुन बेला उच्चकोटिमा पुग्यो त्यस त्यस बेला संस्कृत साहित्यको निर्माण भएको देखिन्छ। अन्तीम महाकवि श्रीहर्षकोपछि भारतमा पूर्णतः मुसलमानको अधिपत्यको शुरुको साथ संस्कृत साहित्यले पनि आफ्नो भारी बिसायो।

श्रीहर्ष बुद्धिपक्षीय कवि थिए र कविता क्लिष्ट हुनु पर्दछ भन्ने उनको भनाई थियो। किंवदन्ति पनि छ कि उनले पहिले गरेका रचना कसैले नबुझेर उनले दोहऱ्याएर लेखे। साधारण जनले बुझ्ने कवितालाई उनी कविताको सम्मान दिन तैयार थिएनन। स्वभावतः उनको कविता कठिन हुने नै भयो।

श्रीहर्षको शब्द बिन्यासको चातुरीले गर्दा एउटा श्लोकबाट बिभिन्न अर्थ निस्किन्छन्। एकदेखि सातसम्म अर्थ निकाल्नु स्वाभाबिक भएको छ। शब्दलाई पनि प्रधानता दिने कविको अर्थ ज्ञान प्रबाहमय कसरी हुन सक्या; यही दैवी बरदान नै कविको बिशेषता हो।

कवि बुद्धीबादी भएर पनि कविता हृदयग्राही छ। पूर्ववर्ती कविहरूले वस्तुहरूलाई जुन दृष्टिले हेरेर उपमा दिए, श्री हर्षको ठीक उल्टो छ। परन्तु धेरै जसो ठाउँमा त उल्टाएर उपमा दिएको पनि सुल्टोभन्दा राम्रो छ। यसबाट रोचकता र मनोरंजन पनि साथै प्राप्त हुन्छ। कुनै बस्तु राम्रो भएर पनि ठीक ठाउँमा भएन भने शोभा पाउन्न तर यसै दोषले वञ्चित भएकाले नैषध चरित उत्तम महाकाव्य मानिएको छ।

कवि उच्च कक्षाका राजनीतिज्ञ थिए। दर्शन विद्यामा खण्डन खण्ड खाद्य भन्ने महत्वपूर्ण ग्रन्थ लेखे। परन्तु नैषधचरितमा नल र दमयन्तीको प्रेमको बीच जुन ब्रह्मज्ञान छ त्यो चाँहीं काव्य-रसले ढाकिएको छ।

गीतिकाव्य- संस्कृतमा गीतिकाव्य मुक्तक र प्रबन्ध दुवैमा लेखिएको छ। मधुर पदावली गीतिकाव्यको विशेषता हो तर घेरै जसो गेय-लयको समावेश भएकोलाई गीतिकाव्य भन्न सकिन्छ। गीतिकाव्यको शरीर जति सुन्दर र कोमल हुन्छ आत्मा पनि उति नै सुन्दर र कोमल हुनु पर्दछ। संस्कृत गीतिकाव्यको यही विशेषता हो।

हाम्रो नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटाले चारैतिर ओइरे झै कालिदास पनि नाटक, गीतिकाव्य, महाकाव्य सबैमा पहिला थिए। प्रथम ग्रन्थ गीतिकाव्यको रुपमा मेघदूत देखिन्छ। यक्ष निर्जीव मेघलाई आफ्नो विरहको लयमा दौडाइँछ। मेघनै उसले एउटा यस्तो साथी देख्यो जो उसकी प्रियतमासम्म पुगेर आउन सक्दछ। यसरी मेघदूत एउटा बिरहको लय हो र निर्जीवलाई वास्तवमा जीवीत गर्ने काव्य हो।

यस पछि अज्ञात जीवनीका भर्तृहरी जनकविको रुपमा हाम्रो साम्ने आउँछन्। जनकवि आजकलको खस्रो उत्तेजना दिने अर्थमा मानिएका होइनन्, अपितु उनले जुन गीतीशतकहरूको रचना गरे ती प्रत्यक्ष जनजीवनको दैनिक काममा उपयोगी छन्! उनको कला कलाको निम्ति होइन जीवनको निम्ती हो।

अमरुक र गोवर्धनाचार्यपछि गीतीकाव्यका अन्तिम र श्रेष्ठ कवि भए। यदि आज कसैको कविता गाइन्छ भने उनी जयदेव मात्रै हुन्। उनको 'गीतगोबिन्द' राधाकृष्णको ललित लीलाको ललाम वर्णनले भरिएको काव्य हो। यसमा कविले शब्दहरूबाट निस्कन सक्ने माधुर्य र भावबाट निस्कन सक्ने सौन्दर्यको पराकाष्ठामा गेल गराएका छन्। यो राधाकृष्णको स्वर्गीय प्रेमले युक्त शृंगार रसको काव्यहो। स्तोत्र साहित्यलाई पनि हामी गीतिसाहित्य मान्न सक्दछौं।

गद्य साहित्य–यसै त संस्कृतमा शुरुमानै गद्यसाहित्यको विकास भएको देखिन्छ। वेद, उपनिषद्हरू गद्यमा नै लेखिए; परन्तु प्रथम सुबन्धु र मुख्यबाणभट्ट हुन्। बाणभट्टले आफ्नो केही परिचय हर्ष चरितमा दिएका छन्। यस अनुसार उनी सातौं शताब्दीमा राजा हर्षका प्रियपात्र भएका थिए। उनका प्रसिद्ध रचना कादम्बरी र हर्ष चरित हुन्। संस्कृत गद्यको विशेषता हो बहुल समासको सहायताले थोरै शब्दले धेरै भावना व्यक्त गर्नु। परन्तु वर्ण्य विषयका अनुसार वाक्यको संक्षिप्ति र विकास निर्भर छ। बाणको शिरोग्रन्थ कादम्बरी हरियो बनको निर्झर हो जसको प्रवाहलाई कुनै अलङ्कार या छन्दले क्षणभर पनि रोकेको छैन। कादम्बरीमा हृदय पक्षको प्राधान्य छ। प्रत्येक पात्र र अर्काको दुःख सुखमा यति समवेदित हुन्छन् कि भावुकता चरम सीमामा पुग्दछ। यस प्रकार बाण कोमल प्रकृतिका र कमलो हृदयका थिए।

दण्डीलाई भारविको नाति मान्नेहरू पनि एक पक्षीय छन्। तर उनको संक्षिप्त आभा र उनको कथा अवन्ती सुन्दरीबाट पाइन्छ। तर समय चाँही नवौँ शताब्दीभन्दा पूर्व भएको निश्चित अनुमान गरिएको छ।

दण्डीलाई तत्कालीनहरूले वास्तवमा कवि भनेका थिए। दण्डीको प्रमुख रचना दशकुमार चरित हो। दण्डीका काव्य पात्रहरू सूर्यझैं कहिल्यै नथाक्ने र एकछिनलाई अस्ताएको देखिए तापनि अर्को क्षणमा उत्तिकै प्रकाशासित उदाउँछन्। उनको कथाको गंगा प्रवाहमा कैयौं सहायक नदीहरू आई मिल्दछन् तर गतिमा केही बाधा पार्दैनन् प्रत्युतः कलामय बनाउँछन्। ललित पदको संयोजनमा दण्डी कविले नाम कमाएका छन्। शैली एकदम अनौठो छ। कहीं पत्रौंका एउटै वाक्य र कहीं दुइतीन पदमै वाक्य टुङ्गिन्छ। स्वभावतः कुनै चरित्र वर्णनमा उनी लम्बिएका छन् र घटना वर्णनमा खुम्चिएका छन्।

दृश्य काव्य– संस्कृत साहित्यमा नाट्यकलाको प्रादुर्भाव दुःखी जीवनको कारण भएको मानिएको छ। जब सत्ययुगबाट खस्दै मानव जीवन आजको कलियुगतिर आउन लाग्यो अनि तक्लीफमा क्षण बिताउन आश्चर्य जनक घटना र पात्रहरूको कल्पनाद्वारा मनोरञ्जन गर्न थाले। परन्तु आफ्नो संतुष्टिको निमित्त सृष्ट भएका नाटकहरूलाई तत्कालीनहरूले दुःखान्त बनाएर अरु बोझा थप्नु कोमल जीवनका निमित्त हितकर सम्झेनन्। अतः संस्कृत साहित्यमा दुःखान्त नाटकको सर्वथा अभाव भयो। संस्कृत नाट्यसाहित्यको यो विशेषता छ कि यसमा पात्रहरूको अनुसार भाषा अलग छ तर दुवैथरी दुवैभाषा सम्झन्छन्। विनोदको निमित्त विदूषकको कल्पना गरिएको छ। नाटकको कलात्मक पक्ष विद्वानहरूको विषय हो तर पामर जनको निमित्त विदूषकको कल्पना नभएको भए संस्कृत नाट्य साहित्यको तल्लो तहलाई पनि आकर्षित गर्न सक्ने थिएन।

भारतीय नाट्य साहित्यको उद्देश्य जीवनको उत्थान पतन र उसको समस्या प्रस्तुत गरी त्यसको समाधान गर्नु हो। जस्तो आधुनिक कविहरू कुनै घटना वा पात्रलाई माझ धारमा लगेर छोडिदिन्छन् त्यो कलाको निम्ति भएर पनि जीवनको निम्ति हुन्न। कला पक्षले उत्तम ठहरिए पनि अलौकिक आनन्दको कल्पनामै सुख अनुभव गर्ने मानव स्वभाव यस प्रकारका घटनाले अव्यवस्थित हुन्छ।

संस्कृत साहित्यका प्रथम नाट्यकार भास हुन्। उनका तेह्र नाटकमध्ये प्रथम स्वप्नवासवदत्त हो। यिनी विक्रमको तेस्रो शताब्दीमा भएको अनुमान लगाइएको छ। संस्कृत साहित्यमा भास हास्यावतार मानिएका छन्। उनी विशुद्ध श्रृंगारका विनोदशील कवि हुन्। उनको प्रेम केवल प्रेमको निमित्त छैन, जीवनको निमित्त छ। वासवदत्ता उदयनलाई यति प्रेम गर्दछिन् उदयन पनि उनी बाचुञ्जेल शक्ति-रहित भए पनि दोस्रो विवाह गर्ने कुरा मन पराउन्नन्। परन्तु वासवदत्ता आफू मरेको बहाना गरेर आफैं आफ्नी सौता रोज्दछिन्। भासको

शैलीमा स्वभावोक्ति भएकोले यही सबभन्दा ठूलो गुण हुन गएको छ। यसपछि कालिदासका नाटकको विषयमा त पद्यसाहित्यकै क्रममा उल्लेख भइसकेको छ।

राजनीतिका चतुर विद्वान् विशाखादत्तको अनुपम कृति मुद्राराक्षसको रचनाकाल छैटा शताब्दीको उत्तरार्धमा मानिएको छ। संस्कृत साहित्यमा मुख्यतः राजनैतिक नाटक यही हो। यस नाटकका पात्र चन्द्रगुप्त र चाणक्य हुन्। पात्रहरूको नामले नै तत्कालको राजनीति र सभ्यताको बारेमा चूपचाप कति मोटा पुस्तक पढि सक्दछन्. तिनैलाई कलात्मक चरित्रमा परिवर्तित गरेर कविले मसिन्याउने सफल प्रयत्न गरेका छन्। उनको शैली केही कठिन छ।

माहाराज शुद्रकले मृच्छकटिक छैठौं शताब्दीभन्दा पहिले नै रचना गरेको थाहा हुन्छ। यो नाटक दश अङ्कको लामो नाटक हो। यस नाटकमा चारुदत्त र वसन्तसेन नायक र नायिका हुन्। चारुदत्त एक सभ्य नागरिक हों। एक आदर्श हिन्दू सज्जनमा पाइने चरित्र उसमा पाइन्छ। वसन्तसेना वेश्या हो तर वेश्या भएर पनि ऊ पवित्र प्रेम गर्न चाहन्छे। वसन्तसेनाको सात चोकसम्म हात्ती जान सक्ने वर्णन गरिएको छ। यस नाटकबाट तत्कालीन ब्राह्मण, समाज, र राजाको चरित्र तथा वेश्याको स्थिति राम्रो बुझिन्छ। यस नाटकबाट प्रतीत हुन्छ कि त्यस बेला चारैतिर अमन चैन र धार्मिक राज्य थियो।

महाराज हर्षवर्धनको नाम सफल नाटककारको श्रेणीमा आउँछ। उनका नाटकहरू उनको राज्यवैभवका सूचक छन्। उनका पात्रहरू स्वार्थको घृणा गर्दछन्; कलाका प्रेमी छन।

भट्ट नारायणको वेणीसंहार महाभारतकै कथाको अंश हो। वीररसको प्राधान्य भएकोले शैलीमा केही खस्रोपना आउनु स्वाभाविकै छ। द्रौपदीलाई उनले महाभारतकी केवल पतिभक्त पत्नी चित्रित गरेका छैनन् अपितु मन्त्री र प्रेरकको रूपमा विशिष्ट पात्र बनाएका छन्। संस्कृत साहित्यमा सबभन्दा शास्त्रीयताले परिपूर्ण नाटक यही मानिएको छ।

सर्वतोमुखी प्रतिभाका कालिदाससंग दाँज्दा नाटकको क्षेत्रमा अघि बढ्न खोज्ने भवभूति केवल कवि थिएनन् अपितु एक महान् पण्डित पनि थिए। उनी ज्ञानको क्षेत्रमा विकासवादी विचारधाराका थिए। उनले आफ्नो कालमा आफ्नो रचनाको मर्म बुझ्ने कसैलाई नदेखेर भावी पिंढिको आढ लिएर गर्वोक्ति पनि गरेका छन्। उनका नाटकरत्नमध्ये उत्तररामचरित, मालती माधव र महावीर चरित हुन्। भाषा कविको वशमा भएको देखिन्छ। केवल शब्द-ध्वनिबाट अर्थको प्रकाश हुन्छ; शब्दको अर्थ संझिरहने जरुरत पर्दैन। करुणरसका घोर समर्थक भवभूति अरू रसलाई रसै भन्दैन थिए। वस्तुतः उत्तरराम चरितमा उनको हातबाट जति करुणरसको परिपाक भएको छ सम्भवतः अन्य साहित्यमा पनि असम्भवै छ होला। आँखाले देख्न सक्ने तथा हृदयले अनुभव गर्नसक्नेभन्दा बढी कलमबाट उतार्नसक्ने अद्‌भूत क्षमता उनमा थियो। सीताको वियोग र उनको अग्नि-परिक्षामा आँसु नचुहाउने कोही नहोला तर उत्तररामचरितकी सीताको अगाडि त कोही पनि आँसु चुहाउन मात्र होइन आफूलाई पनि बिर्सन्छ।

भवभूति प्रकृतिका सच्चा द्रष्टा हुन्। अरू कवि झैं कालो वनलाई कमलको सुकुमार बगैंचा भनी वर्णन गर्दैनन। जुन वस्तुको जुन गुण हो त्यही वर्णन गर्दा त्यसमा विशेषता उनी देखदछन्। पूर्ववर्ती भएकाले कालिदासको कविता भवभूतिले राम्रो अध्ययन गर्न सके, परन्तु मौलिकतामा कालिदासको प्रभाव भवभूति माथि परेको छैन। कालिदास प्रकृतिको सुन्दर पक्षको वर्णन मात्रै गर्दछन्। परन्तु भवभूति त्यसको उग्रपक्षको पनि सजीव चित्र प्रस्तुत गर्दछन्। कालिदासका पात्रहरू उच्छृङ्खल छन्। कसैको अधीन भएर पनि वास्तवमा अधीन छैनन् परन्तु भवभूतिका पात्र पूर्णतः धार्मिक र परम्परागत भावनामा दृढ छन्। यस प्रकार भवभूतिकोभन्दा विशुद्ध र उत्कटप्रेम अरु कविको नाटकमा पाइन्न। भवभूतिको अनुसार प्रेमीको आपसी हृदय जोड्ने पत्र निर्मित हैन, त्यो प्राकृतिक हुन्छ र ईश्वर ( नाश नहुने ) हुन्छ। भवभूति पछि पनि नाट्य साहित्यको इतिहास निकै लामो छ र बाँकी अरु लेखमा पाठकका समक्ष उपस्थित गरिने छ।

# आलोचना—

विश्वेश्वरप्रसाद कोइराला

## *साहित्यमा प्रगतिशीलता*

प्रगतिशीलताको चर्चा हाम्रो साहित्यमा आजकल निकै चलेको छ। यो स्वाभाविक पनि हो; किन भने नूतन व्यवस्थाको स्थापना हुने समयमा पुराना मान्यताहरूको स्थानमा नयाँ मान्यताको प्रतिष्ठापनको चेष्टा गर्नु स्वाभाविक वृत्ति हो। २००७ सालको राजनैतिक क्रान्तिपछि बन्धनमुक्त भएको मानव-मन नूतन मार्ग अपनाउन चाहन्छ। पुरानो व्यवस्थामा नेपाली जाति निसासिएको व्यवस्थामा थियो; जीवनको प्रत्येक अंगमा अवनतिको शव-चिह्न अंकित थियो। तर, एकतन्त्री प्राणहारी वायुमा जीवित रहेको नेपाली जातिले परिस्थितिको दवावलाई जीवनका स्वाभाविक वातावरण संझेर त्यसलाई ग्रहण गरिरहेको थियो। केही भावुक व्यक्तिहरूले अपवादस्वरूप निश्चय नै एकतन्त्री वातावरणलाई प्राकृतिक भनेर स्वीकार गर्न सकेका थिएनन्।

त्यसपछि एक प्रकारले हठात् क्रान्तिको बिगुल सुनियो र राणा-शासन-व्यवस्थाको अन्त हेर्दाहेर्दै भयो। यति छिटै यो कार्य सम्पन्न भयो कि परिवर्तनको व्यापकता तथा महत्ताको अनुभव अहिलेसम्म पनि राम्ररी हामीलाई हुन सकेको छैन। आँखाले त परिवर्तनलाई देख्यो, र बुद्धिले पनि ग्रहण गर्‍यो; तर क्रान्तिमा सक्रिय भाग लिने अवसर पाउनुभन्दा पैले नै परिवर्तन आएकोले धेरैजसो हामीलाई परिवर्तन एक प्रकारको अवताली परेको जस्तो भयो। त्यसो हुनाले अवताली पाएका व्यक्तिहरूको मनोवृत्ति हामीहरूमा धेरैजसो पाइन्छ।

परिश्रमद्वारा उपार्जित वस्तुका प्रति जुन व्यावहारिक महत्त्वको भावना मानिसमा रहन्छ त्यो त्यसै उपलब्ध भएको वस्तुका प्रति रहँदैन। उच्छृङ्खलता र अनास्थाको भावना यस्ता वस्तुका प्रति उत्पन्न हुन्छ। नेपालको राजनैतिक परिवर्तनका प्रति पनि यस्तै प्रकारको अत्यन्त लापरवाहीको भावना वर्तमान छ। साहित्यमा प्रगतिशीलताको अमर्यादापूर्ण प्रयोग यस्तै लापरवाही मनोवृत्तिको द्योतक हो। एक त वर्तमान परिवर्तन शुद्ध बुद्धिग्राह्य मात्र भएकोले, अर्थात् सामाजिक व्यक्तित्वको चेतनामा उ भिज्न नसकेकोले अब प्रगतिको बाटो लाग्नुपर्‍यो भन्ने संकल्पले लेखकहरूले कलम उठाए जसले गर्दा त्यस्ता लेखकहरूको साहित्यको रूप कलात्मक नभएर राजनैतिक भएको छ। दोस्रो परिवर्तनको प्रयत्नमा सहयोग प्रदान गर्न नसकेकोले त्यस्ता साहित्यकारले आफ्नो अनास्थाको मनोवृत्ति-लाई प्रगतिशीलताको आवरणले ढाकेर अनुभूतिहीन फोस्रो कृतिको महत्त्वहीन बोझ हाम्रो साहित्यमा लादिइरहेका छन्। यस प्रकारको प्रगतिशील साहित्य पनि पलायनवाद हो। परिवर्तनले यसो कुरा गरेन उसो कुरा गरेन भनेर गुनासो गरेर लेखेको मानव-भावनामा आघात पार्न नसक्ने साहित्य पलायनवादी नभएर के हो त? पलायनवादलाई प्रगतिशीलवाद भनेर सम्बोधन गर्ने बित्तिकै त्यो प्रगतिशील हुँदैन। राजनैतिक लेख अथवा तुकबन्दीलाई कलात्मक साहित्यको नाम दिने बित्तिकै त्यसले कलाको विशेषण धारण गर्दैन। आजकलको साहित्यिक गोष्ठीमा अथवा कविसम्मेलनमा पढिएका लेख अथवा कविता मूलतः धेरै जसो जुन कागजमा तो लेखिएका हुन्छन् त्यति मूल्यको पनि हुँदैन। कोही सरकारी जागीर नपाएकोले मन्त्रीका प्रति रीस प्रकट गर्दछन्। कोही रेडियोमा बोल्न नपाएकोमा अथवा भर्ति हुन नसकेकोले सरकारका प्रति लाञ्छना गर्दछन्; अनि उ आफ्नो रीस, इर्षा अथवा निराशालाई पोखेको कागजको टुक्रालाई प्रगतिशील साहित्यको संज्ञा दिन खोज्दछ। रीस, इर्षा र निराशा पनि

कलात्मक साहित्यका स्रोत हुन सक्दछन्। तर त्यसका लागि पनि अनुभूति चाहिन्छ। धनी र गरीबको विषमता, समाजमा दिनहुँ भइरहेको शोषण र उत्पीडन इत्यादि पनि साहित्यका सामग्री हुन; तर ती सामग्रीहरूलाई त्यसै कागजमा थप-थप राखिदिने बित्तिकै साहित्यको सृष्टि हुन्छ भन्नु त्यस्तै बिल्कुलै अज्ञानी कुरा हो जस्तो मूर्तिकारको सामग्री पत्थरको चट्टानलाई कलाको नमुना हो भन्नु। कलाको आधार विषयभन्दा बढी भावनामा छ, जसको आधार अनुभूतिमा छ। अर्थात् कलामा-साहित्य पनि कलाको एउटा अंग हो यद्यपि साहित्य अपेक्षाकृत बुद्धिगम्य हुनाले यसको नियम कलाका अरू अंगभन्दा केही फरक निश्चय नै हुन्छ- विषयको प्राधान्य हुँदैन; यसमा कलाकारको त्यो विषयमाथिको भावनाको प्रधानता हुन्छ। जहाँ भावना शुष्क छ त्यहाँबाट साहित्यको स्रोत फुटेर निस्कन सक्दैन। बालुवाबाट तेल झिक्न सकिँदैन। विषयको पूरा मनन पनि आवश्यक छ।

मुलुकमा गरीबी निश्चय छ; र परिवर्तनको मुख्य उद्देश्य यस गरीबीलाई हटाउनु हो। तर गरीबीको समस्याको राम्ररी अध्ययन र परिवर्तनको सामर्थ्यलाई पूर्णरूपले मनन नगरीकन यस विषयमा लेख्ने प्रयत्न गरेर लेखकले आफ्नो अल्हड्पन मात्र दर्शाउँदैन वरन् समस्यासंग संघर्ष गर्नदेखि भाग्ने मनोवृत्तिलाई पनि स्पष्ट प्रकट गर्दछ। त्यसो हुनाले मेरो दृष्टिमा आजकल प्रगतिशीलताको नाउँमा रचिएका साहित्य पलायन प्रवृत्तिको लक्षण हो। यदि आकाश-कुसुमलाई टिप्न हात लम्काउने साहित्यकार हस्तिदन्तले निर्मित प्रासादमा बसेर आफूलाई पलायनवादी प्रमाणित गर्दछ भने माटोलाई यसो खोस्रेर आफ्नो आवास त्यहीं बनाउन चाहने साहित्यकार पनि पलायनवादी हो। समस्याका प्रति उदासीनता देखाउनु अथवा उत्तरदायित्वपूर्ण अल्हड्पन दर्शाउनु दुवै पलायनवादी प्रवृत्तिका परिचायक हुन्।

साहित्य जीवनजस्तै व्यापक छ । यथार्थमा समग्र जीवनको प्रतिविम्ब नै साहित्य हो । जीवनको एउटा विशेष अङ्ग अथवा पहलुचाहिं साहित्यको क्षेत्र हो अरू अङ्ग अथवा पहलुचाहिं साहित्यको क्षेत्र होइन भन्नु साहित्यको परिधिलाई अप्राकृतिक रूपबाट संकुचित पार्नु हो । प्रगतिशील साहित्य पेटको क्षुधा निवारणको समस्यामा लेखिएको साहित्यको अर्थमा साधारणतया बोध हुन्छ। अरू समस्यालाई लिएर लेखिएका साहित्य प्रगतिशील होइन भन्ने धारणा सर्वसाधारणमा छ । हाम्रा कतिपय समालोचकहरू पनि–समालोचकहरू जो यस प्रकारको भ्रमको शिकार नहुनु पर्ने यस अर्थमा प्रगतिशील साहित्यलाई लिन्छन । अरू विषयलाई लिएर रचिएका साहित्य अप्रगतिशील हुन भन्ने अभिप्राय यिनीहरूको रहन्छ। यस्तो विचार संकीर्ण मनोवृत्तिको परिणाम हो । यस मनोवृत्तिको कारण ऐतिहासिक छ । मार्क्सले समाजीकक्रमको नियमको अध्ययन गर्दा उनी यस निष्कर्षमा पुगे कि समाजलाई गति प्रदान गर्ने मूलतः आर्थिक आधार छ । आर्थिक व्यवस्था मूल कुरा हो; सामाजिक ढाँचा आर्थिक व्यवस्थाको आधारमा खडा हुन्छ। वर्ग-संघर्ष, जसमा शोषण सन्निहित छ, अनिवार्य सामाजिक आर्थिक नियम हो जसको लोप पूँजीवाद चरम सीमामा पुगेपछि गतिशील आर्थिक नियमकै आधारमा नयाँ समाजवादी व्यवस्थामा स्वतः भएर जान्छ। अर्थात मार्क्सले विश्वलाई आर्थिक दृष्टिकोण दिए जुन एक प्रकारले अत्यन्त क्रान्तिकारी दृष्टिकोण थियो। आर्थिक व्यवस्था नै सामाजिक व्यवस्थाको जननी हो भन्ने सिद्धान्त आजकल साधारण भइसकेको छ; तर मार्क्सले जुन बखत यसको ऐतिहासिक प्रमाणका साथ प्रतिपादन गरे त्यस बखतमा यो सिद्धान्तको त्यस्तै असर बौद्धिक क्षेत्रमा पर्‍यो जस्तो कालो बादलले छाएको आकाशमा बिजुलीको हुन्छ। मार्क्सका कतिपय अनुयायीहरूले उनको सिद्धान्तलाई माज्दा-माज्दा यस निष्कर्षमा पुगे कि कारण र परिणाम जसरी

सम्बन्धित छ त्यस प्रकार नै अर्थ र साहित्य पनि । जस्तै उदार सिद्धान्त पनि मतावलम्बीहरूको हातमा अनुदार भएर जान्छ, र एवं प्रकारको सनातनधर्मको रूप त्यसले लिन्छ। सिद्धान्तका मूल प्रतिपादक ऋषि तथा उनको कृति वेद। यस्तै संकीर्णता मार्क्सवादका अनुयायीमा पनि आयो; यस हदसम्म यो संकीर्णतामा पुग्यो कि मार्क्सले लेखेका ग्रन्थमा नपाइएका कुरा असत्य हो भन्ने पनि भए। यस्तो धार्मिक प्रवृत्ति सजिलैसँग तानाशाहीको धाइ-सुसारे हुन सक्दछ; यसको प्रत्यक्ष प्रमाण वर्तमान राजनीतिमा धेरै पाइएको छ। तानाशाहीले राजनीतिमा मात्र एकतन्त्र ल्याएको छैन वरन् बौद्धिक क्षेत्रमा पनि। हुँदाहुँदा साहित्यको नियम पनि तानाशाहको हुकूमले निर्धारित हुन थाल्यो। प्रगतिशील साहित्य पनि तानाशाही हुकुमको बमोजिम निर्मित हुन थाल्यो जसको विकृत रूप नेपालका आधुनिक प्रगतिशील साहित्यकारमा पाइन्छ।

साहित्य यदि जीवनको प्रतिबिम्ब हो भने यसमा उस्तै व्यपकता अपेक्षित छ जस्तो जीवनमा। विश्वमा जहाँ पनि जति-जति वैज्ञानिक आधारमा ज्ञानको विस्तार भइरहेको छ ती सब साहित्यका आधार-शिला हुन्। मार्क्सको अनुसंधानको छाप साहित्यमा निश्चय नै पर्नु-पर्दछ; तर मार्क्स मात्रै किन ? फ्रायडको सिद्धान्त किन साहित्यमा प्रतिबिम्बित नहोस्; फ्रायड मात्र किन ? युङ्ग अथवा एडलरको विचार धाराले प्रगतिशील साहित्यमा स्थान किन नपाओस् ? आर्थिक क्षेत्रमा वैज्ञानिक क्षेत्रमा, मनोवैज्ञानिक क्षेत्रमा, ठूला ठूला अनुसंधान कार्य तेजीका साथ हुँदैछन्। मानव-सभ्यता यो यावत् अनुसंधान कार्यको सामूहिक परिणाम हो। साहित्य हो सभ्यताको प्रतीक। मानव सभ्यताको विस्तृत क्षेत्रबाट एक मुट्ठी माटो लिएर त्यसलाई मात्र सभ्यताको नाउँ दिनु कूपमण्डूकता हो । आंशिक सत्यता सबैमा विद्यमान छ: पूर्ण सत्यता कसैमा पनि छैन । साहित्य जीवन जस्तो व्यापार होइन;

त्यसको क्रय पनि छ। आजको सभ्यता लामो इतिहासको संचित फल हो, साहित्य पनि त्यस्तै हिजोको सभ्यतामा आज निर्मित हुँदै छ। शेक्सपियर, कालिदास र गेटेले प्रचार-साहित्य लेखेनन् अथवा पेटको आगो निभाउने उपाय बताएनन् भनेर ती अप्रगतिशील भएनन्। यस सम्बन्धमा लेनिनको एउटा कुरा सम्झन मन लाग्दछ। बीटोफेनको संगीत सुनेर उनी यति प्रभावित भए कि उनको आँखा अचानक अश्रु-पूर्ण भयो। उनले भने—"विश्वमा यत्रो सुन्दरताको समुद्र उभडिरहेको छ, यस सुन्दरताको निकट शोषित जनतालाई पुऱ्याउने चेष्टा हाम्रो हुनुपर्दछ।"

उनले बीटोफेनलाई सामन्ती भनेर पन्छाएनन्। प्रगतिशील साहित्यकारले एलेसम्मको पुंजीभूत सुन्दरतामा वृद्धि गराउने र त्यसलाई उपलब्ध गराउने चेष्टा गर्नुपर्छ न कि भएको सुन्दरताको हत्या।

—卐—

बालचन्द्र शर्मा

# यदुनाथ पोखरेल र उनका कविता

[ श्री बालचन्द्र शर्मा 'नेपालको ऐतिहासिक रूपरेखा'-पछि अर्को महत्त्वपूर्ण रचना 'नेपाली साहित्यको इतिहास प्रस्तुत गर्न लाग्नु भएको छ। खेदको कुरा छ कि राजनैतिक तथा यता भन् संसदीय व्यस्तताले गर्दा लेखकले यो महत्त्वपूर्ण रचना टुङ्ग्याउन सक्नु भएको छैन। पाठकहरूका जिज्ञासा यस बीच तृप्त हुँदै गरोस् भन्ने अभिप्रायले हामी उक्त कृतिको मूल खेस्राबाट केही फाटफुटे अंश लिंदै प्रकाशित गर्दै जाने योजनामा छौं। आशा छ 'प्रगति'का रसज्ञपाठकहरूले हाम्रो यो योजना मन पराउनु हुनेछ, र उहाँहरूको प्रेरणाले लेखकलाई पनि अनुप्रेरित गर्ने छ।

लेखकले कविहरूको जीवनी र रचनाको पाठमा श्री बाबुराम आचार्यको 'पुराना कवि र कविता'-लाई नै आधार-पुस्तक माने तापनि कविको शास्त्रीय आलोचना र हाम्रा साहित्यप्रति ऐतिहासिक र मार्क्सीय दृष्टि दिएर हाम्रा आलोचनात्मक परम्परामा महत्त्वपूर्ण योगदान दिनु भएको कुरा लेखकको रचनाको यस सानो र सामान्य अंशबाट प्रकट होला।—सम्पादक। ]

यदुनाथ पोखरेलका बाबु पृथ्वीधर पोखरेल सप्तरीका प्रसिद्ध बिर्तावाल थिए, जसको बिर्तामा नरभौं मौजा पनि थियो। आफू सप्तरीका बिर्तावाल भएको कुरा भीमसेन थापाको स्तुतिमा लेखिएको एक कवितामा उनले यस प्रकार भनेका छन्। —

साहेबलाइ रिझाबनै त नशकी जन्मै मधेस्मा बिती।
बिर्ता जो पहन्या पसी उडिगइ सुर्ता मनैमा अति॥
साहूको त सकस् हुँदा घरि घरी मेरी हराइ मती।
ध्यान् राखी त शरन् पिछा परिगञाँ क्या हुन्छ मेरो गती॥

गाद्दी आधि भर्ना त ससरिमहाँ मोहर हजूरको थियो ।
नाफा दीनु कहाँ.उसै त बलले मोहर् पनि खोसियो ॥
कामकाजलाइ मिलन बालि अघिको रित यो कुलानन्दको ।
त्याका मालिक एक् चरण् मुलुकमा अर्को त बुझ्न्या छ को ॥

यिनले भीमसेन थापाका प्रशंसामा लेखेका दुइ कविताबाट यिनी भीमसेन थापाका समकालीन भएको कुरा प्रकट हुन्छ। उक्त 'स्तुति-पद्य' मध्ये एकमा भीमसेन थापाले बनाउन लगाएको एउटा धरहराको बयान गरिएको छ। वस्तुतः भीमसेन थापाले दुइटा धरहरा बनाउन लगाएका थिए, जसमध्ये एउटा १८९० विक्रमीको भूकम्पमा ध्वस्त भयो। विक्रम १८९४ मा भीमसेन थापाको पतन भएकोले उपर्युक्त कविता यसैबीच लेखिएको स्पष्ट छ।

यदुनाथ पोखरेल र 'सुन्दरकाण्ड' का लेखक रघुनाथको बीच भएका केही छन्दबद्ध पत्र व्यवहार पाइएका छन, जसबाट यी कवि रघुनाथका जेठान भएको स्पष्ट हुन्छ। यी तथ्यलाई ध्यानमा राख्दै बाबुराम आचार्यले यदुनाथलाई रघुनाथभन्दा जेठा अनुमान गरेका छन्। यस प्रकार बाबुराम आचार्यको अनुमान अनुसार विक्रम १८९० तिर यदुनाथको उमेर लगभग पच्चीस वर्षको थियो। भीमसेन थापाको प्रशस्तिमा लेखिएको द्वितीय पद्यमा उनले जुन प्रकारको अर्जी वा निवेदन गरेका छन् त्यसबाट पनि यदुनाथ भीमसेन थापाको पतन (१८९४ विक्रमी)मा आफ्ना परिवारका प्रधान भइसकेको प्रकट हुन्छ। यस अवस्थामा बाबुराम आचार्यले १८९० विक्रमीमा उनको उमेर पच्चीस वर्ष भएको अनुमान गरेकोमा विश्वास हुन्छ।

× × ×

यदुनाथका केही बाङ्गोटिङ्गो हिन्दी र नेपालीमा लेखिएका फुटकर छन्दहरूको अतिरिक्त चार प्रसिद्ध कविता प्राप्य छन्। यी मध्ये पहिलो कृष्णचरित्र र शेष दुइ भीमसेन थापाको प्रशस्ति र उनको प्रशंसा गरी अर्जी रूपमा लेखिएका पद्य छन्। अन्तिम पद्य

नेपालका विशेषतः पूर्वी इलाकाका गढीहरूको सूची र तिनको चर्चामा लेखिएको छ।

प्रारम्भिक कविहरूमध्ये विद्यारण्य केशरीको 'द्रौपदी स्तुति' को तुलनामा यदि कसैका रचना खडा हुन सक्दछन् भने ती यदुनाथकै। सम्पन्न ब्राम्हण-परिवारका भएकाले यिनलाई संस्कृतको पनि राम्रो ज्ञान भएको अनुमान हुन्छ। यो कुरा यिनको रचनाबाट पनि लक्षित हुन्छ। यद्यपि सप्तरीमा यिनको विर्ता थियो, तथापि यी स्थायीरूपले मधेसमै बसेका अथवा उतै जन्मेका-बढेका देखिन्नन्। कारण यसो भएको भए बालक यदुनाथको भाषा र वृत्तिमा मधेसतिरैको छाप स्पष्ट देखिने थियो। अतः उनी काठमाण्डूमै जन्मे-बढेका र शिक्षित भएका थिए भन्नमा आपत्ति देखिँदैन। हुन त हिन्दीको काम चलाउ ज्ञान यिनलाई थियो, जसको उदाहरण यिनले आफ्नै एक छन्दको हिन्दीमा गरेको तलको अनुवादबाट पनि प्रकट हुनेछ, तथापि यिनको कवितामा हिन्दीपनको त्यति साह्रो पुट छैन जति यिनका पूर्वज कविहरूमा भेटिन्छ। 'कृष्णचरित्र' मा 'पैजनी' लाई 'वेजनी' 'इयाँर्जी' (झार्जी) 'को हु' जस्ता एक-दुइ शब्द आएका छन्, जो यस कालको प्रवृत्ति नै थियो, तथापि यसको विकृत रूपको प्रयोग नै प्रकट गर्दछन् कि कविको हिन्दी ज्ञान स्वयमार्जित र पक्का थिएन। मधेसमा जाँदा-आउँदा अथवा राजधानीमै पनि हिन्दुस्तानतिरबाट आए गएका व्यक्तिको सहवास र साहचर्यले यिनले हिन्दीको कोठे ज्ञान अर्जित गरे। संभवतः उताबाट आउने मानिसहरूको मुखबाट केही 'कविता' आदि सुनेर यिनलाई पनि हिन्दीमा कविता लेख्ने लहड उठ्यो र प्रचलित हिन्दी छन्द र शैलीमा अभ्यास नभएकोले यिनले संस्कृत वर्णवृत्तमै यस भाषाको प्रयोग गरे। ध्यानयोग्य कुरा हो कि काव्य-परिपाटीमा माध्यमको रूपमा गृहित ब्रज, अवधी र भोजपुरीलाई छोडेर बोलचालको भाषामा कविता लेख्ने अनुकरणीय कुनै आदर्श हिन्दीमा त्यस समयसम्म स्थापित भइसकेको थिएन। फेरि, संस्कृत वर्णवृत्तमा यस्तो प्रयोग

त झन् पनि नवीन कुरा थियो। जे होस्, यिनको हिन्दीमा कविता लेख्ने प्रयासको नमूना र सम्भवतः त्यसको मूल नेपाली रूप तल दिँदैछु। यसमा नेपाली शब्दको बेमेल प्रयोग र हिन्दीमा पनि अल्पज्ञताको छाप विचारणीय छ।—

### नेपाली

ऊँचो पर्वत लेक् चन्हाउ बहुत झाडी त षाडी तहीँ।
काँढा सिस्नु त काँडको वरिपरी षोला त जोला वहीँ॥
देष्तमा त अघोर् भयानक अति पथ्थल् तलैन्या जहाँ।
हट्न्या मन् पनि वैरिको सब घटी यस्तो त किल्ला कहाँ॥

### हिन्दी

उच्चा पर्वत पथ्थलोंके गढ है चौघुट झाडी बडी।
षाई है दरियावकी बिच बिचौं जिस्मो अगम् जल् भरी॥
दर्बाजा सब लोह की नहि फुटे छुटे न ताला कुंचा।
किल्ला पति तयार है सहज की नेपाल राजकी उची॥

### नेपाली

वचन् राखी आया रघुवर पिताको सहजमा।
उ आफ्नो मन्दिर्मा जनकतनयाका नगिचमा
कमल् जस्ता कोमल् चरण ति पखालि जब पिइन्।
सुवर्णको सिंहासन तहिं लगि बैठन दिइन्॥
मलिन् मुख् देख्नाले जनकतनयाले किन भनिन्।
मयूर पंखा फेरी कर चमर डोलाउँदि भइन्॥
प्रभूको त्यो शोभा त्यजि दिनु भयाको पनि कहाँ।
कहाँ सेतो छाता मणिमुकुट पैरन् पनि कहाँ
यहाँ मन्त्री कुंजर किन पइदलै आउनु भयो।
भनी सीताजीले रघुपति सितै सोधनु भयो॥

× × ×

यदुनाथका प्राप्य रचनाहरूमध्ये कृष्णचरित्र सबभन्दा पहिलेको र कविको लड्कपन र प्रयोग-कालको देखिन्छ । यसमा जम्मा एक्काइस छन्द छन् जो भुजङ्ग प्रयातका छन् । भावको उस्तो चमत्कार यस रचनामा छैन जस्तो उनको अर्को चाहिं रचनामा भेटिन्छ जो भीमसेन थापाको प्रशस्तिमा लेखिएको छ । अनेक स्थलमा, विशेष-गरी रचनाको उत्तरार्द्धमा, भाव खण्डित, अधूरा र अस्पष्ट छन्। अन्त्यानुप्रास अथवा तुक मिलाउन भरसक प्रयत्न गरे तापनि कबिले सकेका छैनन् । छन्द मिलाउन पनि 'हँसी दुध पींदा' जस्ता पद राखेर भए पनि यिनले काम चलाउन परेको छ । अकार, इकार, उकार, एकार, ऋकार आदिको पनि ह्रस्व र दीर्घ प्रयोग गरेर छन्दमा मात्राको पूर्ति भएको छ, जस्तै तलका केही चरणहरूको दृष्टान्तबाट प्रकट हुनेछ ।—

१. बिभूको मातृ काखै बसी खेलदाको
२. निहुँ दूधको ली खोजी मार्न जसले
३. पछि फेरि तृणाव्रते नाम गर्‍याको
४. जहीं गीरिधारी रह्या छू भन्या झैं
५. भयाका देखि दास आफ्ना सबैमा
६. यही रास-लीला गर्‍या कामझौंले

यद्यपि अनावश्यक पद बर्ण र मात्राको प्रयोगमा वसन्त कविको तुलनामा यदुनाथ निकै अंशमा मुक्त छन्, तथापि यस्तो प्रयोगदेखि यी सर्वथा दोष रहित छैनन् । पादपूर्तिको निमित्त अकारको निमित्त ऐकार जस्तै– मुखै, करै, जलै, गृहै आदि र अकारान्त वर्णलाई हल् गर्नु नेपाली कवितामा प्रारम्भ देखिनै खूब चलेको छ, र यस रूपमा यदुनाथको आलोचना गर्नु व्यर्थ छ । किन्तु :-

१. सुगोवर्धनैलाइँ करैमा लिदामा।
२. सखामा वनैमा उ वंशी बजैमा ।
३. स्ववृन्दावनैमाथि कुञ्जै गृहैमा।

जस्ता केही संस्कृत ढंगका भराउ शब्दको व्यवहार गर्ने नयाँ प्रवृति यिनमा देखिन्छ।

यसरी यो रचना अपेक्षाकृत हलुका देखिए तापनि यसमा कविको हुर्कन लागेको प्रतिभा अवश्य देखिन्छ।

विचित्रै अनेकै चरित्रै पवित्रै
इनै मंगलै गाइ गाई चढाया।

—जस्ता चरणमा अनुप्रासको त्यो छटा देखिन्छ जो पछिको रचनामा विशेष पुष्ट रूपमा प्रकट भएर कविको विशेषता सिद्ध भएको छ। इन्दिरस र विद्यारण्यकेसरी झैं यिनले आफ्नो प्रारम्भिक प्रयासमा पनि संस्कृतको अनुवाद् गरेनन, चाहे कृष्णचरित्रलाई नै आलम्बन बनाएर, र भाषा र शैलीगत परिपाटिमा पनि आफूभन्दा अघिका उक्त दुइ कविलाई नै यिनले पच्छ्याएका किन नहोउन। यिनको र वसन्त कविको विषयवस्तुमा पनि मौलिक अन्तर छैन, तर बसन्तको शुष्कता, अनावश्यक लम्बापन र अल्पज्ञताको पृष्ठपोषण यदुनाथमा भएको छैन। हामी यिनका अन्य रचनामा देख्ने छौं कि शब्दको प्रयोग र त्यसको ध्वनिले इन्दिरस वर्ण्य विषयको स्पष्ट बिम्ब खडा गर्न सक्दछन्। यस विशेषताको पूर्वाभास पनि कृष्णचरित्रमा पाइन्छ। यस रचनाका केही नमूना तल दिइन्छन :—

यसोदाजिका काखमाथी बस्याका
यता ऊति हेर्दै हँसी दूध पींदा।
दिशा सब् उज्यालो गराया प्रभूले
खुसी चित्त मेरो गराया हरीले॥ १॥

नदेखी घनश्यामलाई यशोदा
समेतै सबै नन्द गोकुल् अँध्यारो
भयाका देखी दास आफ्ना सबैमा
दया बक्सँदा ताहिं मुक्ती दिदांमा॥ १२॥

प्रभू सानु नानी झर्नी बस्नु काखमा
मनै खुसि भैगो आनीफेर् नयनमा।
फेरी देखन लाग्या सबै गोपहेरू
दुवै बाहु पाऊ उभो पारि खोल्दा ॥ २१ ॥

× × ×

यदुनाथ पोखरेलको शेष दुइ रचनालाई बाबुराम आचार्यले 'स्तुति-पद्य' नाम दिएका छन्। यी दुवै पद्यमा तत्कालीन प्रधानमन्त्री जनरल भीमसेन थापाको प्रशंसा गरिएको छ। दुवैको शैलीमा रचना काल र उद्देश्यको भिन्नताले केही अन्तर अवश्य पारेको छ, तर दुवैका शैली र विषय-वस्तु समान छन्। अतः यी दुवै केही बर्षको अघि-पछि लेखिएको स्पष्ट हुन्छ। यी दुवै पद्यमा शैली र भाषा कृष्णचरित्रका भाषा र शैलीसित मिल्ने भएकोले यी रचना यदुनाथ पोखरेलकै हुन् भन्ने प्रकट हुन्छ। तर, कृष्णचरित्रभन्दा प्रौढ र परिमार्जित शैलीभए-कोले प्रथम 'स्तुति पद्य' कृष्णचरित्रभन्दा पछि र कविको शैली परिमार्जित भइसके पछि लेखिएको हो भन्ने थाहा हुन्छ। यसको रचनाकाल १८९०-१८९४ विक्रमीको बीच भएको अनुमान माथिनै गरिसकिएको छ। कृष्णचरित्र र 'स्तुतिपद्य'को शैलीमा यति अन्तर छ कि कविले प्रथम कवितावाट सोझै उफ्रेर दोस्रो रचनामा लेखनी दौडाए होलान् भन्ने कल्पना गर्न सकिंदैन। परन्तु, यसबीच जो रचना भए होलान् ती आज उपलब्ध छैनन्, र हामीले प्राप्य नमुनैवाट सन्तोष गर्नु पर्दछ।

यदुनाथ पोखरेलको भाषा र शैलीको सम्बन्धमा माथि नै केही भनिसकिएको छ। मोटामोटी ढंगले यिनमा हिन्दीपन, पादपूर्तिका निमित्त अनावश्यक पद, हल् बर्ण, वर्णको ह्रस्व र दीर्घ उच्चारण आदि दोषका परम्परा भेटिन्छन्, चाहे यी अपेक्षाकृत यस पद्यमा कमती नै किन नहोउन्। यी दोष समकालीन सबै कविहरुमा थोर-बहुत भेटि-एकाले यी केवल यदुनाथकै नभएर युगकै प्रवृति भनिन सक्छन्। माथि नै भनियो कि यदुनाथ भाषा र शैलीको दृष्टिले आफ्ना अग्रज

कविहरूमध्ये वसन्तभन्दा विद्यारण्यकेसरी र इन्दिरसका अधिक समीप छन्। हुन सक्दछ कि यदुनाथ आफ्ना अग्रजहरूको सम्पर्क र सहवासमा थिए, र उनीहरू द्वारा नै उनले नेपाली भाषामा रचना गर्ने प्रेरणा पाए।

आफ्ना अग्रज समकालीनहरूसित यसरी भाषा र शैलीगत स्वाभाविक समता प्रदर्शित गरे तापनि पैंतालीस छन्दमा लेखिएको प्रस्तुत 'स्तुतिपद्य' मा कविले केही मौलिकता पनि प्रदर्शित गरेका छन। एक त यो पद्य नेपाली साहित्यमा भेटिएका समस्त नमुनाहरू मध्ये प्रथम हो जसमा धार्मिक वृत्तिको साथ आख्यान छैन– नेपाली साहित्यमा मानव–काव्य र शुद्ध भावात्मक अभिव्यक्तिको यही प्रथम प्रामाणिक प्राप्य नमुना हो। यसको प्रधान आलम्बन यस्तो व्यक्ति छ जो कविको समकालीन थियो, र उसलाई कविले नजीकैबाट देखेका र धेरै अंशमा बुझेका थिए। भीमसेन थापाको जसको यहाँ वर्णन भएको छ, स्तुति कविलाई अभिप्रेत थियो, तर तीन छन्दभन्दा बढीमा प्रधान आलम्बनको दर्शन हुन्न, शेष समस्त रचना नायकको यशस्वी कर्म र कीर्ति- स्मारक-हरूको वर्णनमा व्यय गरिएको छ। लगभग यही काम द्वितीय 'स्तुति पद्यमा पनि भएको छ। तथापि द्वितीयमा कवि आफ्नो निजी कामको अर्जी जसरी पेश गर्दछ त्यस्तो प्रथममा छैन। यस कारण स्वार्थभन्दा पृथक् रही कविको प्रतिभा र शुद्ध भावनाले प्रथम कवितामा मुक्त पंख फिंजाउने अवसर पाएको छ। ईस्ट इन्डिया कम्पनिसित सुगौलीमा बाध्य भएर सन्धि गर्नु परे तापनि नेपालको फौजी उत्साह र त्यसको योग्य नायक भीमसेन थापाको हैसला फीका परेको थिएन र यो उत्साह

फिरंगी कुरंगी सबै मारि काटी
पुगी आज गंगा पखाल्नु छ खाँडो।

–मा अभिव्यक्त भइरहेको थियो र यसमा पंजाब, अफगानिस्तान, चीन र बर्मा आदि एशियायी देशको भावना पनि सम्मिलित थियो।

यही युग भावनाको प्रतिध्वनि कविको हृदयले पनि ग्रहण गरेर यस पद्यको रचना भएकोले यस कवितामा जस्तो ईमान्दारी, स्वाभाविकता र हृदयग्राहिता अरुमा पाइन्न।

यसरी भीमसेन थापा सैनिक उत्साहका प्रतीकको रूपमा चित्रित भएकोले सम्पूर्ण पद्यमा उनैको व्यक्तिगत वर्णन नै अपेक्षित थिएन। यसै कारण टुडिखेलमा उत्साहसाथ कवायद गर्ने सैनिकहरूको सजीव वर्णनमै कविताको अधिकांश भाग आधारित भयो जसमा प्रधान नायक भीमसेन थापाको भावनामूलक अस्तित्व आलम्बनको रूपमा व्याप्त छ। इतिहास साक्षी छ कि भीमसेन थापाको पतनपछि पनि उनको भावनात्मक अस्तित्व काम गर्दै थियो, र यसले जंगबहादुरको राज्य कालसम्म पूर्णतः विश्राम गरेको थिएन। नेपालको इतिहासमा राजेन्द्र-विक्रम र सुरेन्द्रविक्रमको, अथवा थापा, पाँडे, रंगनाथ र फत्तेजंग शाहको नाटकीय उत्थान र पतनमा यसै भावनाले नायकत्व लिएको थियो। संक्षेपमा हामी भन्न सक्दछौं कि तल्लो श्रमिक वर्गबाट आएको सैनिक-वर्गले पूर्ण चेतनाको साथ, तर सामन्तकालीन परिस्थितिको बीच, टुँडिखेलको मैदानमा सिंहासन र शासनाधिकारको फैसला गर्दथ्यो। यस कारण त्यसै शक्तिलाई आलम्बनको रूपमा लिंदा कविको निमित्त स्वभावतः उसैमा प्रचलित शब्दावली पनि लिनु स्वाभाविक र प्रयोजनीय पनि थियो, चाहे यो चेतना अथवा अचेतन कुनै रूपमा होस्। अतः फौजमा र राजधानीका शासन-विभागमा प्रचलित अरबी, फारसी र अंग्रेजीको शब्द पनि यस पद्यमा गृहित छन्, चाहे आफ्ना मूलरूपमा, चाहे स्थानीय प्रचलनमा भएका विकारका साथ, जस्तै—

सुरुष् रंग कुर्था, जरद् पावजामा।
चमक् जोति बन्दुक् बिजुलि कि धामा॥

× × ×

परीदार मेजर् कलम् हात राषी
कमर्मा सलाभ् पर् बही चाप काषी॥

× × ×

यती गैर हाजी भनीर् बिन्ति लाव।
इनैले त सिप्चैन् अदलमा त जाव॥

बोलचालको भाषामा त्यस समय स्थानीय चलन अनुसार शब्दको जस्तो लाक्षणिक प्रयोग हुन्थ्यो त्यो पनि सर्वप्रथम यसै पद्यमा पाइन्छ जस्तै पर्रा छुट्नु, खोलेर कदम चाल्नु, छुरत देखेर मन कल्पनु, वचनका छुरा हुनु, जहरका तिलंगा, रहरको कवायद, कहरको बोली, इत्यादि ।

नायक भावना र केही अंशमा भाषा र शैलीको स्वकीयपन यदुनाथका विशेषता हुन्, र तिनको ऐतिहासिक महत्व पनि छ । विजयको जुन जोश सुगौली सन्धिभन्दा अगाडि थियो त्यसमा गत्यवरोध उपस्थित भए तापनि नेपालीहरू पूर्णतः पराजित भएका थिएनन्, उनीहरूको आत्माभिमान पस्त भएको थिएन । तर, भित्री मनले आफू बाँधिएको अनुभव भने उनीहरूको भित्री मनले गरिसकेका थिए । यस कारण शौर्य प्रदर्शनका महत्वाकांक्षी रहँदा रहँदै पनि अँग्रेजहरूसितको पराजयको युद्धको आघातले उनीहरूको भावनालाई स्वयं उनीहरू तिरै ठेल्न लागेको थियो । देशभित्रै के कस्तो साधन छ र त्यसको उपयोग कस्तो ढंगबाट हुन सक्दछ भन्ने कुरा खोज्नु यस समयको स्वाभाविक वृत्ति भयो । फेरि, यता राजेन्द्रविक्रम शाहको विचारधारा पनि अर्कै तिर ढल्कन लागेको थियो । महारानी त्रिपुरसुन्दरीको मृत्युपछि भीमसेन थापाको महत्व र अभ्युदयमा पनि केही बाधा पर्न लागेको थियो । नेपाल युद्धमा पराजयले गर्दा भारदारहरूमा पनि भीमसेन थापाको विरोध प्रबल हुँदै गइरहेको थियो । जसको परिणाम स्वरूप १८९४ विक्रममा भीमसेन थापाको भयानक पतन भयो ; यी सब वृत्तिहरूको अभ्युदयले गर्दा नेपालमा जुन बहिर्मुखीपना थियो त्यसमा रोकावट आउन लाग्नु अनौठा कुरा होइन । यस दिशामा जे छ अथवा जे अर्जन भयो त्यही नै गौरवको एकमात्र वस्तु हुन गयो । यदि यस युगमा सही अर्थमा आधुनिक राजनैतिक विचारधाराको विकास भएको भए राष्ट्रीयताको भावना स्वच्छन्द ढंगले विकसित हुने थियो । यद्यपि फ्रांसमा राज्यक्रान्ति भैसकेको थियो, र त्यसले आधुनिक राष्ट्रवादको बीजारोपण गरिसकेको थियो, तथापि एशियामा त्यसको असर आइपुगेको थिएन, अथवा यूरोपमा नै त्यसले निश्चित रूप

ग्रहण गरिसकेको थिएन। यो अवश्य हो कि यूरोपीय साम्राज्यवादको विरोधमा सैद्धान्तिक आधारमा नभए पनि जातीय आधारमा विरोधको वातावरण तयार भइसकेको थियो, र फडनवीस, टीपु र रणजीतसिंह यतापछि विचार पनि गर्दै थिए। तर, देशभक्ति र राष्ट्रवाद भन्ने कुरा पूर्णतः टुङ्गिसकेको थिएन। यस कारण यदुनाथमा सर्वप्रथम हाम्रो जातीयताले सास फेर्न लागेको लक्षण देखिए पनि त्यो आफ्नो नेता, आफ्नो फौज र यस्तै कुरामा मात्र लक्षित हुन्छ- भाषा र शैलीमा आफ्नो पन भन्ने कुरा युगधर्म र ऐतिहासिक सत्यले घचेडेर फाटफुटे ढंगले मात्र आएको छ; तिनमा स्पष्टता छैन, न कविले नै त्यसलाई ठम्याउन सकेका छन्। यसै कारण यदुनाथको भावनामा देसप्रेमको विकासोन्मुख आभा रहे तापनि त्यसको रूपको पष्ट दर्शन यहाँ भएको छैन। यसको विकास त भानुभक्त, मोतीराम आदिको लेखनीको माध्यमद्वारा प्रथम महायुद्धपछिका लेखकमा पुगेर नै सम्भव भयो। तर, बीज रूपमा भए तापनि सर्वप्रथम यस आधुनिक वृत्तिलाई प्रदर्शित गर्ने यदुनाथ नै भए।

यदुनाथले जे स्वयं देखे त्यसैको वर्णन गरेका छन्। अतः उनको रचनामा पात्र र घटनाले स्पष्टरूप ग्रहण गर्नु स्वाभाविक भयो। पश्चिमी काव्यादर्शअनुसार चरित्राङ्कनको दुइ प्रधान रूप मानिएका छन्- स्थिर (flat) र गतिशील (round)। स्थिर पात्र मानो भित्तामा लेखिएका चित्र झैं हुन्छन्। तिनमा स्वयं कुनै गति हुँदैन। तिनको सम्बन्धमा जे जति भनिन्छ त्यो कविकै मुखबाट भए तापनि चित्रको पछि राखेको यन्त्रले बोले झैं हुन्छ। गतिशील पात्र यसको विपरित यसरी प्रस्तुत हुन्छन् मानो ती हाम्रा अगाडि हिंडि डुलिरहेका हुन्। तिनको स्पष्टरूप, तिनले गरेको ध्वनि र मानो तिनको स्पर्शसम्म पनि हामीहरू अनुभव गर्न सक्दछौं। कवि जे जति भन्दछ त्यसभन्दा बढीको पनि श्रोता वा पाठक सजिलैसित तिनको सम्बन्धमा अनुभव गर्न सक्छ। यस प्रकारको चरित्राङ्कन यदुनाथको प्रस्तुत 'स्तुति-पद्य'

मा सर्वप्रथम देखिन्छ । हुन सक्दछ कि कविले स्वयं आफ्ना आँखाले देखेको र हृदयको तीव्र अनुभूतिले ग्रहण गरेकोले नै यो कुरा प्रयत्न नै नगरी कविबाट यहाँ सहजात ढंगले भयो । यदि कवि यस कलाप्रति चेतन भएका भए उनका अन्य रचनामा पनि यो वैशिष्ट्य देखिने थियो । तर अरूमा भने यस्तो उद्दाम भावना र अनुभूतिको शून्यताले चरित्राङ्कनको यो विशेषता देखिदैन ।

चरित्रको यस्तो सजीव योजनामा कृष्णचरित्रमै देखिएको कविको शैलीजन्य विशेषताले ठूलो सहायता दिएको छ । रूपको वर्णनमा विस्तारसाथ गरिएको तपसीली वर्णनले वर्ण्यपात्रको बिम्ब त खडा हुन्छ, जस्तै यहाँ :—

उपर् बाँधि तोडा त घोडा कुदाई
फुंदावाल कोडा सुधर् कर् फिराई ।
लयन् बीच काएदान् विरा पान चपाई
गई छाउनीमा खुसी छन् बनाई ।

तर, साथै तिनमा गतिशीलता भर्ने काम धेरैजसो अनुप्रासको छटाले पूरा गरेको छ । रूप-योजनामा पनि यदुनाथ ब्रजसाहित्यमा भइसकेका वर्णनलाई लिएर हिंडेका छैनन्, जो कवि परम्परामा घोटिएर निस्तेज भइसकेका थिए, अथवा कविको स्वयं अनुभूति नभएकोले निष्प्राण थिए । अलंकारवादको चमत्कारी पनाबाट पनि टाढा भएकोले यदुनाथको वर्णन स्वाभाविक र सोझो ढंगले पाठक वा श्रोताको अनुभव पटलमा साफ खडा हुन्छ । राजधानीको बीच टुंडिखेलको मैदानमा सर्वसाधारणले देखेकै कुरा पनि भएकोले त्यसलाई अनुभव गर्ने पाठक वा श्रोतालाई अझै सुगम हुन्छ ।

माथि अनुप्रासको सफल प्रयोगको चर्चा भयो । हुन त वीर-काव्यका हिन्दी लेखकहरूले पनि यस्तो प्रयोग गरेका छन्, तथापि एक त धेरैमा ग्रहण गरिएको आलम्बनको दोषले अथवा शैलीको केवल अनुकरणले र नकलीपनले धेरैजसो यस्ता हिन्दी काव्यमा यस्तो प्रयास

सफलताभन्दा ठाढा भएको छ। तर वीर र शृङ्गारको सम्मिश्रण गर्दा सम्भवत: ती कविको आदर्श यदुनाथ हो अगाडि भए तापनि हिन्दीको घेरैजसो वीरकाव्यका दोष यदुनाथका देखिन्नन्। उनले स्वाभाविक ढंगले जुन रूप खडा गरेका छन् त्यसमा अनुप्रासका प्रयोगले गति थपेको छ। जस्तै यहाँ :—

सबैमा त कम्पू तिलंगा त कर्रा
पलक्मा सलक् दी छुट्याएको त पर्रा

यदि यो वृत्ति जानी-जानी प्रदर्शित गरिएको भए शायद सर्वत्र सफल हुने थिएन। तिलंगा सिपाहीहरूले तोलेर कदम चालेको चित्र खडा गर्न नै अनुप्रासको समरूपी प्रयोग भएकोले यसमा, वर्णन र वर्ण्यको विरोध नभै अनुकूलता नै रह्यो। पद्यको पछिल्लो भागमा जहाँ शृंगारी वर्णन आउँछ यो वृत्ति कम छ, अथवा आए तापनि परुषा वृत्तिको दोहन्याइ छैन, जस्तो कि अगाडिको वीरभावनाको प्रसङ्गमा छ। यस्ता स्थलले कविको कलाबाजीको वृत्ति नदेखाई वर्णलाई स्पष्ट गर्न र त्यसको रूप खडा गर्नमै सहायता गरेको छ जस्तै :—

बडि बागमाहाँ अनेक् फुल् फुल्याको
बिलाइतकि मेवा पवन्ले झुल्याको।
भ्रमर् जाइ फुल्को मिठो रस लिन्याको
कहूँ क्या तमासा बहुतै भुल्याको॥

× × × ×

असल् भीतमाहाँ जड्याका त ऐना
मुखै देखि हास्छन् जहाँ मीननैना।
अनेक् छन तसवीर् बहुत् मोलवैना
शुगा लाल् मुनीआ जहाँ श्यामनैना॥

अलंकारवादको चक्करभन्दा रूप-विन्यास अथवा बिम्बन्योजनामै कविको विशेष आकर्षण थियो भन्ने कुरा यस वर्णनबाट पनि सिद्ध हुनेछ।

अंग्रेज लाठले सुनि टोप पड्क्यो
दाँतले त ओठ् च्बापि त भित्र सड्क्यो ।
जहाज पोली उतिरेर् भगायो
विधी बिलाइत डरले पठायो ॥

तर, कलाकारितापट्टि ज्यादै ध्यान नदिएकोले जहाँ यदुनाथको यस रचनाम शैलीजन्य विशेषता उत्पन्न भएको छ त्यहाँ अर्को एक दृष्टिले ठूलो त्रुटि पनि छ । युगभावनाको अनुकूल कविलाई यहाँ वीररसको सृजना गर्नु वांछनीय थियो । यसको निमित्त भीमसेन थापा सारै नै अनुकूल आलम्बन थिए । कारण, आफ्नो लामो अधिकार कालमा उनले नेपालको सैनिकभावनाको योग्य नेतृत्व गरेका थिए । विदेशीहरूको विरुद्ध उनले गरेको प्रयत्न केवल नेपालमै होइन बरन् समस्त एसिया खण्डको निमित्त पनि धर्मयुद्ध झैं सम्मानित थियो । अनुभाव, विभावादि रस-निस्पत्तिका तत्त्वको योजना कविले गरेका छन्, अथवा त्यसको सारै राम्रो अवसर उनलाई प्राप्त थियो । तैपनि वीर रसको ठीक परिपाक यस पद्यमा हुनसकेको छैन । स्थायी भावको रूपमा उत्साह संपूर्ण कवितामा आलोडित अवश्य छ, तर त्यसको स्थायित्व कुनै एकस्थलमा छैन । 'अंग्रेज लाठ' भयभीत भएर उम्केको प्रसङ्ग त छ, तर त्यसलाई लखेट्ने निर्दिष्ट भावना व्यक्त भएको छैन । हाम्रो अगाडिबाट मानो एक विशाल र उत्साहपूर्ण सैनिक जुलूस ठूलो सजधजकासाथ गुज्रन्छ, त्यसको नेतृत्व हामीले चिन्हेको र हामीले आदर गर्ने नेता ठूलो हात्तीमा कसिएको सुनौला हौदामा बसी गइरहेका छन्, हामी तिनलाई देखेर अनायास नै उत्साहको साथ जयकारका नारा लगाउँछौं, र चाहेको खण्डमा हामी त्यस जुलूसको साथ केही कदम छेउ-छेउ नै अगाडि पनि बढ्न सक्दछौं, तर त्यो जुलूस कहाँ जाने हो, के गर्न निस्के को हो? हामीलाई थाहा छैन । जुलूस निस्केर जान्छ— हाम्रो मनमा एक अस्पष्ट आदर, सम्मान र उत्साहको छाया छोडेर । हामी त्यस उत्साहलाई स्थायी राखेर त्यसमा सहयोगी हुन सक्दैनौं । त्यसपछि जोश क्रमशः ठण्डा हुँदैजान्छ ।

यही रूप यदुनाथको यस कविताको छ। स्थायी भावको पूर्ण परिपाकको अभावले गर्दा सीपलाएर पकाएको व्यञ्जनमा नून अलि कम भएको जस्तो हुन जान्छ। यही कुरा सहकारी शृंगारको बारेमा पनि भन्न सकिन्छ। शृंगारको पनि कविले दुइ रूप ठड्याउने प्रयत्न गरेका छन्– प्रथम, भीमसेन थापाको पौरुषयुक्त रूपलाई लिएर र दोश्रो परम्परावादी ढंगले विलास–पक्षलाई लिएर उनको दरबारी जीवनमा आश्रित। शृंगार रसको निमित्त नायक-नयिकाको रति-पक्षलाई नै लिनु आवश्यक छैन। रसको आत्मा स्थायी भाव हुन्छ र अनुभावादि त्यसका पोषक तत्वमामात्र हुन्छन्। शृंगारको स्थायी भाव अनुराग, र वीरको उत्साह हुन्छ। अनुराग चाहे देशलाई लिएर होस्, कुनै नायक–नायिकालाई कुनै पनि अवस्थामा लिएर होस्, प्रकृतिको शोभालाई लिएर होस्, शिशु अथवा बालकलाई लिएर होस् शृंगारको आलम्बन बन्न सक्छ। प्रस्तुतपद्यमा भीमसेन थापाप्रति उत्साहको साथै अनुराग पनि हुन्छ। शृंगारलाई केवल ललित र कोमल आलम्बनमा खुम्च्याउने हाम्रो वर्तमान वृत्तिमा शायद यस कथनले धक्का दिने छ, तथापि यो भारतीय परिपाटीमा नौलो कुरा होइन। बाल्मीकिले रामको जुन पौरुषयुक्त रूपको वर्णन गरेका छन् त्यो हाम्रो प्रथम उदाहरण हो। शकुन्तला-पुत्र भरतलाई सिंह-शावककोसाथ खेलाएर कालिदासले दुष्यन्तको मनमा वात्सल्यको निष्पत्ति गराउछन्। यसै गरी टेनिसनको ' लेडी अफ शैलट ' सर लेन्सलँटको जंगी रूप देखेर अनुरक्त भएकी छन्। युद्ध र विदेशीहरूलाई काटेर धपाउने उत्साहको वातावरणमा भीमसेन थापाको जंगीरूपप्रति पनि कविको अस्पष्ट र अव्यक्त अनुराग छ, र यसको खुलस्ता बाग-दरबारमा आलम्बनलाई उद्दिपनादिको परम्परागत योजनामा खडा गरेर भएको छ। तर, भारतीय वीरगाथाको परिपाटीमा अथवा युगभावनाको अनुकूल आवश्यकताको पूर्ति गर्न अथवा स्वदेशी काव्यपरम्पराको स्वाभाविक क्रममा यसो गरिए तापनि वीर रस झैं नै शृंगार पनि यहाँ शुद्ध र बलियो रूपमा प्रस्तुत हुनसकेको छैन। आजसम्म नेपाली कविहरूले राधाकृष्णको शृंगारी लीलाकै वर्णनमा धेरै जसो प्रतिभा

व्यय गरेका थिए जसको सर्वथा उल्लंघन यदुनाथ गर्न सक्दैनथे। दोस्रो, दरबार र त्यसको छायामा सर्वसाधारणमा पनि सामान्य अर्थमा प्रयुक्त हुने श्रृंगारी भावनाको प्रचार थियो। यस कारण युग वृत्तिले पनि यदुनाथको यस महत्वपूर्ण रचनालाई रति र उत्साह दुवैको काँधमा हात टेकी ठड्याएको छ।

श्रृंगार र वीर भावनाको एकै पद्यमा सम्मिश्रण भए तापनि यी दुवै अनुकूल र सहयोगी भावले यस पद्यमा सान्है राम्रो ढंगले स्थान पाएका छन्। यसका जम्मा पैंतालीस छन्दमध्ये प्रारम्भिक बाइस छन्द भुजङ्गप्रयातका छन्। यो छन्द चमक र फौजी मार्चको तालसित मिल्दछ। अतः यसमा ढुँडिखेलका जोशीला पल्टन र तिनका नायकको वर्णन भएको छ। यसपछिका नौ छन्द इन्द्रबज्राका छन्, जसमा हतोत्साहहित अंग्रेजी पक्षलाई अगाडि सारिएको छ। तत्पश्चात श्रृंगारका ललित भावनाहरू फेरि प्रधानताको साथ र भीमसेन थापालाई लिएर भुजंगप्रयातमा दगुर्दछन्। उत्साहको उग्रता, अनि शत्रुको पलायनमा उत्साहपूर्ण विनोद, र अनि श्रृंगारको विधानमा सम्पूर्ण रचना एक विशेष आकारमा सजिन्छ। भावना, विषय, छन्दयोजना र शैलीको समन्वय र सन्तुलनले यो रचना विशेष चमत्कारी बनाएको छ।

ऐतिहासिक रीति-रीवाजको प्रामाणिक उल्लेखको दृष्टिले पनि यो रचना निकै महत्वको छ। भीमसेन थापा नै प्रधान आलम्बन भए तापनि तल्ला दर्जाका सिपाहीहरूलाई नै अँगालेर कविको भावना दगुरेकोले साहित्य अब सम्पन्नहरूको लहडी बैठक र पूजा पाठको आसनमै नखुम्ची जनतातिर पनि बढ्दै थियो भन्ने कुरालाई यस पद्यले साफ साफ देखाएको छ। भानुभक्तमा देखापर्ने जनवादको यो कविता यसरी केही अंशमा अग्रदूत झैं देखिन्छ।

यस महत्त्वपूर्ण पद्यको अतिरिक्त माथि नै उल्लेख भए अनुसार भीमसेन थापाकै प्रशस्तिमा लेखिएको एक अर्को 'स्तुतिपद्य' पनि प्राप्त छ। यसमा शार्दूलविक्रीडितका सोन्ह छन्द छन्। ऐतिहासिक महत्वका केही कुराको अतिरिक्त यसमा कुनै विशेषता छैन। रचनाको

अन्तिम भागमा कविले आफ्ना घरेलु झंझटको कुरा गर्दै त्यसबारे अनुकूल फैसला दिने अर्जी भीमसेन थापालेउ पेश गरेका छन्। भाषा र शैलीको धेरै अंश यदुनाथका अन्य रचनाहरूकै ढंगका छन्, तर काव्य-सौष्ठवमा जस्तो शिथिलता देखिन्छ त्यसले कवि अब परिवारको प्रमुख भएर घरधन्दामा व्यस्त देखिन्छन्। आफ्नो अर्जीतिर भीमसेन थापाको ध्यान आकृष्ट गर्न नै यो रचना पद्यमा भएको होला। यसै कारण यो रचना पछिको अनुमान गरिन्छ। भीमसेन थापाको पनि अब राजदरबारमा उस्तो महत्व थिएन। नायकको शिथिलताको छाया रचनामा पनि पर्नु स्वाभाविक छ। भीमसेन थापाको जुन प्रशंसा यहाँ भएको छ त्यो पनि अघिल्लो स्तुति पद्यकै आधार र पृष्ठपोषणमा यसले कवितामा अझै शिथिलता ल्याएको छ। यसको एक छन्द नमूनाको निमित्त तल दिइन्छः--

> श्री नेपाल नृपालका तखतमा कम्पू जम्याको सुनी।
> काबिल काँपिगयो पर्‍यो थरहरी पोसाँन् बिलाइत पनि॥
> षन्दार् षाक भयो बलष गलिगयो लेषा अरूको कति।
> लङ्कामा पनि यो षबर् सुनि कहर् शङ्का मनैमा अति॥

× × ×

यदुनाथको जम्मा तेह्र छन्दको एक अर्को रचना पनि प्राप्य छ, जसका लगभग साढे तीन प्रारम्भिक छन्द बेपत्ता छन्। यसमा एक मालिनी, एक स्रग्धरा र शेष शार्दूलबिक्रीडित छन्द छन्। पंचम छन्दमा 'तज्बिज् ले गढि चाहिन्या स्थल तहाँ राजन् कि लो कामको' लेखिएकोले र भीमसेन थापाको केही चर्चा नभएकोले यो रचना भीमसेन थापाको पतनपछि राजेन्द्रबिक्रम शाहको प्रशस्तिमा लेखिएको बोध हुन्छ। यसमा नेपालराज्यका गढीहरूको क्रमवार उल्लेख भएको छ, जसमा देशको पूर्वी भागलाई नै प्रधानता दिइएको छ। एक ठाउमा 'तेसको संखया अरुले बुझि सुझी कहनन् देषन्या बिन्ति गर्नन्' भनेर

कविले पश्चिमी क्षेत्रको ज्ञान आफूलाई नभएको कुरा प्रकट गरेकाछन् । यस अनुसार कविले नेपालको पूर्वी पहाड र तराई भागमात्र डुलेको स्पष्ट छ ।

रचना-शैलीको मिलान गर्दा यो पद्य यदुनाथकै कलमबाट प्रसूत भएको प्रकट हुन्छ । धेरै पछि लेखिएकोले यसमा कविको प्रतिभा एकदम सुकेर गएको र उनी अब केवल पिङ्गलको नियममा अक्षर भर्ने व्यक्ति बाहेक केही शेष नरहेको थाह पाइन्छ । राज-स्तुति, त्यो पनि शिथिल रूपमा, गरे तापनि देशको दृढतामूलक प्रशंसाको केही अंश यसमा रहेकोले यदुनाथको रचनामा भेटिने देशानुरागको प्रतिध्वनि यसमा महत्वको छ । पुरानो सैनिक जोशको ऊर्जस्वित तरंग अब शान्त भएर भविष्यमा अझै स्पष्ट ढंगले देशप्रेमको धरातलमा बग्ने नेपाली काव्यप्रवाहको हलुका मरमर आवाज कान थापेर सुन्दा यस कवितामा सुनिन्छ ।

—卐—

## आत्म-चरित्र

विश्वेश्वरप्रसाद कोइराला

# मेरो जीवन-कथा

मेरो जन्म एउटा द्विविधामा भएको हो। मृत्युलोकको द्वारसम्म आएर मानो म गम्न लाँगें-जाऊँ कि नजाऊँ ? उता आमा असहनीय वेदनामा छटपटाएर बारम्बार मूर्छित भइरने, म भने बडो बुज्रुग जस्तो भएर चिउँडोमा हात राखेर सोचि रहने—जीवनमा हाम्फालि हालूँ कि के गरूँ ? यौटी डाक्टरनीले बलजफती मर्त्यलोकको यस घाटमा उतारेर ल्याइन्। सम्भवतः उनले यसो नगरेको भए मेरो अन्तिम हठ नआउने पक्षमै हुनेथियो। किनभने आफ्नो त्यस बखतको हुती र सामर्थ्यलाई बटुलेर भरसक डाक्टरनीको प्रयत्नलाई विफल, पार्ने यावत कोशिस मैले गरें; हात फैलाइदिएँ, गोडा पसारिदिएँ अर्थात् म यथासाध्य नआउनलाई अन्तिम घडीसम्म प्रयत्नशील रहें। जन्मिने घडीमै मैले आफ्नो अड्डीपनको पूरा परिचय दिएँ। आउनत आएँ, तर खुशी-राजीसंग आइन। ममाथि त्यस दिन बल-प्रयोग गरेको हुनाले हो कि म जीवनमा आजन्म विद्रोही रहें। मेरो हृदयमा त्यस दिन नै विद्रोहको बिउ रोपियो होला। सजिलैसँग आफ्नो पक्का विचार बनाई नहडबडाईकन म उत्तिर्ण हुन पाएको भए मेरो र समाजकाबीच राम्रो सम्बन्ध स्थापित हुने थियो। म पनि अरूहरू जस्तै अरूले जे गऱ्यो त्यही गर्ने थिएँ र परम्पराको पक्का पूजारी हुनेथिएँ।

ती डाक्टरनी आमा अहिले कहाँ होलिन् ? लगभग चालीस वर्ष अघि उनको निपुण हातले यन्त्रवत एउटा कार्य-सम्पादन गऱ्यो-उनको आजीविकाको एउटा साधारण काम। उनले के सोचेकी होलिन् कि त्यस दिन नजानिदो तवरले उनले एउटा तूफानको बित्ताभरीको बिरूवालाई समाजको शान्त- सागरमा जरो हाल्न छडिदिइन्। उनले असल काम गरिन् कि खराब काम त्यसको लेखा-जोखा सहस्र जिह्वा भएका शेषनागले पनि गर्न सक्दैनन् भने जावो मानि-

सले के गर्न सक्ला ! कारण, जीवनको मूल प्रश्न नै यो हो–आन्दोलन वा निस्तब्धता ? अब ती डाक्टरनी आमाका प्रति आज मेरो मनमा कस्तो भावना छ, यो प्रश्नको यथार्थमा म निश्चितरूपले उत्तर दिन सक्तिन। मेरो जीवन–लीला समाप्त भएपछि मेरो जीवनको तमाम कर्तव्यको परिणामले–शुभ अशुभ जे जसो भएको छ तदनुसार उनका आत्मालाई आशिर्वाद या सराप दिनेछ। मैले यदि जन्मेर मानव–जातिको कल्याणका लागि केही गर्न सकें भने, यदि कुनै दुःखीको आँखाको आँसु पुछ्न सकें भने, कसैको अनुहारमा नजानिंदो भए तापनि मैले आफ्नो कर्तव्य द्वारा उत्साहको रेखा दौडाउन सकें भने, डाक्टरनी आमाकोलागि अनन्तसम्म मेरो आत्माको हात आशिर्वाद दिन उठिरहने छ।

जन्मेकै दिन मैले आफ्नो कोठाको निरीक्षण गरें। अँध्यारो, केही धुवाँले र तेलको गन्धले रंगमगिएको वातावरण, मैला लुगाफाटा, बिछयौना तकिया, श्राङनो र ओड्ने सीरक। त्यस निसास्सिने वातावरणमा म बारम्बार चित्कार गरी उठ्थें- असन्तोषको पीडा र सामर्थ्यहीनताको अरण्य रोदन ! त्यस अन्धकारमा केवल एउटा प्रकाश किरणको सम्झना हुन्छ-- त्यो थियो आमाको आनन्दले प्रस्फुटित भएको तेजिलो आनन। दुबली, पातली, अलिल अलिल, पहेंली-रक्तहीन अनुहार! तर त्यस शरीरबाट कहिल्यै पनि मलिन नहुने चन्द्रप्रभाको कोमल धार कोठालाई उज्यालो पार्दै बगि रहेको थियो। सुन्दरी माता स्नेहमयी— उसले टकटकी लाएर मलाई हेर्न मात्र जानेको थियो। बालिका माताको प्रथम पुत्र म !!

यी सब कुरा मैले सम्झनाको आधारमा लेखेको हुँ। सम्भव छ, पछि सुनेको र देखेको कुराको अनुभव मस्तिष्कको तल्लो तहमा जमेर बसेको होला, र आज त्यो अनुभव सजग भएर मलाई र मेरा पाठकहरूलाई एक प्रकारले धोखा दिने प्रयत्न गरिरहेको होला। सरासर झुठो कुरा म लेखि रहेको हुँला। म जन्मिएको कोठा अँध्यारो थिएन होला; डाक्टरनीले आधुनिक सिद्धान्तको अनुसार कोठालाई

उज्यालो र हावादार राख्न करलगाएको होइन । म रोइरहिन हुँला ।

धेरै दिनपछि जब म तेह्र वर्षको थिएँ हामी त्यही गल्लीमा बस्न पुग्यौं जुन गल्लीमा म जन्मेको घर पनि छ । बनारसको गल्ली, त्यसै अँध्यारो, हामी नेपालीहरूले आवाद गरेको गल्ली झन अँध्यारो थियो । मेरा बुजुर्गले भने-- ऊ हेर, त्यै हो तँ जन्मेको घर । मेरा लागि त्यो ज्ञान विशेष रहरको थिएन । त्यस घरमा नजन्मेर अर्को घरमा जन्मेको भए के फरक पर्दथ्यो र ? तेह्र वर्षको बढ्ने उमेरले पछि फर्किने उत्साह नदेखाएको स्वाभाविकै हो । आज बीचमा फर्की फर्की मैले त्य गरेको जीवन यात्राको लामो बाटोलाई हेरि रहन्छु । जन्मेको थलोले पनि मेरो आजको आँखामा महत्व राख्तछ तर त्यस समयमा पनि एउटा कुराको सम्झना झट्ट भयो । कलकत्तामा विद्यासागर जन्मेको घर हो कि पछि उनी बस्न आएको घर हो त्यहाँ मैले सेतो मारबलमा कालो अक्षरले त्यो ऐतिहासिक घटनालाई सम्झाएको कुरा देखेको थिएँ । अरु विशेष रहर आफ्नो जन्मस्थललाई देख्दा मलाई नभए तापनि कलकत्ताको विद्यासागरको घरको मारबल र कालो अक्षर सम्झें । त्यस पछि तेत्तीस वर्षको उमेरमा मैले आफू जन्मेको घरमा जाने मौका पाएँ । धरणीधर दाइ दार्जेलिङबाट जाडो छल्न बनारस आउनु भएको थियो । संयोगले वहाँहरूले त्यही घर भाडामा लिनु भएछ । वहाँले घरको कोठा चोटा देखाउँदै भन्नु भयो-- " ल, हेर राम्ररी आफू जन्मेको थलो । " म अवाक भएँ । घर त अत्यन्त सफा सुग्घर र उज्यालो ! उमेरको असरले गर्दा अभिमानी मनले भन्यो– यस अँध्यारो गल्लीमा जन्मिदा पनि मैले उज्यालो थलो नै खोजेछु । महत्वाकांक्षाले हृदयमा घर गरिसकेको थियो ; त्यसो हुनाले मलाई त्यो घर साधारण लागेन ।

× × × ×

चन्द्रगंज बजार, सिराहानेर चन्द्रशमशेर महाराजको नाउँमा बसेको । त्यहाँ एउटा पोखरी छ, त्यसको दक्षिण पश्चिम–झीलमा

हाम्रो कचहरी छ, अर्थात् बजारअड्डा सम्बन्धी कामकाज गर्ने अफिस त्यही हो। पिताजी त्यहीं बस्नु हुन्छ, तर मलाई वहाँको सम्झना छैन। कचहरीको डीलभन्दा पश्चिमतिर सडक र ठीक सडक सँगै टाँसिएको पश्चिमपट्टि हाम्रो घर छ। बाल्यकालको विस्मृतिको सागर जयाभावी उडेर देखा परेका सम्झनाका टापूहरूमध्ये सागरको सतहसँग झण्डै झण्डै मिस्सिएको र हुत्त्याउन गाह्रो पर्ने साना साना टापू मेरा तिनै हुन्— चन्द्रगंजको बजारअड्डा, धूलोले भरिएको सडक र फूसको घर। म तिनताक दुइ तीन वर्षको थिएँ। मानिसहरूले मलाई बोकी हिंडेको देख्दा र अनायास मलाई खुशी पार्ने प्रयत्न गरेको देख्दा म शायद बालक कालमा सुन्दर र रहर लाग्दो हूँला जस्तो लाग्छ। आमाको कुरा पत्याउने भएदेखि म जस्तो सुन्दर कोही पनि थिएन। तर आमाको आँखाले धोका दिने कुरा सबैलाई थाहा छ। म राम्रो रङ्गीचङ्गी नाना लाएर जुत्ता-मोजा पहिरेर, कपाल टिम्म कोरेर, घाम बचाउन रङ्गीन छाता लिएर घरबाट बाहिर निस्की सडकको छेउमा आएर उभिन्थें। आमाले मलाई सिंगारेसम्म सिंगार्नु हुन्थ्यो— बास्ना आउने तेल, पाउडर, नयाँ नयाँ डिजाइनका लुगाहरू इत्यादिले विभूषित भएको म मानव पुत्रभन्दा जापानी पुतली जस्तो देखा पर्दथें। आमा गर्वले मेरो म्वाजी खाएर मलाई कचहरीमा बसेको पिताजीकहाँ पठाउनु हुन्थ्यो। म सडक छेउमा आएर जुत्तामा धूलो लाग्ला भन्ने डरले उभिरहन्थें। कचहरीबाट कसैले देख्यो भने दौडेर आएर अथवा सडकमै हिड्ने बटुवाले मलाई बोकेर कचहरीसम्म पुन्याइ-दिन्थ्यो। हीलो र धूलोलाई म सबभन्दा घृणा गर्दथें। आजसम्म धरतीमातासँग ममत्व हुन सकेको छैन।

कचहरीमा दिन काट्न गाह्रो नै नपर्ने। थरिथरिका मानिस, थरिथरिका कुरा र सबैको आकर्षणको केन्द्र विन्दु म! बाँदर नचाउँने, भालु नचाउने, चटक गर्ने, र अरू तमाशा देखाउने यावत मानिसहरू मानो मलाई नै खुशीपार्न आफ्नो आफ्नो करामत देखाउन त्यहाँ आइपुग्थे। डरलाग्दा जोगीहरू पनि कहिले कहिले आउँथे र राती

पनि तिनीहरूलाई सपनामा देखेर तर्सिन्थें। चन्द्रगञ्जमा जोगीहरूले मेरो मनमा सबभन्दा पहिले डरको संचार गराए। नत्र भने बडा उत्साहका दिन थिए ती मेरा! हाम्रो कुकुर थियो; कस्तो चनाखो भने, एकचोटि एउटा चाँदीको चम्चा हरायो, घरका नोकरचाकरहरूमा खलबली परेको थाहा पाएर त्यो कुकुर सुट्ट बाहिर निस्केछ र कहाँबाट चम्चालाई फेला पारी मुखमा च्यापेर आमाहरू पात गाँसेर बसेको ठाउँमा ल्याएर दियो। त्यसरनी मानिसहरूको बीचमा त्यसको सीपको खूब चर्चा भयो। मलाई राम्ररी सम्झना छ; हिउँदको घाम पश्चिमतिर ढल्किसकेको थियो; एकछिनमा आमाहरू पात गाँसेर घरको तरख-रमा व्यस्त हुनु भयो। आफ्नो प्रशंसामा कृतज्ञता ज्ञापन गर्दै कुकुर पुच्छर हल्लाई रहेछ।

हाम्रो तबेलामा घोडाहरू पनि छन् विभिन्न जातका। हामीलाई त्यो सेतो ठूलो अरबी घोडाको लागि गर्व छ। नजिकमा त्यसतो घोडा कसैको छैन रे। अग्लो भने कस्तो कि एकचोटि त्यसमा चढ्दा पृथ्वी पाताल जस्तो गहिरो लाग्ने। त्यो घोडा अचानक एक दिन अस्तबलमै मरिरहेको पाइयो। आफ्नो विशाल कायाको प्रमाण दिंदै मृत्यु उपरान्त पनि त्यसले उत्तरपट्टिको अस्तबलको गारोलाई फोर्ने कर लगायो। म यस कुराले प्रभावित भएँ कि बाचुन्जेल आर्जन गरेको प्रतिष्ठा कि त्यत्रो अग्लो घोडा अरू कसैको छैन-लाई कायम राख्दै मर्‌यो। ठूलदाइ (मातृकाप्रसाद)-को आफ्नो सानो क्यान्टे घोडा थियो। कति सानो भने अग्ला मानिसहरूले चढ्दा गोडा भूईंमा छुन्थ्यो। ठूलदाजूले त्यसमा चढेको त सम्झना छैन तर बर्षैचामा बेलुकी पख पालैसँग त्यसमा मानिसहरू चढ्दथे। हाम्रो गाई गुजराँती खालको थियो; हरिहर क्षेत्रको मेलामा किनेर ल्याएको। ती गाई पनि कीर्तिवती थिइन्। पिताजी आफैं बसेर त्यसलाई पाकेको केरा खुवाउनु हुन्थ्यो र एक किसिमको घाँस। त्यो विशेष प्रकारको घाँसका साना साना मूठा बनाएर पिताजीले आफ्नै हातले ख्वाएको मलाई राम्ररी संझना छ। त्यो घाँस गाईलाई ख्वाउनु रे; किनभने

त्यो गाईकालागि हामीलाई दूध जस्तो पौष्टिक हुन्छ। दुवै साँझ गरेर पुग-न-पुग एक मन जति दूध हामी त्यस गाईबाट पाउथ्यौं। यसरी चन्द्रगंजमा एउटा बालकलाई चाहिने सबै सामग्रीहरू मौजूद थिए - धनधान्यपूर्ण घर, स्नेहमयी माता, प्रतिष्ठावान तेजस्वी पिता, माया गर्ने बन्धुबान्धव। धूलो र हीलो नभएको भए चन्द्रगंजको छाप मेरो मनमा स्वर्गतुल्य हुन्थ्यो।

तर पछि त्यही चन्द्रगंजको माटो यस्तो खुकूलो थुम्को जस्तो लाग्यो जसबाट हावाको झोँकामा माटोको पत्र उडेर वातावरणलाई धूलोमय बनाइरहेको हुन्छ। म दश-एघार वर्षको थिएँ। ………

× × ×

चन्द्रगंज अब त्यो चन्द्रगंज रहेन। सम्भव छ चन्द्रगंजमा स्वयं केही परिवर्तन नआएको होस- त्यो बजार पहिले जस्तो थियो पेले पनि त्यस्तै होला, परिवर्तन ममा भयो होला। जे होस् आज चन्द्रगंज त्यस्तो माटाको डल्लो जस्तो लाग्दछ जसमा हावा, घाम, पानीको सदाको आघातले पत्र पत्र गरेर माटो खुकूलो हुँदै वातावरणलाई धूलीमय बनाइसकेको छ। त्यहाँको घर, मान्छे, गाडा, रुख इत्यादि धूलोको आवरणमा निस्तेज भएका छन्। आजको आँखालाई म टम्म थुन्छु अनि मात्र चार दशाब्दी अघिको बाल-चक्षु उघ्रिन्छ। समयको अन्तर र बालककालको कौतुहलपूर्ण मौलिक अनुभव- यी दुबैले गर्दा सपनामा देखेको स्वर्गको झलको जस्तो मलाई चन्द्रगंज लाग्दछ।

ठूलो भएपछि दुइ चोटि चन्द्रगंज गएको छु। म ९।१० वर्षको थिएँ। चन्द्रशमशेरको पालामा उनको आज्ञाविना देशका रूखहरूको पातसम्म हल्लिन डर मान्दथे। हामी उनैको कोपभाजन भयौं। खेदिएर हामी मुगलान पस्यौं। महाराज चन्द्रशम्सेरको हुकुम थियो कि मेरा पिता श्री कृष्णप्रसाद् र उनका परिवार कोही पनि सदस्य नेपालमा देखापरे भने तुरुन्त थुन्नु।

म दुइवर्षको हुदोहुँ मैले पनि भागेर आफ्नो परिवारकासाथ हिन्दुस्तानमा शरण लिनु पर्‍यो। दुइ वर्षको म बालकलाई के को डर ? किन

तिमी पनि साथ लागेर हिन्दुस्तान पस्यौ ? इत्यादि प्रश्न अहिलेको कालमा स्वाभाविक हुन सक्दछ तर त्यस बखत कृष्णप्रसादको छोरा पनि अत्यन्त महत्व राख्दथ्यो, आफ्नो पिताको कर्तव्यको परिणाम उसले पनि बेहोर्नु पर्दथ्यो । यो चालीस वर्ष पहिलेको कुरामा आश्चर्य मान्नु पर्दैन किनभने २००६ सालमा पनि एक किसिमले त्यस्तै घटना घटेको छ- प्राइम-मनिष्टर मोहनको पालामा । मेरो राजनैतिक कार्यवाहीदेखी क्रुद्ध भएर सरकारले मलाई फेलापार्न नसकेकोले मेरो जेठो छोरालाई पक्रेर कागज गराउनु भन्ने आदेश सरकारले गरेको थियो । मेरो अशिक्षित छोरोले कसरी कागज गर्न सक्दथ्यो, एक वर्ष पनि नपुगेको बालकले लेख्न जानेको थिएन । सौभाग्यले मेरो छोराको अशिक्षाको पोल खुल्न पाएन कारण त्यो पनि राजनैतिक शरणार्थी भएर हिन्दुस्तानमा मसँगसँगै थियो । कति सानो भवितव्यले धेरको लाज बच्यो-सरकारको लाज कि बालकलाई कागज गराउने, मेरो कि बालकलाई अशिक्षित राख्ने ।

म भन्दै थिएँ कि म ९।१० वर्षको उमेरमा चन्द्रगंज गएँ लुकेर, छद्मभेशी भएर । हिन्दुस्तानपट्टिको बजार जयनगरमा म पिताजीको-साथमा केही दिनदेखि थिएँ । पिताजीले के साँचेको थियो कुन्नि वहाँलाई भोक नलाग्ने, मेरो पेटमा भने सदा सर्वभक्षी अग्नि बलिरहने । दुइ छाकदेखि हामीले खाएको थिएन, मलाई मलिन भएको देखेर वहाँले, केही पैसाको उपाय गर्न बोधप्रसाद (साँहिला दाइ)लाई एउटा चिट्ठीकासाथ सिराहा पठाउनु भयो । नेपाल राज्यभित्र पस्न साहिला दाइलाई उति डर थिएन जति मलाई, र साथै वहाँ उमेरले गर्दा मभन्दा जिम्मेदार पनि हुनुहुन्थ्यो । धेर छलफलबाट मलाई जान पनि हठात् केही डर छैन भन्ने भयो र म पनि साथ लागें । आरू ठाउँमा डर थिएन तर चन्द्रगंज बजारमा र सिराहामा भने डर निश्चय थियो । मलाई चिन्ने मानिस त्यहाँ हुन सक्दथे । चन्द्रगंज पुग्नुभन्दा धेरै पहिलेदेखि नै आफ्नो हिंडाइ र आकृतिमा परिवर्तन ल्याउने प्रयत्न मैले गरें । कसैले मलाई अध्ययन गरेको भए म निश्चय नै आफ्नो प्रयत्नमा हास्यास्पद सावित गर्ने थाहेको हुन्थें ।

तर मलाई कसैले ध्यान दिएन। धूलोले ढकमक्क भएको म व्यक्तित्व-हीन भइसकेको थिएँ। म दाँया बायाँ कतै हेर्दिनथें। हाम्रो परिवारको हितचिन्तक डा० कामिनीभूषणकहाँ हामी यसरी पस्यौं जसरी घरमा चोर पस्दछ। डाक्टरको घरको पर्खाललाई आफू र बाहिरको दुनियाँको बीचमा पार्नसकेपछि हामीले निश्चिन्तताको स्वास लियौं। त्यस दिनको कामिनीभूषण र उनको परिवारले दिएको स्नेहलाई कहिले पनि बिर्सन सक्दिन। पिताजीको चिट्ठीकोसाथ मैले आफ्नो परिचय वहाँलाई दिने बित्तिकै सबभन्दा पहिलो काम वहाँले कोठाको ढोका बन्द गर्नु भयो, अर्को सुस्तरी बोल्न थाल्नु भयो। यति सावधानी लिसकेपछि वहाँले आफ्नो परिवारका तमाम सदस्यहरूलाई कोठामा डाक्नु भयो र मेरो परिचय दिनु भयो। घाम, धूलो र भोकले मेरो कण्ठ सुकिरहेको थियो। फाटेको वाणीमा मैले पानी मागे। डाक्टरनी आमाले बाक्लो दूधमा फर्वा (भूजा) हालेर दुइ कचौरा हाम्रो अगाडि राखि-दिनु भयो।

डाक्टर भन्दै छन— सुन्यौ यी हाम्रा मित्रका छोरा हुन। उनैको प्रेरणा र मद्दतले हामा यहाँ आयौं र घरद्वार गर्न सक्यौं।

म दूध र भुजा खाँदै छु; त्यस्तो मीठो दूध। आजसम्म दूध र भुजा मुछेको मलाई मन पर्दछ। त्यसै दिन यो स्वादको बिउ मेरा ओठमा छरियो।

घरका जहान— बालक, बूढा, लोग्नेमानिस, स्वास्नीमानिस सबै हा-मीलाई घेरेर उभिरहेका छन्। म मुण्टा गाडेर खाइ रहेको छु। डाक्टर भन्छन्- खरदार बाजे (मेरा पिताजी) जस्तो निर्भिक व्यक्ति मैले देखेको छैन र कति कर्तव्यशील हुन्छ वहाँ। मलाई गर्व छ कि मेरा जीवनमा वहाँको साहचर्य मलाई प्राप्त भएको छ।

मीठा कुरा, मीठा भोजन, मीठा वातावरण-- केवल त्रुटि एउटा मात्रै-- भोजनको अपर्याप्तता।

तर त्यतिले पनि थेग्ने भो। त्यहाँ धेरै बिलम्ब नगरी हामी सिराहातिर लम्क्यौं।

हालै दुइ वर्ष अघि फेरि एक चोटी चन्द्रगञ्ज जाने मौका मैले पाएको छु। जय जयकार, फूलमाला, चारतारे झण्डा, कालो झण्डा, धूलो, आमसभा, भाषण, फेरि धूलो, जिन्दाबाद, मुर्दाबाद, धूलो, धूलो धूलो !!

× × ×

बनारस--बाल्यकाल काशीमा बित्यो । बुज्रुगहरू दुःखले बित्यो भन्दछन् तर मलाई त्यसको अनुभव भएन । मेरो प्रकृतिमा कुन्नि के यौटा यस्तो तत्व छ जसले दुःखलाई ग्रहण गर्नुपर्दा त्यसको अनुभवलाई कटु हुन दिदैन । मैले जीवनमा धेरै कष्ट र दुःखको अनुभव गरेको छु । धेरै व्यक्तिले मलाई धोका पनि दिएका छन्, मलाई भने न तो कष्टका दिनका प्रति कटुता नै छ न तो व्यक्तिहरूका प्रति रीस नै ।

बनारसमा हामीलाई निश्चय नै दुःख थियो । लुकाउनु पर्ने कुरा के-- दुइछाक टार्न धौ धौ पर्थ्यो । कहिले कहिले त उपवास गर्नु पर्दथ्यो । चनाभुजाले धेरै छाक टारेको जस्तो मलाई लाग्दछ । चनामा धेरै गुण छ-- सस्तो, कमती मात्रामा नै पर्याप्त भोजन पुग्ने र त्यसलाई पानीमा डुब्यायो भने आकारमा वृद्धि हुनाकासाथै नुन छर्न पाइयो भने सुस्वादु पनि हुने । एक दिनको कुरा मलाई राम्ररी सम्झना छ । साँझ परेको थियो । हामीहरू अटालीमा भोजनका लागि तयार भएर एकत्र थियौं । प्रायः ४१ जना जति । हामी पंक्तीबद्ध भएर बस्यौं । आमाले सकी नसकी यौटा ठूलो माटाको भाँडो उचालेर ल्याउनु भयो ।

आज पनि चना !

पिताजीले भन्नु भयो-- पहिले बालकहरूलाई बाँड । पुगेपछि हामी खाउँला ।

पुरुष-पंक्तीमा सबभन्दापछि पिताजीले चना लिनु भयो । स्त्री० पंक्तीमा अन्त्यमा चनाको वितरण भयो । सब खान बसे ।

यसलाई दुःख भन्ने ? वनभोज जस्तो थियो । रमाइलो कुरा हुनथाले । पिताजीले यस्सो आमातिर हेर्नु भयो । आमाले मुस्कुराएर वहाँको उत्तर दिनु भयो ।

भान्दाइ रामचन्द्र अधिकारी भन्नथाल्नु भयो-- औरङ्गजेबले आफ्नो पिता शाहजहाँलाई थुनेर राख्दा कष्ट दिने नियतले सोधी पठाए-- बुबाले एक प्रकारको अन्न मात्र खान पाउने तसर्थ कुन अन्न वहाँलाई रुचिकर छ सो भनेका खण्डमा बन्दीगृहमा पुर्याउने व्यवस्था हुनेछ ।

शाहजहाँ--दुनियाँको मालिक, कलाकार शाहजहाँ जसले पृथ्वीमा कालको कपोलमा टल्केको यौटा अश्रु बिन्दुलाई स्थापित गर्नसक्यो--ताजमहलको रूपमा-- त्यस शाहजहाँले बन्दीगृहबाट उत्तर पठायो--थना।

भान्दाइले आफ्नो कथा टुङ्ग्याउनु भयो--त्यही थना आज हामी खाइरहेका छौं।

भान्दाइका दुइटा पत्नी र छोराछोरीहरू थिए। हाम्रो प्रवासको कुटुम्बमा वहाँ हाम्रा बीच यौटा साहित्यिक हुनुहुन्थ्यो, आशुकवि पनि। औसर औसरमा झट्ट कविता बनाएर सुनाउनु हुन्थ्यो। राजनीति विषयमा पनि अत्यन्त तर्क गर्नसक्ने। अकबारहरू पढ्यो अनि तिनको अर्थ लाउन थाल्ने, कुनै विशेष घटना भो त्यसको पछिसम्म पर्ने राजनैतिक असरका उपर लामो व्याख्या, कसैको भाषणको लुकेको तात्पर्य बडो तार्किक ढङ्गले हामीलाई बुझाउने। तर राजनैतिक विषयमा पनि उहाँको कविगुण नै प्रधान रहन्थ्यो अर्थात् वहाँको विचार वाह्यवास्तविकताभन्दा आन्तरिक भावनामा आश्रित रहन्थ्यो। कविगुणको यौटा अर्को अभिव्यक्ति अल्हडपना वहाँमा प्रशस्त थियो। पिताजीका हिन्दुस्थानी मित्रहरूकाबीच वहाँ बाबा कहलाउनु हुन्थ्यो। एक दिनको कुरा-बेटुका हामीले उपवास बसेर सुनेका थियौं। भोलिपल्ट उठ्दा पनि सम्भावना कुनै आशाप्रद थिएन। केही नलागेर पिताजीले भान्दाईलाई खर्च खोज्न हाम्रा मित्र प्रो. गणेसदत्त शास्त्रीकहाँ पठाउनु भयो। शास्त्रीजी हिन्दू विश्वविद्यालयको अंग्रेजी साहित्यका अध्यापक हुनुहुन्छ। शास्त्रीजीकहाँ त्यस बेला तास जमिरहेको थियो। श्री सिताराम पन्त जो हरिश्चन्द्र कलेजको अध्यापक हुनुहुन्छ पनि त्यही हुनुहुन्थ्यो। अरू मित्रहरू पनि थिए।

'आइए बाबा' भन्दै सबैले उत्सुकतापूर्वक भान्दाइको स्वागत गरे।

भान्दाइलाई तासको बडो शौख। फेरि तिनताका तास पनि कत्रो तन्मयताकासाथ खेलिन्थ्यो, कति छलफल हुन्थ्यो, रिसारिस, कति गर्मी।

# भेट :–

शंकर लामिछाने

## आलोचक हृदयचन्द्रसिंह प्रधान

हृदयचन्द्रसिंहजी सर्वप्रथम मेरा आँखामा *साहित्य स्रोतका* सम्पादकका रूपमा आउनुभयो । अनुहारमा पउटा जँगरिलो-पन लिएर वहाँ साहित्यको रणभूमिमा ओर्लनु भएको हो । त्यस मान्छेलाई लेखक हुन ज्यादै नै परिश्रम गर्नुपरेको थियो । यो मैले थाहापाएँ उहाले नयाँ पालुवा प्रति चाख, प्रोत्साहन दिएको हुनाले । मेरो प्रथम कृति 'हाम्रो समाजमा नारीको मूल्य' पनि *साहित्य स्रोतमा* छपाउने श्रेय हृदयचन्द्रजीलाई नै छ । नाउँ नचलेको मान्छेले लेखेको लेखलाई मानिस कत्तिको हेय दृष्टिले हेर्दछन् त्यसको अनुभव पनि मलाई धेरै दिन गर्नु परेन । मेरो हृदयको पीर उहाँले बुझ्नुभएछ भन्नुपर्‍यो । *सहित्य स्रोतमा* त्यस लेखलाई स्थान दिएर फोसामा उहाँले झन् त्यसको तारीफ पनि गर्नुभयो । म फुलिहालें भ्यागुतो झैं । यसको नतीजा तपाईंहरूका सामु छ आज म खुद्दै उहाँको बारेमा लेख्ने प्रयत्न गरिरहेको छु ।

उहाँमा के छ त्यस्तो जो म लेख्ने विषय बनाउँ । उहाँमा जे पनि छैन छ । पढ्न सकेको छैन, लेख्न सकेको छैन, पैसा बटुल्न सकेको छैन, नाउँ कमाउन सकेको छैन । उहाँ न हृदयचन्द्र हो न सिंह । हृदयको कुरा भनुँ भने क्षयरोगले ग्रहण लगाएको छ । सिंहको कुरा हो भने उहाँमा सिंह झैं झम्टेर हातमा शिकार लिन सक्ने क्षमता पनि छैन । असलमा उहाँका बाबुआमाले गरेको नामकरणसँग उहाँको अलि अलि समानता देखिन्छ । त्यो हो चन्द्रप्रसाद । प्रसाद भनिन्छ भोग लगाइसकेको विषयलाई । हृदयचन्द्र–चन्द्रप्रसाद साँच्चिनै बासी प्रसाद हो । भक्त र भगवानको माध्यमिक उपाय– जसको अस्तित्व यत्ति हो कि भगवान्‌बाट लत्याइएर भक्तको शरण पर्नु ।

यसैले होला हृदयचन्द्रजीले १९९१ सालदेखि लेख्न थालेर पनि बत्राइस वर्षपछिसम्म केही सँगाल्न सकेको छैन । नाटक, निबन्ध, प्रबन्ध, कहानी, कविता, गद्य- कविता, र उपन्यासका अतिरिक्त *साहित्य स्रोत र जागरणको* सम्पादन गरेर पनि, फेरि लेखकको समालोचना र नेपाली व्याकरणको छोटो रूप बनाएर पनि आज हृदयचन्द्र त्यहाँ पुग्न सक्नुभएको छैन जहाँ उहाँले आफ्नो स्थान बनाउने कल्पना गर्नुभएको थियो होला ।

मैले जहिले पनि उहाँको बारेमा सोचें मेरो मनमा एउटा विचार अनायास आयो-यस मान्छेमा यस्तो चीज छैन जस्लाई पाउन यो मान्छे सधैं अटूट परिश्रम गरिरहेछ । अनुहारमा थकाइको स्पष्ट झलक लिएर व अझ परिश्रम गर्ने दुस्साहस गर्दछ। तर फेरि जब म उहाँको बारेमा गहिरिएर हेर्दछु, उहाँका लेखबाट उहाँलाई चिन्ने प्रयास गर्दछु त्यस बेला मलाई यो लाग्दछ कि यस मान्छेको साथमा धेरै चीजहरूको चाहना छन् जसलाई लजाउन यो मान्छे सधैँ अटूट परिश्रम गरिरहेछ । यस मान्छेले सफलता पाएको भए यो श्रद्धेय हुने थियो यसको असफलताले आज यसप्रति माया मात्र उठ्दछ ।

माफ गर्नुहोस् निकै बुज्रुग भएर मैले आफ्नो राय यहाँ लेखि-हालें । हुन सक्दछ मलाई कोही सोधुन् कि तैंले किन यसो भनिस्; मसँग यसको सिबाय कुनै उपाय छैन कि वहाँलाई देखाएर भनूँ-आफ्नो असफलताको बोध स्वयं हृदयचन्द्रजीले नै मलाई गराएको हो ।

आज गएको थिएँ बेहान उहाँलाई भेट्न। सेतो ओढने ओढेर उहाँ गुटमुटिरहनु भएको थियो। मुखमा उत्सुकता झल्किन्थ्यो। मैले उहाँलाई यस भेटको बारेमा अघिल्लो दिन झल्को दिएको थिएँ । म के सोधुँला भन्ने उकुसमुकुस मैले आफैंले उहाँको मुखमा देखें। जिउ हेरिकन हृदयचन्द्रजीको टाउको ठूलो छ। त्यस्तै मैले त्यस घडी पाएँ । उहाँको दृष्टि हेर्दा लक्ष पर छ। मेरो मुखबाट वहाँ मेरो हृदयमा प्रवेश गर्ने प्रयत्न गरिरहनु भएको थियो ।

यसरी कसैले तपाईंलाई हेरेर बुझ्ने प्रयत्न गरेको बेलामा सबैभन्दा

बेश उपाय हुन्छ अनौठो प्रश्न गरेर उसको विचार-शृङ्खला चुँडि दिनु । सोध्नु पर्ने के थियो ? मैले हाँसेर भने अबता जाडो आएछ कसो ?

एक छिन ता उहाँलाई मेरो प्रश्नसँग परिचय गर्नैलाग्यो अनि उहाँले हाँसेर भन्नुभयो अँ अब ता जाडो आएछ ।

तपाईं बाहिर त निस्किनु हुँदो रहेनछ । बेहान ।

स्वास्थ्यले दिंदैन । घाम नलागि म कतै जान्न।

यसरी प्रकृतिको समालोचना गरेर मैले भने- समय बरबाद नगरुँ; साँच्चि तपाइँलाई लेख्ने मूल प्रेरणा कसबाट प्राप्त भयो ?

कसैबाट पनि होइन । मैले के पढेको थिएँ र लेख्नेकुरा सोचूँ । अंग्रेजीको नाममा तीन चार क्लास; नेपालीको हकमा स्वर्गको दरबार, हिन्दीमा भूतनाथ र चन्द्रकान्ता सन्तती । नेपालीमा पत्रपत्रिका निस्कन्छन्, किताब पनि लेखिन्छन्, भन्ने मलाई थाहै थिएन । एकदिन झुक्किएर 'शारदा' मेरो सामुन्ने पर्‍यो । ओल्टाई पल्टाई हेरें . धेरै जना साथीहरूको नाम छापिएको देखेर मेरो नाम पनि छपाउन मन लाग्यो । सोधेंर जवाफ पाएँ मैले पनि केही लेखें भने छापिन्छ रे । तीन महीनाको अथक परिश्रम त्यो पनि मेरा एक जना परिचित पठित मित्रको छःसात पटक संसोधनपछि म "मातृस्नेह" लेख्न सफल भएँ । त्यो प्रबन्ध छपाउने ऋद्धिबहादुरजी जो तिनताक शारदाको सम्पादक हुनुहुन्थ्यो तथा मेरा ती मित्रकै सहायताबाट मात्र सफल भयो । यसो हेर्दा खण्डमा यस प्रबन्धमा मेरो आफ्नू भन्नु नाम सिवाय केही थिएन होला- त्यसलाई दुइटाले मिलेर यसरी काट छाँट गरेका थियौं कि पछि छापिएर आउँदा मलाई खूद पढ्नु पर्‍यो अर्काको लेख झैं ठानेर।

हृदयचन्द्रजीले अनि भन्नु भयो कि कसरी शब्दकोष अगाडि राखेर आफ्नो शब्दज्ञान बढाउँदै उहाँले महिनौंको परिश्रमपछि कलम चलाउन सिक्नु भयो । मैले जे जति लेखेको छु त्यो सब मेरो कठिन परिश्रमको पसिना हो ।

मैले हाँसेर भने-- यस्तो परिश्रम गरेर पनि तपाइँले बहुमुखी

प्रयास किनगर्नु भयो? अनौठो होइन! कविता पनि छुटाउनु भएको छैन क्यार?

यो अभिरूचि हो। म,जे पनि लेख्न चाहन्थें। हो, पहिले म छन्दमा कविता लेख्दथें; पछि छोडेर गद्यकाव्यतिर लागें।

नेवारी भाषामा पनि आजकल लेख्नथाल्नु भएको छ क्यारे होइन?

हो।

किन?

प्रथमतः चित्तधरजीको आग्रहबाट कि म पनि नेवारीमा लेखूँ त्यसमा पनि साहित्यको उत्थान गर्नु परेको छ भनेर। दोश्रो म पउटा आफ्नो मित्रको आग्रहलाई तोड्न चाहन्नथें।

तपाईलाई कुन चाहींमा लेख्न मन लाग्दछ?-- नेवारीमा अथवा नेपालीमा।

मलाई नेपालीमा लेख्दा आत्म-संतोष हुन्छ।

मैले झलक संझें, उहाँले साहित्यको उत्थान भन्नुभएको सोधि हालें-साहित्य कस्तो हुनुपर्दछ?

जन-साहित्य सत्यं शिवं सुन्दरंको सम्मिश्रणका साथ। साहित्यमा पउटा उद्देश्य हुनु नितान्त आवश्यक छ। तर त्यो छोपिएको होस्; प्रचारात्मक नहोस्।

तपाईले त गजबको विश्लेषण गर्नु भयोनि त? जन-साहित्य पनि होस्, सत्यं शिवं सुन्दरं होस् उद्देश्यात्मक पनि होस् अनि प्रचारात्मक पनि नहोस्। उद्देश्य लिएर यदि लेखकले लेख्दछ भनें त्यसमा उसको प्रचारहोस् भन्ने आंतरिक अभिलाषा जरुर हुनेछ।

होइन तपाईले मेरो कुरा बुझ्न भएन-- लेखकले जहिले पनि समाजलाई उसको लक्ष र उन्नतिबारे दिग्दर्शन गर्नै पर्दछ। अनि त्यो समाज या राष्ट्रको लेखकको विचारधारामा बहन सक्दछ। मैले कुराले बाध्ने विचार गरी भनें--माफ गर्नु होस् दश जना लेखकले विभिन्न विचारधारा लिएर उद्देश्यात्मक ढङ्गले लेखेर समाजलाई

होऱ्याउने कम्मर कसे भने समाज त रसातलमा पो पुग्ने भो । उपमाको रूपमा लिउँ यदि देवकोटा, लेखनाथ, सम, सिद्धिचरण जस्ताले उद्देश्यात्मक र प्रचारात्मक लेख लेखे भने हामी कसको पछि लाग्ने ?

त्यो निर्णय त हामी आफैं गरिहाल्दछौं नि।

हो, जब निर्णय समाजले गर्दछ अनि लेखकले दिग्दर्शन गर्ने ता कुरै रहेन । मेरो विचारमा लेखकको कर्तव्य हो कि सत्यताको बोध आफूले गरोस् । लिन्छन् त लिन्छन्, लिँदैनन् भने उसलाई चासो छैन । कसो ?

यो त कसरी भयो ? लेखकको कर्तव्य नै समाजलाई उठाउनु हो ।

मैले भनें- उसो भए तपाईंलाई आधुनिक साहित्यको प्रवाह मन पर्दछ होइन ?

आधुनिक कस्तो ?

आजकल जो सभा तथा साहित्यिक गोष्ठिमा गद्यकाव्य भनिन्छ ।

ऊँह त्यो त मन पर्दैन । त्यो त खालि गालिगलौज हो । एउटा कुनै विषयको व्यापार, प्रपोगण्डा मात्र हो । त्यस्तो त सिकारू मात्र गर्दछन् ।

राजनैतिक विचारधारा भएको साहित्य उसो भए तपाईं रूचाउनु हुन्न, होइन ? मैले अर्कौ दृष्टिकोणबाट त्यही लक्ष्यमा पुग्ने प्रयास गरें ।

होइन, राजनीति र साहित्यलाई एकदम नछुट्याउनु होस् । एउटाको असर अर्कामा पर्छ । समाजोपयोगी राजनीति मात्र साहित्यले अँगाल्यो भने देश अगाडि बढ्दछ ।

हामीले कसरी थाहा पाउने कि कुनै राजनीतिको विचारधारा समाजोपयोगी हो होइन ?

त्यो लेखकले बनाउँदछ ।

लेखक बहक्यो भने ? मैले शंका राखें ।

त्यसैले त मैले भनें लेखकमाथि ठूलो जिम्मेदारी छ ।

अनि ?

अब यस प्रश्नको दिशा बदलिने विचारले मैले भनें- प्रजातन्त्रपछि राम्रो साहित्य निर्माण हुन नसकेकोमा तपाइंको के विचार छ तथा किन हुन सकेन ?

हो, धेरै जसो लेखकले यसको लोभ तथा स्वार्थको निम्ति एक्कासी काँचुली फेरे । नया बाटोमा लाग्न पनि सकेनन् तथा पुरानोलाई राम्ररी परित्याग पनि गर्न सकेनन्। त्यसैले हाम्रो साहित्यमा ह्रास हुन गयो ।

यसरी काँचुली फेर्नु लेखकको सफलता अथवा असफलता के ठान्नु हुन्छ ?

कमजोरी। सिद्धिशरणजी, देवकोटाजी, समजौले, नया पथ अपनाएरपनि सफल हुन नसकेको नै मेरो कुरा प्रमाणित गर्ने सजीव दृष्टान्त हो ।

मैले भनें- हेर्नु होस् एक हप्ताअघि मात्र मैले सिद्धिचरणजीसँग भेटेको थिएँ। उहाँमा एउटा गजबको परिवर्तन भएको छ।

हो, उहाँ पैले पलायनवादी, स्तुतिवादी; र अहिले मानववादी बन्न चेष्टा गरिरहनु भएको छ । यो कुरा मैले पनि लक्ष गरिरहेको छु ।

ठीक भन्नु भयो मैले सहि थापें। अनि कुरा अगाडि बढाउने ध्येयले भने- तर यस चेष्टालाई उहाँ आफ्नो विकास भन्नुहुन्छ नि?

होइन, मेरो रायमा यो कमजोरी हो।

मेरो मुखमा शायद प्रश्नात्मक चिह्न झल्किए छ। उहाँले मलाई बुझाउने प्रयत्न गर्नु भयो । लेखकको व्यक्तित्व लेखमा आउनै पर्दछ भन्ने मेरो राय छ। यसरी लेखक पथभ्रष्ट भएर लेख्न थाल्यो भने उसको व्यक्तित्वको असर लेखमा पनि पर्दछ ।

मैले भने- यसलाई अर्को दृष्टिबाट हेर्ने हो भने यसलाई लेखकको सफलता भन्न सकिन्छ। विषयवस्तुसँग उसले यसरी आत्मसात गर्‍यो

कि उसको आफ्नो व्यक्तित्व अरूले बुझ्नै सकेन। यो लेखकको सफलता होइन र?

आत्मसात हुने कुरामा म विश्वास गर्दिन। लेखकले प्रत्येक शब्द प्रत्येक लाइन लेख्दा आफूलाई भिन्न राखेर समाजलाई उठाउने उपायको विचार गरिरहनै पर्दछ। आत्मसात गर्ने बित्तिकै उ बहकि हाल्छ नि।

अच्छा, यो तपाईंको आफ्नो विचार?

मेरो व्यक्तिगत अनुभव र विचार।

यी. थिए हाम्रा त्यस लेखकको व्यक्तिगत विचार जसलाई हामीले विभिन्न पुस्तकमा बुझ्न सकौंला।

नेपाली कथालोकमा सबभन्दा सफल को हुन सक्यो, तपाईंको विचार?

डुबेर मैले हेर्न पाएको छैन मेरो अस्वस्थताले।

तै पनि मलाई विश्वेश्वरजी सबैभन्दा मनपर्नु हुन्छ, अनि गोठाले तथा विजय।

भिमनिधजी नि?

उहाँका रचना धेरै हेरेको छैन। जत्ति थोरै हेरेको छु त्यसलाई प्रशंसा गर्न मलाई मन लागेन।

फेरि सोधें- अँ, काव्यलोकमा?

मुना-मदनको देवकोटाजी तथा सिद्धिचरणजीका प्राथमिक केही थोरै रचना।

नाटकमा?

मसानको 'गोपालप्रसाद रिमाल।

आहा! मैले ठानेको थिएँ कि तपाईंको मुखबाट बालकृष्ण सम पो निस्कला, रिमालजीलाई किन भन्नु भयो?

रिमालजीले एउटै नाटक लेख्नु भएको ठीक हो। तर त्यस नाटकमा नाटकीय तत्व, चित्रण तथा उद्देश्य यति राम्रो सामाजिक

परिस्थितिमा प्राकृतिक रूपले व्यक्त गरिएका छन्। एउटै भए पनि त्यो श्रेष्ठ छ। समजीले चाँही नाटकहरू धेरै लेख्नु भएको छ। तर तिनमा पात्रहरू अस्वाभाविक ढंगले बोल्दछन्। नाटकको वातावरण अनौठो हुन्छ। पढ्ने बेलामा हामीलाई लाग्छ कि जुन समाजको चित्रण उनका नाटकमा गरिएको छ त्यो हाम्रो होइन। एउटा कृतिमा वातावरणमा पात्रहरू गहुँ शब्दको आडमा बोल्दछन्। समजीको कृतिमा एउटा खोजपूर्ण सजावट सिवाय अरू केही लाग्दैन मलाई।

ए, गद्यकाव्यमा नि?

सर्वश्रेष्ठ स्थान त म रिमालजीलाई नै दिन्छु। उनको प्रत्येक गद्यगीत एउटा सफलता हो। उनले जति लेखेका छन् सबै राम्रो लेखेका छन्। तपाईंले रिमालजीको आमाको सपना पढ्नु भएको छ?

गोपालजीले लेखेका प्रायशः प्रत्येक चीज मैले उनकै मुखबाट सुनेको छु। हामी काका भतिजा पर्छौं नाताले, सम्बन्धले हामी मित्र हौं।

मलाई थाहा छ।

अँ, नयाँ प्रतिभामा नि?

नयाँ प्रतिभामा कथाको अलि प्रगति भएको छ, अरूमा त म त देख्दिन।

कथामा कसले प्रगति गर्‍यो, नाम भन्न सक्नु हुन्छ?

शंकरप्रसाद।

म?

दुवै। शंकरप्रसाद कोइराला तथा शंकरप्रसाद लामिछाने।

तपाईं फुस्र्याउनु हुन्छ। अडाडि भएर भनेको त होइन?

होइन, तपाईंका गद्यमा एउटा मिठो प्रवाह छ भनि मैले हाम्रो 'समाजमा नारी'को सूत्रमा थाहा पाएको थिएँ।

धन्यवाद। अँ, नेपाललाई अहिले कस्तो साहित्यको आवश्यकता छ भन्न सक्नु हुन्छ ?'

आजकलको परिस्थितिमा ?

हो।

राजनैतिक साहित्य।

अब एउटै दुःख अरू दिन्छु। तपाईँ आफ्नो जीवनको कुनै एउटा मीठो घटना बताउनु होस् जो लेखसँग सम्बन्धित होस्।

मेरो यस उत्सुकतालाई उहाँले दमकलको कप्तान झैं तुरुन्त कुरा 'साँचो हो'-ले दिनु भयो। कुरा 'साँचो हो', हृदयचन्द्रको व्यक्तिगत जीवनसँग सम्बन्धित एउटा निबन्ध हो। त्यसको विषय छ...तर त्यो चाँडै छापिन्छ। मलाई आज त्यसको मीमांसा गर्ने अधिकार छैन।

निबन्ध पढि सकेर हामी विदा हुनलागेका थियौं- रेडियो नेपालले 'देवकोटासँग तेस्रो भेट' भेटघटाउन थाल्यो। दुवैजना मिलेर त्यसलाई सुन्न थाल्यौं। हुन सक्दछ हृदयचन्द्रजीले आफ्नो भेटको कल्पनाको नमुना त्यतैबाट चाख्नु भयो होला।

जुत्ताको फित्ता बाँध्न लाग्दा उहाँ भन्दै थियो- मलाई माया गरेर ढाकछोप गरी नलेख्नु होस्। तपाईँलाई स्वतन्त्रता छ तर त्यस स्वतन्त्रताको सदुपयोग गरेर सत्य निर्देश गर्नु होला।

अहिले यत्ति लेखीसकेर मेरो मनमा एक्कासी एउटा प्रश्न आइरहेछ। के म सफल भएँ ?

## अनूदितसाहित्य

ओ० हेनरी

# राजर्षिको सौगात

[ आधुनिक अमेरिकी साहित्यमा ओ० हेनरीको सार्वशेष उल्लेख नवलिका (=लघुकथा )- को क्षेत्रमा गरिन्छ । उन्नाइसौं शताब्दीको अन्तिम दशकतिर अमेरिकी साहित्य जीवनमुखी हुँदै थियो । वाल्ट ह्विट्म्यानको काव्य जसरी भित्री माटोबाट तलसम्म जरो हाली निस्केको थियो, त्यसरी नै साहित्यका अरु-अरु स्कन्धतिर पनि जीवन्त र ज्वलन्त यथार्थवादको विश्लेषण दिंदै लेखकहरु जाँगरिंदै थिए। नवलिकाको निम्ति यो दशक पनि अतीव उल्लेख-योग्य भएको छ । यस दशकमा नवलिका परिपुष्ट हुँदै गयो । पोए. र हार्टका कलाको सामञ्जस्य हामी ओ० हेन्रीमा नयाँ ढाँचाले पुष्पित भएको यसै दशकमा देख्छौं । ओ० हेनरीको शैली नवली-काको क्षेत्रमा आधुनिक परिष्कार देखाउँछ र यस प्रकार उन्नाइसौं दशकको पुछारतिर जुन नयाँ झलक नवलिकामा देखियो त्यो अझै नवीन क्रममा नै गाँसिन्छ ।

नर्थ क्यारोलिनाको एउटा साधारण परिवारमा ओ० हेन्रीको जन्म १८६२ ई० मा भएको थियो ।

युवावस्थाको प्राथमिक अवस्थामा नै उनले दाल-भात-डुकुको फेरमा भौंतारिनु पर्‍यो । जीवननिर्वाहको निम्ति उनले सर्वप्रथम औषधिको पसलमा काम गर्नु पर्‍यो । १८८२ ई० मा भाग्य आजमाउन उनी टेक्सास गए । त्यहाँ पनि अनेक वृत्ति गरेर बल्ल पछि अष्टि-नको एउटा ब्यांकमा एउटा साधारण कारिन्दा ( teller )- को जागीर उनले पाए तर त्यहाँ पनि हिसाब गोलमाल हुँदा तहवील मासिने दोषारोपण उनलाई लाग्यो । यद्यपि यो गोलमाल ब्यांकको स्याहा-स्रेस्ता नै उचित तवरले नराखिने भएकोबाट भएको थियो तापनि होण्डुरासतिर बेपत्ता भए र बेपत्ता नभएका भए सम्भवतः ब्यांकको

हिसाब राख्ने काइदा नै राम्रो नभएकोले उनी सफाइ पाउँथे होलान्। तीन वर्षपछि मर्न आँटेकी स्वास्नीलाई हेर्न भनीकन नै उनी अस्टिन आए । उनी तीन वर्ष कैदमा परे र यसै अवधिमा उनी नवलिका लेख्नतिर लागे । उनले आफ्ना कथामा आफ्ना दुःखद र कटु अनुभवका आधारमा नवीन किसिमले जीवन्त यथार्थको सेरोफेरो ल्याइदिए । ब्यांकमा जागीरे हुनेताक यिनी सांवादिक पत्रमा लेख्तथे। यस प्रकार बन्दीजीवनमा नै लेखाइको उनको खेलाँची ग्रन्थकारको परिपक्वता पाई मौलाउन थाल्यो ।

कारागारबाट मुक्त भएपछि साहित्यिक जीवन जगाउन उनी १९०२ ई०मा न्यूयोर्कमा बसाइँ सरेर जीवनान्तसम्म तहीं नै रहे । यसै शहरका विभिन्न घटनावली र पात्रावलीको सेरोफेरो उनले आफ्ना नवलिकामा गरे। यहींका हर्ष र विस्मात, आशा र निराशा उल्लास र त्रासको परिचित्रण उनले आफ्ना नवलिकामा गरे ।

यद्यपि उनका नवलिकामा संयुक्त राज्य अमेरिकाभन्दा अन्योन्य अञ्चल केन्द्रीय र दाक्षिणात्य अमेरिकाका पनि चित्रण भएका छन् तापनि ओ० हेन्‌रीको विशेषता न्यूयोर्कका तल्ला श्रेणीको ४० लाख 'four million' को चित्रण गर्नुमा छ। यतापट्टि अरु लेखकको दृष्टि नुहेको थिएन।

ओ० हेन्‌रीको सर्वप्रथम नवलिका Dick's Christmas stocking १८९९ ई० Mcclure's Magazine मा छापिएको थियो। यसको ढाँचा ब्रेट हार्टको झैं छ। यसपछि त अबाधक्रमले ओ० हेन्‌रीले लेख्न थाले। तर पछि-पछि न्यूयोर्कका सुखद र दुःखद घटनाको चित्रणतिर नै ओ० हेन्‌रीले प्रसिद्धि पाए। न्यूयोर्कको वर्ल्डमा १ डलरका दरले एक सातामा एक नवलिका लेख्ने ठहर भए बमोजिम उनले पूरा पनि गरे। हेन्‌रीका नवलिकामा न्यूयोर्क महानगरीको मूर्त्तीकरण भएको छ भन्ने कुरा माथि नै भनियो। उनका नवलिकामा जीवन-सदृश्यका पूर्णांशका साथ-साथ जीवनच्छायाको हलुका अवरण पनि देखिन्छ। तर ओ० हेन्‌रीको सबभन्दा विशेषता कथा अन्त गर्ने

एउटा विशेष पाराले उज्यालिएको छ। तीव्र गतिले घटनाको गति र संगति साथ-साथ गइरहेको बेला नवलिकाको कथातत्त्वको घाँटी मरेटी बडो छरितो ढंगले च्वाट्ट टुंगाइदिनु नै एउटा विशेष परिपाटी उनको भयो। यो परिपाटी 'O. Hehry ending' नै हुन गयो। यसको प्रसिद्धि यतिसम्म भयो कि साधारण सस्ता व्यापारी आख्यानमा यसको दनादन अनुकरण हुन थाल्यो।

ओ. हेनरीमा हास्यरसको सर्वत्र छटा पाइन्छ र यो उनको अपूर्व विच्छित्ति थियो। घटनाको सामञ्जस्य भएको कुटिल परिस्थितिको चित्रण गर्नमा पनि ओ० हेनरीको त्यति नै विशेषता छ। जीवनको सानोभन्दा पनि सानो विम्ब लघुकथातत्वको दृष्टिले नै उनी नियालेर हेर्दथे र त्यसैले उनी उपन्यासमा सफल हुन सकेनन्। ज्वलन्त यथार्थको चित्रणमा भावुकताको पुटका साथै औपदेशिकता किंवा दार्शनिकताको अन्तर लगाइदिने मनोरञ्जक परिपाटी उनको रहन्छ त्यसैले इनका कथा सरलभन्दा सरल भई मनमा गुँड लगाउन पुग्दछन्। हामीले लख काट्न नपाउँदै उनका कथा एक्कासि टुंगिन्छन्। यस प्रकार घटना र चरित्रका कुशल प्रणेता ओ० हेनरी भएका छन्। समग्र दृष्टिले विचार गर्दा उनी बडा कुशल तथा सफल कलाकार देखिन्छन्।

ओ० हेन्रीमा त्रुटि छैन भन्ने कुरो होइन। उनी यदा-कदा तमासा देखाउने झैं लाउके पनि हुन्छन्। भनाइमा चपलता भए पनि उनमा सस्तो भावुकता पाइन्छ पनि र यस प्रकार कहिले काहीं उनको कला झन्नै-झन्नै गाईजात्रे क्यारिकेचर झैं देखिन्छ। तर उनी सरस मित्र झैं हाँस्छन् र हामीलाई हँसाउँछन्। उनको सोझो भनाइमा छक्कापञ्जा छैन। समग्र जीवनतिर लक्ष्य नगरे तापनि जीवनमा विभिन्न रूप-विधानलाई उनले विस्वस्त भई उपस्थित गरेका छन्।

ओ० हेनरीका नवलिकाहरूको प्रसिद्ध संग्रह हो, the Four million (१९०६)। औंलामा गनिने माथिल्ला श्रेणीका मानिसहरूको चित्रणतिर नगई ओ० हेन्री न्यूयोर्कका ४० लाख दलित बथुटालाई मूर्त्याउनपट्टि लागे। यस कथा-संग्रहमा दीन दुःखि; र दलित जीव-

नको स्वाद खाउने झरी भएको छ। राजर्षिको सौगात (The gift of the magi) मा गरीब लोग्ने-स्वास्नीको चित्रण भएको छ। स्वास्नीको केशलाई सिंगार्नका निम्ति काँइयो किन्न खातिर लोग्नेले आफ्नू घडी बेच्नु र लोग्नेको घडीको चेनको निम्ति स्वास्नीले आफ्नू कपाल छोट्याउनु बडो दर्दनाक भएको छ। उनीहरूसंग मूल्यवान सम्पत्तिका नाउँमा केवल दुई वस्तु थिए। तर माया त सम्पतिनिरपेक्ष हुन्छ र उनीहरूले ती दुवै बस्तु एकले अर्कोलाई सौगात दिन बेचे। तर दुवैको सौगात काम लागेन। 'सोपी'को कथा पनि त्यस्तै छ। जाडोले असह्य सताउँदा तीन अखबारले आङ छोपेर पार्कको बेञ्चमा सुत्न खोज्ने सोपी, जाडोको यातनाबाट त्राण पाउना खातिर एउटा कारखानामा श्रमिकको निम्ति कोठा पाउने प्रयास गर्ने र निस्फल हुने सोफी, केही नलागी जेलमा बरु गाँस बास र कपास पाउने आकांक्षाले कोठाभित्र जबरजस्ती गरी चोरी गर्ने तर जेल नपठाइने सोपी, जेल जाने मन्सायले रक्सी टन्न खाने र ज्यामन्तै गरी माल्ने सोपी, अभद्र व्यवहार गर्ने सोपी तर गिरफ्तार नहुने सोपी, तर गिरजाघरका अगाडि उभिएर धर्मकार्यमा रत हुने विचार गरिरहेको बेला आवारा भनी गिरफ्तार गरिने सोपी-- सोपीको यो चित्रण बडो व्यंग्यात्मक भएको छ। सजाएको कोठा 'The furnished room' कटु व्यंग्यात्मक भएको छ। एउटा प्रेमिकाले एउटा होटलको सजिसजाउ भएको कोठामा आत्महत्या गरेकी छे। त्यस प्रेमिकालाई खोज्दै खोज्दै त्यहीं संयोगवश बास बस्न आइपुग्यो त्यसको प्रेमी युवक। उ त्यस युवतीको गन्ध र भूतले त्यहाँ बास बसेकी अनुमान गर्छ तर पछि कोठामा कोही नबस्लान् भन्ने डरले होटेलकी मलिकिनी सो त्यहाँ बसेकी भन्दिन। अन्तमा सो युवक आफ्नी प्रेमिकाले आत्महत्या गरे झैं आत्महत्या गर्दछ। यस प्रकार ओ० हेनरीका यी सारा नवलिकामा हामी, करुणरसका साथ-साथ हास्यरस, पात्रप्रति सहानुभूति, तिनको चित्रणमा दर्शन दिने प्रवृति लेखकको पाउँछौं र सर्वापेक्षमा कलात्मक ढंगले घटना गुम्फन गर्नु चरमबिन्दु तिर कथाको गति लैजानु संशयको क्रम

टुट्न र फितलो हुन नदिनु तथा एक्कासि अन्त गर्नु-लेखकको विशेषता सर्वत्र देखिन्छ। अनुवादक ]

एक डलर र सतासी सेण्ट। सिरिखुरि पुँजी यै थियो। यीमध्ये साठी सेण्ट त पेनी नै थिए। पसलेसित र तरकारी बेच्नेसित बाझा बाझ र सकेसम्म कसीकसाउको मोल-मोलाइ गर्दा कृपणताको दोषा-रोप लागेर लाजले भुतुक्क हुञ्जेल यी पेनी एक वा दुइ गरी साँचिएका थिए। तीन पल्ट डेलाले गनिन। जम्मा दाम उही एक डलर र सतासी सेण्ट नै थियो औ भोलि नै क्रिसमस थियो।

थोत्रो बेकामे कवचमा छटपटाउँदै डुम्मुनिनु र आफ्नो भाग्यको गुनाँसो गर्नुबाहेक अरू केही उपाय थिएन। बिचरी डेलाले यै गरिन्। डेलाले मनमा यै गुनिन्, जीवन छटपटाई, रुवाइ, खुइय र हाँसोले नै बनेको छ र इनमा रुवाइको मात्रा नै सबभन्दा बढता छ।

गृहस्वामिनीको उद्वेग बिस्तार-बिस्तार शान्त हुँदै जाउञ्जेल हामी घरतिर दृष्टि घुमाऔं। आठ डलर एक सातामा दिएर बहालमा पाइने साना-साना मामुली सरजामले युक्त एउटा घर-तला। सरजामका विषयमा यथार्थ भन्न त सकिन्छ नै, तर यो त निश्चित थियो मँगन्तेहरूको दलका निम्ति उपयुक्त हुन सक्ने विशेषणको खोजीमा ती थिए।

तल गृहद्वारमा एउटा पत्र-मञ्जूषा थियो जसमा कुनै पत्र पनि आएका थिएनन् र आगमन-सूचनाको निम्ति एउटा बिजुली-बटन थियो जसलाई थिच्न कुनै पनि मानिस आएनन्। त्यसैका छेउमा एउटा पट्टी थियो जसमा श्री जेम्स डिलिंघम यंग लेखिएको थियो।

अघि-अघि गृहस्वामीको तलब एक सातामा तीस डलर भएकोले खुशियाली भएको ताक 'डिलिंघम' भन्ने शब्दका अक्षर प्रस्ट थिए। अब जब तलब खिइएर बीस डलर भएको थियो, 'डिलिंघम'-का अक्षर पनि धमिला भएका थिए, मानो तिनीहरू पनि निरभिमान र विनीत भई 'डी'-मा खुम्चिन चाहन्थे। तर जब कुनै बेला पनि श्री जेम्स डिलिं-घम यंग घर आउँदा आफ्नु तलामा आइपुग्थे उनी 'जिम' भनी सम्बोधित गरिन्थे र श्रीमती जेम्स डिलिंघम यंग—पाठकलाई अघि नै परिचय

भइसकेको डेला- द्वारा प्रगाढ़ आलिंगन गरिन्थे। यी सबै त ठीक नै थिए।

डेलाले रुन छाडिनन् र एउटा थोत्रो झुम्रोले गालामा पाउडर लगाइन्। उनी झ्यालका लेउ गएर उभिइन् र पछाडिको विरूप आङनको एउटा फुस्रो परखालमा हिंड्न लागेको एउटा खैरो बिरालोलाई शून्य दृष्टिले हेर्न थालिन्। भोलि क्रिसमस हो, तर जिमलाई सौगात किनेर दिन-खातिर उनीसित फगत एक डलर सतासी सेण्ट छ। महिनौंदेखि हुन-सम्म संचिता गरी एक-एक पेनी जोरजाम गरेको दाम यही हो। एक साताको बीस डलरको आम्दानी हुन्छ कति नै र। आफूले अडकलेको भन्दा बढि नै खर्च भइरहेको छ। र सँधै यस्तै भइनैरहन्छ। जिमलाई सौगात किनेर दिन यै रकम छ एक डलर र सतासी सेण्टको। उसको प्यारो जिम। उसलाई कुनै सुन्दर बस्तु उपहार दिने विषयमा उनले धेरै घण्टासम्म अनेक युक्ति सोचिरहिन्। चीज यस्तो हुनुपर्छ जुन राम्रो ओ दामी र सहलियत नहुनाका साथ-साथ जिमले अधिकृत गरिने गौरवले परिपूर्ण हुने खालको होस्।

कोठाका झ्यालका माझका स्तम्भमा एउटा दर्पण थियो। आठ डलर बहालको यस्तै कोठामा तपाईंले सम्भवत: यस्तो दर्पण देख्नु-भएको होला। एउटा छरितो मानिसमात्र अनुदैर्घ्य किसिमको क्षिप्र शारीरिक वेगको अनुक्रमले यस्ता दर्पणमा देखिने प्रतिविम्बबाट आफ्नु अनुहारको नभन्दै केही राम्रो अन्दाज गर्न सक्छ। पातली गाँठकी डेला थिइन् र त्यसो हुनाले उनी यस प्रकारको दर्पणमा आफ्नु अनुहारको प्रतिविम्ब हेर्न सिपालु भएकी थिइन्।

उनले एकासि झ्यालबाट टाउको फर्काइन् र दर्पणको अगाडि उभिन आइपुगिन्। उनका आँखा चम्किरहेका थिए तर लगत्तै नै उनको अनुहारको हिसि फुस्रो भयो। उनले तुरन्त आफ्नु केश फुकाइन् र त्यसलाई सम्पूर्णतया फैलिन दिइन्।

जेम्स डिलिंघम यंग-परिवारसित दुइ यस्ता सम्पत्ति थिए जसमा

दुवै अति गौरव गर्थे। एउटा थियो जिमको स्वर्ण घडी जो तिनको बाबु तथा बाजेका पालादेखिनको थियो। दोस्रो थियो डेलाको केश। यदि शेबाकी रानी कहिले डेला बसेको तलाको सामुन्ने अर्को तलामा बस्न आइपुग्दी हुन त डेला कुनै दिन केशलाई सुकाउन आफ्ना झ्याल-बाहिर अवश्य फैलाउने थिइन् र यो देख्दा महिष्मतीलाई आफ्ना हीरा-जवाहिरात तथा बहुमूल्य आभूषण धिर्क्षा लाग्ने थिए होलान्। मझेरीमा आफ्ना सारा खजाना राखेर राजा सलोमन त्यसको खबरदारी गरिरहेको बेला जिमले त्यताबाट जाँदा आफ्नो घडी हेरेको देख्दा ती राजा डाहले आफ्नो दाढी लुछ्लाछ गरिरहेको जिम देख्ने थिए होलान्।

डेलाको केश-राशी आङमा फैलिएको थियो का कुलको तरङ्गको नागबेली बन्दै र झल्किंदै र यस्तो प्रतीत हुन्थ्यो मानौं स्वर्णिम छाँगो झरिरहेको छ। तिनको केश घुँडातल पुग्थ्यो र तिनको निम्ति जिउ ढाक्ने परिधान झैं हुन्थ्यो। उनले फेरि केही कम्पका साथ र झट्टै-झट्टै केशलाई तलासिन्। एक पल्ट त उनी अक्षन-बक्ष परिरहिन् र निश्चेष्ट उभिइरहिन्। आँसुका एक-दुई थोपा खुइलिएको रातो गलैंचामा गुडेर खस्न गए।

अनि उनले फुर्तिसाथ आफ्नो पुरानो मैलो ज्याकिट लगाइन्, उस्तै क्रमले पुरानो ह्याट पनि जिउमा लगाएको आफ्नो लुगालाई पूरै गर्ने गरी फुकाईकन र आँखामा तेजिलो चहक लिईकन उनी फटाफट ढोकाबाट निस्किन् र भन्याङका खुडकिलाबाट बडो चपलताका साथ ओर्लंदै सडकमा आइपुगिन्। जुन पसलका अघि उनी उभिइन् त्यसको सूचनापट्ट ( साइनबोर्ड )-मा लेखिएको थियो श्रीमती साँफ्रोनी-केशका निम्ति चाहिने यावत् सामग्री। एक सास डेला भन्याङका खुडकिला उक्लिन् र माथि पुगेपछि एक छिन निसासिएर बल्ल यथापूर्व भइन्। श्रीमतीजी ठूलो डालकी थिइन् र निस्तेज, हृदयहीन प्रतीत हुन्थिन्। यस प्रकार उनको नाउमा साँफ्रोनी (स्याफ्रन कुँकुम)-को कहीं आनुरूप्य थिएन।

डेलाले सोधिन् "के मेरो केश किन्न सक्नुहुन्छ ?"

श्रीमतीजीले भनिन्, "ज्यू, म केश किन्दछु । आफ्नो ह्याट हटाउनोस, यसको केशकलाप हेरूँ ।"

अनि त केशको स्वर्णिम स्रोत नागबेली पर्दै तलतिर झर्‍यो ।

आफ्ना व्यवहारज्ञ हातले केशपाशलाई उचाल्दै श्रीमतीजीले भनिन्, "यसको मोल बीस डलर दिइनेछ ।"

"लौ त झट्टै गर्नुहोस"–डेलाले भनिन् ।

बडो आनन्दातिरेकले अनि त्यसपछिका दुइ घण्टा बिते । डेला आफ्ना गुलाबी मातमा पखेटिरहिन् । यस्तो बहुप्रयुक्त सहलिया रूपकलाई बिर्सनुहोस् । उनी जिमलाई उपहार किन्नखातिर प्रत्येक पसललाई उधिन्दै रहिन् ।

बल्ल उनले मनमाफिक पाइन् । निश्चय नै त्यो जिमको बाहेक अरू कसैको निम्ति बनाइएको थिएन । कुनै पनि पसलमा त्यो जस्तो अरू कुनै चीज थिएन, उनले सबै पसल चहारी एकएक वस्तु उधिन्-पुधिन् गरेर हेरेकी थिइन् । त्यो घडीको चेन थियो, प्लाटिनमको बनेको: सादा र विशुद्ध ढाँचाको दृष्टिले, अन्तस्सारताले त्यसको मूल्य बताइरहेथ्यो किनकि त्यसमा कुनै बाह्य तथा कृत्रिम शोभामय अलंकरण थिएन ; जस्तो विशेषता सबै असल वस्तुको हुनुपर्छ । त्यो घडीको निम्ति पनि सर्वथा उपयुक्त थियो । त्यसलाई देख्ने बित्तिकै डेलाले अठोट गरि हालिन् कि त्यो जिमको निम्ति हुनैपर्छ । त्यो उनकै अनुरूप थियो । शान्त र मूल्यवान-- यी गुण दुवैमा थिए । पसलेले त्यसको निम्ति एक्काइस डलर लियो र उनी बचेको सतासी सेण्ट लिई घरतिर हिंडिन् । त्यस चेनलाई घडीमा लगाई जिम कुनै पनि सभा-सम्मेलनमा समय हेर्न उत्सुक हुन सक्थे । घडी भव्य भए तापनि त्यसमा चेनका सट्टा छालाको पुरानो पट्टा लगाइएकोले उनी सबैको नजर बचाई समय हेर्न गर्दथे ।

डेला घरपुग्दा उनको हर्षोन्माद विवेक र संयमका निम्ति ठाउँ सर्न थाले । उनले काकुललाई कुञ्चित पार्ने काँटाहरू निकालिन्,

बाष्पदीप बालिन् र प्रेमलाई बढाउने उदारताले गर्दा भएको उद्-ध्वंसलाई सपाने चेष्टातिर लागिन्। यो काम, मित्रहो, बडो कठिन काम हो-- नभन्दै एउटा महान् कार्य। चालीस मिनेटभित्र नै उनको शिर गुँडुल्किएको ससाना कुञ्चनका जालले छोपियो, यस किसिमको रूपले उनी स्कूलबाट पढनमा चाख नलिई सुइँकुच्चा ठोक्ने केटाझैं देखिन्थिन्। उनले दर्पणमा आफ्नु प्रतिविम्ब धेरै बेरसम्म नियालेर हेरिन्।

उनी मनै-मन गुन्न थालिन्, मलाई हेर्ने बित्तिकै जिमले मलाई मारेनन् भने उनी भन्नेछन्-- म कोनी द्वीपकी वृन्दगायिका जस्ती देखिन्छु। तर एक डलर सतासी सेण्ठले म के गर्न नै सक्थें र नभन्दै केही पनि त गर्न सक्ने थिइन!

सात बजे काफी बन्यो र तावालाई फेरि चुल्होमा राखिन, एकै छिनपछि त्यो चप बनाउन खातिर तातो र तयार पनि भयो।

जिम कैले अबेर गरेर आउँदैनथे। डेलाले त्यस चेनलाई हातमा दोहोऱ्याएर राखिन् र ढोकानेर त्यस टेबिलको कुनामा बसिन् जुन ठाउँबाट जिम सँधै प्रवेश गर्दथे। त्यसै बेला उनले तल्लो तलाको भऱ्याङमा उनको पदचाप सुनेनन् र एकै क्षणका निम्ति उनी नीलो भइन्। साधारण दैनन्दिन घटना माथि परमेश्वरलाई गुहार गरेर शान्त प्रार्थना गर्ने बानी उनको थियो र त्यसैले त्यस बेला उनी अस्फुट रूपले बोलिन्, "हे परमेश्वर, जिमको निम्ति म सुन्दर नै होऊँ, यो कृपा गर नाथ!"

ढोका उघ्ऱ्यो। जिमले भित्र पसेर त्यसलाई बन्दगरे। उनी रुग्ण र अति गम्भीर देखिन्थे। बिचरा उनी केवल बाइस वर्षका थिए र परिवारको भारी लादिएको थियो। उनलाई एउटा नयाँ ओबरकोटको आवश्यकता थियो र उनी बिनामज्जाका थिए। जिम अगाडि बढेर ठिंग उभिए, ठीक त्यस्तै किसिमले जसरी कवेलको गन्ध पाई शिकारी कुकुर चकमक हुन्छ। उनका आँखा डेलामाथि अचल भएर जमिरहेका थिए, त्यसको अर्थ

डेलाले टग्याउन सकिनन् र यसले उनी त्रस्त भइन । यो न क्रोध थियो न आश्चर्य, न अस्वीकृति न भयकम्प, न कुनै त्यस्तो भाव थियो जसको सामना गर्न उनी तत्पर थिइन् । ती त्यस्तै स्थिरदृष्टिले डेलातिर हेरिनै रहे ।

उनी इतस्ततः चालले टेबिलअगाडि बढिन् र उनीभाठाँ पुगिन् ।

उनी करापर भन्न थालिन्, "मेरा प्रियतम जिम, त्यसरी मलाई नहेर । मैले आफ्नो केश कटाएँ र बेचें किनकि क्रिसमसको उपलक्षमा तिमीलाई उपहार नदिई म बस्न सक्तिन। केश फेरि बढिहाल्नेछ, तिमी यसमा अन्यथा नमाने, तिमी फिक्री नलेऊ है ? मलाई यस्तो गर्न पर्‍यो । मेरो केश अघोर चाँडो बढ्दछ । भन, जिम, क्रिसमस हाम्रो निम्ति आनन्ददायक होस ! जिम, हामी आनन्दित होऔं । तिमीलाई थाहाछैन, मैले कस्तो राम्रो र कति असल उपहार तिम्रा निम्ति ल्याएकी छु।"

जिमले बडो कष्टले सोधे, " तिमीले आफ्नो केश कटायौ ? " मानो जिमले यति बिघ्न मानसिक यन्त्रणाले उत्पीडित भएर पनि यो दृश्यमान तथ्य बुझ्न सकेनन् । "हो, मैले कटाएँ र बेचें", डेलाले भनिन, "के म अब त्यति निकी लाग्दिन र ? म त त्यै छु, केवल मेरो केश छैन । के म त्यही होइन ?"

जिमले विचित्रभावले कोठाका चारतिर नजर दौडाए ।

"तिमी भन्छ्यौं कि तिम्रो केश काटियो ?" जिमले बडो विक्षिप्त भावले सोधे ।

डेलाले "भनिन, तिमी यसका विषयमा चिन्ता नगर । म भन्छु, सुन, यो बेचियो र कहाँ पुग्यो कहाँ । प्रियतम, भोलि क्रिसमसको सन्ध्या हो । मसित नरिसाऊ, किनकि यो तिम्रै निम्ति गयो ।" तिनी एक्कासि गम्भीर हुँदै झन् बडो मीठो भएर भन्न थालिन, "मेरो शिरको केश गन्न सकिए पनि तिम्रो निम्ति मेरो प्रेमको तौल कोही पनि गर्न सक्तैन । जिम, चप बनाऊँ ? "

देहातीतवृत्तिबाट मानौं जिम प्रसंग जागा भए । उनले आफ्नी डेलालाई अँगालो हाले। केही निमेषका निम्ति हामी अरू नै विषयतिर प्रसंग नभएको कुरापछि विचारशील समिक्षा गरौं। आठ डलर एक साताको वा दशलाख डलर वर्षको-- यसमा के फरक छ र? एक गणितज्ञ वा एक वाक्चतुर यसको ठीक ठीक उत्तर दिन सक्तैन । ज्ञानीहरूले बहुमूल्य उपहार ल्याएका थिए। यिनीहरूको प्रेमज घनत्वका रूपको उपहार पनि कुनै गणितले अंकन गर्न सकिन्न । यो रहस्यमय कुरा पछि उद्घाटित गरिएला।

जिमले आफ्नो ओरवकोटको खल्तीबाट एउटा प्याकेट निकालेर टेबिलमा राखे।

उनले भने "डेला मेरो विषयमा कुनै भ्रम नहुन दिए है? यस्तो कुनै कुरा छैन कि केश छोट्याउँदा या नेल लगाउँदा नै म आफ्नी प्रेयसीसित दुस्किउँ । तर यो प्याकेट खोल्यौ भने तिमीलाई थाहा हुने छ कि अघि म किन म्लान र स्तिमित भएको थिएँ।"

सेता र चपलगति भएका औंलाले धागोलाई फोई कागतलाई च्याते। त्यसपछि एउटा हर्षोल्लासको उद्गार निस्कयो । तर त्यसको लगत्तै पछि सो हर्षोल्लास स्त्रीसुलभ मोहोपहत आँसु र स्वाँक-स्वाँकमा परिणत भयो। त्यस तलाका स्वामीले नै सान्त्वना दिने भरमग्दूर प्रयास गर्ने कुरो थियो।

किनभने त्यसमा अनेक किसिमको काइँयो थियो-- काइँयोको विभिन्न आवरण-संयोग अगाडि लगाउने काइँयो, पछाडि लगाउने काइँयो। यी तीनै काइँयोको संयोग थियो जसलाई ब्रोडवेको पसलमा देखेर तिनलाइ पाउन उनी अति बिघ्न लालायित भएकी थिइन। कति सुन्दर काइँयो ती थिए: निखरा कछुवाको हाडका. र किनारा रत्न जडित, केशमा ठिक्क मिल्ने, सुहाउने खालका काइँयो, तर त्यो केश अब काटिइसकेको थियो। ती धेरै दामी काइँयो थिए भन्ने कुरो तिनलाई थाहा थियो र तिनको हृदयले त्यसलाई पाउने उत्कट चाहना गरेको थियो, तर पाइहाल्ने आशा उनलाई कदापि थिएन । र अब

अब तिनले तिनलाई पाएकी थिइन् यस्ता अलभ्य आभूषणले अलंकृत हुने केश गायब भइसकेका थिए।

तर तिनले तिनलाई छातीमा टाँसिन् र धेरै बेरपछि तिनी गहभरि आँखाले र साथै सस्मित आननले टाउको उठाउँदै भन्न लागिन् "मेरो केश बडो चाँडो बढ्छ, जिम !"

अनि फेरि डेला आगोले पिल्सिएकी बिरालो झैं उफ्रेर कराउन थालिन्, "आह, आह !" जिमले अझै आफ्नो निमित्त ल्याइएको सौगातलाई हेरेका थिएनन्। डेलाले बडो उत्साहका साथ त्यसलाई आफ्नो खुलेको हत्केलामा तिनको तर्फ बढाइदिइन्। डेलाको प्रदीप्त सानुराग प्राणवत्ताले त्यो अनुज्ज्वल मूल्यवान वस्तु चहकिलो भएझैं भयो।

"के यो बुलन्द छैन त, जिम ? मैले सारा बजारमा यसलाई पाउन घुइँ-घुइँ खोजें। अब तिमी दिनभरि सयौं पल्ट समय हेर्नेछौ होला। खोई तिम्रो घडी ल्याऊ त। त्यसमा कस्तिको खुल्छ, म यो हेर्न चाहन्छु।'

डेलाको कुरा मान्न छाडेर जिम कवचमा दुन्मुनिए। अनि उनी आफ्नो हात टाउकोपछि राखेर मुसुक्क हाँसे।

"डेला" उनले भने "हामीले क्रिसमसका सौगातलाई केही दिनका निम्ति पर राखिदिनु नै ठीक पर्ला। यी वस्तु यति असल छन् कि सौगातका रूपमा यिनको प्रयोग गर्न अहिले ठीक हुन्न। तिमीलाई काँयो किन्न भनी मैले घडी बेचिसकेको छु। लौत अब चप बनाऊ।"

तपाइँहरूलाई थाहा छ राजर्षिहरू बुद्धिमान थिए अघोर बुद्धिमान् तिनीहरूले गोठका बालकका निम्ति सौगात ल्याएका थिए। तिनीहरूले नै क्रिसमस्को निम्ति सौगात दिने चलन निकाले। तिनीहरू बुद्धिमान थिए त्यसैले तिनका सौगात पनि बडा उपयुक्त हुन्थे, सम्भवतः दोहो-रिएको खण्डमा साट्न पाइने सुविधा थियो। मैले यहाँ न्यूनतापूर्वक तपाइँलाई पउटा तलामा बस्ने ती दुइ मूर्ख बिचराहरूको जीवनको अविख्यात विवरण सुनाएको छु। बिचरा ती दुइले आफ्ना घरक

सबभन्दा मूल्यवान् सम्पत्ति एकले अर्काको निम्ति बडो मूर्खतावश मासे। तर अचेलका बुद्धिमान् कहलाउने मानिसलाई यहाँ यो भन्नुपर्ला- सौगात दिनेहरूमध्ये यी दुई सबैभन्दा बुद्धिमान् थिए। सौगात दिने र लिने मध्येमा यी दुई झैं नै बुद्धिमान् हुन। त्यस्ता मानिस सर्वत्र बुद्धिमान् मानिन्छन्। तिनीहरू ज्ञानी राजर्षि हुन्।

अनुवादक-ईश्वरबराल

---

१. म्याजी—प्राचीन फारसका पुरोहितजातिका सदस्य। ईसाको जन्मताक यिनीहरूले चढाउन भनी सौगात ल्याएका थिए। यिनैको निम्ति यहाँ 'राजर्षि' शब्द लेखिएको छ।

२. शेबाकी रानी—राजा सलोमनको दर्शन गर्न आँदा उनीसित प्रेमासक्त भइन्। यसको सम्पूर्ण कथा बाइबिलमा वर्णित भएको छ (१ किंग्स, १०)।

३. कोनी द्वीप—न्यू योर्कको मनोविनोदन गर्ने ठाउँ।

४. गोठको बालक--ईसाका पितरौले आँफु वास बसेको पथिकाश्रममा कोठा पाउन नसकेकाले भर्खर जन्मेका ईसालाई एउटा गोठमा राख्नुपरेको थियो।

-अनुवादक

—※—

# भविष्यत्-साहित्य

मानव-चेतनाले भौतिक परिस्थितिहरूमाथि विजय प्राप्त गऱ्यो र आज भौतिक-परिस्थितिहरू आफ्नो पराजयको मूल्य कौडी-कौडीमा चुकाउनलाई उतारू भएका छन्। भौतिक-परिस्थितिहरूले हामीलाई यस्तो ठाउँमा लगिरहेका छन्, जहाँ पुगेर हामीले आफ्नो होश गुमाएका छौं। हामी आफ्ना आदिम परिस्थितिहरूदेखिन् प्रतिक्षण टाढा हुँदै गइररहेका छौं। भयानक गतिले हामी यस्तो भौतिक व्यवस्थामा प्रवेश गर्दै गएका छौं जसको उलझाव, अस्थायित्व, र अद्भुत विशृङ्खलताले हामीलाई स्तब्ध पारिरहेको छ, जसले हामीसँग हाम्रो भविष्यलाई हेर्न सक्ने दृष्टि खोसेको छ, जसले हामीलाई भविष्यको बिषयमा कुनै पनि निश्चित धारणा बनाउ ननसक्ने गर्नलाई मजबूर पारिदिएको छ।

यो सबको प्रभाव मनमा पर्नु अनिवार्य छ। मानव-चेतनाले जुन दृश्यमान् जगत्लाई यति परिवर्तित गरिदिएको छ, स्वाभाविक छ कि त्यो दृश्यमान् जगत्ले मानव-चेतनाको दृष्टिकोणलाई नै बद्लिदेओस्। अतीतका परम्पराहरूदेखिन् सर्वथा पृथक्, बिलकुल नयाँ समस्या-हरू र अबूझ समस्याहरूले हामीलाई चमत्कृत गरिदेउन्।

यस स्थितिले निसन्देह आफ्नो भविष्यका प्रति हामीलाई चिन्तित बनाएको छ। जहाँ एकातिर हामी यस अभियानको आगामी विश्राम-लाई हतकेलाले टेकेर, गरधन उठाएर हेर्नलाई उत्सुक छौं, हामी आफ्नो भोलिको आनन चिन्न चाहन्छौं, त्यहीं अर्कोतिर हामी यो पनि अनुभव गर्दछौं कि हाम्रो जीवन-दृष्टि, दिन-प्रतिदिन टाढा देख्न सक्नमा असमर्थ हुँदै गइरहेको छ। हाम्रो चेतनाको आयु केवल एक दिनको हुन्छ। प्रत्येक दोस्रो दिन त्यसको नयाँ जन्म हुन्छ। युद्ध,

भूकम्प, महामारी अथवा यस्तै प्रकारका अप्रत्याशित संकटका दिनहरूमा मनुष्यको भविष्यत्-चेतना जति संशयपूर्ण हुन्छ, त्यस्तै नै संशयग्रस्त र केवल तात्कालिकतामा केन्द्रित हाम्रो आधुनिक चेतना छ। काल मात्र होइन, प्रत्युत दिशाको दृष्टिले पनि हामी यसरी संशयग्रस्त हुँदै गइरहेका छौं। हाम्रो शास्त्र, हाम्रा आकांक्षाहरु, हाम्रो राजनीति, सबै थोक स्थानीय भावनाहरूले अनुप्राणित हुँदै आएका छन्। हाम्रो समस्त प्रतिष्ठान यस आधारमा बनेका छन् कि राष्ट्रहरू र व्यक्तिहरूको क्षेत्र तथा सीमाहरू न्यूनाधिक यही रहनेछन्।··· ···
परन्तु आज अकस्मात् स्थानान्तरणको प्रवृत्ति जाग्रत भएको छ, आधुनिक जीवन यायावर भएको छ, चीरचलायमान; यात्राको जुन साधन भौतिक विज्ञानले हामीलाई दिएको छ त्यसले यस प्रवृत्तिलाई चरम सीमासम्म पुऱ्याइ दिएको छ।

यस प्रकार हाम्रो चेतनाको वर्तमान संकट यो हो कि उन्मिलित र र यायावर मानव आज प्रश्न-चिह्न बनेर स्थायी र परम्पराबद्ध मानवको सम्मुख खडा छ। हामी आज एक प्राचीन परम्परागत व्यवस्था र आफ्नो धुरीबाट विचलित हुने विकासमान सत्ताको बीचको तुमुल संघर्ष हेरिरहेका छौं। एकातिर नयाँ ढंगका खानाबदोश मनुष्य सीमाहरूलाई नाघ्दै, चौगिर्दालाई तोड्दै भट्किरहेका छन्, अर्कोतिर बार-बार किल्लाहरूका परखालको मरम्मत गराइँदा छन्, शहरको रक्षार्थ निर्माण भएका विशाल परखाल अझ अग्ला गराइँदा छन्, राष्ट्रीय सीमारूमा काँडे तारको घेरा अझ घना पारिँदा छन्।

मैले अक्सर के भनेको छु भने हामी भविष्यको द्वारमा प्रवेश त गरिरहेका छौं, तर पछिल्तर फर्केर। भविष्यतिर हाम्रो पीठिउँ मात्र छ। यस गतिबाट पनि जीवन-सङ्ग्राममा कहिले-काहीं सहायता पाइन्छ, तर पछि गएर कुनै विशेष जातिका माछाहरूलाई पनि यस गतिको परित्याग गर्नु परेको छ। के आज पनि हामीले त्यही गतिलाई कायम राख्न सक्तछौं? यानि हामी सोचौं, जिऊँ र लेखौं; तर यस

धारणासँग जे-कुछ अनागत छ त्यसलाई हामी अतीतको शब्दावलीमा बाँध्न सक्तैनौं र जे-केही घटित भइसकेको छ त्यसको पृष्ठभूमिमा अघटितको व्याख्या गर्न सक्तैनौं ।

मेरो प्रार्थना छ कि तपाईंहरू यस प्रश्नको महत्वलाई बुझ्नुहोस् । आज यो अनिवार्य छ कि लेखकको मनमा अदृश्य भविष्यका लागि एउटा त्रस्त जिज्ञासा होस् ।

॥ २ ॥

बिनेको हिजोको स्थिति केही अर्कै थियो । हामी भविष्यका प्रति यति आशंकित थिएनौं । आशंकाको साटो एक क्रीडा-भावना मनमा थियो, जसबाट प्रेरित भएर हामी अपरिचित, आकस्मिक घटनाहरूको पनि साहस र धैर्यले सामना गर्दथ्यौं । पुनश्च हाम्रो जीवनको पछिल्लो रीतिनीति विवाह, सामाजिक नियम, बीमा, ब्याङ्क, लेन-देन यी सबै यसका परिचायक हुन् कि मनुष्य आफ्नो भविष्यका प्रति धेरै जसो आश्वस्त थियो, उसले थाहा पाएको थियो कि आउने भोलि आजकोभन्दा धेरै नै भिन्न हुने छैन । पुनश्च, यदि कोही कवि भयो, कलाकार भयो, लेखक भयो भने त उसको आस्था भविष्य उपर अझ अधिक हुन्थ्यो । उ आफ्ना कृतिको लक्ष्य भोलि आउने पींढिहरू-लाई मान्दथ्यो यसबाट उसका कृतिहरूमा स्थायित्व, परिपक्वता र ठोसता पनि आउँदथ्यो । उसको समस्त जीवनले तात्कालिकताको माँगको सट्टा शाश्वत मूल्यहरूको अनुगमन गर्दथ्यो तर आज त्यो स्थिति रहेन र त्यसको कुनै आशा छैन कि हाम्रो अस्थि-शेषहरूबाट पनि अब कहिल्यै त्यो स्थिति फेरि फर्कोस् ।

यो पनि स्पष्ट हुन लागेको छ कि विभिन्न देशहरूमा भावी समाज व्यवस्थाको जुन रूप-रेखाहरू बनाइन थालेका छन्, तिनमा साहित्यको संरक्षणलाई एउटा अनावश्यक बुद्धि-विलास मानेर महत्व-पूर्ण स्थान दिइन थालेको छैन । केवल केही अल्पसंख्यक बुद्धिजीविहरूको विकास, मुट्ठीभर व्यक्तिहरूलाई प्रश्रय, उनीहरूको पालन-पोषणले

(जुन कुराले भौतिक अर्थमा बहुसंख्यक व्यक्तिहरूलाई केही पनि दिन सक्तैन) शासन-सत्ताको लागि भला के महत्व राख्न सक्तछ ! यस-निम्ति लेखकहरूको सम्मुख साहित्यको जीवनव्यापि साधना, एक एक कृतिलाई आफ्नो सम्पूर्ण संचित अनुभूतिले सिक्त गर्ने कल्पना जुन गेटेको समयमा सम्भव थियो आज केवल अतीतको मधुर कल्पना मात्र प्रतीत हुन्छ । आखिर कवि, दार्शनिक, कलाकार अहिलेसम्म कसरी जीविका उपार्जित गर्दैछन् । उनीहरूले मानव-जातिकालागि ती कृतिहरूको सृजन गरेका छन् जुन मानव संस्कृतिका गौरव-चिह्न भएका छन्, तर कुन आधारमा ? सत्य त यो हो कि उनीहरूले कुनै प्रकारको अस्तीत्व धारणा गरिरहे। आर्थिक व्यवस्थामा केही यति अनियमितता रहेको छ कि केही पनि निश्चत थिएन । कसैलाई ऐश्वर्य मिल्यो, त कसैलाई साग सिस्नो। वर्लै कुनै तरहबाट दान-दयाको भरमा बाँचे, उता भिकटर ह्यूगो लखपति भएर मरे । कसैले महल बनाए, त कसैले टाट हुनु पर्‍यो। तर अब जुन स्थिति छ त्यसमा लेखकको आर्थिक भविष्य त्यति ज्यादा उज्ज्वल देखिदैन । शासन-सत्ताको यन्त्रले उनीहरूमाथि आफ्नो दबाव नराम्रोसँग लादिरहेको छ र चाहे कसैले भनोस् कि उनीहरूमाथि अनुशासन थोपर्ने गरिएको छैन, तर फेरि पनि त्यसमाथि यस कुराको विवशता दिन प्रतिदिन आरोपित भइरहेको छ कि शासन-सत्ता जुनसुकै होस् तर उ यही भनिरहोस् कि यही शासन-सत्ता सर्वोत्तम हो, र यसकै अधीनतामा समाजको सर्वश्रेष्ठ निर्माण सम्भव छ ।

: ३ :

आर्थिक स्थितिपछि अब दोस्रो महत्वपूर्ण पक्ष हो भाषाका माध्यमहरूको । साहित्यको वाहिनी 'भाषा' हो। मनुष्यले अहिलेसम्म भाषाको रूपलाई सुरक्षित राख्न लेखन-प्रणाली र लिपीको प्रयोग गरेको छ। तर यस वैज्ञानिक युगमा अनेकौं महत्वपूर्ण साधन यसरी विकसित भइरहेका छन् जसले भाषाको स्वरूपलाई, त्यसको प्रभावलाई, त्यसको वृत्तलाई नयाँ रूप दिने छन्, नयाँ प्रणालीबाट आयोजित गर्ने

छन् । यदि अन्य साधनहरूलाई छोडिदिए पनि ग्रामोफोन र रेडियो दुइटा साधन यस्ता छन् जसले स्पष्ट हाम्रो ध्यान आकर्षित गर्दछन्। यिनीहरूको लोकप्रियता जसरी बढिरहेको छ, र लिखित वाणीको ठाउँमा बोलेको बाणीलाई सुरक्षित राख्नलाई जति सरल माध्यम यी प्रणालीहरूले पत्ता लगाएका छन् तिनीहरूबाट अहिलेदेखि नै यो सम्भावना उत्पन्न हुन थालेको छ कि कतै विस्तार विस्तार पाठ्य-साहित्य विलुप्त नहोओस् र केवल श्रव्य साहित्य नै भाषाको प्रयोगको मुख्य दिशा नबनोस् ।

लेखन पद्धतिको विलोपले निस्सन्देह हामीलाई मानव संस्कृतिको आदिम अवस्थातिर फर्काउने छ र साहित्यका शिल्पको दृष्टिबाट आश्चर्यजनक क्रान्तिकारी परिवर्तनहरू हुने सम्भावनाहरू छन् । यसबाट यो लाभ त अवश्य नै छ कि काव्य-रूपहरूको विधानमा पुनः श्रवणको विशेष महत्व प्रतिष्ठित हुनेछ । ध्वनि र ध्वनि ग्रहणको बीचबाट लिखित अक्षरको माध्यम पन्छिने छ । साहित्यको रूप विधान र त्यसको प्रेषणीयतामाथि यसको तत्काल प्रभाव हुनेछ । केही कविहरूमा जुन दुरुहता पाइन्छ, त्यसलाई उनैको मुखबाट सुन्दाखेरि कम दुरुहता हुने छ, तर पाठक (जो श्रोतामा परिणत हुन्छन्) अक्सर कुनै पनि पद्यांश अथवा गद्यांशलाई दोहऱ्याई दोहऱ्याईकन त्यसरी पढ्न पाउँदैनन्, जसरी हालमा उनीहरूलाई सुलभ छ।

श्रव्यको अतिरिक्त दृश्य तत्त्वमा पनि नवीनताहरू आउने छन् । यदि टेलीविजनको विकास भयो भने त उपन्यासहरू र कविताहरूका तमाम प्राकृतिक दृश्य वर्णनहरूको कुनै पनि आवश्यकता रहँदैन । तिनीहरूलाई प्रस्तुत गर्ने अर्को अधिक सशक्त साधन सुलभ हुने छन् । तिनीहरूको उद्दीपन स्वभावको के हुन्छ, यो भन्नु कठीन छ । यसै गरी अरूप चिन्तन प्रधान साहित्यको भावी रूपको पनि अहिले अनुमान गर्न सकिन्न ।

: ४ :

तर हाम्रो अहिलेसम्मको अनुमान आफ्नो तात्कालिक भौतिक शक्तिहरू माथि नै आधारित भएका छन् । यो सम्भवतः एकांगी दृष्टि-

कोण हो। साहित्यको भविष्यतरूप विचार गर्नुको अर्थ यो पनि हो कि हामी पूर्ण मानवीय चेतनाको भविष्यत्-रूपमाथि विचार गरौं। भविष्यत साहित्यमा भविष्यत-चेतनाले नै त अभिव्यक्त हुनुछ। चिन्तनको यो स्थल अत्यन्त जटिल छ। किनभने भविष्यत स्वयं अहिले रूप ग्रहण गरिरहेको छ र हाम्रो आजको भविष्यत्-कल्पना हाम्रो चेतनाको आजका सीमाहरूले बाँधिएको छ। पहिले हामी भाग्यसङ्ग दाउ लगाउँदाखेरि पासालाई चिन्दथ्यौं, तर आज स्थिति यो छ कि पासा बिलकुलै अप-रिचित छन् र प्रत्येक बाजी लगाउँदाखेरि निर्णयका नियम एकाएक बद्लिन्छन्। वास्तवमा हामी जुन युगमा बाँचिरहेका छौं त्यो बौद्धिक संकटको युग हो। नूतनता आजको युगमा एउटा स्वतःसिद्ध गुण बन्दै गइरहेको छ। यो नूतनता सांस्कृतिक परम्पराको विकासमा सदैव सहायक नै होस्, यस्तो कुरा होइन। त्यो घातक पनि सिद्ध हुन सक्छ, पुराना मूल्यहरूलाई निर्ममतासाथ जरै समेत उखेलेर फ्याकन पनि सक्छ। तर एउटा अर्को सम्भावना पनि छ।

म तपाईंहरूलाई यो चेतावनी यस ठाउँमा दिऊँ कि अब हामी एउटा मानसिक दिवा-स्वप्न-श्रृङ्खलामा डुब्न लागिरहेका छौं, जुन कुरा पढ्नगर पलन पो, खेलस अथवा बर्नका लागि सम्भव थिएन। सत्य यो होकि विज्ञानका कैयौं शताब्दीहरूको प्रगतिपछि सबै आज यस परिणाममा पुगिरहेका छन् कि उनीहरू न चेतनाको विषयमा केही जान्दछन् न संवेदनाकै विषयमा। भौतिक तत्ववेत्ताहरूसँग कुरा गर्दा अक्सर यही थाहा पाइएको छ कि उनीहरू भौतिक जगत्को रहस्य सुल्झाउनमा असमर्थ छन्। तत्त्व, शक्ति, विकास— सबै अर्थहीन जस्तै हुँदै गइरहेका छन्।

स्मृति तथा ती अन्य मानसिक शक्तिहरू, जसको समवेत पुञ्जलाई सम्भवत हामी 'चित्त' भन्दछौं, अझ पनि अधिक अज्ञात छ। सम्भव छ कि जसरी पछिल्ला चालीस वर्षमा भौतिक जगत्को वषयमा हाम्रो सारा विचार बद्लिन गएका छन्, चित्तको विषयमा

पनि हामी सर्वथा नयाँ भूमिमा पुगौं । विज्ञानको प्रगतिले आज भौतिकता र मानसिकताको भेद मेटिदिएको छ । ती केवल एक ऐतिहासिक सन्दर्भमा प्रयुक्त हुन्छन्, विज्ञानमा तिनीहरूको कुनै अलग अर्थ रहन गएको छैन ।

अन्ततोगत्वा हुने के ?

मेरा एक महान् वैज्ञानिक घनिष्ट मित्रको, जसको विश्वास अझै विकासवादमा छ, यो कथन छ कि अन्त्यमा मनुष्यको परिणति यही हुने छ कि उसलाई धेरै यस्ता वस्तुहरू उपलब्ध हुनेछन् जसबाट उसका वर्तमान अन्तरविरोधहरूको शमन हुन सक्छ, फेरि दुइ-तीन हजार वर्षमा मानवीय चेतनाले बिलकुल एक नयाँ जगतलाई देख्न सक्ला जसमा दिशा र कालको नयाँ तत्त्व हुने छन्, आज जुन केवल गणितका प्रतीक समाधान-मात्र छन् ती भोलिका यथार्थ हुनेछन् । आज जुन कुरा अत्यन्त दुरूह कल्पनाहरू छन् ती भोलि (अर्थात् हजारौं वर्षपछि) मानवका सहज प्रेरणा बन्नेछन् । भविष्यत्-साहित्य पनि यसैको अनुरुप हुनेछ

## एकाङ्की:-

खेताला

# सत्यमेव जयते

**पात्रहरू**

राधिका- एक युवती वर्ष बीसकी
सुशिल- भरखरका नवयुवक वर्ष पच्चीस,
गुणनिधि- राधिकाका बाबु वर्ष अन्ठाउन्न
योगवती- गुणनिधिकी कान्छी पत्नी वर्ष पचास
साने- गुणनिधिको नोकर वर्ष अठाह्र

स्थान-कोठा। समय-दिन र साँझको बीच। करीब करीब दिनले रातसँग बिदा लिन लागेको बेला, बत्ती बल्न धेरै बेर छ; यस्तैमा एउटा भग्नावशेष कोठा जसको अवयवलाई शायद गरीबीको अवयव भन्न सकिन्छ। अनि उत्तरतर्फको सानो केवल एउटा लम्पट मात्र आँखीभ्यालले पनि यो कोठाभित्र बस्ने व्यक्तिको अवस्थालाई देखाउँछ। कतै कागत, गोल, चुरोटका टूटा छरिएका। मुत्रो र जीर्ण सत्रञ्जामाथि केवल एउटा लम्पट र तकिया अनि एक छेउमा कालो रोगन गइसकेको एउटा सानो टीनको बाकस, जसको माथि केही कापी, मसीको भाँडो र कलमको साथै एउटा मट्टीतेल बाल्ने टुकी देखिन्छ। अनि यही कोठाभित्र सुशिल, गुणनिधि र साने छन्। तीनै जनाको मुद्राले त्यहाँको परिस्थितिको विषमता बताउँछ। सुशिल निदाउरो भएर शीर निहुराई बसेका, गुणनिधि आफ्नो रोब जमाएर बसेका, अनि साने कहिले यता, कहिले उता हेरेर बसिरहेको। एकछिनपछि यो मुद्रा भङ्ग हुन्छ, अनि पछि.........

गुणनिधि- (अलि जङ्गिएर) तिमीले आफूलाई के सम्झेका छौ?

दुनियाँको आवारापन र बिनाकामको फोस्रो कुरा गर्नु बाहेक अरू पनि केही गर्न जानेका छौ ?

*सुशिल–* *(नरमीपनले)* हो, दुनियाँमा, अनि यहाँको अगाडि पनि म बेकामको छु; तर एकपल्ट ऐनालाई अलि पुछेर हेर्नु होस् त त्यसमा कति सफासँग आफ्नो मुख देखिन्छ। *(एकछिन अड़ेर)* मलाई यतिका नचाहिंदा कुरा सुनाउनु केही काम छैन। चाहे जे होस् मलाई सत्य प्यारो छ।

*गुणनिधि–* *(घृणाको भावले बेवास्तासँग)* हो, यस्तै बोक्रे चोक्रे ठीटा-हरूको भनाइ अनुसार त यो सब ठीक हो, तर आजको जमानाको सत्य 'पैसा' हो, धर्म 'पैसा' हो। तिमी कसरी यो सब कुरालाई लात मारेर सत्यको खोजी गर्न सक्दछौ।

*सुशिल–* *(क्रोधमिश्रित आवेशमा)* आफ्नो फोस्रो धनको मादकतालाई खल्तीमा राखेर जानु होस्। मलाई यो सब सुन्न फुर्सद् छैन। अब कुरा बाँकी रह्यो 'उसको जीवनसँग मेरो के सम्बन्ध' भन्ने कुरा, त्यो त *(कुरा लुकाउन खोजे जस्तो गरेर)* मानिसको .....मानिससँग सम्बन्ध हुन्छ निश्चय... ।

*गुणनिधि–* *(बीचैमा)* पर्ख, तिमी जस्तो उरन्डेउलाले यस्तो कुरा गर्न सुहाउँदैन। म अझ पनि भन्दछु– उसँग तिम्रो केही पनि सम्बन्ध छैन; उसमाथि तिम्रो हक छैन।

*सुशिल–* त्यसो भए– *(अलि पर हेर्ने कोशिस गर्दै)* किन यहाँसम्मको कष्ट त ? पाल्नुहोस्......।

*साने–* हजूर !...... धेरै बेर भयो, बज्यैले एक पल्ट माथि।

*गुणनिधि–* पर्खि। हेर सुशिल। तिमीलाई अझ पनि म दया देखाएर भन्दैछु यो सब कुरा छोड। एउटा काममा लाग। आफ्ना यो सुनौला दिन गँजडीले छोडेको गाँजाको धूँवामा–नछोड, जक्ख्याँहाको आलापमा नडुल्याऊ।

सुशिल- मेरो बाटो म पनि पहिल्याउन सक्दछु । धन र अहंभावले मेरो आत्मा त के मेरो शरीरको एक रौं पनि किन्ने शक्ति कसैमा छैन । डर र धमकीमा म आफूलाई आउन दिन्न ।

गुणनिधि- यही हो त ? के यो तिम्रो आखिरी निर्णय नै हो त ? हो भने हेरत मेरो धनले के गर्दो रहेछ । सम्झ......अझ राम्ररी सम्झ । तिमी जस्ता भुसुनालाई उडाउने शक्ति मभित्र छ । मेरो धनमा त्यति शक्ति छ ।

सुशिल- *( अकै टाढा हेरिरहेको हुन्छ । उसको मुखमा अनेक भाव आएर खेलिरहेका देखिन्छ । साने उठेर ढोका बाहिर जान्छ । एक छिन शून्य अनि क्रमशः लुप्त भएको चेतना फर्के जस्तै गरी एक पल्ट झस्केर गुणनिधिको मुखलाई हेर्दछ । )* हुन्छ । यदि मानिस मानिसै हो भने उसको हार पनि विजय नै हो । उसका हरेक पाइला पाइलामा रहेका उद्देश्य र लक्ष्य पूरा हुने नै छन् । यदि धन मात्र मानिस हो भने यो दुनियामा केवल धन मात्र नै बाँकी रहने छ । केही चिन्ता छैन । मलाई दयाको भीख र चापलुसीको वरदान चाहिएको छैन । म भाग्यवान बनेर बिनापरिश्रमले कसैको आश्रयमा बस्न चाहन्न । मेरो जीवन र त्यसको लक्ष्य नै यथार्थवादी छ । मेरो धर्म-स्वजातिको भक्ति र सत्यको कामना छ । मलाई जीवनभर यस्तै हुनेछ भन्ने विश्वास पनि छ ।

गुणनिधि- *( व्यंग्य गरेर )* भैगो । मेरो इच्छामा जुन कुठाराघात तिमीले गरेका छौ त्यसको परिणाम अवश्यै नराम्रो हुनेछ । मलाई केही छैन; तिमी जस्ता गल्लीका कुक्कुरलाई अपनाउन नपाएर मलाई जति खुशी हुनेछ सायद् त्यसले राधाको जीवनमा पनि सुखको प्रवाह जरूर ल्याउने छ ।

सुशिल- म पनि यस्तै चाहन्छु । सत्यको आडमा अनेक जघन्य कृत्य गराएर मानिसलाई दास बनाएको र बनेको हेर्न चाहन्न ।

सबैले आफ्नो स्वेच्छामा लागेर राम्रोसँग उन्नति गरून् । यही मेरो कामना छ । राधाको विषयको पनि मेरो यस्तै विचार छ । यदि उनले सकिन् भने......।

*गुणनिधि*– तिमी सर्वशक्तिमान बनेर धेरै नबोल । अब मलाई यथेष्ट पुग्यो । म ........

*सुशिल*– पुगेको भए जान सक्नु हुन्छ ।

*गुणनिधि*– त्यसो भए आजै तिमीले यस घरबाट आफ्नो पाइला चाले भयो । तिमी जान सक्छौ ।

*सुशिल*– म यहाँ त्यसै त बसेको छैन । महिना महिनाको बाहाल तिरेर बसेको छु । कसैको दयापात्र त बनेर बसेको छैन ।

*गुणनिधि*– मेरो घरमा मेरो अधिकार........

*सुशिल*– हुन्छ, म यसै गर्नेछु ।

*साने*– *( आउँदै )* बज्यैले पर्कैछिन माथि...... ।

*गुणनिधि*– लौ हिंड् । भोलि बिहानसम्ममा खालि होस् ।

*सुशिल*– भोलि किन ? अहिले नै खालि हुनेछ ।

*गुणनिधि*– हुन्छ ।

*[ गुणनिधि जान्छन् । पछि पछि साने पनि जान्छ । सुशिल दीर्घ स्वास लिएर एकपल्ट चारैतिर हेर्दछ । निधारमा हात राखेर एकछिन घोरिन्छ । धेरैबेर यस्तै रहन्छ अनि उठेर यताउता गर्न लाग्दछ । यस्तैमा राधा आउँदछिन् । उनका आँखा चारैतिर घुम्दछन् । अनि सुशिलनेर गएर उनको आँखा अड्दछ । उनी दगुर्दै गएर सुशिलको हात समात्दछिन् । उ उनको मुखमा हेर्दछ । दुबैका आँखा जुध्दछन् । एकछिन् दुवै अवाक रहन्छन् । अनि केही बेरपछि...... ]*

*राधा*– *( भरिएको गलाले )* सुशिल यो के ?

*सुशिल*– *( गम्भीर भएर )* सत्यको पुरस्कार ।

*राधा*– तिमीलाई मेरो माया लाग्दैन ?

*सुशिल–* राधा, माया त कमजोरले मात्र गर्दछ। दया घमण्डीले मात्र गर्दछ। म त तिमीलाई आदर गर्दछु, तिम्रो भक्ति गर्दछु।

*राधा–* तिमी मलाई छोडेर जान लागेका छौ। विन्ति सुशिल, मेरो मुख मात्र हेरेर पनि यस घरबाट बाहिर नजाऊ? मेरो विन्ति छ (*रोएको आवाज आउँछ*)

*सुशिल–* राधा! तिमी नरोऊ। तिम्रो आँसुले मेरो मार्गलाई दुर्गम बनाउँछ; मेरो जुन लक्ष्य छ त्यसलाई पुग्न मलाई कठिन हुनेछ। मलाई आफ्नो कर्तव्य अनि सत्य प्यारो छ। त्यही कर्तव्य र सत्यलाई लिएर जान लागेको छु। तिमी खुशी भएर मलाई बिदा देऊ।

*राधा–* सुशिल! तिमी मलाई एक्लै छोडेर कहाँ जान खोज्छौ? म तिम्री हुँ; तिम्रै भएर बस्छु। मेरो पूजालाई ठुकराएर जाने कोशिश नगर। तिम्रो लागि म सबै त्याग गर्न तयार छु। विन्ति छ, बरु मलाई पनि साथै लैजाऊ।

*सुशिल–* मेरो बाटो दुर्गम छ। तिमीलाई ज्यादै कठिन हुन्छ। फेरि...

*राधा–* के राम बन जाँदा सीताले साथमा जान अनकनाएकी थिइन्? द्रौपदी... ...

*सुशिल–* (*राधाको शिरमा एक हात राखेर अर्को हातले उनको आँसु पुछ्दै*) धत् लाटी, राम र सीता, द्रौपदी र पाण्डवता पतिपत्नी थिए। (*राधा उसको मुखमा हेर्छिन्।*) के तिमीले.....

*राधा–* सुशिल... ..

*सुशिल–* बहिनी......राधा......

*राधा–* सुशिल! तिमीले यो सब किन लुकायौ?

*सुशिल–* राधा, बहिनी!......म सत्यको पारख गर्दै थिएँ। मलाई दाजू भनेर बिदा देऊ।

*गुणनिधि*– (आउँदै) सुशिल ! तिमी अब जान सक्दैनौ । काखको बालक सडकको धूलोमा लटपटिन पाउँदैन ।

*योगवती*– (आउँदै) सुशिल ! घरको दीपक बनेर के तिमी यो घरलाई उज्यालो पारेर त्यसमा हामीलाई प्रष्ट हेर्न चाहन्नौ ।

*राधा*– दाजू ! दाजू... .....

*[ बत्तीको प्रकाश देखिन्छ ।*
*बिस्तार बिस्तार यवनिका । ]*

## सम्पादकीयः—

# नया साहित्यको आवश्यकता

आज हाम्रो राजनैतिक जीवनमा परिवर्तन आएझैं सामाजिक जीवनमा पनि निश्चय नै परिवर्तनको बीजारोपण भएको छ। आजको आर्थिक विषमता र राजनैतिक अस्थिरताले जीवनका समस्याहरू प्रतिदिन जटिल हुँदै गइरहेका छन्। पुराना मान्यताहरूले वर्तमान जीवनका जटिलतर समस्याहरू सुल्झाउन बिलकुलै असमर्थ भइस-केका छन्। हाम्रा सामाजिक जीवन सम्बन्धी मानहरूमा विस्तार विस्तार मौलिक अन्तरहरू आउन थालेका छन् जसको परिणाम स्वरूप—साहित्य पनि सामाजिक परिस्थितिबाटै प्रेरित भएर सिर्जना हुने हुनाले-हाम्रो साहित्य प्रतिको दृष्टिकोणमा पनि परिवर्तन आउनु स्वाभाविकै छ। यद्यपि नूतन जीवन निर्माण गराउने नयाँ दृष्टिकोणबाट प्रेरित भएका आजका कृतिहरूमा साहित्यको प्राण-प्रतिष्ठा हुन सकेको छैन तापनि एउटा कुरा त स्पष्ट जस्तै भएको छ कि साहित्यले आज सामाजिक चेतनालाई जाग्रत गराउनु परेको छ। साहित्य आज केवल अयसीको आमोद-प्रमोदको वस्तु मानिदैन; न यसलाई सहृदयको आलोचना र रसास्वादनको वस्तु मात्र भनिन्छ। सामुहिक जीवनलाई व्यक्तिगत अथवा वर्गको स्वार्थ र वैषम्यको नारकीय जीवनबाट मुक्त गरी सामूहिक जीवनमा सम-व्यवस्था र सम-सौन्दर्य फैलाउनु आजको साहित्यको लक्ष्य छ। साहित्यकारले मानव-जीवनको निर्माता र मानव-समाजको नायक र उन्नायक बन्नु परेको छ। अतः आज उसमाथि एक महान् दायित्व यस निम्ति पर्न आएको छ कि आजका समस्याहरूसँग विमुख भएर साहित्यकारले न 'स्वान्त सुखाय'- को निम्ति मात्र साहित्य सिर्जना गर्दछ, न त यी समस्याहरूलाई राजनैतिक तरिकाबाट झैं सम्पादन गर्न सक्दछ

यस अवस्थामा आजको साहित्यकारले यदि साहित्यको प्राण-प्रतिष्ठा गर्दछ भने वर्तमानका जटिल एवं विभिन्न विषम समस्याहरूलाई आफ्नो प्रतिभाको रासायनिक स्पर्शद्वारा साहित्यिक रसमा परिणत गर्न सक्नु पर्दछ; अनि मात्र साहित्यले मानवीय जीवनको नियामक र मार्गद्रष्टा बनेर हाम्रो अभिनव विकासमा सहयोग दिन सक्दछ।

साहित्यको सामाजिक पक्षमा जतिसुकै जोड दिए पनि साहित्यको शक्तिको जब प्रश्न उठ्दछ, तब सबभन्दा पहिले हामीले साहित्यकारको अनुभूति र त्यस अनुभूतिमा भएको इमान्दारी र गहिरोपनालाई हेर्दछौं। सम्पूर्ण कलात्मक सिर्जनाको प्रभावशाली व्यापकताको मूल, त्यसको रसरूपताको स्रोत अनुभूतिमा नै निहित छ। जसमा अनुभूति छैन त्यो वस्तु साहित्य हुनै सक्तैन। साहित्यकारको अनुभूतिमा जति बढता गम्भीरता र इमान्दारी हुन्छ, जीवनका यथार्थलाई जति समग्रता र विविधतामा उसले उपलब्ध गर्न सक्दछ त्यति नै बढी मात्रामा उसको कृति प्रभावशाली र श्रेष्ठ हुन सक्दछ। जीवनको वास्तविकतासँग परिचय पाउन लेखकले संवेदनशील हुनु पर्दछ। मनुष्यको वैविध्यपूर्ण जीवनको वास्तविकतालाई उपलब्ध गर्नु सजिलो कुरा छैन। आजको कठोर जीवनमा प्रवेश गरी त्यसको अजस्र वैचित्र्यपूर्ण उपलब्धिलाई साहित्यको रूप दिन साहित्यकारमा निरन्तर साधना, कठोर परिश्रम र तपस्या, अविचल निष्ठा र लगनको आवश्यकता छ। जीवन त सदैव परिवर्तनशील छ, त्यसकारण जीवनको परिवर्तित भइरहने स्वरूपलाई पनि साहित्यिकले राम्ररी बुझ्नु पर्दछ। साहित्यको साधना एक जीवन-व्यापी संकल्प र कर्म हो; सत्यको खोजीको निरन्तर अध्यवसाय हो।

आधुनिक जीवनको जटिलताले गर्दा अनुभूतिको उपेक्षा भएको पनि आजको धेरै जसो कृतिहरूमा देखिन्छ। आज युग तथा जीवनका वास्तविकताको उपलब्धि सजिलो कार्य छैन र यस कठिनाइले आधुनिक अधिकांश साहित्यकारको मनमा उथल-पुथल

र संघर्षलाई उत्पन्न गरिरहेछ । धेरै जसो आधुनिक लेखकहरूको साहित्यलाई एक प्रगतिशील समाज-व्यवस्था स्थापन गर्ने अस्त्र-मात्र हो भन्ने धारणा भएकाले अनुभूतिको महत्वलाई, संवेदनशीलतालाई बिलकुलै वास्ता राखिएको छैन। फेरि फलानो विषयमा साहित्य रचिनु पर्दछ, फलानोमा रचिनु हुन्न' भन्ने एक प्रकारको राजनैतिक कार्यक्रमभित्र मात्र लेखकको निर्माणशील प्रवृत्ति सीमित हुनजाँदा यस्ता लेखकका कृति कोरा यान्त्रिक उत्पादन जस्तो मात्र भएको छ। लेखकले पाठकको मर्मलाई स्पर्श गर्न सकेको छैन । यस्ता रचनामा हामी केवल भाव-विलास र शाब्दिक सहानुभूति अथवा क्षणिक उत्तेजना मात्र पाउँदछौं। जीवनको यथार्थ वास्तविकताको अध्ययन र अनुभूतिको अभावले गर्दा हाम्रो प्रगतिशील साहित्य केवल एक प्रकारको नारा जस्तो मात्र भएको छ । वास्तविक अनुभूतिको तीव्रता ती कृतिमा पाइदैनन्, त्यसै हुनाले तिनमा प्रेरित गर्न सक्ने सामर्थ्य छैन। अतः हामीले यस कुरामा विशेष ध्यान दिनु परेको छ कि साहित्यको देश काल र समाजमा प्रभाव पार्ने सक्ने व्यापक शक्तिको स्रोत मूलतः साहित्यकारको सत्य अनुभूतिबाटै उत्पन्न हुन्छ। अनुभूतिहीन साहित्यले मनुष्यको जीवनमा नवजीवन संचार गर्न सक्दै; शोषित, दलित र पीडित जिवनको यथातथ्य चित्रण भए पनि हृदयलाई द्रवित पार्न सक्तैन ।

अर्को प्रश्न उठ्दछ साहित्यमा कलात्मक सौन्दर्यको। जब हामी साहित्यद्वारा जीवन-निर्माणको कुरा उठाउँदछौ तब सौन्दर्य र कला-पक्षलाई हामीले अनुभूतिलाई जत्तिकै साहित्यमा स्थान दिनु पर्दछ। साहित्य सिर्जनाको लागि कला, सौन्दर्य र आनन्द अवश्य नै नितान्त आवश्यक तत्व हुन। साहित्य तब मात्र श्रेष्ठ र महत्वपूर्ण हुन्छ जब त्यसको अध्ययनपछि हामीलाई त्यसले आनन्द दिन्छ, संवेदनशील बनाउँदछ तथा जीवनसँग परिचित गराउँदछ। सौन्दर्य विहीन कलात्मकता नभएको कृतिले मनुष्यलाई प्रेरित गर्न सक्दैन। अतः आजको नयाँ साहित्यको निर्माणमा कलाको प्रयोग, सौन्दर्यको सिर्जना अवश्य नै हुनुपर्दछ।

हामीले भन्यौं कि श्रेष्ठ साहित्य अनुभूतिशील हुन्छ, आनन्ददायी हुन्छ र त्यसमा कला र सौन्दर्य हुन्छ तथा त्यसमा प्रभाव पार्न सक्ने शक्ति हुन्छ; र यस्तै श्रेष्ठ साहित्य अथवा प्रगतिशील साहित्यले मात्र हामीमा सामाजिक र राजनैतिक चेतना जाग्रत गराउन र फलप्रद रूपमा प्रभावित पार्न सक्दछ। यहाँ यस कुरालाईपनि स्पष्ट भन्नु पर्दछ कि यस प्रकारको साहित्य कदापि प्रचारवादी हुँदैन; किनभने कला र सौन्दर्यद्वारा उद्बुद्ध भएको श्रेष्ठ प्रगतिशील साहित्य जसमा प्रेरित गर्न सक्ने शक्ति हुन्छ, कदापि प्रचारवादी हुँदैन। निष्कर्षमा यही भन्नु छ कि लेखकको परम कर्तव्य नै वास्तविकताको सूक्ष्मभन्दा पनि सूक्ष्मलाई अनुभूत गरी कलापूर्ण ढंगबाट अभिव्यक्त गर्नु हो। विश्वका सबै श्रेष्ठ लेखकहरू अनुभूतिदाता र सौन्दर्य-श्रष्टा भएका छन् र आज हामीले पनि जीवन-निर्माणका लागि यही गर्नु परेको छ कि मनुष्यको अनुभव-संसार विस्तृत होओस्, उसका मानसिक पटलमा छाएको अन्धकार विलीन भई आलोक फैलियोस्, र उसका हृदमा स्पन्दन होओस्। आजको साहित्यकारले इमान्दारीसाथ सतत् सामाजिक तथ्यहरूको बिबेचन दिनु, जन-जीवनको हृदयमा प्रवेश पाउनु र यिनीहरूलाई जीवन-सत्यको अनुभव गराउँदै नव-निमार्णका लागि जागरूक बनाउनु नै उसको परम पुनित कर्तव्य हो।

नरेन्द्र यंत्रालय काशी